# किरात थुलुङ मुन्दुममा गाइने रिसियामा विश्वदृष्टि

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय

नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित

दर्शनाचार्य (एम.फिल.) तह

तेस्रो सत्रको पाठ्यांश

सङ्केत ६०९ र ६१० को

प्रयोजनका लागि

प्रस्तुत

**शोधप्रबन्ध**


**शोधकर्ता**

बलराम राई

दर्शनाचार्य तह

क्रमाङ्क : २८ (२०७६/०७७)

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ


२०८१

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित दर्शनाचार्य तह, तेस्रो सत्रका विद्यार्थी **बलराम राई**ले दर्शनाचार्य तह, तेस्रो सत्रको सङ्केत ६०९ र ६१० को परिपूर्ति गर्ने प्रयोजनार्थ तयार पार्नुभएको *'किरात थुलुङ मुन्दुममा गाइने रिसियामा विश्वदृष्टि'* शीर्षकको यो शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८१/११/२०

..................................

प्रा.डा. रमेशप्रसाद भट्टराई
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ

## त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत सञ्चालित दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रका नवौँ र दसौँ पत्रको प्रयोजनार्थ विद्यार्थी **बलराम राई**ले प्रस्तुत गरेको 'किरात थुलुङ मुन्दुममा गाइने रिसियामा विश्वदृष्टि' शीर्षकको यो शोधप्रबन्ध मूल्याङ्कन समितिबाट सोही प्रयोजनका निम्ति स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

.................................
**प्रा.डा. कृष्णप्रसाद न्यौपाने**
(विभागीय प्रमुख)

.................................
**प्रा.डा. रमेशप्रसाद भट्टराई**
(शोधनिर्देशक)

.................................
**सहप्रा.डा. रजनी काफ्ले ढकाल**
(आन्तरिक मूल्याङ्कनकर्ता)

.................................
**प्रा.डा. नारायणप्रसाद गड्तौला**
(बाह्य मूल्याङ्कनकर्ता)

मिति : २०८१ चैत्र २७ गते ।

# कृतज्ञताज्ञापन

'किरात थुलुङ मुन्दुममा गाइने रिसियामा विश्वदृष्टि' शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरू प्रा. डा. रमेशप्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो व्यावहारिक तथा प्राज्ञिक कार्यको व्यस्तता हुँदा हुँदै पनि मलाई समय निकाली आवश्यक सल्लाह-सुझाव तथा समुचित मार्गनिर्देशन दिदै प्रस्तुत शोधकार्यलाई यस रूपमा ल्याउन सहयोग गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि अनुमति प्रदान गर्नुहुने तथा आवश्यक सल्लाह-सुझाव दिनुहुने आदरणीय गुरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसैगरी शोधपत्र लेखनमा सुझाव र सल्लाह दिनुहुने श्रद्धेय गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यका मूल्याङ्कन समितिका बाह्य मूल्याङ्कनकर्ता र आन्तरिक मूल्याङ्कनकर्ता गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु । यस शोधकार्यलाई समयमै सम्पन्न गर्नका लागि अत्यन्तै महत्त्वपूर्ण भूमिका निभाइदिनु हुने नेपाली केन्द्रीय विभाग कीर्तिपुरका प्रमुख एवम् आदरणीय गुरु प्रा.डा. कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत विषयमा शोधकार्य गर्न अवसर मिलाइ दिने नेपाली केन्द्रीय विभाग, कीर्तिपुरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र लेखनको क्रममा आवश्यक सामग्री उपलब्ध गराउने केन्द्रीय पुस्तकालय कीर्तिपुरलाई धन्यवाद ज्ञापन गर्दछु । यसैगरी किरात थुलुङहरूको मुन्दुम आम थुलुङ पुर्खाहरूबाट सङ्कलन गरी थुलुङ मुन्दुम ग्रन्थ वा पुस्तकका रूपमा थुलुङ राईहरूको संस्कारगत मुन्दुम प्रकाशन गरी योगदान पुऱ्याउनुहुने सङ्कलनकर्तात्रय डा. शुकराज राई, खुक्सङ खम्बु राई र जसिहब थुलुङ साथै यस थुलुङ मुन्दुम प्रकाशक बम थुलुङ स्मृति फाउन्डेसनप्रति कृतज्ञता अर्पण गर्दछु ।

यस शोध लेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने साथीहरू तथा मुन्दुम व्याख्यानमा सहयोग गर्नुहुने बेबे खड्ग बहादुर राईप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी यो शोधकार्य गर्ने अवस्थासम्म पुऱ्याउन हालसम्म मलाई औपचारिक तथा अनौपचारिक रूपमा अध्यापन गर्नुहुने सबै गुरुवर्गलाई हृदयदेखि श्रद्धा अर्पण गर्न चाहान्छु ।

शोधपत्र तयारीका क्रममा सहायता गर्नुहुने पापा मन बहादुर राई र मामा यशोदा राई, जीवनसङ्गी रेखा पन्थी लगायत सम्पूर्ण परिवारजनमा विशेष कृतज्ञता प्रकट गर्न चाहान्छु ।

मिति : २०८१/१२/२७

................................

बलराम राई

नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

क्याम्पस क्रमाङ्क : २८ (२०७६/०७७)

त्रि.वि. दर्ता नं. ९-२-२९-८७३-२००६

## शोधसार

### १. विषयप्रवेश

'मुन्दुम' नेपालका प्राचीन जाति किरातको संस्कार एक पद्धति हो । मुन्दुममा किरातहरूको संस्कृति र समाजशास्त्रको वर्णन पाइन्छ । किरातअन्तर्गत मुख्य गरी पूर्वी नेपालका राई, लिम्बू, याक्खा र सुनुवारलाई मानिन्छ । यी जातिले आफ्ना सामाजिक सांस्कृतिक पद्धतिका रूपमा 'मुन्दुम'लाई मानेका छन् । मुन्दुम अलिखित थुतुरीवेदका रूपमा संरक्षण हुँदै आएको एउटा दर्शन हो । किरात मुन्दुमको लयात्मक अभिव्यक्ति नै रिसिया हो । रिसिया गीत विशुद्ध किरात संस्कारको मौलिक मुन्दुमी लय वा सङ्गीत हो । मुन्दुम किराती समुदायको मार्ग दर्शक भएकोले  यसभित्र मानव इतिहास, धर्म, संस्कार, संस्कृति, रहनसहन, भाषा, साहित्य, गीत, सङ्गीत वा सम्पूर्ण सामाजिक गतिविधिहरू समेटिएको हुन्छ । यस शोधप्रबन्धमा किरात थुलुङ राईहरूका मुन्दुममा गाइने रिसिया गीतको विश्वदृष्टिबारे अध्ययन गरिएको छ ।

### २. समस्याकथन

यस अध्ययनमा किरात थुलुङ राई जातिको मुन्दुमी रिसियाहरूमा विश्वदृष्टिको के कसरी प्रस्तुत भएका छन्, भन्ने समस्यालाई दुई वर्गमा विभाजन गरिएको छ । पहिलो किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि र दोस्रो मृत्यु पश्चातका संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको बारेमा अध्ययन गर्नु रहेको छ ।

### ३. शोधका उद्देश्य

यस अध्ययनका समस्या समाधानार्थ निम्नलिखित उद्देश्यहरू तय गरिएका छन्, १. किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको विश्लेषण गर्नु, र २. किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चातका संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको विश्लेषण गर्नु ।

### ४. शोधका सीमाङ्कन

यस शोधकार्य सुकराज राई, खुक्सङ खम्बु राई र जसिहव थुलुङद्वारा सङ्कलन तथा सम्पादन गरिएको 'थुलुङ मुन्दुम' (२०७७) मा सङ्कलित मुन्दुमी रिसियाहरूमा विश्वदृष्टिको

अध्ययन गरिएको छ । यस शोधमा फ्रान्सेली चिन्तक लुसिएं गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टि सम्बन्धी सिद्धान्तको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

### ४. शोधविधि र सैद्धान्तिक आधार

यस अध्ययनका लागि 'थुलुङ मुन्दुम' प्राथमिक सामग्रीको रूपमा रहेको छ । यस शोधमा द्वितीयक सामग्रीको रूपमा साहित्यको समाजशास्त्रीय तथा केही समाजशास्त्रीय अध्ययन तथा व्याख्या विश्लेषण गरिएका पुस्तक तथा  लेख, समालोचनाहरू उपयोग गरिएको छ। सामग्री सङ्कलनका निम्ति पुस्तकालयको प्रयोग गरिएको छ।

यस शोधप्रबन्धका लागि सैद्धान्तिक आधार साहित्यको समाजशास्त्रीय अध्ययनको विभिन्न सिद्धान्तहरूमध्ये फ्रान्सेली चिन्तक लुसिएं गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई लिइएको छ । यसमा मुन्दुममा गाइने रिसियाको पाठ विश्लेषण विधिमा रही विश्लेषण गरिएकाले प्रस्तुत शोध गुणात्मक प्रकृतिको रहेको छ ।

### ५. शोधप्रबन्धको  रूपरेखा

प्रस्तुत शोधप्रबन्धलाई मूलतः आमुख, मूल पाठ र सन्दर्भ सामग्रीसूची गरी तीन खण्डमा विभाजन गरी आवश्यकता अनसार तिनलाई थप शीर्षक एवम् उपशीर्षकहरूमा बाँडिएका छन् । मूल पाठअन्तर्गत रहेका ४ वटा परिच्छेद अन्तर्गतका मूल शीर्षकहरूमा क्रमशः शोधपबन्धका परिचय, किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि, किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चातका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि र सारांश र निष्कर्ष रहेका छन् ।

### ६. शोधप्रबन्धको  निष्कर्ष

यस शोधका निष्कर्षलाई निम्नानुसार उल्लेख गरिएको छ :

१. थुलुङ राई समुदायमा मानिसको जन्मपश्चातको पहिलो संस्कारगत कर्म नै नङ प्रमु (न्वारान) हो । थुलुङ राई समुदायमा आफ्नो तीन चुलालाई पवित्र स्थान वा शक्तिको प्रतीकको रूपमा मान्नुपुर्ने विश्वदृष्टि रहेको पाइन्छ । यस्तो कार्यमा नराम्रो शक्तिले दुःख दिन नहुने तर दुःख दिएमा सबैले गाली गलौज गर्नुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । किरात थुलुङ राईहरूको जुनसुकै पनि राम्रो संस्कारगत कर्ममा भान्सेको शिर उभ्याउनी कार्यक्रम गर्नुपर्ने र भान्सेले पनि त्यसको स्वीकार गर्दै आशीर्वाद दिनुपर्ने विश्वदृष्टि रहेको पाइन्छ ।

२. थुलुङ राई समुदायमा दोस्रो संस्कार जाम डेन्मु वा पास्नी रहेको पाइन्छ । बच्चालाई भोलिका दिनमा यस धर्तिका अधिपतिको रूपमा रहन सक्ने गरी आशीर्वाद दिनुपर्ने आम थुलुङ राई समुदायमा विश्वदृष्टि रहेको पाइन्छ ।

३. जाम डेन्मु वा पास्नी पछि छोराको गरिने तेस्रो कर्म सेम खुर्मु वा छेवर रहेको पाइन्छ । भने छोरीको मच्चेम लोल्युम वा गुन्युचोली कर्म रहेको हुन्छ । यो कर्म नगरी विवाह मात्रै नभएर आमाबाबुको मृत्युसंस्कारमा समेत सहभागी हुन नहुने आम थुलुङ राई समुदायमा विश्वदृष्टिको रूपमा विकास भएको एक मान्यता रहेको पाइन्छ ।

४. थुलुङ राई समुदायमा मानिसको जन्मपश्चात गरिने चौथौँ संस्कारगत कर्म लालिखा वा विवाह संस्कार रहेको पाइन्छ । विवाह कुटुम्ब चल्ने ठाउँमा केटी मगनीको लागि केटीको नजिक काका, बडा वा प्रतिनिधिसमेतको उपस्थितिमा केटीको घरमा जाने गरिएको पाइन्छ । विवाह गर्दा छोर्स्यो पोलेर पितृ वा चुलाको पूजा समेत गर्ने गरिएको पाइन्छ । त्यसपछि लक्षिन भित्राउने स्योम्दी वा संस्कार पनि गर्ने गरिन्छ । बेहुलीको घरमा छुक मन्साउने वा ग्रहदशा समेत हटाउने गरिएको पाइन्छ । नयाँ दाम्पत्य जोडीलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्नुपर्ने संस्कारगत एक रूपतामा विश्वदृष्टि रहेको पाइन्छ ।

५. थुलुङ राई समुदायमा मृत्युपश्चात हुने मृत्युसंस्कार अरु जातिको भन्दा विशिष्ट प्रकृतिको हुने पाइएको छ । मृत्युलाई राम्रो मरण र नराम्रो मरण गरी दुई दृष्टिले हेर्ने गरिएका पाइन्छ ।  राम्रो मृत्युलाई सम्मानपूर्वक सांस्कारिक विधिविधान सहित मुन्दुमी प्रक्रिया गरिएको पाइन्छ तर अकाल वा नराम्रो मृत्युलाई राम्रो मरणले पाएको सम्मान दिन नमिल्ने विश्वदष्टि रहेको पाइन्छ ।

# विषयसूची


| विषय | पृष्ठसङ्ख्या |
| --- | --- |
| शोध निर्देशकको सिफारिस | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञतापत्र | ग-घ |
| शोधसार | ङ-छ |

**पहिलो परिच्छेद**
**शोधपरिचय**

| | |
| --- | --- |
| १.१ विषयप्रवेश | १ |
| १.२ समस्याकथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ पूर्वकार्यको समीक्षा | ४ |
| १.५ शोधको औचित्य | ८ |
| १.६ शोधकार्यको सीमाङ्कन | ९ |
| १.७ शोधविधि | ९ |
| १.८ शोधप्रबन्धको रूपरेखा | १० |

**दोस्रो परिच्छेद**
**किरात 'थुलुङ मुन्दुम'मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि**

| | |
| --- | --- |
| २.१ विषयप्रवेश | १२ |
| २.२ विश्वदृष्टिको सैद्धान्तिक परिचय | १३ |
| २.३ थुलुङ मुन्दुममा विश्वदृष्टि | १७ |
| २.३.१ थुलुङ मुन्दुममा नङ प्रमुसम्बन्धी मुन्दुमी रिसिया र विश्वदृष्टि | १८ |
| २.३.१.१ नङ प्रमु | १८ |
| २.३.१.२ न्वारानमा बजूले गाउने स्योम्दीमा विश्वदृष्टि | १८ |
| २.३.१.३ न्वारानमा बाजेले गाउने स्योम्दीमा विश्वदृष्टि | २४ |
| २.३.१.४नङ प्रमुमा गाउने स्योम्दीमा स्थापित समानधर्मिता | २७ |

२.३.२ थुलुङ मुन्दुममा जाम डेन्मुमा गाइने स्योम्दीमा  विश्वदृष्टि २७
२.३.२.१ थुलुङ मुन्दुममा जाम डेन्मु गर्दा गाइने स्योम्दीमा विश्वदृष्टि २८
२.३.२.२ पास्नीमा साम्ती बेन्मुमा गाइने स्योम्दीमा विश्वदृष्टि ३१
२.३.२.३ पास्नीमा भान्सेबाट गाइने स्योम्दीमा  विश्वदृष्टि ३५
२.३.२.४ थुलुङ मुन्दुममा जाम डेन्मु गर्दा गाइने रिसियामा रहेको समानधर्मिता ३८
२.३.३ थुलुङ मुन्दुममा सेम खुर्ममा गाइने रिसियामा विश्वदृष्टि ३९
२.३.३.१ सेम खुर्मु  ड्युम्लामा  गाइने रिसिया र विश्वदृष्टि ४०
२.३.३.२ सेम खुर्मु ड्युम्लाको साम्ती बेन्मु विधिमा गाइने स्योम्दी र विश्वदृष्टि ४३
२.३.३.३ सेम खुर्मु ड्युम्लार्युद्युममा भान्सेबाट गाइने रिसियामा विश्वदृष्टि ४७
२.३.३.४ सेम खुर्मु ड्युम्ला र्युद्युममा गाइने रिसियामा रहेको समानधर्मिता ५१
२.३.४ थुलुङ मुन्दुममा माच्चेम लोल्युम ड्युम्लामा गाइने रिसियामा विश्वदृष्टि ५१
२.३.४.१ मच्चेम लोल्युम ड्युम्लामा गाइने रिसियामा विश्वदृष्टि ५२
२.३.४.२ मच्चेम लोल्युम ड्युम्लाको साम्ती बेन्मु गर्दा गाइने रिसियामा विश्वदृष्टि ५५
२.३.४.३ मच्चेम लोल्युम ड्युम्लार्युद्युममा भान्सेबाट गाइने रिसियामा विश्वदृष्टि ६०
२.३.४.४ मच्चेम लोल्युम ड्युम्ला र्युद्युममा गाइने रिसियामा रहेको समानधर्मिता ६३
२.३.५ थुलुङ मुन्दुममा लालिखा ड्युम्लामा गाइने रिसियामा विश्वदृष्टि ६४
२.३.५.१थुलुङ मुन्दुममा केटी मगाउनी गर्न जाँदा गरिने स्योम्दीमा विश्वदृष्टि ६४
२.३.५.१.'क' केटीको काका वा बडाबाले गाउने स्योम्दीमा विश्वदृष्टि ६५
२.३.५.१ 'ख' केटीको आमाबाबु वा प्रतिनिधिले गाउने स्योम्दीमा विश्वदृष्टि ६८
२.३.५.१'ग' केटीको आमाले छोरीलाई फकाउँदा गरिने स्योम्दीमा विश्वदृष्टि ७१
२.३.५.१ 'घ'थुलुङ मुन्दुममा कलियाको शिर उभ्याउनी रिसियामा विश्वदृष्टि ७४
२.३.५.१ 'ङ' थुलुङ मुन्दुममा कलियाले  गर्ने स्योम्दीमा विश्वदृष्टि ७७
२.३.५.१ 'च' थुलुङ मुन्दुममा छोर्स्यो स्योम्दी (रिसिया) मा विश्वदृष्टि ७९
२.३.५.१ 'छ' लक्षिन भित्राउँदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि ८६
२.३.५.१ 'ज' थुलुङ मुन्दुममा चुलो पर्स्याउदा गाइने स्योम्दीमा विश्वदृष्टि ८८
२.३.५.१ 'झ' पितृ प्रसाद खाँदा गाइने स्योम्दीमा विश्वदृष्टि ९२
२.३.५.१ 'ञ' थुलुङ मुन्दुममा छुक मन्साउँदा गाइने स्योम्दीमा विश्वदृष्टि ९४
२.३.५.१ 'ट' बेहुलाबेहुलीको घरबाट शिर उभ्याउनी गर्दा गाइने स्योम्दीमा विश्वदृष्टि ९८

२.३.५.१ 'ठ' शिर उभ्याउनी विधिमा भान्सेले गाउने रिसियामा विश्वदृष्टि १०३
२.३.५.१ 'ड' थुलुङ मुन्दुममा विवाह संस्कारमा गाउने स्योम्दीमा रहेको समानधर्मिता १०६
२.४ निष्कर्ष १०७

## तेस्रो परिच्छेद

## किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चातका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि

३.१ विषयप्रवेश १०९
३.२ थुलुङ मुन्दुममा मृतकलाई सम्झाउदै गरिने स्योम्दी (रिसिया)मा विश्वदृष्टि १०९
३.३ थुलुङ मुन्दुममा मृतकसँग सम्बन्ध छुट्याउने स्योम्दीमा विश्वदृष्टि ११०
३.४ थुलुङ मुन्दममा चिहान खन्दा गाइने स्योम्दीमा विश्वदृष्टि ११७
३.५ थुलुङ मुन्दुममा घरभित्रबाट कटुन्जे पुऱ्याउँदा गाइने स्योम्दीमा विश्वदृष्टि ११८
३.६ मृतकलाई चिहानमा होलेपछि सातो निकाल्दा गाइने स्योम्दीमा विश्वदृष्टि १२३
३.७ मृतकलाई चिहानमा गाडेपछि कटुन्जे पुऱ्याउँदा गाइने स्योम्दीमा विश्वदृष्टि १२५
३.८ मृतकलाई किरियामा खाना दिदा गाइने स्योम्दीमा विश्वदृष्टि १३०
३.९ थुलुङ मुन्दुममा चिनो चौतारी बनाउँदा गाइने स्योम्दीमा विश्वदृष्टि १३५
३.१० थुलुङ मुन्दुममा किरिया भतेरको खाना पाकेपछि गाइने स्योम्दीमा विश्वदृष्टि १३८
३.११ थुलुङ मुन्दुममा किरिया बिदाइ गर्दा गाइने रिसियामा विश्वदृष्टि १४०
३.१२ थुलुङ मुन्दुममा नराम्रो मरणमा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि १४१
अ) थुलुङ मुन्दुममा हिउच्योको अन्तेष्टि गर्दा गाइने स्योम्दीमा विश्वदृष्टि १४२
आ) अलहमे, ममहमे र क्रक्तहमेको अन्तेष्टि गर्दा गाइने रिसियामा विश्वदृष्टि १४६
३.१३ मृत्युपश्चात सांस्कारिक विधिहरूमा गाइने रिसियामा समानधर्मिता १४७
३.१४ निष्कर्ष १४७

## चौथौँ परिच्छेद

## सारांश र निष्कर्ष

४.१ सारांश १४९
४.२ निष्कार्ष १५१
४.३ भावी अध्ययनका लागि सुझाव १५५
**सन्दर्भसामग्री सूची** **१५६**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयप्रवेश

'मुन्दुम' नेपालका प्राचीन जाति किरातको संस्कारजन्य विधि हो । यस मुन्दुममा किरातहरूको संस्कृति र समाजशास्त्रको वर्णन पाइन्छ । नेपालको पूर्वी भागमा प्राचीन समयदेखि नै बसोबास गर्दै आएका किरातहरूले यस मुन्दुमलाई पवित्र आफ्ना जीवनको सांस्कारिक मार्गका रूपमा मान्ने गर्छन् । किरातअन्तर्गत पूर्वी नेपालका राई, लिम्बू, याक्खा र सुनुवार पर्ने हुँदा यी जातिले आफ्ना सामाजिक सांस्कृतिक मार्गका रूपमा 'मुन्दुम'लाई मानेका छन् । यस शोधको मुख्य विषय किरात थुलुङ मुन्दुममा गाइने रिसिया गीतको अध्ययन हो । यस शोधमा किरात थुलुङ मुन्दुममा गाइने रिसिया (स्योम्दी) को विश्वदृष्टि बारे अध्ययन गरिएको छ ।

किरात सभ्यताअन्तर्गत विकास हुँदै आएको थुलुङ राई जातिको छुट्टै भाषा, संस्कार वा जीवनशैली रहेको पाइन्छ । थुलुङ राईहरू विशेष गरी नेपालको सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, सुन्सरी, मोरङ, झापा, पाँचथर, ताप्लेजुङ, इलाम आदि जिल्लाहरूमा रहेका छन् । यति मात्रै नभएर अन्य देश जस्तै : भारत, हङकङ, बेलायत आदि देशमा समेत रहेका पाइन्छन् । थुलुङ राईको मुख्य थलोको रूपमा सोलेखुम्बु जिल्लाको मुक्ली (मुलीदेल) लाई मान्ने गरिएको पाइन्छ ।

किरात जातिको पवित्र सांस्कारिक विचारको रूपमा 'मुन्दुम'लाई लिइन्छ । सम्पूर्ण किरातीहरूको जीवनदर्शनलाई हेर्ने पुर्खाहरूबाट प्राप्त सिङ्गो विरासत हो । मुन्दुम अलिखित थुतुरीवेदका रूपमा संरक्षण हुँदै आएको एउटा दर्शन हो । जसले जीवन तथा ब्रह्माण्डलाई समुचित रूपमा बुझाउँछ । मुन्दुमलाई लिखित रूपमा राख्न थालेको धेरै भएको छैन । यसलाई लेख्नु वा लेखेर राख्नु, पढ्नु हुन्न भन्ने मान्यता थियो । यो एक पुस्ताबाट अर्को पुस्तामा नोक्छो (धामी) तथा जान्ने पुर्खाबाट हस्तान्तरण हुँदै आएको एक संस्कार हो । मुन्दुम कुनै अद्वितीय व्यक्तिद्वारा लिखित दर्शन तथा ज्ञान नभएर हजारौँ वर्षदेखिका किराती जातिले भोग्दै-गर्दै आएका संस्कारगत अनुभवको सङ्गालो हो । मुन्दुम किरात संस्कृतिको मुख्य आधार हो । यसमा किरातीहरूको जन्मदेखि मृत्युपश्चात् संस्कारसमेतको व्याख्या गरिएको छ । 'मुन्दुम'ले यस जगत्मा भएका र घटित हुने

विषयहरूलाई समेटेका हुन्छन् । मुन्दुममा ब्रह्माण्ड, पृथ्वी, आकाश, जल, जीव, वनस्पति, मानव आदिको सृष्टिको बारेमा मात्रै नभएर किरातीहरूको संस्कार, संस्कृति आदिको विकासक्रम तथा जीवनपद्धतिसँगै धर्म संस्कार एवम् विधिसमेतको व्याख्यान गरिएको हुन्छ । 'मुन्दुम'मा जन्मपूर्वको र स्वर्गको कल्पना गरिएको पाइँदैन । यद्यपि यसले मृत्युपछि पनि आत्माको अस्तित्वलाई स्वीकार गर्छ तर त्यो अस्तित्व यहीँ पृथ्वी तथा आफ्नो पुर्खाहरूले या त आफूले हिँडेको, डुलेको, भोगचलन गरेको परिवेशकै सेरोफेरोमा रहने कुरा उल्लेख गरिएको हुन्छ । त्यसैले पनि किरात दर्शन तथा मुन्दुमका परिपालक पितृपुर्खालाई देवत्वकरण गरिएको छैन ।

किरात मुन्दुमको लयात्मक अभिव्यक्ति नै रिसिया हो । प्रकृतिपूजक, पितृपूजक किरातीहरूले यसलाई धार्मिक गीतका रूपमा लिएको पाइन्छ । रिसिया सबैले गाउन मिल्दैन । यो कूलपितृ पूजा गर्न जान्ने पुर्खा तथा किराती नोक्छो (धामी) ले मात्रै गाउने गरेको पाइन्छ । 'मुन्दुम गाउनु' भन्नु र 'रिसिया गाउनु' भन्नु एउटै अर्थ लाग्छ । यसर्थ यो मुन्दुमी रिसियालाई साहित्य, गीत, दर्शन आदिका रूपमा पनि लिन सकिन्छ । रिसिया गीत विशुद्ध किरात संस्कारको मौलिक मुन्दुमी लय वा सङ्गीत हो । रिसिया गाउनु भनेको मुन्दुमलाई लयबद्ध रूपमा गाउनु पनि हो । रिसिया किरात राईहरूको सांस्कृतिक महत्त्वको शास्त्रीय सङ्गीत हो । यो केवल किरात राईहरूको सांस्कृतिक, धार्मिक अनुष्ठानहरूमा पितृपूजा र संस्कार सम्पन्न गर्ने कार्यहरूमा मात्र गाइन्छ । नोक्छो वा धामीले मुन्दुमी रिसिया गाउँदा वा परिस्थिति र आवश्यकताअनुसार आफ्नो विद्याबमोजिम विशेष किसिमको पोसाक, ढोल, झ्याम्टा, थाल आदि प्रयोग गरेर रिसिया गाउने गर्छन् । उनीहरूले अवस्था विशेष वा घटना विशेष भएर रिसिया गाउने गर्छन् । बिरामीको झारफुक गर्ने, उपचार गर्ने, परपिसात हटाउने, मान्छे लड्दा-तर्सिदा गएको सातो उठाउने, विभिन्न पूजापाठ गर्ने, शिर ढलेकोलाई उठाउने, मृत आत्मालाई बाटो लगाउने चुल्होमा ल्याउने वा पितृसम्म पुऱ्याउने मा आधारित भई सम्पूर्ण आफ्नो किराती दर्शन वा विश्वासअनुसार रिसिया गाउने गर्छन् । यो रिसिया गीत जो कोहीले गाउन नमिल्ने विश्वास रहिआएको छ । विशेष ज्ञान प्राप्त नोक्छो वा विजुवा तथा पितृपुर्खाले बाहेक गाउँदा अनिष्ट हुने जस्ता विश्वास रहेको पाइन्छ ।

साहित्य र समाजको सम्बन्धको अध्ययन गर्ने शास्त्र नै साहित्यको समाजशास्त्र हो । साहित्यको समाजशास्त्रले साहित्यभित्र अभिव्यक्त समाज अध्ययन गर्ने गर्दछ । यसले

समाजलाई कसरी मार्गदर्शन गरिरहेका हुन्छन् भन्ने कुराको अध्ययन गर्दछ । साहित्यको समाजशास्त्रको मूल आधार समाजशास्त्र हो । साहित्यको समाजशास्त्रलाई समाजशास्त्रको एक अङ्गको रूपमा लिन सकिन्छ । साहित्यको समाजशास्त्रको मूल कार्य नै समाजसित साहित्यको सम्बन्धको खोजी गर्दै त्यसको व्याख्या विश्लेषण र मूल्याङ्कन गर्नु हो ।

किरात मुन्दुम किरातीहरूको जीवनदर्शन वा जीवनपद्धतिको सर्वोच्च ज्ञान हो । मुन्दुम श्रुति-मौखिक परम्परामा जीवित रहको एउटा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक वाङ्मय हो । मुन्दुम किराती समुदायको मार्ग दर्शक भएकोले यसभित्र मानव इतिहास, धर्म, संस्कार, संस्कृति, रहनसहन, भाषा साहित्य, गीत, सङ्गीत वा सम्पूर्ण सामाजिक गतिविधिहरू समेटिएको हुन्छ । किरातीहरूको आफ्नो प्राचीन जीवनपद्धति यसैले बचाइरहेको पाइन्छ । वास्तवमा किरात जातिको संस्कार, संस्कृति, सभ्यता तथा इतिहासको स्रोत पनि मुन्दुम नै हो । यस शोधमा किरात थुलुङ मुन्दुमभित्र गाइने स्योम्दी वा रिसियाको समाजशास्त्रीय अध्ययन अन्तर्गत गोल्डमानको विश्वदृष्टिको आधारमा अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

किरात जातिको संस्कारजन्य पवित्र ग्रन्थ नै 'मुन्दुम' हो । किरातीहरूको आफ्नो सम्पूर्ण जीवनपद्धति यसै मुन्दुमले मार्ग निर्देश गरेबमोजिम नै हुने गरेको पाइन्छ । मुन्दुम एक दार्शनिक चिन्तन हो । यो कुनै व्यक्तिद्वारा लिखित विचार होइन । थुलुङ मुन्दुम कोही व्यक्ति विशेषमा केन्द्रित नभएर यो सिङ्गो थुलुङ राई समुदायमा सर्वमान्य विचार भएकोले पनि मुन्दुममा विश्वदृष्टि रहेको हुन्छ । मुन्दुमको ज्ञान हजारौँ पुस्तादेखिको अनुभव तथा जीवन भोगाइको समग्र विचार हो । यसको सङ्कलन तथा सम्पादन पछिल्लो समयदेखि हुँदै आएको छ । किरात थुलुङ राई जातिको मुन्दुममा गाइने रिसियाको अध्ययन नै यस शोधको मूल प्राज्ञिक समस्या हो । यस अध्ययनमा किरात थुलुङ राई जातिको मुन्दुमी रिसियाहरूमा विश्वदृष्टिको के कसरी प्रस्तुत भएका छन्, भन्ने समस्याहरू नै यस अध्ययनका मुख्य जिज्ञासा हुन् । यस्ता समस्याको प्राज्ञिक समाधान गर्नका लागि निम्नानुसारका प्रश्नहरूको निर्धारण गरिएको छ :

१. किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि के कस्ता पाइन्छन् ?

२. किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चात्का संस्कारमा गाइने रिसियामा विश्वदृष्टि के कस्ता पाइन्छन् ?

## १.३. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको प्राज्ञिक उद्देश्य किरात थुलुङ राई 'मुन्दुम' तथा रिसियामा सामाजिक व्यवस्था, सामाजिक चेतनाको अवस्था, तथा विश्वदृष्टिको अवस्था आदिको बारेमा समाजशास्त्रीय दृष्टिकोणले प्राज्ञिक अध्ययन गर्नु हो । यस अध्ययनका समस्या समाधानार्थ निम्नलिखित उद्देश्यहरू तय गरिएका छन् :

१. किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको विश्लेषण गर्नु ।

२. किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चात्का संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको विश्लेषण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

प्रस्तुत शीर्षकसँग सम्बन्धित खासै धेरै खोज तथा अनुसन्धान भएका छैनन् । यसो हुनुको पछाडि किरातीहरू नेपालमा परापूर्वकालदेखि बसोबास गर्दै आएका भए पनि लिच्छवीकालदेखि नै किरात जातिलाई आफ्नो संस्कार, सस्कृति, राज्य तथा स्वायत्तताबाट अलग पारिदै आएको थियो । पछि नेपालमा विभिन्न बंशद्वारा राज्य सञ्चालन हुँदै आएसँगै किराती संस्कार संस्कृतिमाथि सुनियोजित रूप मै अफ्ठ्यारो बनाइदै आइयो । यद्यपि किराती समुदायमा हालसम्म पनि मौखिक रूपमा भए पनि केही मुन्दुमको अस्तित्व रहेका छन् । त्यसलाई सङ्कलन तथा लेखन गरेर राख्ने, प्रकाशन गर्ने काम पछिल्लो समयमा केही प्रयास हुँदै आएका छन् । अन्य क्षेत्रका तुलनामा किरात मुन्दुमको अध्ययन कमै भएको पाइन्छ । किरात मुन्दुममा हालसम्म भएका पूर्वकार्यको समीक्षालाई कालक्रमिक रूपमा निम्नलिखित अनुसार प्रस्तुत गरिएको छ :

परशुराम राई (२०७२) ले *बुढाहोङ मुन्दुम*मा नेपालको पुमा राई समुदायमा प्रचलित बुढाहोङ मुन्दुमको बारेमा अध्ययन गरिएको पाइन्छ । यस अध्ययनमा व्याख्या गरिएको बुढाहोङ मुन्दुम बुङलुमीको एक शक्तिशाली मुन्दुमको रूपमा रहने कुरा अभिव्यक्त गरिएको छ । मुन्दुमलाई फूलको माध्यमबाट चिनाइएको छ । जहाँ निनाम्मामा फूल लगेर बुढाहोङलाई चढाइ आशीर्वाद मागिन्छ । यी सम्पूर्ण कुरालाई अध्ययन तथा प्रस्तुति

प्रदर्शनात्मक सिद्धान्तको आधारमा रही गरिएको छ । यस अध्ययनमा रिसियाको समाजशास्त्रीय अध्ययन नगरिनु नै यसको एउटा रिक्तता हो ।

भोगीराज चाम्लिङ (२०७३ श्रावण ८) को "किरात मुन्दुम र सिन्धुघाटीको सभ्यता" शीर्षकको लेखमा मुन्दुमको परिचय उल्लेख गर्दै किरात मुन्दुम र सिन्धुघाटीको सभ्यता निकट रहेको बताइएको छ । नछुङ, मोपा, मुन्दुमी, रिसिमी, फेदाङ्मा, साम्बाहरू मुन्दुमका ज्ञाता भएकै कारण उनीहरूसमाजका बुद्धिजीवीका रूपमा रहेको कुरा उल्लेख गरिएको छ । किराती समाजका प्रथम नछुङ पुरुष नभएर महिला (कोकुमा-पिरिमा) रहेको र उनीहरूले नै पहिला समाजको नेतृत्व गरेको कुरा उल्लेख गरिएको छ । प्रस्तुत लेखमा प्राग्ऐतिहासिक बसाइँसराइलाई सिन्धुघाटीदेखि किरात भूमिसम्म भनी व्याख्या गरिएको छ । जसमा वाडाको मुन्दुमको बारेमा पनि चर्चा गरिएको छ । किरातीहरू सिन्धुघाटीदेखि बसाइँ सरेर कसरी, कहाँ-कहाँ पुगे भनी व्याख्या गरिएको छ । उक्त लेखमा थारु वाजी (बजू) देखि हालको थलोसम्मको उपशीर्षकमा थारु जाति, किरात र मुन्दुमबीचको सम्बन्धका बारेमा चर्चा गरिएको छ, तर रिसियाको समाजशास्त्रीय अध्ययन पाइँदैन ।

भक्त राई र पारस मुकारुङ (२०७४) ले *किरात राई मुन्दुमको समाजशास्त्रीय तथा सङ्गीतशास्त्रीय अध्ययन* शीर्षकको अनुसन्धानमूलक पुस्तकमा किरात जातिको परिचय गराउँदै किरात मुन्दुमको बारेमा पनि सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ; जसमा मुन्दुमका विशेषता तत्त्व, अन्तरनिहित विषयवस्तु तथा मुन्दुमको दर्शनशास्त्रीय विश्लेषण गरिएको छ । यस अध्ययनमा किरात जातिमा सृष्टि तथा उत्पत्तिसम्बन्धी मुन्दुमी कथाहरूका बारेमा चर्चा गरिएको छ । प्रस्तुत अध्ययनमा मुन्दुमको समाजशास्त्रीय अध्ययन शीर्षकमा किराती समाजमा मुन्दुमको अवस्था बारे सामान्य रूपमा चर्चा गरिएको छ । यसका साथै मुन्दुमको सङ्गीतशास्त्रका आधारमा सामान्य रूपमा विश्लेषण गरिएको छ तर रिसियाको समाजशास्त्रीय अध्ययन पाइँदैन ।

भक्त राई (२०७५ माघ १२) को "किरात मुन्दुमको दर्शनशास्त्रीय विश्लेषण" शीर्षकको लेखमा मुन्दुमलाई पूर्वीय दर्शनको सापेक्षतामा व्याख्या गरिएको छ । मुन्दुमकै मूल्य मान्यता अनुसार किराती समाज सञ्चालन हुने कुरा उल्लेख गरिएको छ । यस लेखमा किराती दर्शनमा पाइने तत्त्वमीमांसाको बारेमा व्याख्या गरिएको छ । दर्शन चराचर जगत्लाई हेर्ने दृष्टिकोण तथा विवेचना हो । यस लेखमा पनि किराती मुन्दुमले यो चराचर

जगत्को बारेमा तत्त्वमीमांसीय दृष्टिकोणको व्याख्या गरिएको छ । यसर्थ मुन्दुम एउटा संस्कृति मात्रै नभएर यो एउटा दर्शनको ज्ञान भएको कुरा उल्लेख गरिएको छ । यस अध्ययनमा पनि रिसियाको समाजशास्त्रीय अध्ययन गरिएको छैन ।

भोगीराज चाम्लिङ (२०७६ मङ्सिर ७) को "मुन्दुम महिमा" शीर्षकको लेखमा मुन्दुमलाई नेपाली समाजको बौद्धिक सम्पदाको रूपमा व्याख्या गरेका छन् । उनले मुन्दुमलाई एउटा ज्ञानको भण्डारको रूपमा उल्लेख गर्दै मुन्दुममा प्रकृति, पितृ र मृतात्माको महत्त्वपूर्ण स्थान हुने कुरा उल्लेख गरेका छन् । यस लेखमा मुन्दुमलाई आदिम प्रकृतिवाद तथा आदिम भौतिकवादका रूपमा व्याख्या गरिएको छ । मुन्दुमी शक्तिद्वारा नै व्यक्तिको मृत्युपश्चात् उसको मरणको प्रकृति अनुसार आत्माले कुन ठाउँ पाउने, कहाँ लैजान भन्ने बारेमा उल्लेख गरिएको छ । उक्त लेखमा वेदकालीन आर्यहरू र वर्तमानका मुन्दुम मान्ने किरातीहरूको चिन्तन र विश्वास एउटै रहेको कुरा उल्लेख गरिएको छ । मुन्दुममा जडिबुटी तथा वनस्पति सम्बन्धी चर्चा गरिएको छ । यस लेखमा किरातीहरूको वसाइँसराइ र जीवनपद्धतिबारे चर्चा गरिएको छ । किरातीहरू कला तथा गायन क्षेत्रमा अब्बल स्थानमा हुनुमा पनि यही मुन्दुमी रिसियाको योगदानको रूपमा चित्रण गरिएको छ । मुन्दुम मान्ने सन्दर्भमा किरातीहरूले केही अवैज्ञानिक संस्कृति पनि अपनाएको तर त्यसलाई पूर्ण रूपमा अन्धविश्वासको रूपमा लिन नसकिने कुरासमेत उल्लेख गरिएको पाइन्छ, तर रिसियाको समाजशास्त्रीय अध्ययन पाइदैन ।

भोगीराज चाम्लिङ (२०७६ फागुन २४) को "मुन्दुमबाट मार्क्सवाद" शीर्षकको लेखमा मार्क्स र एङ्गेल्सले आफूपूर्वका विभिन्न मार्क्सवादी चिन्तन तथा चिन्तन प्रणालीलाई उच्चतम संश्लेषण गरी मार्क्सवादलाई संस्थागत गरेका हुन्, भन्ने मान्यत राखिएको छ । उनीहरू पूर्ववको मार्क्सवादी चिन्तनमा मुन्दुम पनि रहेको कुरा उल्लेख गरेका छन् । मुन्दुमलाई आदिम कालका भौतिकवादी मार्क्सवादको रूपमा व्याख्या गर्दै मार्क्सवादलाई आधुनिक युगको मुन्दुमको रूपमा व्याख्या गरिएको छ । मुन्दुमलाई आदर्शवाद (चेतनापछि वस्तु) वस्तुलाई चेतनाको उपजका रूपमा लिने वाद र भौतिकवादले चाहिँ चेतना भौतिक पक्षको उपजको रूपमा व्याख्या गरिएको छ । यी दुवै चिन्तनका आधारमा मुन्दुमलाई तुलना गर्दै मुन्दुमलाई आदिम भौतिकवाद वा प्रकृतवादका रूपमा व्याख्या गरिएको छ । मुन्दुमले सृष्टिलाई ईश्वरको देन नठानी प्राकृतिक परिघटनाको रूपमा हुने वताइएको छ । मुन्दुमलाई आदिम प्राकृतिक भौतिकवादको रूपमा व्याख्या गर्नका लागि

लेखकले आगोको सृष्टि प्रकृया र यो सारा चराचर जगत्को सृष्टि सम्बन्धी मुन्दुममा अभिव्यक्त हुने विचारलाई प्रस्तुत गरी प्रष्ट्याउने काम गरिएको छ । त्यसै गरी मुन्दुमी ज्ञानलाई द्वन्द्वात्मक भौतिकवादको रूपमा पनि व्याख्या गरिएको छ । जसको लागि कुभिण्डो, चिण्डो, सिक्का आदि विभिन्न वस्तुसँग प्रतिबिम्बित गरी प्रष्ट पार्ने काम गरिएको भए पनि रिसियाको समाजशास्त्रीय अध्ययन पाइदैन ।

राजेन खिम्बुले राई (मूलघरे कान्छा) (२०७७ बैशाख २८) को "मुन्दुम दर्शनमा साकेलाको मानवशास्त्र र समाजशास्त्र" शीर्षकको लेखमा किरात सभ्यता, संस्कार संस्कृति आदिको बारेमा विश्लेषण गरिएको छ । किरात ऋतुहरू उभौली (दोङ्वाङा-धिरिनाम) बैशाखे पूर्णिमा र उधौली (दोङ्दावा-छिरिनाम) मङ्सिरे पूर्णिमालाई आधार मानी पूर्वको बारेमा उल्लेख गरिएको छ । उक्त लेखमा किरात मुन्दुमी संस्कारलाई प्रकृतिवाद र आत्मवादका रूपमा व्याख्या गरिएको छ । साकेला सिली एउटा मनोरञ्जन नाच मात्रै नभएर यो किराती पुर्खाहरूले भोग्दै आएका ज्ञान, अनुभव, सिप, श्रम तथा सौन्दर्यको अभिव्यक्तिको रूपमा व्याख्या गरिएको छ । यस लेखमा किराती मुन्दुमअनुसार सृष्टिको सन्दर्भमा विचारहरू प्रस्तुत गरिएको छ । यस लेखमा धर्तिको सृष्टि, सारा प्रकृति जगत्को सृष्टिको बारेमा उल्लेख गरिएको छ । धर्तिमा पहिले मानवको रूपमा रिकापा र रिभेना उत्पत्तिको सन्दर्भमा पनि सिलसिलाबद्ध रूपमा व्याख्या गरिएको छ । यस लेखमा मानव सृष्टिको क्रमलाई वैज्ञानिक रहेको कुरा पनि उल्लेख गरिएको छ । साकेला, साकेन्वा, तोसी आदिको सुरुवात कसरी भयो ? भनी मिथकहरू पनि प्रस्तुत गरिएको छ साथै साकेला सिलीको बारेमा पनि उल्लेख गरिएको पनि रिसियाको समाजशास्त्रीय अध्ययन पाइदैन ।

भोगीराज चाम्लिङ (२०७७ भाद्र २७) को "चिनिमाः ज्ञानकी आदिम नेतृ" शीर्षकको लेखमा मुन्दुमलाई पुर्खाहरूको प्रागऐतिहासिक यात्राको कथाको रूपमा उल्लेख गरिएको छ । धामीलाई मुन्दुमको व्याख्याता, पुस्ता हस्तान्तरकका रूपमा उल्लेख गरिएको छ । धामीहरूले मुन्दुम फलाक्दा चिनिमाको नाम उल्लेख पाइन्छ, जसलाई किराती समाजको ज्ञानको आदिम नेतृका रूपमा लिने गरिएको छ । यस लेखमा किराती समाजमा नयाँ अन्नको बारेमा पनि चर्चा गर्नुका साथै मानव उत्पत्तिको सृष्टिको कथाको बारेमा उल्लेख गरिएको छ । चिनिमालाई विभिन्न राई जातिगत भाषामा भिन्नभिन्न शब्दले चिनिने बताइएको छ । चिनिमालाई ज्ञान प्रचारप्रसार गर्ने नेतृका रूपमा व्याख्या गरिएको

छ । यद्यपि रिसियाको समाजशास्त्रीय अध्ययत तथा विश्वदृष्टिबारे अध्ययन गरिएको पाइदैन ।

भक्त राई (२०७७ असोज ३) को “मुन्दुम के हो ?” शीर्षकको लेखमा मुन्दुमको चिनारी गराउनका लागि विभिन्न विशेषताहरूको बारेमा व्याख्या गरिएको छ । मुन्दुमभित्र भाषा, साहित्य, संस्कृति, दर्शन, ज्ञान, विज्ञान, समाजशास्त्र, भूगोल, कला गीत सङ्गीत आदि प्राप्त हुने प्रसङ्ग उल्लेख गरिएको छ । राईले मुन्दुमका विशेषताहरूमा श्रुति, मौखिक परम्परा, गेयात्मकता, धार्मिकता, प्राचिनता, भाषिक विविधता, आख्यानमा विविधता, सीमितता, हस्तान्तरिता, संस्कृति, ऐतिहासिक, भौगोलिक, कलात्मक, दार्शनिक आदि विभिन्न शीर्षकमा मुन्दुमलाई चिनाउने काम गरिएको छ । यस लेखको आधारमा मुन्दुमलाई एउटा वृहद् ज्ञानको आधारमा चिन्न सकिन्छ । मुन्दुम कुनै व्यक्ति विशेषको ज्ञान नभएर सिङ्गो सभ्यताको प्रतिबिम्बका रूपमा चिन्न सकिने आधारहरू प्रस्तुत गरिएका छन् । तर पनि रिसियाको समाजशास्त्रीय अध्ययन पाइदैन ।

मुन्दुमको विषयमा विभिन्न विद्वानले मुन्दुम विभिन्न कोणबाट अध्ययन गरेको भए पनि मुन्दुममा गाइने रिसिया गीत र त्यसको समाजशास्त्रको अध्ययन अहिलेसम्म व्यवस्थित रूपमा हुन सकेको पाइएको छैन । यति हुँदाहुँदै पनि मुन्दुमको बारेमा अध्ययनको थालनी चाहिँ भएको छ । यसको थालनी मूलतः सङ्कलन र सम्पादनको कार्यबाट भएको छ । अझै पनि किरात समुदायबाट मुन्दुमको सङ्कलन गर्ने काम जारी रहेको छ । मुन्दुमको साङ्गोपाङ्गो विश्लेषणको काम केही मात्रामा भए पनि हरेक मुन्दुमको व्याख्या विश्लेषण गर्न बाँकी नै छ । यद्यपि थुलुङ राई जातिको थुलुङ मुन्दुममा गाइने रिसियाको समाजशास्त्रीय अध्ययन भएको पाइएको छैन । त्यसैले पनि यस शोधकार्यमा यसै शीर्षक वा समस्या केन्द्रित भई अध्ययन गर्नु उपयुक्त भएकाले यो अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य

प्रस्तुत शोधकार्य सुकराज राई, खुक्सङ खम्बु राई र जसिहव थुलुङद्वारा सङ्कलन तथा सम्पादन गरिएको ‘थुलुङ मुन्दुम’ (२०७७) मा सङ्कलित मुन्दुमी रिसियाहरूमा विश्वदृष्टिको अध्ययन गरिएको छ । हालसम्म यस विषयमा अध्ययन नगरिएकोले यसको अभावलाई हटाउनका लागि अध्ययनको गपूर्ण विषय भएकाले पनि यस अध्ययनको औचित्य बढेको हो । थुलुङ राईको मुन्दुमको लागि मात्र नभएर समग्र किरात मुन्दुमको अध्ययन तथा

विश्लेषण गर्ने विद्यार्थी, शोधार्थी, तथा जिज्ञासु अध्ययनकर्ता र प्राज्ञिक वर्गलाई यस अध्ययनले सहयोग गर्ने भएकाले पनि यसको औचित्यमाथि झन रहेको छ । यसको अध्ययनले थुलुङ राईहरूको संस्कारगत मुन्दुमको विषयमा भावी पुस्तासम्मका लागि महत्त्व राखेको छ । यसको अध्ययनले थुलुङ राईहरूको संस्कार जोगाइराख्न पनि यसको उपयोगिता रहेको छ । यस अध्ययनबाट किराती संस्कारगत मुन्दुमी रिसिया गीतको समाजशास्त्रीय कोणबाट नयाँ ज्ञानको उद्घाटन हुने भएकाले यसबाट सम्बद्ध सम्पूर्ण पक्षलाई आवश्यक प्राज्ञिक ज्ञान हुने हुँदा यो अध्ययन वास्तवमा एक औचित्यपूर्ण रहेको छ; भन्ने कुरा प्रष्ट रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

किरात मुन्दुम किरातीहरूका लागि एक जीवनदर्शन हो । हरेक किरातहरूले आ-आफ्नै मुन्दुम मान्दै, गाउँदै आफ्नो जीवनपद्धति धानिरहेका छन् । सम्पूर्ण किरातहरूको मुन्दुमको अध्ययन गर्न यस शोधकार्यमा सम्भव नभएकाले थुलुङ राईको मुन्दुम वा डा. सुकराज राई, खुक्सङ खम्बु राई र जसिहव थुलुङद्वारा सङ्कलन तथा सम्पादन गरिएको 'थुलुङ मुन्दुम' (२०७७) मा भएको रिसियामा विश्वदृष्टिको अध्ययन गरिएको छ । यस अध्ययनमा समाजशास्त्रीय अध्ययनका विभिन्न सिद्धान्तहरूमध्ये फ्रान्सेली चिन्तक लुसिएं गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टि सम्बन्धी सिद्धान्तको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि उपयोग गरिएका सामग्रीहरूको सङ्कलन र तिनको विश्लेषणका विधिहरू निम्नानुसार रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

थुलुङ राई जातिको मुन्दममा गाइने रिसियाको समाजशास्त्रीय अध्ययन गरिएकोले थुलुङ मुन्दुम प्राथमिक सामग्रीको रूपमा रहेको छ । यस शोधमा द्वितीयक सामग्रीको रूपमा साहित्यको समाजशास्त्रीय तथा केही समाजशास्त्रीय अध्ययन तथा व्याख्या विश्लेषण गरिएका पुस्तक तथा लेख, समालोचनाहरू उपयोग गरिएको छ । सामग्री सङ्कलनका निम्ति पुस्तकालयको प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा

प्रस्तुत शोधमा समाजशास्त्रीय सिद्धान्तको सैद्धान्तिक आधारमा 'मुन्दुम'मा गाइने रिसिया गीतको समाजशास्त्रीय अध्ययन गरिएको छ । यस अध्ययनका लागि सङ्कलित सामग्रीको विश्लेषणको मुख्य सैद्धान्तिक आधार साहित्यको समाजशास्त्रीय अध्ययनको विभिन्न सिद्धान्तहरूमध्ये फ्रान्सेली चिन्तक लुसिएं गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टि सम्बन्धी सिद्धान्त हो । साहित्यभित्र समाजको खोजी गरी यी दुवैविच रहेको सम्बन्धको खोजी गर्ने शास्त्र नै साहित्यको समाजशास्त्र हो । साहित्यको समाज वा समाजले स्थापित गरेको मूल्यमान्यताको साहित्यमा कुन रूपमा प्रस्तुत भएको छ ? तिनै साहित्यले समाजलाई कसरी मार्गदर्शन गरिरहेको हुन्छ ? जस्ता कुराहरू साहित्यको समाजशास्त्रीय अध्ययनले खोजी गर्दछ । समाजसँग साहित्यको अन्तरसम्बन्धको पहिचान गरी त्यसको व्याख्या विश्लेषण गर्ने काम साहित्यको समाजशास्त्रले गर्ने गर्दछ । साहित्यको समाजशास्त्रले साहित्यलाई समाज सापेक्ष अध्ययन गर्ने गर्दछ, जहाँ समाजको प्रतिविम्बन हुने गर्दछ ।

प्रस्तुत शोधकार्य साहित्यको समाजशास्त्रीय सिद्धान्त अन्तर्गत लुसिएं गाल्डमानको उत्पतिमूलक संरचनावाद अन्तर्गत विश्वदृष्टि तथा यसको समानधर्मितामा सिद्धान्तअन्तर्गत रहेर थुलुङ राईहरूको मुन्दुम सुकराज राई, खुक्सङ खम्बू र जसिहब थुलुङद्वारा सङकलित तथा सम्पादित *'थुलुङ मुन्दुम'* (२०७७) को अध्ययन विश्लेषण गरिएको छ । यस शोध गोल्डमानका विश्वदृष्टि सिद्धान्तका आधारमा निर्धारित मुन्दुममा गाइने रिसियाको पाठ विश्लेषण विधिमा रही विश्लेषण गरिएकाले प्रस्तुत शोध गुणात्मक प्रकृतिको रहेको छ । निर्धारित सैद्धान्तिक आधारमा रिसियाको पाठको व्याख्या र विश्लेषण भएकाले व्याख्या तथा विश्लेषणात्मक अध्ययन विधिलाई पनि आवश्यकतानुसार उपयोग गरिएको छ । यस अध्ययनमा प्राज्ञिक शोधप्रश्न दुबैका लागि लुसिएं गोल्डमानको विश्वदृष्टिसम्बन्धी सिद्धान्तलाई आधार बनाई रिसियाको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

### १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि यस शोध प्रबन्धलाई ४ परिच्छेदमा विभाजन गरिएको र ती परिच्छेदहरूलाई पनि आवश्यकता अनुरूप विभिन्न शीर्षक र उपशीर्षकहरूमा समेत बाँडिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : किरात 'थुलुङ मुन्दुम' मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि

तेस्रो परिच्छेद : किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चात्का संस्कारमा गाइने रिसियामा विश्वदृष्टि

चौँथो परिच्छेद : सारांश र निष्कर्ष

उपर्युक्त ४ वटा परिच्छेदहरूमा विस्तारित गरिएका प्रस्तुत शोधप्रबन्धका अन्त्यमा सन्दर्भसामग्री सूची रहेका छन् ।

# दोस्रो परिच्छेद

# किरात 'थुलुङ मुन्दुम'मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि

## २.१ विषयप्रवेश

किरात मुन्दुम अन्तर्गत रहेको थुलुङ राईहरूको संस्कारगत मुन्दुमी क्रियाकलापहरूमा मुन्दुमलाई नै रिसियाका रूपमा गाइने गरिन्छ । किरातभित्र रहेका थुप्रै जातिहरूमध्ये थुलुङ राई पनि एक जाति हो । जसको आफ्नै मौलिक प्रकृतिको मुन्दुमी संस्कारहरू रहेका छन् । थुलुङ राई जातिको संस्कारगत मुन्दुमी संस्कारगत रिसियाहरूको सङ्कलन गरिएको सङ्ग्रह हो- 'थुलुङ मुन्दुम' । यसका सङ्कलन तथा सम्पादन डा. सुकराज राई, खुक्सङ खम्बु राई र जसिहव थुलुङद्वारा गरिएको छ । यस थुलुङ मुन्दुममा थुलुङ राई जातिको आफ्नो समग्र जीवन पद्धति यिनै मुन्दुमी रिसियाको चेतनाबाटै अगाडि बढेको पाइन्छ । मानिसलाई आफ्नो संस्कारले डोऱ्याउने गर्छ । त्यसैले थुलुङ राईहरूको आफ्नै संस्कार संस्कृतिले आफ्नो सामाजिक अस्तित्व कायम राखेको हुन्छ । थुलुङ राईहरूले यिनै मुन्दुमी रिसियामा आफ्नो जीवनको संस्कारगत विश्वास राखेका हुन्छन् ।

यस 'थुलुङ मुन्दुम'-मा रहेका रिसियाहरूमा विश्वदृष्टिको अध्ययन यस परिच्छेदमा गरिएको छ । लुसिएँ गोल्डमानको उत्पत्तिमूलक संरचनावाद अन्तर्गत विश्वदृष्टि तथा समानधर्मितालाई यस अध्ययन तथा विश्लेषणको मूल आधार मानिएको छ । समाजशास्त्रीय दृष्टिकोणले हेर्दा यस थुलुङ मुन्दुमभित्र सबै रिसियाहरू समाजशास्त्रीय अध्ययनका लागि महत्वपूण रहेका छन् । मुन्दुम सीमित व्यक्ति तथा निश्चित समयमा लिखित तथा रचित नभई हजारौं वर्षअघि देखि किरात जातिले भौग्दै आएको संस्कारगत अनुभवहरूको सङ्गालो हो । यद्यपि किरातहरू यिनै मुन्दुमी रिसियाहरूमा आज पनि उत्तिकै विश्वास गर्ने गर्छन् । मुन्दुम र किराती समाज आज पनि पर्यायकै रूपमा समधर्मी बनेको पाइन्छ । यस थुलुङ मुन्दुमका रिसियाहरूमा पाइने विश्वदृष्टिको अध्ययनले अझ रिसियाहरूलाई मूल्यवान् तुल्याउन भूमिका खेल्ने छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनका क्षेत्रमा एक फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमान उल्लेखनीय व्यक्तित्व हुन् । उनी मीमांसावादी धाराका प्रमुख चिन्तक पनि हुन् ।

उनी मार्क्सवादी चिन्तक भए पनि समाजशास्त्रका व्याख्यान गर्दा उत्पतिमूलक संरचनावाद अन्तर्गत विश्वदृष्टि तथा यसको समानधर्मितामा बढी जोड दिएका छन् । उनका यिनै मान्यतालाई आधार मानी समाजशास्त्रीय अध्ययन गर्दा विश्वदृष्टिलाई केन्द्रमा राख्नुपर्छ । कुनै पनि साहित्य वा सामाजिक मूल्य मान्यताको समाजसापेक्ष अध्ययन गर्ने क्रममा आएको एक महत्वपूर्ण अवधारणा हो । यस परिच्छेदमा यिनै लुसिएँ गोल्डमानको विश्वदृष्टिको मान्यतालाई आधार मानी 'थुलुङ मुन्दुम'-को रिसियाहरूको अध्ययन गरिएको छ ।

## २.२ विश्वदृष्टिको सैद्धान्तिक परिचय

विश्वदृष्टि भन्नाले कुनै पनि समाज, वर्ग वा समूहको सामूहिक चेतना वा सर्व स्वीकार्य विचार हो । बिसौँ शताब्दीमा साहित्यको समाजशास्त्रलाई सु-व्यवस्थित र विश्वसनीय बनाउन अघि सारिएको यस विश्वदृष्टि अवधारणाका प्रमुख फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमान (सन् १९१३-१९७१) हुन् । साहित्य तथा समाज चिन्तनपद्धति अन्तर्गत विधेयवादी वा दर्पणवादी र मीमांसावादी विचारधाराअन्तर्गत उनी मीमांसावादी धाराका प्रमुख चिन्तकसमेत हुन् । मीमांसावादी धाराअन्तर्गत वर्गसङ्घर्ष र वर्गचेतना सम्बन्धी विचारमा फरक मत राख्दै गोल्डमानले साहित्य सम्बन्धी आफ्नो चिन्तनलाई समाजशास्त्रीय रूपमा अगाडि बढाउने काम गरेका छन् । यसै परिप्रेक्ष्यमा उनलाई साहित्यिक समाजशास्त्री वा साहित्यको समाजशास्त्रका व्याख्याताका रूपमा चिनिन्छ (पाण्डेय, २०७३, पृ. १६-१७) । यसर्थ गोल्डमानलाई मार्क्सवादका नयाँ आयाम थप्ने चिन्तकका रूपमा समेत चिनिन्छ । गोल्डमानको चिन्तन तथा लेखन कालको रूपमा सन् १९५०-१९७० को विचको समय मानिन्छ । यसै अवधिमा उनले अव्यक्त ईश्वर (१९६४), आधुनिक युगमा सांस्कृतिक सिर्जन (१९७६), उपन्यासको समाजशास्त्रतिर (१९७६), साहित्यको समाजशास्त्रको पद्धति आदि कृतिहरू लेखेका थिए । उनी दर्शन, मनोविज्ञान, समाजशास्त्र हुँदै साहित्य चिन्तनतर्फ सक्रिय भएका देखिन्छन् । उनका मुख्य सिद्धान्त नै उत्पत्तिमूलक संरचनावाद हो । गोल्डमानले आफूपूर्वका विभिन्न चिन्तन, दर्शन तथा चेतनासँगको आफ्ना चिन्तनसँगको सङ्घर्षबाट नै आफ्ना सिद्धान्तलाई थप परिष्कृत गर्दै विकास गरेका छन् ।

लुसिएँ गोल्डमानले आफ्ना सिद्धान्तका मुख्य स्रोतका रूपमा विशेष गरी ३ क्षेत्रलाई मानेका छन् । पहिलो जर्ज लुकासको यथार्थवादी मार्क्सवादी प्रारम्भिक चिन्तनबाट सामूहिकता वा परावैयक्तिक चेतना, विश्वदृष्टि तथा समग्रताको अवधारणा ग्रहण गरेका

छन् भने, दोस्रो जिन पियाजेको मनोविज्ञानबाट सार्थक संरचना, चेतना र वस्तुविचको सम्बन्धको धारणा र तेस्रो संरचनावादबाट समानधर्मिता जस्ता अवधारणाबाट प्रभावित भएका छन् । यी तीन अवधारणाबाट संश्लिष्ट रूपमा विकास गरेका उनका सिद्धान्त नै उत्पतिमूलक संरचनावाद हो । यस सिद्धान्त अनुसार स्थापित कुनै सिद्धान्त, मान्यता सधैँ एउटै अवस्थामा रहन सक्दैन । पुराना चेतना वा सन्तुलन भत्किदै जाने र नयाँ ज्ञान वा सन्तुलनहरू स्थापित हुँदै जाने  गर्छ । गोल्डमानका अनुसार साहित्यिक काम एक व्यक्तिगत विषय तथा लेखकको अध्ययन भए पनि उसको अनुवांशिक संरचनाको प्रेरणा र परम्परागत ज्ञानले पूर्वकर्मको प्रभावमा जन्मेको विचार मान्दछन् । गोल्डमानले आफ्ना अभिव्यक्तिलाई प्रष्ट्याउदै भनेक छन् जुन विचार आन्तरिक र बाह्य रूपमा प्रेरित र परिवर्तित विचारका रूपमा तर्कसङ्गत र अर्थपूर्ण बनेर आउँछ अनि जसले पर्याप्त र सुसङ्गत लेखकीय चेतनातर्फ समूहको झुकावलाई जोड दिन्छ । त्यो नै विश्वदृष्टि भएको  कुरा व्यक्त गरेका छन्, (गोल्डमान, सन् १९८०, पृ. ११२) । विश्वदृष्टिले सामूहिक चेतनाको स्वीकृतिलाई पनि जनाएको पाइन्छ ।

उत्पत्तिमूलक संरचनावादमा पनि समाजशास्त्रका मुख्य दुई रूप रहेका छन् । जसमा यथार्थ तथा विधेयवादीहरूले अङ्गाल्ने सामाजिक यथार्थसँग साहित्यमा व्यक्त यथार्थको सम्बन्धको विश्लेषण  र अर्को कुनै पनि कृतिमा व्यक्त सामूहिक चेतनाको सामाजिक उद्‌गमको खोज गर्ने प्रकृतिका हुन्छन् । यिनै दोस्रो प्रकृतिका समाजशास्त्रका कित्तामा विकसित भएको साहित्यिक कृतिमा सामाजिक चेतनाको प्रतिविम्बनको खोजी र कुनै पनि कृतिमा व्यक्त चेतनाको संरचनासँग कुनै वर्ग वा समाजको चेतनाको संरचनासँगको सम्बन्धको खोजी गर्ने खालको हुने गर्दछ ।

गोल्डमानका अनुसार प्रत्येक कृति लेखकको सिर्जना हो र त्यसले लेखकको विचार वा अनुभूतिलाई व्यक्त गरे पनि त्यो लेखकको आफ्नो व्यक्तिगत विचार हुन सक्दैन । किनभने लेखक पनि कुनै वर्ग वा समाजका प्रतिनिधि पात्र मात्रै हुने गर्छ । त्यसैले लेखकको आफ्नो कृतिमा आफू बाँचेको वर्ग वा समाजको विचार वा भावलाई आफ्नो सिर्जनशील शैलीमा प्रस्तुत गरेका हुन्छन् । तसर्थ कुनै पनि साहित्यिक कृतिले परावैयक्तिक तथा सामूहिक चेतनालाई प्रस्तुत गरेको हुन्छ । त्यस कृतिमा लेखकको आफ्नो निजी चेतना अभिव्यक्त भएको हुँदैन । कुनै पनि वर्ग वा समुदायको पूर्णतम् सम्भावित चेतनाबाट नै विश्वदृष्टिको निर्माण भएको हुन्छ । उनका अनुसार विश्वदृष्टि हुनका लागि कुनै एक वर्ग

वा समूहको मानिसहरूको जीवन जगत् र प्रकृतिप्रतिको सुसङ्गत र एकत्वपूर्ण दृष्टि वा चेतना हुन आवश्यक हुन्छ ।

विश्वदृष्टिको विकास कुनै एक वर्ग वा समाजको लामो ऐतिहासिक प्रकृयाबाट हुने गर्दछ । एउटा सिङ्गो समाज वा वर्गको अनुभवसिद्ध यथार्थ र सर्वस्वीकार्य चेतना मात्रै विश्वदृष्टि बन्ने भएकाले एक्लो व्यक्तिको सुसङ्गत विचार वा जतिसुकै सुन्दर र आकर्षक विचार भए पनि त्यसलाई विश्वदृष्टि मान्न सकिदैन । विश्वदृष्टिलाई ऐतिहासिक र सामाजिक तथ्यको रूपमा समेत मान्न सकिन्छ । मानिसका विभिन्न ऐतिहासिक कालखण्डमा समान परिवेश, आर्थिक स्थितिको अवस्थामा प्रायः उक्त समूहको अवधारणा वा चेतना समान प्रकृतिको विकास भएको हुन्छ । जसलाई विश्वदृष्टिको निर्माणको रूपमा लिन सकिन्छ । यद्यपि भिन्न आर्थिक अवस्था, भिन्न परिवेश, भिन्न समाज, धर्म, भूगोल, आदि भिन्नाभिन्नै हुँदा चेतना वा विश्वदृष्टिमा पनि विभिन्नता निर्माण हुने गर्दछ । कहिलेकाहीँ एकै प्रकृतिका सामाजिक समूहमा पनि विभिन्न विचारहरू उत्पन्न हुन सक्ने र ती विचारहरूको सङ्घर्षबाट एक अर्काको विचारलाई खण्डनमण्डन गर्दै एउटा अधिक सुसम्बद्ध चेतनाको संरचनाको विकास हुन जान्छ । यी सुसङ्गत विचार वा चेतना विश्वदृष्टिको रूपमा स्थापित हुने गर्छ । वास्तवमा कुनै पनि वर्ग वा समूहले एउटा सामूहिक चेतनाको संरचना निर्माण गर्दछ ।

गोल्डमानका अनुसार मानवीय यथार्थले दोहोरो प्रक्रियाको वास्तविकतालाई व्यक्त गर्दछ । जसमा एउटा पुरानो संरचना वा चेतनाको निषेध वा ध्वंस र अर्को नयाँ अपेक्षा वा चेतनाको विकास गरेर सन्तुलनको सिर्जना गर्दछ । तर यो कुनै नयाँ चेतना वा विश्वदृष्टिको निर्माण अकस्मात, तत्काल वा रातारात भने निर्माण हुने कुरा होइन । लामो प्रयास र थुप्रै पिढीहरूको विस्तारित प्रयासहरूबाट यसको निर्माण हुने गर्दछ । मानवीय ऐतिहासिक वा विभिन्न कालखण्डमा भएका सङ्घर्ष पश्चात् विकसित भएको व्यवस्थाले नै विश्वदृष्टिको रूप प्राप्त गर्दछ । जसको निर्माता केवल एक व्यक्ति नभई सिङ्गो वर्ग वा समुदाय/समाज हुन्छ । एउटा कालखण्डको विश्वदृष्टि दर्शन, कला तथा साहित्यमा भिन्नाभिन्नै रूपमा प्रकट भए पनि यसको सार रूप एउटै हुने गर्दछ । त्यसैले विश्वदृष्टिको खोजको सुरुवात साहित्यिक कृतिको माध्यमबाट मात्र सम्भव छ भन्ने विचार उनले व्यक्त गरेका छन् (पाण्डेय, सन् २०१६, पृ.१६७) । जहिले पनि विश्वदृष्टि एउटा निश्चित कालखण्डमा एउटा वर्गका विचार, अनुभूति तथा व्यवहारको समग्रतामा प्रकट हुन्छ । स्रष्टा

वा लेखकको माध्यमबाट विश्वदृष्टि रचनासँग जोडिन्छ । समाजको यथार्थलाई प्रकट गर्ने गर्दछ । यसर्थ विश्वदृष्टिको खोज कुनै वर्ग वा समुदायबाट नभई कृतिको माध्यमबाट प्रारम्भ हुने गर्दछ ।

गोल्डमानले विचारधारा र वर्ग चेतनालाई क्रमशः छद्म चेतना र आर्थिक वर्गका रूपमा नभई सामाजिक वर्गका रूपमा लिएर कृतिभित्र संरचित संरचना र कुनै वर्गको वास्तविक संरचना विचको सम्बन्धलाई संरचनाको समानधर्मिताका रूपमा व्याख्या गरेका छन् । त्यसैले साहित्यको समाजशास्त्रले पनि समानधर्मिताको खोज नै गर्नुपर्ने कुरामा जोड दिनुपर्ने मान्यता छ । उनका अनुसार महान् रचनामा समानधर्मिता सबभन्दा बढी हुने गर्दछ । भिन्न अन्तरवस्तु भएका भिन्न विधाका तर एकै समयका रचनामा पनि विश्वदृष्टिको रूपमा चेतनाको संरचनामा समानधर्मिता रहेको हुन्छ । उनका विचारमा साहित्यको समाजशास्त्रीले यही समानधर्मिताको खोजी गर्छ (पाण्डेय, २०७३, पृ. १८) । कृति मूल्याङ्कनका लागि लेखकको विचार वा अभिप्रायलाई वा लेखकमाथिको प्रभावको विषयलाई महत्व नदिई एउटा माध्यमसम्म मान्न सकिने बताएका छन्, तर त्यही विचारलाई मूल्याङ्कनको आधार बनाउनु गलत हुन्छ, किनकि त्यसले विश्वदृष्टिको संरचना तयार गर्न सकेको हुँदैन (गोल्डमान, सन् १९८१, पृ.११-१३) । यसको अर्थ के हो भने एउटा व्यक्तिको अनुभवले सार्थक मानसिक संरचना वा विश्वदृष्टिको निर्माण सम्भव नभएकाले व्यक्तिको अनुभव वा चेतनालाई अत्यन्तै सीमित र सङ्कुचित घेराभित्र रहेको हुन्छ । उनका अनुसार समाजशास्त्रीय समालोचकहरू कृतिको माध्यमबाट पहिला समाजतिर जान्छ र पुनः समाजबाट कृतिमा फर्कन्छ । यो दोहोरो प्रकृयामा घटित हुने गर्दछ । जसको माध्यमबाट कृतिभित्रको संसार र वास्तविक समाजको अथवा व्यक्त वर्गको संरचनाविच समानधर्मिताको पहिचान गर्न सकिन्छ ।

यसरी साहित्यको समाजशास्त्रीय अध्ययनका लागि विश्वदृष्टि सम्बन्धी गोल्डमानले अगाडि सारेका अवधारणा र यससँग सम्बन्धित विभिन्न व्यक्तित्वहरूको मान्यतालाई अध्ययन गर्दा साहित्यको समाजशास्त्रीय अध्ययनका लागि लुसिएँ गाल्डमानको यस विश्वदृष्टि सम्बन्धी अवधारणा महत्वपूर्ण देखिन्छ । निश्चित कालखण्डमा कुनै निश्चित विषय माथि निश्चित विश्वदृष्टि निर्माण भएको हुन्छ । विश्वदृष्टिको विकास पनि विभिन्न वर्ग र समुदाय विच ऐतिहासिक लामो सङ्घर्ष हुँदै एउटा सर्व स्वीकार्य मान्यताको विकास हुने र यसलाई नै विश्वदृष्टि मानिन्छ । बास्तविक बाह्य समाजको संरचना र साहित्यिक

कृतिभित्रको समाजको संरचनबिच समानधर्मिता स्थापित भएका हुनुपर्दछ । प्रस्तुत शोधको यस परिच्छेदमा लुसिएँ गाल्डमानको विश्वदृष्टि सम्बन्धी मान्यतालाई आधार मानेर ‘थुलुङ मन्दुम’ भित्र रहेका रिसियाहरूको विश्लेषण गरिएको छ ।

## २.३ थुलुङ मुन्दुममा विश्वदृष्टि

किरात सभ्यतभित्रका किरात अन्तर्गत राई अनि यो राई जातिभित्र पनि थुलुङ राईहरूको संस्कारगत रूपमा गाइने रिसिया (ड्युम्ला ऱ्युद्युम) हरूको सङ्कलन नै थुलुङ मुन्दुम हो । यस मुन्दुम थुलुङ राईहरूको मार्गदर्शन मात्रै नभएर सिङ्गो जीवन पद्धति नै हो । यो ड्युम्ला ऱ्युद्युम (रिसिया) वा मुन्दुम थुलुङ राईहरूले सामूहिक वा सिङ्गो जातिगत विश्वदृष्टिको रूपमा विकास गरेका छन् ।

लुसिएँ गोल्डमानको समाजशास्त्रीय अध्ययनको मुख्य केन्द्र नै विश्वदृष्टि रहेको र यो विश्वदृष्टि उच्च कोटिको साहित्यमा मात्रै भेटिने गर्छ । साहित्य कुनै समाज, वर्ग, जाति वा समूहको ऐतिहासिक तथ्य वा चेतनाको सर्व स्वीकार्य पक्षको प्रस्फुटन गर्न सक्दा मात्र त्यो साहित्यको गरिमा बढ्ने भएकाले त्यस कृतिमा विश्वदृष्टि निर्माण भएको हुन्छ । त्यसैले यो शोध्य कृति वा थुलुङ मुन्दुम पनि थुलुङ राई जातिको साझा चेतना वा साझा स्वीकारेक्तिपूर्ण ज्ञान भएकाले थुलुङ राई जातिमा योभन्दा माथि अर्को सामूहिक वा जातिगत, समुदायगत चेतना वा विश्वदृष्टि सायदै अर्को नहोला । यसर्थ पनि यस थुलुङ मुन्दुमले निर्माण गरेको वा बोकेको विश्वदृष्टिको अध्ययन गर्नु अत्यन्तै महत्वपूर्ण मानिएको छ । यो मुन्दुम (ड्युम्ला ऱ्युद्युम) को रचनाकाल यकिन गर्न सकिने कुनै आधार नै छैन । किनभने किरातहरूको मुन्दुम अलिखित रूपमा एक पुस्ताबाट अर्को पुस्तामा मौखिक अभिव्यक्ति वा भोगाइको माध्यमबाट पुस्तान्तरण हुँदै हजारौं वर्षअघिदेखि हुँदै आएको मानिन्छ । यद्यपि यसको महिमा किरात समुदायमा अरु कुनै विषयले कमजोर बनाउन सकेको छैन । बरु यसको खोज, अनुसन्धान, अध्ययन तथा लिपीकरण आदिको काम हुन थालेको छ ।

थुलुङ मुन्दुम (ड्युम्ला ऱ्युद्युम/रिसिया) थुलुङ समुदायमा मानिस जन्मेपछि मृत्युसम्म तथा अन्य संस्कारजन्य विभिन्न क्रियाकलापहरूमा छुट्टाछुट्टै प्रकृतिको मुन्दुमी रिसिया वा ड्युम्ला ऱ्युद्युम रहेका हुन्छन् । न्वारान, पास्नी हुँदै मृत्युसंस्कारसम्म नै फरक फरकड्युम्ला ऱ्युद्युम रहेका छन् । जुन कालान्तरदेखि गाउँदै, फलाक्दै आएका छन्, र यी

सबै घटना वा संस्कारसम्बद्ध सबै ड्युम्ला ञ्युद्युम वा रिसियाहरूको विश्वदृष्टिको अध्ययन तथा विश्लेषण यस शोधमा गरिएको छ ।

### २.३.१ थुलुङ मुन्दुममा नङ प्रमु (न्वारान) सम्बन्धी मुन्दुमी रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ मुन्दुममा नङ प्रमु (न्वारान) को विशेष व्यवस्था रहेको पाइन्छ । मानिसको जन्मपश्चात् नामिक पहिचान दिने यो नै मुख्य चरण मानिन्छ । यो संस्कार आम थुलुङ समुदायमा रहेको पाइन्छ ।

#### २.३.१.१ नङ प्रमु (न्वारान)

नङ प्रमु (न्वारान) भनेको नवजात शिशुको जन्मपछि नाम राख्ने कर्म वा जीवनको पहिलो कर्म हो । थुलुङ राई जातिले शिशु जन्मिएको छोराको चौँथो वा छैँटौँ दिनको दिन र छोरीको तेस्रो वा पाँचौँदिनको दिनमा अथवा दोमासे नपार्ने गरी न्वारान गरिएको पाइन्छ । न्वारान गर्दा कोक्रो, कुरिलो, भकिम्लो, हलोजुवा धनुवाण (छोराको लागि), तानबुन्ने सामानहरू, बाँसको काइयो (छोरीको लागि) कुखुरा भाले (छोराको लागि), कुखुराको पोथी ( छोरीको लागि), कुखुराको दुई वटा खुट्टा, दुई वटा पखेटा, मुटु, कलेजो, कुखुराको घाँटीसहितको टाउको, सानो कठुवामा रक्सी, कुचो, भोटो, काँचो धागोको कन्धनी, चुरा, कल्ली र माला, बाँसको राको, आमाको लुङ्गीको चोला, खुरुम्बी, कर्द, तितेपाती, शुद्ध पानी, सुनपानी, दुम्सीको काँडा, तिल जौँ, आदि सामग्रीको आवश्यकता पर्दछ । न्वारान गर्दा छोरा भए भाले र छोरी भए पोथी कुखुरालाई आग्लाले हिर्काइ मार्ने र शिशुको नाल कर्दले काटी धागोले नाइटो बाँधी त्यहीँ कुखुराको प्वाँखले नाइटो सफा गर्न गरिएको पाइन्छ । बच्चाको साललाई ढुङ्ग्रामा राखी दूध आउने रूपमा झुण्ड्याइने गरिन्छ । त्यसपछि सुत्केरीलाई सुत्केरीलाई सुरक्षित ठाउँमा राखिन्छ र न्वारानको विधि गर्दै बजू बाजेले मुन्दुमी रिसिया (स्योम्दी) गर्ने गरिएको पाइन्छ ।

#### २.३.१.२ न्वारानमा बजूले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

किरातीहरूको सबैभन्दा पवित्र स्थल र शक्तिको केन्द्रको रूपमा घरको कूल पुज्ने चुल्होलाई मानिन्छ । चुल्हा भन्नाले अगेनामा राखिएको तीन चुल्होलाई चिनिन्छ । थुलुङ राई जातिले पनि यी तीन चुल्होलाई आफ्नो शक्तिकेन्द्रका रूपमा सबैले मानिआएका छन् । चुल्होलाई घरको मूलीको रूपमा विश्वास गर्दै कुनै पनि घरको कूलसँग सम्बन्धित कर्मकाण्ड

गर्नुपर्दा यसैलाई साक्षी  राखेर मुन्दुमी स्योम्दी वा रिसिया गाउने गरिन्छ । मुन्दुम वा रिसिया कुनै व्यक्ति विशेषले  वा ठाउँ विशेषमा मात्रै नभएर सिङ्गो थुलुङ राई जातिले गर्नु पर्ने भएकाले पनि यो थुलुङ राईहरूमा स्थापित एक विश्वदृष्टि हो ।

चुल्हो वा अगेना(बोकाली) सँग शरण पर्दै बजू (मिमी)ले स्योम्दी/रिसिया वा मुन्दुम गाउन सुरु गरिएको पाइन्छ । आफ्नो मूल चुल्हो सबैभन्दा उच्च आस्थाको केन्द्र भएकोले थुलुङ राईहरू अगेनाको पनि केन्द्र वा मुली, सिङ्गो घरैको मुलीको रूपमा विश्वास गरिएको पाइन्छ । यसको मान मर्यादा र चोखोनितो राख्ने सम्पूर्ण थुलुङ राई जातिको मुख्य कर्तव्य चुल्हो र कूल सम्बन्धी नै रहेको पाइन्छ । अगेनाभित्रको ढुङ्गे चुल्होहरूको आ-आफ्नै अस्तित्व र भूमिका रहेको पाइन्छ । यसमा कसैले आफ्नो मनमर्जीले  गर्नै पाउँदैन । प्रत्येक ढुङ्गे चुल्होको आ-आफ्नै स्थान र नाम रहेको पाइने रिसियामै उल्लेख भएको पाइन्छ । जसलाई निम्न मुन्दुमी स्योम्दीमा  निम्नानुसार व्यक्त गरिएको पाइन्छ :

रोको ! रोको ! रोको !
तिमी अँगेनाका मुली, घरको मुली
यहाँ चुलो ढुङ्गो, भित्रको ढुङ्गो
बाहिरको ढुङ्गो, वरिपरिको ढुङ्गो
तलको मूल ढुङ्गो,  भित्र हेर्ने चुलो ढुङ्गो
भित्रबाट बाहिर हेर्ने चुलो ढुङ्गो
पाहुना चुलो, छोरीपट्टिको चुलो ।       (पृ.१३)

प्रस्तुत स्योम्दीमा थुलुङ राई समुदायको घरको मात्रै नभएर सिङ्गो जीवनकै पवित्र स्थलको रूपमा चुलो मानिएको पाइन्छ । थुलुङ मुन्दुमअनुसार तीन चुलोमध्ये स्योरलुङ र्योरलुङले कूलपितृको प्रतीकको रूपमा रहने,  त्यसै गरी प्रङलुङले नातागोता, छोरीचेली, दाजुभाइ आदिको प्रतीकका रूपमा रहने र छामलुङ वा बप्मेलुङले भान्सेको प्रतीकको रूपमा रहने र त्यसै अनुसार स्योम्दी गर्ने गरिएको पाइन्छ । यी तीन वटा चुलाको संरक्षणका लागि चारैतर्फ हेर्लुङ रहेको पाइन्छ । यो समग्रतालाई बोकोली न्यावली वा अगेनो भन्ने गरिएको पाइन्छ । मुन्दुमी पितपुर्खाहरूले स्योरलुङर्योरलुङबाट मुन्दुमी स्योम्दी सुरु गरी दाहिनो पारेर क्रमश गर्ने गरिएको पाइन्छ । तर कूलपितृ गर्दा मुन्दुमी पितृपुर्खाहरूले बोकोली न्यावलीको घ्रानामा घ्राम्द्युल्यु (मु वा आगो)को चाहिँ मुन्दुम गरिएको पाइदैन  तर विजुवा नोक्छोहरूले चाहिँ स्योरलुङर्योरलुङ र घ्रानामा घ्राम्द्युल्यु (मु वा आगो) को स्योम्दी वा रिसिया गाइएको

पाइन्छ । यसरी बोकोली न्यावली वा चुलाको थुलुङ राई समुदायमा प्रायः एकै प्रकृतिको संरचात्मक विधान रहेको पाइन्छ । यसरी यी चुलाहरूसँग सम्बन्धी सम्पूर्ण थुलुङ समुदायकै साझा ज्ञान वा मान्यता हुनु थुलुङ राई समुदायमा रहेको मान्यतालाई प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ । मानिसको जन्मसँगै एक अस्तित्वको जन्म भएको हुन्छ । हरेक मानिसको जन्मसँगै मानिसको अस्तित्वको निरन्तरताको क्रम अगाडि बढेको हुन्छ । यहाँ मानिसको जन्मसँगै उसको सामाजिक मर्यादा पनि अङ्कुराएको हुन्छ । सामाजिक मर्यादा जन्मसँगै उसको नामाकरण (न्वारान) ले विस्तारै निर्धारण गर्दै जाने कुरामा विश्वास गरिएको पाइन्छ । जन्मदैमा मनुष्य नहुने तर मानव नाम र कामको कारण नै एउटा मनष्य बन्न सकिने कुरा उल्लेख गरिएको पाइन्छ । यसलाई मुन्दुमी रिसियामा निम्नानुसार प्रस्तुत गरिएका पाइन्छ :

लौ है ! हाम्रो घरमा आमाको पेटबाट
छोरा/छोरीको जन्म भयो
मनुष्यको जन्म भयो
मनुष्यको उत्पत्ति भयो
यहाँ, हामी नाम जुराई
मनुष्य बनाउनका लागि
असल मान्छे बनाउनका लागि
यहाँ, हामीले
आफ्नो सांस्कृतिक विधान गर्दैछौं ।                (पृ.१३)

प्रस्तुत रिसियामा जब आमाको गर्भबाट बच्चाको जन्म हुन्छ, चाहे छोरा वा छोरी दुवैको जन्मलाई एउटा उत्सवको रूपमा लिइएको पाइन्छ । जन्मपछि अरुले थुलुङ सांस्कृतिक विधान मुताविक नै नाम न्वारानको अवसरमा जुराई मनुष्य बनाउने र उनलाई असल मान्छेको रूपमा स्थापित गर्न सकिने मान्यता रहेको पाइन्छ । आम थुलुङ जातिमा बेनामको मानिसलाई सामाजिक मर्यादामा कायम गरिएको पाइदैन । त्यसैले सांस्कृतिक मान्यता अनुसार नै बालबालिकाको न्वारानको समयमा आ-आफ्नै तरिकाले नाम राखिदिने काम हुन्छ । थुलुङ समुदायमा नाम राख्दा खासै ज्योतिष विज्ञान अनुसार नाम राख्ने अभ्यास रहेको पाइदैन, यद्यपि सबैले फरक फरक नाम राखिदिए पनि अन्तत्वगत्वा एउटै नामले उनलाई चिनिएको पाइन्छ । उनकै नाम जोडेर आमाबाबुलाई बोलाउने गरिएको पाइन्छ ।

यसको अर्को पाटो बालबच्चाको मात्रै पनि होइन कि, आमा बुबाको समेत सामाजिक पहिचानको  आधार फरक भएर आएको पाइन्छ । यसरी बच्चाको नामाकरणलाई बेनामको र पहिचान बिहीन मानवलाई असल मान्छेको रूपमा निर्माण गर्नका लागि थुलुङ समुदायको साझा सांस्कृतिक मान्यता स्थापित हुनुले आम थुलुङ समुदायको लागि एक विश्वदृष्टि बनेको पाइन्छ ।

थुलुङ राई समुदायमा बालबालिकाको जन्मपछि मानवीकरणका निम्ति गरिने पहिलो सांस्कारिक कर्मको लागि गरिने न्वारानमा गाइने मुन्दुमी रिसियाको माध्यमबाट बजूले सबैको प्रतिनिधित्व गर्दै राम्रो अर्ती बुद्धि दिएको, राम्रो बोलिचालीको निम्ति आशिष दिएका छौँ भन्दै पुकार्ने गरेको पाइन्छ । यो समयमा दिएको आशिष पनि लाग्ने विश्वास रही आएको पाइन्छ । प्रस्तुत मान्यता वा विश्वदृष्टि निम्न स्योम्दी (रिसिया) मा प्रस्तुत भएको पाइन्छ :

यहाँ, हामीले राम्रो अर्ती बुद्धि
राम्रो बोलीचाली पुकार्दै छौँ
हाम्रो भाषा बोली भनेका छौँ ।          (पृ.१३)

थुलुङ राई जातिमा आफ्नो कुलको अस्तित्वमाथि विश्वास रहेको पाइन्छ । आफ्नो कुल पितृ भन्नु नै वास्तवमा आफ्ना पूर्वज पुस्ताहरूको मृतात्माले राम्रो बाटो लागेर गएका अदृश्य शक्तिलाई मान्ने गरिएको पाइन्छ । आफ्ना कुल पितृले राम्रो साथ र आशिष पाए एउटा व्यक्तिका मात्रै नभएर सिङ्गो परिवार तथा वंशको, समाजको नै भलो तथा राम्रो हुने कुरामा थुलुङ राईहरूको विश्वास रहेको पाइन्छ । कुलपितृ दोष भएमा वा कुलपितृ रिसाएमा राम्रो आशिष नभएमा विस्तारै परिवार तथा वंशमा पनि नराम्रो हुँदै जाने विश्वास गरिएको पाइन्छ । त्यसैले पनि सबै थुलुङ राई समुदायमा आफ्ना कुलपितृ पुज्नु थुलुङ राई जातिमा निर्माण भएको  एक सामूहिक चिन्तन तथा कुलपितृप्रतिको  सामूहिक  विश्वासको चेतना हो । यो एक अन्धविश्वास जस्तो देखिए पनि थुलुङ राई समुदायको संस्कृति वा संस्कार कुलपितृको अदृश्य शक्तिको अस्तित्वसँग सामूहिक विश्वास वा चिन्तनले एक प्रकारको विश्वदृष्टिको निर्माण गरेको छ । वच्चाको न्वारानको सांस्कारिक कर्म गर्दै गर्दा कुलपितृसँगको विश्वासलाई निम्न मुन्दुमी रिसिया (स्योम्दी)मा पाउन सकिन्छ :

कुल पितृले राम्ररी सुनेर बुझिदिनू
नरिसाइदिनू, दुःख मन नगर्नू

तिमीले आशीर्वाद र क्षमा दिनू
शक्ति दिनू
खुसी हुँदै पूर्ण दिनको आशीर्वाद दिनू
हामीलाई धेरै माया गरेर हेरिदिनू
हाम्रो नाति नातिनीलाई
धेरै शक्ति, दीर्घकालीन शक्ति दिनू
ठूलो ज्यानको शरीर दिनू
रोको ! रोका ! रोको ! (पृ.१४)

प्रस्तुत मुन्दुमी रिसिया (स्योम्दी) मा वच्चाको न्वारान गर्दा आफ्ना बजूले गाउने मुन्दुमी रिसियामा आफ्नो कुलपितृसँग आशिषको निम्ति अनुरोध वा प्रार्थना गरिएको पाइन्छ । आफ्नो आग्रह वा प्रार्थनालाई पितृले राम्रोसँग सुनेर बुझिदिन अनुरोध गरेको पाइन्छ । पितृलाई आफूले कार्यप्रति नरिसाउन र दुःख नमानी आफू र आफ्नो सन्तान, नातिनातिनीलाई आशीर्वाद माग्दै आफ्ना सन्तानको खुसी मागेको पाइन्छ । बजूले आफ्ना सन्ततिलाई शक्ति माग्दै खुसी भएर वा सन्ततिको दीर्घ आयुको निम्ति आशीर्वाद मागेको पाइन्छ । थुलुङ राई समुदायमा सन्ततिले मागेको आफ्ना कुलपितृले पूरा गरिदिने विश्वास सामूहिक मान्यता रहेको पाइन्छ । त्यसैले सबैले आफ्ना कुलपितृलाई खुसी पार्ने कोशिस गरेको पाइन्छ । हरेक सन्ततिको आफ्ना कुलपितृबाट माया र संरक्षण होस् भन्ने चाहाना राखी प्रार्थना गरेको पाइन्छ । आफ्ना बजूले मुन्दुमी रिसियाको माध्यमबाट आफ्ना नाति नातिनीलाई धेरै शक्ति मात्रै नभएर ज्यान पनि ठूलो, शाक्तिशाली, हृष्टपुष्ट शरीर, निरोगी शरीरको लागि आशिष माग्दै मुन्दुम फलाक्ने गरेको पाइन्छ । यसो गर्दा आफ्ना छोरा, नातिनातिनीलाई राम्रो हुने कुराको थुलुङ राई समुदायमा सामूहिक रूपमै विश्वास तथा मान्यता रहेको पाइन्छ । जसलाई प्रस्तुत स्योम्दीमा एक विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा छोराछोरीको न्वारानमा बजूले मुन्दुमी रिसिया वा स्योम्दीमा नकरात्मक शक्तिलाई निषेध गर्नका लागि धम्कीपूर्ण रूपमा रिसिया गाएको पाइन्छ । थुलुङ राई समुदायमा अदृश्य नकरात्मक शक्तिले प्रभाव पार्न सक्ने भएकाले त्यसलाई मुन्दुमी प्रकृयाबाटै पन्छाउने गरिएको पाइन्छ । यो नकरात्मक शक्तिको पनि अदृश्य तर विश्वासमा

आधारित रहने मान्यता रहेको पाइन्छ । त्यसलाई समयमै पन्छाउने वा सजग गराउने गरिएको पाइन्छ। जसलाई निम्न स्योम्दी वा रिसियामा प्रस्तुत गरिएको पाइन्छ :

यहाँ, कुनै
जान्ने, बुझ्ने, खाने
भूतप्रेत बस्न पाउने छैनौ
लडी मर्ने,
महिना नपुगी मरेर जन्मेका बच्चा
र, अरु भूतप्रेतले
नबोलाऊ, नचलाऊ
यहाँ, आमा छिन्, माउली बाजेबजू छन्
इष्टमित्र छन्, दाजुभाइ छन्
बिजुवा छन्
खबरदार !
मैले भनेको मान्नू
यहाँ, कहिले पनि आउन पाउँदैनौ है ! (पृ.१४)

प्रस्तुत रिसिया वा स्योम्दीको माध्यमबाट न्वारान गर्ने ठाउँमा मात्रै नभएर नातिनातिनीको आसपासमा नपर्ने गरी नराम्रा शक्तिलाई धम्क्याउँदै मुन्दुमबाटै भनेका हुन्छन् । जान्ने-बुझ्ने (केही तन्त्रमन्त्र गर्न जान्ने), भूतप्रेत कसैलाई पनि त्यहाँ बस्न वा रहनका लागि पाउदैनौ भनेर स्योम्दी गरिएको पाइन्छ । थुलुङ राई समुदायमा अकालमा भएका मृत्युलाई पनि नराम्रो मृत्युको रूपमा लिने गरिएको पाइन्छ । लडी मर्ने, महिना नपुगी गर्भमै मरेर जन्मिने बच्चा, भूतप्रेतलाई नबोलाउन र नचलाउनका लागि मुन्दुमबाटै स्योम्दी गरिएको पाइन्छ। त्यस्ता नराम्रा शक्तिलाई त्यहाँ नरहनका लागि अनुरोध गर्दै त्यस न्वारान गर्ने ठाउँमा सबै इष्टमित्रहरू, बाबुबाजेहरू, आमा, माउली बाजेबजूहरू, दाजुभाइ, धामी (विजुवा) सबै सबै भएको भन्दै त्यहाँ नआउन, नबस्नका लागि धम्क्याउदै खबरदारीको निम्ति मुन्दुम गाइएको पाइन्छ । आफूले भनेको मान्ने पर्ने र त्यहाँ कहिले पनि आउन पाउँदैनौ भन्दै मुन्दुमबाट नराम्रा शक्तिहरूलाई परपर बनाउने काम गरिएको पाइन्छ। यस्ता गतिविधि गर्दा भर्खर जन्मेर न्वारान गरिदै गरेका बालबच्चालाई राम्रो हुने कुरा, दुःख नहुने,

विमार नहुने जस्ता कुरामा आम थुलुङ राई समुदायमा सामूहिक विश्वास रहेको पाइन्छ । जसलाई प्रस्तुत स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.१.३ न्वारानमा बाजेले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा आफ्ना छोराछोरी, नातिनातिनीको न्वारान गर्दा बजूको तर्फबाट मुन्दुमी ड्युम्ला सकिएपछि बाजे वा बाजे पर्नेले (विशेष गरी गाउँकै मुख्य मुन्दुमी पुर्खा बाजे) बाट थप मुन्दुमी ड्युम्लामा रिसिया वा स्योम्दी गरेको पाइन्छ । सबै त्यहीँ उपस्थित भएर एक अर्कामा साथसहयोग गरिरहेका पाइन्छ ।

थुलुङ समुदायमा अदृश्य नकरात्मक शक्तिहरू रहेको विश्वास पाइन्छ । मानिसलाई त्यस्ता शक्तिले दुःख दिने, सताउने, दुखविमार गराउने जस्ता कुरामा विश्वास गरिएको पाइन्छ । त्यस्ता शक्तिहरूलाई पनि मुन्दुमी स्योम्दीबाटै पन्छाउन सकिने विश्वास समेत थुलुङ मुन्दुममा रहेको पाइन्छ । त्यस्ता शक्तिहरूले घरमा दुःख नदियोस् भनेर मुन्दुमबाटै पहिले नै तिनीहरूलाई सजग गराइएको पाइन्छ । यस्ता विश्वास तथा मान्यता निम्न रिसिया वा स्योम्दीमा रहेको पाइन्छ :

यहाँ, हाम्री बुहारीलाई
बोक्सी, डाइनी र छौँडाले
बिहाउन नसकेको पिशाचले
बच्चा पाइसकेर मरेकी सुत्केरी आमाले
लडेर मर्ने प्रेतहरूले चलाउला, बोलाउला !
खाइदिनु हुँदैन ।                    (पृ. १५)

प्रस्तुत स्योम्दी वा रिसियामा नातिनातिनीको बाजेले आफ्नो सुत्केरी बुहारीलाई नराम्रो शक्तिबाट जागाउनका लागि मुन्दुमबाटै स्योम्दी वा रिसिया गाएको पाइन्छ । हाम्रो बुहारीलाई बोक्सी डाइनी, छौँडाले, बिहाउन नसकी मरेको पिचासले वा बच्चा पाएर मरेकी सुत्केरी आमाको, लडेर मरी भूतप्रेत बनेका मृतात्माहरूले कसैले पनि नचलाउनू, नबोलाउनू, खाने काम नगर्नू, दुःख नदिनू भन्दै स्योम्दी गरेको पाइन्छ । थुलुङ राई समुदायमा मृत्युलाई पनि राम्रो र नराम्रो गरी छुट्याइएको पाइन्छ । राम्रो मरणभित्र उमेर पुगेर वा कालगतिले स्वाभाविक मृत्यु मात्रै पर्दछ तर उमेर नपुग्दै कुनै दुर्घटनामा मरेको, बच्चा पाउन नसकेर मरेको, सुत्केरी भई मरेको, लडेर मरेका आदि जस्ता अस्वाभाविक

मृत्युलाई नराम्रो मृत्यु मान्ने गरिएको पाइन्छ । यसरी राम्रो मृत्यु भएका मृतात्माहरू कुलपितृमा जाने र मृतात्मा पनि टुङ्गो लाग्ने अनि अरु जिवित मानिसहरूलाई दुःख कष्ट नदिने, भगवान वा देउदउताका रूपमा आफ्ना सन्तान वा वंशको रक्षा गर्ने गरी बसेको मानिन्छ, तर नराम्रो मृत्यु भएका मृतात्माले आफ्नो कुलपितृमा ठाउँ पनि नपाउने, उनीहरूको आत्माले शान्ति पनि नपाउने, उनीहरूको आत्मा भड्किएर वा भनौं टुङ्गो नलागेर भूतप्रेत, पिचास जस्ता नकारात्मक शक्तिको रूपमा रहने र उनीहरूले अरु जिवित मानिसलाई दुःख दिने जस्ता विश्वास आम थुलुङ समुदायमा रहेको पाइन्छ । यो एक प्रकारको थुलुङ राई जातिको आफ्नो संस्कारसँग समेत जोडिको कारण यसलाई विश्वास गर्ने वा मान्यताको रूपमा स्वीकार गरिएको पाइन्छ । जसलाई प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

सुत्केरी बुहारीलाई नराम्रो शक्तिले चलाएमा, दुःख दिएमा धम्कीपूर्ण रूपमा स्योम्दी गरिएको पाइन्छ । त्यस्तालाई राम्रो तरिकाले भन्दा पनि नमानेमा, दुःख दिएमा तलका स्योम्दी वा मुन्दुमी रिसियाबाट ठीक लगाउने मान्यता रहेको पाइन्छ :

चलायौ भने,
जान्ने बुझ्ने सिपालु ल्याएर
तिमीले गाली खाउला
हाम्रो हातहतियारले
ठूलो सानो हतियारले
हँसिया खुकुरीले हानी मागौला
तिमीहरूले तिम्रो नाम भनी नमाग्नू ।  (पृ.१५)

प्रस्तुत स्योम्दी वा रिसियाको माध्यमबाट सुत्केरी बुहारीलाई नराम्रो शक्ति वा दुःख दिने तत्वलाई जान्ने बुझ्ने सिपालु (विजुवा)लाई लगाएर गाली गर्ने, हतियारहरूले हान्ने, हँसिया खुकुरीले हान्ने, सबैलाई नाम सुनाइ दिने जस्ता धम्की दिएर भगाउने मान्यता रहेको पाइन्छ । धामी झाक्रीले तान्त्रिक मन्त्रद्वारा सम्झाउने, बुझाउने, नमाने गाली गर्दै असह्य व्यवहार समेत गरिएको पाइन्छ । थुलुङ राई समुदायमा उनीहरूलाई धातुको हातहतियार देखाउँदा उनीहरू भाग्ने विश्वास रहेको पाइनछ । ती नराम्रा शक्तिहरू पनि आफ्ना पहिचान अरुले थाहा नपाओस् भन्ने भएर नै नाम वा पहिचान सकभर धामीले समेत नबताउने तर त्यस्ता नराम्रा तत्वले जिद्धी गरी दुःख दिई नै रहे, भनेको, सम्झाएको नबुझे

पहिचान वा नाम खोलिदिने कुराले डर मान्ने विश्वास गरिएको पाइन्छ । वास्तवमा थुलुङ राई जातिमा मृत्युपछि पनि अदृश्य शक्तिसहितको अस्तित्वलाई स्वीकार गारिएको पाइनु र यसरी मुन्दुमबाटै अदृश्य शक्तिलाई समेत आ-आफ्नै ठाउँमा रहनुपर्ने, कसैले पनि कसैलाई दुःख दिन नहुने जस्ता मान्यताहरू थुलुङ राई समुदायमा रहेको पाइनु आफैँमा विश्वदृष्टिको रूपमा निर्माण भएको मान्यता  रहेको पाइन्छ ।  तलका स्योम्दी वा रिसियाबाट पनि यस तथ्यलाई थप प्रस्ट पारिएको पाइन्छ :

तिमी उत्पति हुने<br>
खेल्ने  खाने ठाउँमा<br>
तिम्रो जातजातिको  गाउँमा, तिमी बस्नुपर्छ<br>
तिमी जस्तै भएको गाउँमा बस्नुपर्छ<br>
यता हेर्नु हुँदैन, यता आउनु हुँदैन<br>
तिमी आजदेखि सपनामा पनि देखा नपर्नू<br>
हेऱ्यौ भने<br>
हाँडी, खोलिएको अण्डा, काउलोको पातले<br>
टाउकोमा हिर्काइ मागौला<br>
रोको ! रोको ! राको !                    (पृ.१५)

प्रस्तुत रिसिया वा स्योम्दीमा बाजेले अदृश्य नकारात्मक शक्तिलाई मानिसलाई दुःख नदेऊ, बुहारीलाई दुःख नदेऊ । तिमी आफ्नै ठाउँमा बस, तिमी जहाँ जसरी उत्पति भयौँ, त्यतै बस । आफ्नै खेल्ने खाने ठाउँमा बस, तर हामीलाई दुःख, पीडा नदेऊ, बिमार नपार, तिम्रो यो ठाउँ होइन, चित्त बुझाएर जाऊ, भन्दै पर लैजाने प्रयास गरिएको पाइन्छ । ती शक्तिहरूलाई पनि आफ्नै समूहमा, आफ्नै गाउँमा, आफू जस्तै अरु बस्ने ठाउँमा रहनु बस्नु पर्छ भन्दै सम्झाएको पाइन्छ । तिनीहरूलाई यता हेर्नु हुँदैन, आउनु हुँदैन भन्दै मानिसको घर परिवारभन्दा पर पार्ने, राख्ने गरी चेतावनी दिएको पाइन्छ । त्यति मात्रै नभएर त्यस्ता शक्तिहरूलाई अब सपनामा पनि देखा नपर्नू भन्दै धपाउने गरिएको पाइन्छ ।  मुन्दुमी स्योम्दीबाट नै  उनीहरूलाई मानिस, घर, परिवार, समाजलाई नहेर्न, दुःख नदिन भन्दा भन्दै हेरेमा, दुःख दिएमा कालो हाँडी (खौ), कोरल्दा कोरल्दै पनि बिग्रिएको वा खोलिएको अण्डा, ब्र्युम्सी (काउलो) को पातले टाउकैमा हानौला भन्दै डर देखाउने गरिएको पाइन्छ ।  यसरी थुलुङ राई समुदायमा नकारात्मक अदृश्य शक्तिले पनि असर पार्ने र तिनीहरूलाई मुन्दुमी

प्रक्रियबाटै टुङ्गो लगाउन सकिने जस्ता मान्यता वा सामूहिक विश्वास रहेकोले प्रस्तुत स्योम्दीमा पनि उक्त विश्वदृष्टि रहेको पाइन्छ ।

#### २.३.१.४ नङ प्रमु (न्वारान)मा गाउने स्योम्दी (रिसिया)मा स्थापित समानधर्मिता

थुलुङ राई जातिको मुन्दुममा गाइने रिसिया वा स्योम्दीको विशेष महत्व रहेका पाइन्छ । न्वारान (नङ प्रमु)सँग सम्बन्धित रिसियामा जुन किसिमको परिवेश निर्माण भएको पाइन्छ, त्यो प्रकारको विश्वास वा परिवेश आज पनि थुलुङ राई समुदायमा रहेको पाइन्छ । थुलुङ मुन्दुमी स्योम्दी वा रिसियाको निर्माण तथा रचनाकाला हजारौँ पूस्ता अघिदेखिको पुर्खाहरूको अनुभवहरूबाट परिमार्जित बन्दै आए पनि आजसम्म मुन्दुममा स्थापित परिवेश वा विश्वासको अवस्था उस्तै रहेको पाइन्छ । आजको समाज पनि हजारौँ वर्ष अघिदेखि गरिदैँ आएको स्योम्दीले उत्ति नै प्रभाव पारिरहेकाले यसको समानधर्मिता अत्यन्तै प्रभावशाली रूपमा स्थापित भएको पाइन्छ । गोल्डमानले कुनै पनि रचना कति प्रभावशाली छ भन्ने कुरा त्यसले स्थापना गर्न सकेको समानधर्मिताको आधारमा हुने बताए अनुसार नै हेर्ने हो भने पनि मुन्दुमी स्योम्दी वा रिसियाले स्थापना गर्न सकेको समानधार्मिता उच्च रहेको पाइन्छ ।

### २.३.२ थुलुङ मुन्दुममा जाम डेन्मु (पास्नी)मा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि

जाम डेन्मु (पास्नी) थुलुङ राई समुदायमा जन्मपछि दोस्रो जीवन संस्कार वा नङ प्रमु पछि गरिने महत्वपूर्ण संस्कार मानिन्छ । जसलाई अन्न खुवाइ पनि भनिन्छ । पास्नी गर्नुपूर्व शिशुलाई अन्न खुवाउन नमिल्ने मान्यता रहेको पाइन्छ । छोराको पास्नी गर्नका लागि जोर महिना दुई, चार वा छ महिना र छोरीको पास्नी गर्नका लागि बिजोर महिना तीन, पाँच र सात महिना मध्ये उपयुक्त समय हेरेर पास्नी गर्ने गरिन्छ । आम थुलुङ राई समुदायमा अर्को के पनि मान्यता रहेको पाइन्छ भने पास्नी नगर्दै शिशुलाई खोलानाला पार गरेर हिडाउनु हुँदैन । हिडाइयो भने शिशुको शरीर चोखो हुने भएकाले भूतप्रेत, सिँयाबायु आदिले दुःख दिन सक्ने र बच्चालाई समयमै उकार लगाउन नसक्दा मृत्युसमेत हुन सक्ने मान्यता भएकाले यस समयमा विशेष ख्याल गर्नुपर्ने मान्यता रहेको पाइन्छ ।

जाम डेन्मु (पास्नी) गर्दा थुलुङ मुन्दुम वा संस्कार अनुसार छोराको लागि दौरासुरुवाल, छोरीको लागि जामा आवश्यक हुने र टोपी, कल्ली, चुरा, भात, मासु, थाल,

दियो, कलश, दूध, दही, मह, घिउ, सिक्का, विभिन्न प्रकारका खानेकुराहरू, फलफूल, जाँड रक्सी, पैसा आदि सामग्रीहरूको आवश्यकता पर्दछ । पास्नी गर्दा मुन्दुमी पुर्खाबाट स्योम्दी (रिसिया) गाइसकेपछि आमाबाबुले आशीर्वादसँगै टीका लगाइदिएर दक्षिणा समेत दिने र खाना खुवाउने प्रचलन रहेको पाइन्छ । त्यसपछि उपस्थित सबैले टीका लगाउदै आशीर्वाद र दक्षिणा दिदै खाना खुवाउने गरिएको पाइन्छ ।

### २.३.२.१ थुलुङ मुन्दुममा जाम डेन्मु (पास्नी) गर्दा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि

थुलुङ राई समुदायमा बच्चाको जन्म भइसकेपछि मुख्य गरी नङ प्रमु, जाम डेन्मु, सेर खुर्पा ड्युम्ला र मच्चेम लोल्युम ड्युम्लासम्म ठूलाले आशीर्वाद दिदा मुख्य मुन्दुमी रिसिया वा स्योम्दी एउटै रहेको पाइन्छ । किनभने यी बेलाहरूमा दिइने आशीर्वादको प्रकृति पनि एउटै रहेको पाइन्छ । संसारकै सबैभन्दा शाक्तिशाली धर्ती सन्तानको रूपमा स्थापित हुने गरी आशीर्वाद दिने गरिएको पाइन्छ । यस कुरालाई निम्न स्योम्दीबाट पनि प्रस्तुत गरिएको पाइन्छ :

सबैजना  
यहाँ,  
धरतीको सन्तान  
मानवको सन्तान  
शक्तिशाली सन्तान  
आमाबाबुको सबै सबैलाई पाल्ने  
पालनपोषण गर्दै  
जग्गाजमिनको  
धरतीको  
अधिपति हुनू । (पृ. २७)

प्रस्तुत मुन्दुमी रिसियामा थुलुङ राई समुदायमा शिशुको लागि मुन्दुमी पुर्खाहरूबाट आशीर्वाद दिने गरिएको पाइन्छ । मुन्दुमी पुर्खा (उमेरले सबैभन्दा पाको वा आफ्नो संस्कार अनुसार प्राप्त जिम्मेवार व्यक्ति) हुँदाहुँदै अरुले यो स्योम्दी वा रिसिया गर्ने गरिदैन । यसको अर्थ के हो भने, थुलुङ राई समुदायमा पुर्खाहरूको वा पाका मानिसहरूको उच्च सम्मान र उनीहरूका अनुभव र ज्ञानको उचित मूल्याङ्कनको रूपमा लिइएको पाइन्छ । मूल मुन्दुमी

पुर्खाको पिछा गरेर सहयोग र मुन्दुमी ज्ञानको सिकाइ गर्ने गरेको पाइन्छ । यो आम थुलुङ राई समुदायमा स्वीकारिएको मान्यता भएकोले यो आफैँमा समुदाय स्तरमै निर्माण भएको विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । शिशुको पास्नी गर्दा दिइएको आशीर्वाद पुग्ने आम थुलुङ समुदायमा  विश्वास रहेको पाइन्छ । बच्चालाई धरतीको सन्तानको रूपमा, समग्र मानवको सन्तानको रूपमा लिदै सबैभन्दा शक्तिशाली सन्तानको रूपमा लिने गरिएको पाइन्छ । वास्तवमा  मानवको जन्म आफैँमा यस धर्तीका लागि खुसीको कुरा त हो नै, ऊ यसै धर्तीमा जन्मने, हुर्कने, विभिन्न काम यसै धर्तीको लागि गर्ने भएकोले, जन्मलाई थुलुङ राईमा उत्सवको रूपमा मान्ने प्रचलन रहेको पाइन्छ । आमाबाबुको कोखबाट जन्मिसकेपछि आफूलाई जन्माउने आमाबाबुको रेखदेख गर्ने, पालनपोषण गर्ने, संरक्षण गर्दै यस धर्तीको अधिपतिको रूपमा स्थापित हुनू, भन्दै आशिष दिने गरिएको पाइन्छ । यस प्रकारको आशिष थुलुङ मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । यो स्योम्दी आम थुलुङ राईहरूको सामूहिक मात्रै नभएर परापूर्वकालदेखि नै स्वीकार गर्दै आइएको एक मुन्दुमी सांस्कारिक मान्यता स्थापित भइसकेको छ । यो सबैको सामूहिक मान्यताको रूपमा विकास भएको एक विश्वदृष्टि रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा आफ्ना शाखा सन्तान नमासिई  फैलिएर जाऊन्, भन्ने मान्यता रहेको छ । आफ्ना सन्तानहरूलाई दुवोको रूपमा लिदै त्यसरी नै मौलाउदै, झ्यागिदै जाऊन्, भन्ने आशीर्वाद दिइने गरिन्छ । शाखा सन्तान नासिएर होइन, फैलिएर आफ्ना कुलपितृ मान्ने, आफ्ना रीतिरिवाज मान्ने, संस्कार तथा परम्परालाई मान्ने, सन्तानको अपेक्षा गर्दै आफ्ना सन्तान, आफ्नो व्यक्तिगत स्वार्थभन्दा पनि आफ्नो माटो, देशलाई माया गर्ने बनोस्, भन्ने मान्यता मुन्दुमी रिसियाको माध्यमबाट नै व्यक्त गरिएको पाइन्छ । आफ्ना सन्तान आफ्ना लागि मात्रै नभएर छरछिमेक, इष्टमित्र, दाजुभाइ आदि सबैको राम्रो मान्छे वा गन्यमान्य मानिस बनोस्, भन्ने मान्यता आम थुलुङ राई समुदायमा रही आएको छ । यसलाई निम्न थुलुङ राई मुन्दुमी स्योम्दी (रिसिया) मा रहेको पाइन्छ :

दुबाजस्तै झ्याँगिने, नमासिने हुनू
कुलपितृ, देशले माया गर्ने हुनू, सबैको मन पर्ने हुनू
छरछिमेकी, इष्टमित्र, दाजुभाइको मान्य हुनू ।            (पृ. २७)

प्रस्तुत स्योम्दी (रिसिया)मा थुलुङ राईहरूका बच्चाको पास्नी गर्दा मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट बच्चालाई आशीर्वाद मुन्दुमी पुर्खाले आफ्नो घर, कुलपितृ, देउदेउता

सबैले रुचाएको वा मान्य हुने बन्ने, ज्ञानी मानिस बन्ने, जान्ने बुझ्ने बन्ने र सबैलाई सम्झाउन सक्ने ज्ञानी मानिस बन्ने आशीर्वाद दिइएको पाइन्छ । जसबेला दिइएको आशीर्वाद पुग्ने, लाग्ने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ । मुन्दुमी पुर्खाले आशीर्वाद निम्न स्योम्दी (रिसिया) मा दिने गरेको पाइन्छ :

घर, देउदेउताको मान्य हुनू
ज्ञानी हुनू, विवेकशील हुनू
जान्ने बुझ्ने हुनू
सम्झाउन सक्ने हुनू
बोलिबचन भएको हुनू
कला भएको हुनू
दुस्मनी नभएको, शिर ठाडो भएको हुनू
आयुदारी हुनू,
सबैलाई मान्य, राख्ने, मान्यजन हुनू
अन्नपानीले
सुन हिरा मोतीले
सबैसबैले
साथ दिएको हुनू ।                                    (पृ. २८)

प्रस्तुत रिसियामा शिशु ज्ञानी विवेकशील बनोस्, अरुलाई सम्झाउने बुझाउने बन्न सकोस्, बोलिवचन पनि मिठो भएको बनोस्, सिप वा कलाले भरिएको बनोस्, भन्ने आशिष दिइएको पाइन्छ । यति मात्रै नभएर शत्रु वा दुस्मन सकभर नहोस्, भए पनि दुस्मनको अगाडि शिर ठाडो पारेर हिड्न सक्ने स्वाभिमानी बनोस्, दीर्घायु वा आयुदार बनोस्, सबैलाई मिलाएर राख्न सक्ने  होस्, साथै अन्नपात तथा धनसम्पति, सुन, हिरा, मोतीले भरिपूर्ण होस्, सबैको साथ सहयोग पाओस्, भन्दै आशीर्वाद दिएको पाइन्छ । यो आशीर्वाद भविष्यमा लाग्दै पुग्दै जाने  आम थुलुङ राई समुदायमा विश्वास गरिएको पाइन्छ । यो सामूहिक तथा समुदाय स्तरमा नै स्थापित मान्यता मात्रै नभएर समाज परम्परा र अनुशासनको  लागि एक दर्विलो विश्वदृष्टिको रूपमा स्थापित मान्यता रहेको पाइन्छ ।

**२.३.२.२ पास्नीमा साम्ती बेन्मु (शिर उभ्याउनी) मा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि**

थुलुङ राई समुदायमा एउटा शिशुको जन्म भइसकेपछि ऊ सामाजिक रूपमा एक्लो हुन सक्दैन । उनका परिवार समेतले सामाजिक संस्कार र कठिन अवस्थामा एक्लो महसुस हने गरी समाजले कुनै पनि व्यवहार गर्दैन । जन्मदेखि मृत्युपूर्वसम्मका सांस्कारिक कर्मकाण्डमा समाजको प्रत्यक्ष रूपमा सहयोग रहने गर्दछ । कुनै घरमा हुने कर्मकाण्ड केवल त्यो परिवारको जिम्मेवारी, इज्जत तथा प्रतिष्ठाको विषय नभई त्यो सिङ्गो समाजको रूपमा लिएर त्यस कार्यलाई सबै मिलेर काम गर्ने प्रचलन रही आएको पाइन्छ । कर्मकाण्ड कहिले, कसरी गर्ने ? निम्तो कहाँ कहाँ र कसरी कसले गर्ने ? भान्सेहरू कोको रहने, दाउरा पातहरू कसकसले ल्याउने ? लगायतका सम्पूर्ण कार्यहरूको जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने प्रचलन रही आएको पाइन्छ ।

विशेष गरी निम्तारु पाहुना तथा गाउँले दाजुभाइहरूलाई खाना खुवाउने कार्यमा संलग्न भान्सेहरू, जाँड रक्सी भान्सेहरू, भाँडा सफा गर्ने सहयोगीहरूको काम तथा जिम्मेवारी बढी हुने भएकोले विशेष शिर उभ्याउनी संस्कार रहेको पाइन्छ । यस बेला पनि मुन्दुमी स्योम्दी (रिसिया) रहेको पाइन्छ । यो स्योम्दी पनि समुदायकै मुन्दुमी तर सबैभन्दा पाको पुर्खाबाट गर्ने गरिएको पाइन्छ । मुन्दुमी स्योम्दीबाटै शिर उभ्याउनी वा कम गर्दा भएको कष्टलाई मनन् गर्दै भान्सेहरूको शिर वा इज्जत माथि हुने गरी स्योम्दी गरिन्छ । त्यसो गर्दा सबै भान्सेहरूको शिर उभिने मान्यता रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा भान्सेहरूको शिर उभ्याउनी गर्दा गरिने स्योम्दी (रिसिया)को प्रारम्भ नै निम्नानुसार गरिएको पाइन्छ :

लहै, यहाँ त
सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेकी
छोरीचेली, छोरानाति हुनुहुन्छ
यहाँ त केबाट पो भन्दाखेरि
पास्नी कार्यमा, शुभ कार्यमा
तपाईँरुले पूर्ण जिम्मेवार भई
खाना पकाउनेदेखि भाँडा धुने
सरसफाइ गर्ने
सम्पूर्ण पाहुनाहरूलाई खोजी खोजी नछुटाईकन

खानपिन गराउने ।                    (पृ. २९)

प्रस्तुत रिसियामा भान्सेहरूको शिर उभ्याउनी गर्दा त्यहाँ उपस्थित सबैको उपस्थितिमा गर्ने गरिन्छ । सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेक, इष्टमित्र, छोरीचेली, छोरानाति वा सबै शाखा सन्तान, परपाहुना हुनुहुन्छ भन्दै यस्तो शुभ पास्नी कार्यमा भान्सेहरूले पुऱ्याएको योगदान वा पूरा गरेको जिम्मेवारीप्रति अत्यन्तै खुसी हुँदै खाना पकाउने, तरकारी पकाउने, अचार विचार तयार गर्ने, वितरण गर्ने र भाँडाकुँडा धुन वा सरसफाइ गर्ने सम्मले सम्पूर्ण आगन्तुकहरूलाई भोकै तिर्खै नबसून् भनेर खोजी खोजी, सोधखोज गरी कसैलाई पनि नछुटाईकन खानपिन गराउने सबैप्रति आभार प्रकट गरिने प्रचलन रहेको छ । यो आम थुलुङ राई समुदायमा स्थापित एक महत्वपूर्ण सांस्कारिक सामूहिक मान्यता भएकोले यो एक स्थापित विश्वदृष्टिको रूपमा रहेको पाइन्छ । यो प्रकृतिको सांस्कारिक गतिविधि वा कर्मको हजारौं वर्ष अघि निरन्तर रूपमा गरिदै गराउदै आएकोले यो आफैंमा उच्च स्तरको समानधर्मिता स्थापित भएको विश्वदृष्टिको उदाहरण मान्न सकिन्छ ।

थुलुङ राई समुदायमा आफ्नो संस्कारगत कामहरूमा पाहुना सत्कारको रूपमा खाना, चिया भन्दा पनि पहिले सौगातको रूपमा जाँड वा रक्सी बाड्ने वा दिने परम्परा रहेको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसेलाई जिम्मवारी नै तोक्ने गरिएको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसैलाई जिम्मेवारी नै तोक्ने गरिएको पाइन्छ । जसको अड्कल वा व्यवस्थापनमा विशेष भूमिका रहेको हुन्छ भने अरु सहयोगीले सहयोग गरिरहेका हुन्छन् । जाँड रक्सीलाई सौगातको रूपमा बाड्ने गरिएको पाइन्छ । कसैले पानीको जिम्मेवारी पाएको हुन्छ, जसले सबैलाई पानी व्यवस्थापन गर्ने गरेका हुन्छन् । यो कुनै ठाउँ वा गाउँ विशेष नभई आम थुलुङ राई समुदायले यस्ता संस्कारगत परम्पराहरू मान्दै आउनु र सबैले यसै परम्परालाई स्वीकार्न, मान्नु र सामूहिक विश्वास वा स्वीकार हुनु आफैंमा एक विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । मुख्य गरी भान्सेहरूले उक्त कार्यमा को आए ? को गए ? एकदमै ख्याल गरी उनीहरूको खानपिन भए नभएको समेत बुझेर खाना दिइएको पाइन्छ । यो सम्पूर्ण भान्सेको नै जिम्मा रहेको पाइन्छ । आउने जानेलाई खानपिन भए नभएको सोधखोज गरेरै भए पनि कसैलाई भोको राख्न नमिल्ने मानिन्छ । भान्सेले आगन्तुकहरूको ख्याल गर्दै खाना दिदा पुगेनपुगेको ? कही चाहेको भए सोधीसाधी भान्सेले दिनुपर्ने हुन्छ । यसरी उक्त कार्यमा उपस्थित वा आगन्तुकहरूले सन्तुष्टिका साथ खुसी

अनुभूति गराउने जिम्मेवारी नै भान्सेको भएकोले भान्सेलाई सबैले मान गरेका हुन्छन् । यसलाई मुन्दुमी स्योम्दी वा रिसियामा निम्नानुसार व्यक्त गरिएको पाइन्छ :

जाँडको भान्सेले जाँडकै भान्से गरी
पानीको भान्सेले पानीले पुऱ्याई
ख्याल गरी को आउनुभयो ? को जानुभयो ?
हेरविचार गरी
आउने जानेले खानपिन गर्नुभयो कि भएन ?
कहाँ कहाँ के के पुग्यो, पुगेन ?
भनेर सारा कुराको हेक्का राखिदिने
तपाईंहरू नै पो मिसी । (पृ. २९)

भान्सेहरू स्वभावैले थकित भएका हुन्छन् । दुःख र जिम्मेवारी पनि अरुको भन्दा बढी नै हुने गर्दछ । त्यसैले मुन्दुमी स्योम्दी वा रिसियाबाटै मुन्दुमी पुर्खाले सबै भान्सेहरूलाई कार्यको समापन वा भान्से विदाइ वा भान्सेको शिर उभ्याउनी कार्यक्रममा निम्न मुन्दुमी रिसिया वा स्योम्दीको माध्यमबाट व्यक्त गरेको पाइन्छ :

यति धेरै दुःख पाउनुभयो
काम गर्दा तपाईंहरूको हात पोल्यो होला !
खुट्टा पोल्यो होला !
भकोउनुभयो होला !
तिर्खाउनुभयो होला !
खानपिउन पनि नपाईकन पटुकीको भरमा
यति ठूलो कामकाज सम्पन्न गराइदिनु भयो
त्यसैले, बा ! बा ! हजुर !
त, तपाईंहरूप्रति अत्यन्तै आभारी छौँ
तपाईंहरूलाई धेरै धेरै धन्यवाद । (पृ. ३०)

प्रस्तुत रिसियामा भान्सेहरूको दुःख वा उनीहरूकको जिम्मेवारी, थकान र मेहेनतको उच्च सम्मान गर्दै भान्सेहरूले दुःख पाउनुभयो होला, काम गर्दै गर्दा शारीरिक पीडा भयो होला, खुट्टा पोल्यो होला, भोकभोकै काम गर्नुभयो होला, तिर्खाउनुभयो होला, भन्दै भान्सेको दुःखमा सहानुभूति प्रकट गर्दै मुन्दुमी पुर्खाहरूले स्योम्दी (रिसिया) गरेको पाइन्छ ।

वास्तवमा भान्सेले अरुलाई  खुसी र सन्तुष्टि दिनका लागि काम गर्दागर्दै आफू नखाएरै भएर पनि, भोकभोकै बसेर पनि उक्त सांस्कारिक कार्य सम्पन्न गराइदिन ठूलो सहयोग गरेका पाइन्छन् । त्यसैले पनि पुर्खाहरूले उनीहरूलाई हातै जोडेर सम्मान गर्दै शिर उच्चो बनाइदिने स्योम्दीद्वारा भन्ने गरिएको पाइन्छ । यसरी भान्सेहरूप्रति सबै जना अत्यन्तै खुसी तथा आभारी रहेको कुरा प्रस्तुत गर्दै सबै भान्सेहरूलाई धन्यवाद दिने गरिएको पाइन्छ । यसरी भान्सेहरूको योगदान कै कारण  कार्य सम्पन्न राम्रोसँग भएकोले सबै भान्सेहरूलाई यसरी नै उच्च सम्मान गर्दै शिर उभ्याइदिनु पर्ने  र उनीहरूको दुःखमा आफ्नो सहानुभूति राखिदिनु पर्ने आम थुलुङ राई समुदायमा रही आएको पाइन्छ । त्यसैले पनि यो विश्वास वा मान्यतालाई उल्लेखित स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

भान्सेहरूको जिम्मेवारी र उत्तरदायित्वलाई  बाजे पुर्खाहरूले पनि अत्यन्तै सम्मान गर्दै यसरी भान्से कर्म वा जिम्मेवारी पाउनेहरूले त आफ्नो मन-दिमागले  पनि देख्नुपर्ने, बुझ्नुपर्ने हुन्छ; भन्दै पेटले, मनले पनि आगन्तुकको सम्मान वा भोकलाई बुझ्ने-देख्ने गर्छ भन्दै निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

यसरी गरी ल्याउने तपाईंहरू जस्ताको त
मनले देख्छ, पेटले पनि देख्छ ।                    (पृ. ३०)

यसरी प्रस्तुत स्योम्दी (रिसिया) मा भान्सेको जिम्मेवारीलाई थप मजबुद बनाइएको पाइन्छ । वास्तवमा भान्सेहरूले सबैको विचार वा मन बुझेर आगन्तुकहरूको भोक प्यास थाहा पाएर सबैलाई तृप्त बनाइनुपर्ने विचार आम थुलुङ समुदायमा रहेको पाइन्छ । यस मान्यता वा विश्वदृष्टिलाई माथिका रिसियामा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा यसरी कुनै पनि सांस्कारिक कार्य गर्दा भान्सेको भूमिकालाई उच्च सम्मानका साथ त्यो जिम्मवारी पालना गर्दैगर्दा खेपेका दःख वा शारीरिक कष्टलाई सहानुभूति प्रकट गरिएको हुन्छ । ती भान्सेहरूलाई शिर उभ्याउनीको निम्ति निम्न स्योम्दी वा रिसियामा प्रकट गरिएको पाइन्छ :

आफ्नो गर्ने भन्ने भए त, जाँड रक्सी टक्र्याएर
तपाईंहरूको नाममा मासु टक्र्याएर
शिर उभाउनी गर्नु अरे
पितृ मुन्दुम गर्नु अरे
त्यसो गर्दाखेरि

यो शुभकार्य त अझै राम्रो

अझै सुहाउँदो पो हुन्छ अरे

भनी मिसी, यस्सो

बालीबचनसँगै

यो तपाईँ दाजुभाइहरूको शिर उभाउनी गरेको

(दुई हात जोड्दै) है, बा ! बा ! हजुर !          (पृ. ३०)

प्रस्तुत थुलुङ मुन्दुमी रिसिया वा स्योम्दीमा  भान्सेहरूको शिर उभ्याएर विदाउनी कार्यक्रममा आफ्नै सम्झिएर यस्तो दुःखपूर्ण काम गर्ने भान्सेहरूलाई जाँड रक्सी टक्र्याएर, उनीहरूकै नाममा मासु राखिदिएर पितृ मुन्दुमीबाटै शिर उभ्याउनी गर्नुपर्ने,  कुरा व्यक्त गरिएको पाइन्छ । यसरी गर्दा शुभकार्यको इज्जत झनै बढ्ने वा सुहाउँदो हने कुरामा विश्वास गरिएको पाइन्छ। मुन्दुमी पुर्खाहरूले सबै सामानहरू भान्सेको अगाडि राख्दै आफ्नो बोलिबचनसँगै सबै भान्सेहरूको  शिर  उभ्याउने गरेको भन्दै दुबै हात जोडेर बा ! बा ! हजुर ! भन्ने गरिएको पाइन्छ । यस्तो परम्परा आम थुलुङ राई समुदायमा परापूर्वकालदेखि रही आएको पाइन्छ । यो आम थुलुङ समुदायको एक स्वीकार्य विश्वास वा मान्यताको रूपमा माथिका  स्योम्दीमा विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ।

### २.३.२.३ पास्नीमा भान्सेबाट गाइने स्योम्दी (रिसिया)मा  विश्वदृष्टि

थुलुङ राई समुदायमा बच्चाको पास्नी कार्यक्रमको अन्त्यमा भान्सेको विदाइ तथा शिर उभ्याउनी कार्यक्रममा पुर्खाहरूले मुन्दुमी स्योम्दीको माध्यमबाट सम्मानपूर्वक कोसेली वा रीतसँगै शिर उभ्याउनी गरिसकेपछि  भान्सेहरूको तर्फबाट भान्से मुलीले पनि आफ्नै मुन्दुमी स्योम्दीबाट  नै आफूहरूलाई दिइएको जिम्मेवारी वा प्राप्त कामहरू समाजमा बसेपछि सहर्ष स्वीकार गर्दै त्यसलाई आफ्नो सम्झेर बलबुँताले भ्याएसम्म राम्रो गर्नु पर्ने मान्यता वा परम्परा रहेको पाइन्छ । अरुले मानमनितो गरेको ठाउँमा आफ्नो अहम्ता वा घमण्ड नराख्ने, कामको शिलशिलामा चित्त नै दुखेको, पीडा नै भएको भए पनि बिर्सिएर क्षमाशील बन्नुपर्ने आम थुलुङ राई समुदायमा एउटा  मान्यता नै स्थापित भइसकेको पाइन्छ । यसरी अरुले मानसम्मान गरेपछि त्यसलाई ग्रहण पनि गर्नुपर्ने आम थुलुङ समुदायमा  एक विश्वदृष्टिको  निर्माण भएको पाइन्छ। भान्सेले आफ्ना क्षमाशील गुण वा अति शालिनतापूर्वक आफ्ना विचारहरू निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

ए, बा ! बा !

लौ, त !

उसो भए त

बाबु, आमा र गाजीहरूले त

आज यहाँ केबाट पो भन्दाखेरि

पास्नी कार्यमा

खानपिन गरिदिने जाँडरक्सीको व्यवस्थापन

गरिदिने लगायत

सम्पूर्ण काम गरिदिनु भनेर पो

हामीलाई अह्राउनु भएका थियो

तोक्नुभएको थियो

बा ! बा ! हामीले त जाने बुझेसम्म

दिमागले भ्याएसम्म

गर्दै जाँदाखेरि भनेजस्तो नभए पनि

जानेनन्, गरेनन् भनेर

रिसराग नगर्नुहोला

चित्त नदुखाउनुहोला । (पृ. ३१)

प्रस्तुत मुन्दुमी स्योम्दीमा भान्सको तर्फबाट भान्सेमुलीले मुन्दुमी पुर्खाहरूबाट प्राप्त शिर उभ्याउनी रीतलाई स्वीकार्दै हामीलाई तपाईंहरूले नै यस पास्नी कार्यको खानपिन तथा जाँडरक्सी व्यवस्थापनका लागि विश्वास गरेर जिम्मेवारी दिनुभएको थियो । हामीलाई अह्राउनु भएको थियो । यस कामको लागि हामीलाई तोकेरै काम लगाउनु भएको थियो । त्यसलाई हामीले स्वीकार्दै सकेको, जानेको, बुझेको वा हाम्रो दिमागले भ्याएसम्म गर्न खाज्यौं । काम गर्दै जाँदा तपाईंहरूले सोचेजस्तो, भनेजस्तो, खोजेजस्तो भएन होला । यिनीहरूले जानेनन्, गरेनन् भने सबैले रिसराग नगर्नुहोला, चित्त नदुखाउनुहोला; भन्दै सबैलाई विनम्रपूर्वक क्षमा मागेको पाइन्छ । यस व्यवहार वा संस्कार आम थुलुङ राई समुदायमा आफूले गरेको काम अरुको निम्ति सबै कुरा राम्रो नहुन पनि सक्छ, त्यस्तो परिस्थितिमा आफू क्षमा माग्नलाई पछि हट्नु नहुने, भन्ने एक मान्यता वा विश्वदृष्टिको रूपमा माथिको स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ ।

पुर्खाहरूबाट राखिएको शिर उभ्याउनी रीत वा कोसेलीलाई स्वीकार्दै मूल भान्सेले निम्न स्योम्दी  वा रिसिया व्यक्त गरेको पाइन्छ :

तपाइँहरूले हाम्रो नाममा जाँडरक्सी गरेर
मासु गरेर
शिर उभ्याउनी गर्नुभएछ
हामी त बा ! बा ! यसै पनि भन्न सक्तैनौँ
जसरी तपाइँहरूको मनमा लागेको थियो
त्यसै गरी यहाँ
हाम्रो मानसम्मान गरेर
शिर उभ्याउनी गरेर
यी सबै चिजहरू राख्नुभयो ।              (पृ. ३१-३२)

प्रस्तुत स्योम्दीमा भान्सेहरूको शिर उभ्याउनीको लागि सम्मानपूर्वक भान्सेहरूकै नाममा जाँडरक्सी, मासु लगायत अन्य कोसेलीहरू राख्ने गरिएको पाइन्छ । जसलाई भान्सेहरूले मुन्दुमी पुर्खाहरूलाई हाम्रो लागि राख्नुभएछ, भन्दै यी सबै चिजहरू राख्नुभएको छ, हामीलाई यति धेरै गर्नु पर्दैन थियो; राख्नुभए छ, अब हामी के भन्छौँ त हजुर, भन्दै एक प्रकारको खुसी भएको भाव प्रकट गरको पाइन्छ । वास्तवमा कोही पनि मानिस खुसी साथ रहन सक्छ । उसको शिर ढलेको मानिदैन । त्यसैले भान्सेहरू खुसी हुनु नै भान्सेहरूको शिर उभ्याउने र भान्सेहरूलाई खुसी पार्ने परम्पराको विकास हुँदै आएको पाइन्छ । उनीहरूको शिर नउभ्याउँदा त्यो कार्य नै नराम्रो हुने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ, जुन मान्यतालाई माथिका स्योम्दी वा रिसियामा विश्वदृष्टिको रुमा प्रस्तुत गरिएको पाइन्छ । पास्नी कार्यको समापन चरण नै भान्सेहरूको शिर उभ्याउनी कार्यक्रमबाट हुने गर्दछ । यस कार्यक्रममा भान्सेको तर्फबाट भान्सेको मुलीले आफू र सबै भान्सेहरू खुसी हुँदै कार्य सम्पन्न गरिएको बच्चालाई आशीर्वाद दिदै निम्न थप स्योम्दी वा रिसिया गाउने गरिएको पाइन्छ :

त्यसै गरी सृष्टिकर्ताहरूले
पितृहरूले
पुर्खाहरूले
यहाँ हाम्रो

पास्नी कार्यबाट

शिशुको जीवनको

उत्तरोत्तर प्रगतिको  कामना गरेका होऊन्

शुभेक्षा व्यक्त गरेका होऊन्

आमाबाबु, दाजुभाइ र दिदी बहिनीको

चित्त बुझाउने होऊन्

इज्जत धान्ने, मानमनितो गर्ने भई

उपकारी भावनाको होऊन्, हो !                    (पृ. ३२)

प्रस्तुत रिसियामा भान्सेहरूको तर्फबाट यस पास्नी कार्यबाट यस धर्ती वा मानव सृष्टिकर्ताले शिशुको लागि शक्ति दियोस्, राम्रोको लागि कामना गरोस्; साथै पितृपुर्खाहरूले पनि शिशुलाई आशिष तथा कामना गरोस्, शिशुको लागि शुभेच्छा प्रकट व्यक्त गरोस्, भन्दै पितृ पुर्खा र सृष्टिकर्तासँग प्रार्थना गरेको पाइन्छ । त्यतिमात्रै नभएर भोलिका दिनहरूमा बच्चा ठूलो भए पछि आमाबाबु, दाजुभाइ, दिदी बहिनी वा आफन्त इष्टमित्रको चित्त बुझाउन सक्ने होऊन्, कुलको इज्जत धान्ने सबैलाई मानमनितो गर्ने र अरुले पनि मान्ने भएर जिउनु भन्दै आशिष  दिइएको पाइन्छ । अरुको निम्ति केही गर्न सक्ने वा उपकारी र भलो गर्ने गुणले भरिएको एक महान् मानव बनोस् भन्दै आशीर्वाद दिइएको पाइन्छ ।

यसरी एउटा शिशुलाई आफ्नो अबोधपनमै ठूला मानिसहरूले अत्यन्तै गहकिला आशीर्वादहरू दिइएको पाइन्छ । आम थुलुङ राई समुदायमै यसरी नावालक वा शिशुलाई आशीर्वाद दिने गरिएको पाइन्छ ।  शिशुलाई यस्तो अवस्थामा दिइएको आशीर्वाद लाग्ने र भविष्यमा राम्रो हुने मान्यता रहेको पाइन्छ । यो कुनै एक समाजमा मात्रै नभएर सिङ्गो थुलुङ राई समुदायमा  यस मान्यतालाई स्वीकारिएको एक विश्वदृष्टिको रूपमा प्रस्तुत स्योम्दी वा रिसियामा रहेको पाइन्छ ।

### २.३.२.४ थुलुङ मुन्दुममा जाम डेन्मु गर्दा गाइने रिसियामा रहेको समानधर्मिता

थुलुङ राई समुदायमा शिशुको जन्म भएपछि गरिने दोस्रो कर्म जाम डेन्मु वा पास्नी हो । यस सांस्कारिक कर्म परापूर्वकालबाट नै  गर्दै आएको मानिन्छ । यस कर्म पूर्व बच्चालाई खाना वा अन्न खुवाउन नमिल्ने तथा खोलानाला तार्न नमिल्ने जनविश्वास रहेको पाइन्छ । यो आस्था वा मान्यता कुनै एक निश्चित समय न सुरुवात भयो न व्यक्तिद्वारा

स्थापित नै भयो । यो मुन्दुमी स्योम्दी वा रिसियाहरू हजारौं पुस्तादेखि गर्दै, मान्दै आएको पाइन्छ । यस कर्ममा बालबच्चाहरूलाई दिइएको आशीर्वाद लाग्छ; भन्ने विश्वास आजको मात्रै नभएर हजारौं पुस्ता अघिदेखिकै विश्वास वा परम्परा रहेको मानिन्छ । विशेष गरी मुन्दुमी पुर्खा वा बाबुबाजेहरूले आशीर्वाद दिने गरिएको पाइन्छ । यो परापूर्वकाल अघिदेखि नै गरिदै आएको मानिन्छ । यस कर्ममा आगन्तुकहरूलाई खाना खुवाउने वा भोक तिर्खाबाट जोगाउनका लागि भान्सेहरूको जिम्मेवारीसमेत बाँडफाँड गरिएको हुन्छ । उनीहरूले आफूले जानेको, सकेको वा बुझेको जति राम्रो गर्ने प्रचलन रहेको पाइन्छ । उनीहरूमा रिसराग, घमण्ड वा तिक्ततापूर्ण कुनै पनि भावना पाइएको हुँदैन । यदि उनीहरूको यस्तो भावना नै भएको भए पनि कार्यक्रमको अन्त्यमा गरिने शिर उभ्याउनी कार्यक्रमसँगै उनीहरूलाई खुसी पार्ने प्रचलन परापूर्वकालबाट हालसम्म पनि गरिदै आएको पाइन्छ भान्सेहरूले पनि आफूले अन्जानमा गरिएको गल्ती वा अरुको चाहाना अनुसार काम गर्न नसकेको भए पनि क्षमा माग्ने गरिएको पाइन्छ । उनीहरूले पनि शिशुलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्ने प्रचलन मुन्दुमी रिसियामा र वर्तमान सामाजिक व्यवहार दुवैमा रहेकोले यसको समानधर्मिता उच्च रहेको पाइन्छ ।

### २.३.३ थुलुङ मुन्दुममा सेम खुर्म (छेवर) मा गाइने रिसियामा विश्वदृष्टि

थुलुङ राई जातिको जन्मपश्चात् गरिने संस्कारगत कार्य अन्तर्गत जाम डेन्मु (पास्नी) पश्चात् छोराको यो यो तेस्रो संस्कार सेम खुर्मु (छेवर) लाई मानिन्छ । यस सेम खुर्मु संस्कारमा बालकको कपाल छुराद्वारा खौरिने गरिएको पाइन्छ । वास्तवमा बालकको पहिलो पटक कपाल मुण्डन यहीं संस्कार वा कर्ममा पहिलो पटक गर्ने गरिन्छ । यो भन्दा अगाडि यस्तो कपाल मुण्डन वा कपालमा छुरा चलाउने कार्य गर्न नहुने मान्यता रहेको पाइन्छ । प्रायः गरी जन्मिएको तेस्रो, पाँचौं वा सातौं वर्षमा सेम खुर्मु ड्युम्ला गर्ने गरिएको पाइन्छ । यदि बालकको आमा अर्को सन्ताको लागि गर्भिणी अवस्थामा सेम खुर्मु ड्युम्ला गर्न नमिल्ने मानिन्छ । सेम खुर्मु ड्युम्ला नगरेको बालकले आफ्नो विवाह तथा बाबुआमाको मृत्युपछि गरिने संस्कार वा अन्त्येष्टिमा समेत सहभागी हुन नमिल्ने परम्परा रही आएको पाइन्छ । यसर्थ पनि जीवनका महत्वपूर्ण परिस्थितिमा पनि सहभागी हुन तथा कर्म गर्न बाधा मानिएकोले गर्दा यो सेम खुर्मु ड्युम्ला गर्नै पर्ने अनिवार्य संस्कारगत कर्म मानिन्छ ।

सेम खुर्मु ड्युम्ला गर्दा दौरा सुरुवाल, भोटो, छुरा, जोडी टपरामा एक एक माना चामल, सिक्का, कलश, रोटी, कपाल राख्न टपरी, दही चामल (टीका लागउन), गाईगोठ - गाईको किलामा दाम्लाले बाँधेर कपाल काट्न), जाँडरक्सी लगायत अन्य खानेकुराहरूको आवश्यकता पर्दछ । बालकको कपाल आफ्नो मावली मामा वा मामा पर्नेले टुपी राखेर खौरिदिनुपर्छ । बालकको कन्या चेलीले टपरीमा कपाल टिपेर कसैले नचलाउने, नटेक्ने ठाउँमा राखिदिने गरेको पाइन्छ । बालकको नुहाइधुवाइ वा सरसफाइपछि बुबाआमाले टीका लगाएर आशीर्वाद दिएपछि अरुले पनि क्रमशः टीका लगाउँदै आशिष र दक्षिणा दिने गरिएको पाइन्छ । यसपछि सबै आगन्तुकलाई खानपिन गराउने काम गरिएको पाइन्छ ।

### २.३.३.१ सेम खुर्मु (छेवर) ड्युम्लामा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा बच्चाको जन्म भइसकेपछि मुख्य गरी नङ प्रमु, जाम डेन्मु, सेर खुर्पा ड्युम्ला र मच्चेम लोल्युम ड्युम्लासम्म ठूलाले आशीर्वाद दिदा मुख्य मुन्दुमी रिसिया वा स्योम्दी एउटै रहेको पाइन्छ । किनभने यी बेलाहरूमा दिइने आशीर्वादको प्रकृति पनि एउटै रहेको पाइन्छ । संसारकै सबैभन्दा शाक्तिशाली धर्ती सन्तानको रूपमा स्थापित हुने गरी आशीर्वाद दिने गरिएको पाइन्छ । यस कुरालाई निम्न स्योम्दीबाट पनि प्रस्तुत गरिएको पाइन्छ :

सबैजना
यहाँ,
धरतीको सन्तान
मानवको सन्तान
शक्तिशाली सन्तान
आमाबाबुको सबै सबैलाई पाल्ने
पालनपोषण गर्दै
जग्गाजमिनको
धरतीको
अधिपति हुनू ।                (पृ. ४३)

प्रस्तुत मुन्दुमी रिसियामा थुलुङ राई समुदायमा शिशुको लागि मुन्दुमी पुर्खाहरूबाट आशीर्वाद दिने गरिएको पाइन्छ । मुन्दुमी पुर्खा (उमेरले सबैभन्दा पाको वा आफ्नो

संस्कारअनुसार प्राप्त जिम्मेवार व्यक्ति) हुँदाहुँदै अरुले यो स्योम्दी वा रिसिया गर्ने गरिदैन । यसको अर्थ के हो भने, थुलुङ राई समुदायमा पुर्खाहरूको वा पाका मानिसहरूको उच्च सम्मान र उनीहरूका अनुभव र ज्ञानको उचित मूल्याङ्कनको रूपमा लिइएको पाइन्छ । मूल मुन्दुमी पुर्खाको पिछा गरेर सहयोग र मुन्दुमी ज्ञानको सिकाइ गर्ने गरेको पाइन्छ । यो आम थुलुङ राई समुदायमा स्वीकारिएको मान्यता भएकोले यो आफैँमा समुदाय स्तरमै निर्माण भएको विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । बालकको सेम खुर्मु ड्युम्ला गर्दा दिइएको आशीर्वाद पुग्ने आम थुलुङ समुदायमा विश्वास रहेको पाइन्छ । बच्चालाई धरतीको सन्तानको रूपमा, समग्र मानवको सन्तानको रूपमा लिदै सबैभन्दा शक्तिशाली सन्तानको रूपमा लिने गरिएको पाइन्छ । वास्तवमा मानवको जन्म आफैँमा यस धर्तीका लागि खुसीको कुरा त हो नै, ऊ यसै धर्तीमा जन्मने, हुर्कने, विभिन्न काम यसै धर्तीको लागि गर्ने भएकोले, जन्मलाई थुलुङ राईमा उत्सवको रूपमा मान्ने प्रचलन रहेको पाइन्छ । आमाबाबुको कोखबाट जन्मिसकेपछि आफूलाई जन्माउने आमाबाबुको रेखदेख गर्ने, पालनपोषण गर्ने, संरक्षण गर्दै यस धर्तीको अधिपतिको रूपमा स्थापित हुनू, भन्दै आशिष दिने गरिएको पाइन्छ । यस प्रकारको आशिष थुलुङ मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । यो स्योम्दी आम थुलुङ राईहरूको सामूहिक मात्रै नभएर परापूर्वकालदेखि नै स्वीकार गर्दै आइएको एक मुन्दुमी सांस्कारिक मान्यता स्थापित भइसकेको छ । यो सबैको सामूहिक मान्यताको रूपमा विकास भएको एक विश्वदृष्टि रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा आफ्ना शाखा सन्तान नमासिई फैलिएर जाऊन्, भन्ने मान्यता रहेको छ । आफ्ना सन्तानहरूलाई दुवोको रूपमा लिदै त्यसरी नै मौलाउदै, झ्यागिदै जाऊन्, भन्ने आशीर्वाद दिइने गरिन्छ । शाखा सन्तान नासिएर होइन, फैलिएर आफ्ना कुलपितृ मान्ने, आफ्ना रीतिरिवाज मान्ने, संस्कार तथा परम्परालाई मान्ने, सन्तानको अपेक्षा गर्दै आफ्ना सन्तान, आफ्नो व्यक्तिगत स्वार्थभन्दा पनि आफ्नो माटो, देशलाई माया गर्ने बनोस्, भन्ने मान्यता मुन्दुमी रिसियाको माध्यमबाट नै व्यक्त गरिएको पाइन्छ । आफ्ना सन्तान आफ्ना लागि मात्रै नभएर छरछिमेक, इष्टमित्र, दाजुभाइ आदि सबैको राम्रो मान्छे वा गन्यमान्य मानिस बनोस्, भन्ने मान्यता आम थुलुङ राई समुदायमा रही आएको छ । यसलाई निम्न थुलुङ राई मुन्दुमी स्योम्दी (रिसिया) मा रहेको पाइन्छ :

दुबाजस्तै झ्याँगिने, नमासिने हुनू

कुलपितृ, देशले माया गर्ने हुनू, सबैको मन पर्ने हुनू

छरछिमेकी, इष्टमित्र, दाजुभाइको मान्य हुनू ।  (पृ. ४३)

प्रस्तुत स्योम्दी (रिसिया)मा थुलुङ राईहरूका बालकको सेमखुर्मु ड्युम्ला वा छेवर गर्दा मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट बच्चालाई आशीर्वाद मुन्दुमी पुर्खाले आफ्नो घर, कुलपितृ, देउदेउता सबैले रुचाएको वा मान्य हुने बन्ने, ज्ञानी मानिस बन्ने, जान्ने बुझ्ने बन्ने र सबैलाई सम्झाउन सक्ने ज्ञानी मानिस बन्ने आशीर्वाद दिइएको पाइन्छ । जसबेला दिइएको  आशीर्वाद पुग्ने, लाग्ने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ । मुन्दुमी पुर्खाले आशीर्वाद निम्न स्योम्दी (रिसिया) मा दिने गरेको पाइन्छ :

घर, देउदेउताको मान्य हुनू

ज्ञानी हुनू, विवेकशील हुनू

जान्ने बुझ्ने हुनू

सम्झाउन सक्ने हुनू

बोलिबचन भएको हुनू

कला भएको हुनू

दुस्मनी नभएको, शिर ठाडो भएको हुनू

आयुदारी हुनू,

सबैलाई मान्य, राख्ने, मान्यजन हुनू

अन्नपानीले

सुन हिरा मोतीले

सबैसबैले

साथ दिएको हुनू ।  (पृ. ४३-४४)

प्रस्तुत रिसियामा बालक ज्ञानी विवेकशील बनोस्, अरुलाई सम्झाउने बुझाउने बन्न सकोस्, बोलिवचन पनि मिठो भएको बनोस्, सिप वा कलाले भरिएको बनोस्, भन्ने आशिष दिइएको पाइन्छ । यति मात्रै नभएर शत्रु वा दुस्मन सकभर नहोस्, भए पनि दुस्मनको अगाडि शिर ठाडो पारेर हिड्न सक्ने स्वाभिमानी बनोस्, दीर्घायु वा आयुदार बनोस्, सबैलाई मिलाएर राख्न सक्ने  होस्, साथै अन्नपात तथा धनसम्पति, सुन, हिरा, मोतीले भरिपूर्ण होस्, सबैको साथ सहयोग पाओस्, भन्दै आशीर्वाद दिएको पाइन्छ । यो आशीर्वाद भविष्यमा लाग्दै पुग्दै जाने  आम थुलुङ राई समुदायमा विश्वास गरिएको

पाइन्छ । यो सामूहिक तथा समुदाय स्तरमा नै स्थापित मान्यता मात्रै नभएर समाज परम्परा र अनुशासनको  लागि एक दर्विलो विश्वदृष्टिको रूपमा स्थापित मान्यता रहेको पाइन्छ ।

### २.३.३.२ सेम खुर्मु (छेवर) ड्युम्लाको साम्ती बेन्मु (शिर उम्याउनी) विधिमा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा शिशुको जन्म भइसकेपछि ऊ सामाजिक रूपमा एक्लो हुन सक्दैन । उनका परिवार समेतले सामाजिक संस्कार र कठिन अवस्थामा एक्लो महसुस हने गरी समाजले कुनै  पनि व्यवहार गर्दैन । जन्मदेखि मृत्युपूर्वसम्मका सांस्कारिक कर्मकाण्डमा समाजको प्रत्यक्ष रूपमा सहयोग रहने गर्दछ । कुनै घरमा हुने कर्मकाण्ड केवल त्यो परिवारको जिम्मेवारी, इज्जत तथा प्रतिष्ठाको विषय नभई त्यो सिङ्गो समाजको रूपमा लिएर त्यस कार्यलाई सबै मिलेर काम गर्ने प्रचलन रही आएको पाइन्छ । कर्मकाण्ड कहिले, कसरी गर्ने ? निम्तो कहाँ कहाँ र कसरी कसले गर्ने ? भान्सेहरू कोको रहने, दाउरा पातहरू कसकसले ल्याउने ? लगायतका सम्पूर्ण कार्यहरूको जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने प्रचलन रही आएको पाइन्छ ।

विशेष गरी निम्तारु पाहुना तथा गाउँले दाजुभाइहरूलाई खाना खुवाउने कार्यमा संलग्न भान्सेहरू, जाँड रक्सी भान्सेहरू, भाँडा सफा गर्ने सहयोगीहरूको काम तथा जिम्मेवारी बढी हुने भएकोले विशेष शिर उभ्याउनी संस्कार रहेको पाइन्छ । यस बेला पनि मुन्दुमी स्योम्दी (रिसिया) रहेको पाइन्छ ।  यो स्योम्दी पनि समुदायकै मुन्दुमी तर सबैभन्दा पाको पुर्खाबाट गर्ने गरिएको पाइन्छ । मुन्दुमी स्योम्दीबाटै शिर उभ्याउनी वा कम गर्दा भएको कष्टलाई मनन् गर्दै भान्सेहरूको शिर वा इज्जत माथि हुने गरी स्योम्दी गरिन्छ । त्यसो गर्दा सबै भान्सेहरूको शिर उभिने मान्यता रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा भान्सेहरूको शिर उभ्याउनी गर्दा गरिने स्योम्दी (रिसिया)को निम्नानुसार गरिएको पाइन्छ :

लहै, यहाँ त
सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेकी
छोरीचेली, छोरानाति हुनुहुन्छ
यहाँ त केबाट पो भन्दाखेरि

छेवर कार्यमा, शुभ कार्यमा
तपाईँरुले पूर्ण जिम्मेवार भई
खाना पकाउनेदेखि भाँडा धुने
सरसफाइ गर्ने
सम्पूर्ण पाहुनाहरूलाई खोजी खोजी नछुटाईकन
खानपिन गराउने ।                    (पृ. ४५)

प्रस्तुत रिसियामा भान्सहरूको शिर उभ्याउनी गर्दा त्यहाँ उपस्थित सबैको उपस्थितिमा गर्ने गरिन्छ । सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेक, इष्टमित्र, छोरीचेली, छोरानाति वा सबै शाखा सन्तान, परपाहुना हुनुहुन्छ भन्दै यस्तो शुभ छेवर कार्यमा भान्सेहरूले पुऱ्याएको योगदान वा पूरा गरेको जिम्मेवारीप्रति अत्यन्तै खुसी हुँदै खाना पकाउने, तरकारी पकाउने, अचार विचार तयार गर्ने, वितरण गर्ने र भाँडाकुँडा धुन वा सरसफाइ गर्ने सम्मले सम्पूर्ण आगन्तुकहरूलाई भोकै तिर्खै नबसून् भनेर खोजी खोजी, सोधखोज गरी कसैलाई पनि नछुटाईकन खानपिन गराउने सबैप्रति आभार प्रकट गरिने प्रचलन रहेको छ । यो आम थुलुङ राई समुदायमा स्थापित एक महत्वपूर्ण सांस्कारिक सामूहिक मान्यता भएकोले यो एक स्थापित विश्वदृष्टिको रूपमा रहेको पाइन्छ । यो प्रकृतिको सांस्कारिक गतिविधि वा कर्मको हजारौँ वर्ष अघि निरन्तर रूपमा गरिदै गराउँदै आएकोले यो आफैँमा उच्च स्तरको समानधर्मिता स्थापित भएको विश्वदृष्टिको उदाहरण मान्न सकिन्छ ।

थुलुङ राई समुदायमा आफ्नो संस्कारगत कामहरूमा पाहुना सत्कारको रूपमा खाना, चिया भन्दा पनि पहिले सौगातको रूपमा जाँड वा रक्सी बाड्ने वा दिने परम्परा रहेको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसैलाई जिम्मवारी नै तोक्ने गरिएको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसैलाई जिम्मेवारी नै तोक्ने गरिएको पाइन्छ । जसको अड्कल वा व्यवस्थापनमा विशेष भूमिका रहेको हुन्छ भने अरु सहयोगीले सहयोग गरिरहेका हुन्छन् । जाँड रक्सीलाई सौगातको रूपमा बाड्ने गरिएको पाइन्छ । कसैले पानीको जिम्मेवारी पाएको हुन्छ, जसले सबैलाई पानी व्यवस्थापन गर्ने गरेका हुन्छन् । यो कुनै ठाउँ वा गाउँ विशेष नभई आम थुलुङ राई समुदायले यस्ता संस्कारगत परम्पराहरू मान्दै आउनु र सबैले यसै परम्परालाई स्वीकार्न, मान्नु र सामूहिक विश्वास वा स्वीकार हुनु आफैँमा एक विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । मुख्य गरी भान्सेहरूले उक्त कार्यमा को आए ?

को गए ? एकदमै ख्याल गरी उनीहरूको खानपिन भए नभएको समेत बुझेर खाना दिइएको पाइन्छ । यो सम्पूर्ण भान्सेको नै जिम्मा रहेको पाइन्छ । आउने जानेलाई खानपिन भए नभएको सोधखोज गरेरै भए पनि कसैलाई भोको राख्न नमिल्ने मानिन्छ । भान्सेले आगन्तुकहरूको ख्याल गर्दै खाना दिदा पुगेनपुगेको ? कही चाहेको भए सोधीसाधी भान्सेले दिनुपर्ने हुन्छ । यसरी उक्त कार्यमा उपस्थित वा आगन्तुकहरूले सन्तुष्टिका साथ खुसी अनुभूति गराउने जिम्मेवारी नै भान्सेको भएकोले भान्सेलाई सबैले मान गरेका हुन्छन् । यसलाई मुन्दुमी स्योम्दी वा रिसियामा निम्नानुसार व्यक्त गरिएको पाइन्छ :

जाँडको भान्सेले जाँडकै भान्से गरी
पानीको भान्सेले पानीले पुऱ्याई
ख्याल गरी को आउनुभयो ? को जानुभयो ?
हेरविचार गरी
आउने जानेले खानपिन गर्नुभयो कि भएन ?
कहाँ कहाँ के के पुग्यो, पुगेन ?
भनेर सारा कुराको हेक्का राखिदिने
तपाइँहरू नै पो मिसी । (पृ. ४५)

भान्सेहरू स्वभावैले थकित भएका हुन्छन् । दुःख र जिम्मेवारी पनि अरुको भन्दा बढी नै हुने गर्दछ । त्यसैले मुन्दुमी स्योम्दी वा रिसियाबाटै मुन्दुमी पुर्खाले सबै भान्सेहरूलाई कार्यको समापन वा भान्से विदाइ वा भान्सेको शिर उभ्याउनी कार्यक्रममा निम्न मुन्दुमी रिसिया वा स्योम्दीको माध्यमबाट व्यक्त गरेको पाइन्छ :

यति धेरै दुःख पाउनुभयो
काम गर्दा तपाइँहरूको हात पोल्यो होला !
खुट्टा पोल्यो होला !
भकोउनुभयो होला !
तिर्खाउनुभयो होला !
खानपिउन पनि नपाईकन पटुकीको भरमा
यति ठूलो कामकाज सम्पन्न गराइदिनु भयो
त्यसैले, बा ! बा ! हजुर !
त, तपाइँहरूप्रति अत्यन्तै आभारी छौं

तपाईँहरूलाई धेरै धेरै धन्यवाद ।                    (पृ. ४६)

प्रस्तुत रिसियामा भान्सेहरूको दुःख वा उनीहरूकको जिम्मेवारी, थकान र मेहेनतको उच्च सम्मान गर्दै भान्सेहरूले दुःख पाउनुभयो होला, काम गर्दै गर्दा शारीरिक पीडा भयो होला, खुट्टा पोल्यो होला, भोकभोकै काम गर्नुभयो होला, तिर्खाउनुभयो होला, भन्दै भान्सेको दुःखमा सहानुभूति प्रकट गर्दै मुन्दुमी पुर्खाहरूले स्योम्दी (रिसिया) गरेको पाइन्छ । वास्तवमा भान्सेले अरुलाई खुसी र सन्तुष्टि दिनका लागि काम गर्दागर्दै आफू नखाएरै भएर पनि, भोकभोकै बसेर पनि उक्त सांस्कारिक कार्य सम्पन्न गराइदिन ठूलो सहयोग गरेका पाइन्छन् । त्यसैले पनि पुर्खाहरूले उनीहरूलाई हातै जोडेर सम्मान गर्दै शिर उच्चो बनाइदिने स्योम्दीद्वारा भन्ने गरिएको पाइन्छ । यसरी भान्सेहरूप्रति सबै जना अत्यन्तै खुसी तथा आभारी रहेको कुरा प्रस्तुत गर्दै सबै भान्सेहरूलाई धन्यवाद दिने गरिएको पाइन्छ । यसरी भान्सेहरूको योगदान कै कारण कार्य सम्पन्न राम्रोसँग भएकोले सबै भान्सेहरूलाई यसरी नै उच्च सम्मान गर्दै शिर उभ्याइदिनु पर्ने र उनीहरूको दुःखमा आफ्नो सहानुभूति राखिदिनु पर्ने आम थुलुङ राई समुदायमा रही आएको पाइन्छ । त्यसैले पनि यो विश्वास वा मान्यतालाई उल्लेखित स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

भान्सेहरूको जिम्मेवारी र उत्तरदायित्वलाई बाजे पुर्खाहरूले पनि अत्यन्तै सम्मान गर्दै यसरी भान्से कर्म वा जिम्मेवारी पाउनेहरूले त आफ्नो मन-दिमागले पनि देख्नुपर्ने, बुझ्नुपर्ने हुन्छ; भन्दै पेटले, मनले पनि आगन्तुकको सम्मान वा भोकलाई बुझ्ने-देख्ने गर्छ भन्दै निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

यसरी गरी ल्याउने तपाईंहरू जस्ताको त
मनले देख्छ, पेटले पनि देख्छ ।                    (पृ. ४६)

यसरी प्रस्तुत स्योम्दी (रिसिया) मा भान्सेको जिम्मेवारीलाई थप मजबुद बनाइएको पाइन्छ । वास्तवमा भान्सेहरूले सबैको विचार वा मन बुझेर आगन्तुकहरूको भोक प्यास थाहा पाएर सबैलाई तृप्त बनाइनुपर्ने विचार आम थुलुङ समुदायमा रहेको पाइन्छ । यस मान्यता वा विश्वदृष्टिलाई माथिका रिसियामा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा यसरी कुनै पनि सांस्कारिक कार्य गर्दा भान्सेको भूमिकालाई उच्च सम्मानका साथ त्यो जिम्मवारी पालना गर्दैगर्दा खेपेका दःख वा शारीरिक कष्टलाई सहानुभूति प्रकट गरिएको हुन्छ । ती भान्सेहरूलाई शिर उभ्याउनीको निम्ति निम्न स्योम्दी वा रिसियामा प्रकट गरिएको पाइन्छ :

आफ्नो गर्ने भन्ने भए त, जाँड रक्सी टक्र्याएर
तपाइँहरूको नाममा मासु टक्र्याएर
शिर उभाउनी गर्नु अरे
पितृ मुन्दुम गर्नु अरे
त्यसो गर्दाखेरि
यो शुभकार्य त अझै राम्रो
अझै सुहाउँदो पो हुन्छ अरे
भनी मिसी, यस्सो
बालीबचनसँगै
यो तपाइँ दाजुभाइहरूको शिर उभाउनी गरेको
(दुई हात जोड्दै) है, बा ! बा ! हजुर ! (पृ. ४६)

प्रस्तुत थुलुङ मुन्दुमी रिसिया वा स्योम्दीमा भान्सेहरूको शिर उभ्याएर विदाउनी कार्यक्रममा आफ्नै सम्झिएर यस्तो दुःखपूर्ण काम गर्ने भान्सेहरूलाई जाँड रक्सी टक्र्याएर, उनीहरूकै नाममा मासु राखिदिएर पितृ मुन्दुमीबाटै शिर उभ्याउनी गर्नुपर्ने, कुरा व्यक्त गरिएको पाइन्छ । यसरी गर्दा शुभकार्यको इज्जत झनै बढ्ने वा सुहाउँदो हने कुरामा विश्वास गरिएको पाइन्छ । मुन्दुमी पुर्खाहरूले सबै सामानहरू भान्सेको अगाडि राख्दै आफ्नो बोलिबचनसँगै सबै भान्सेहरूको शिर उभ्याउने गरेको भन्दै दुबै हात जोडेर बा ! बा ! हजुर ! भन्ने गरिएको पाइन्छ । यस्तो परम्परा आम थुलुङ राई समुदायमा परापूर्वकालदेखि रही आएको पाइन्छ । माथिको रिसियामा आम थुलुङ समुदायको एक स्वीकार्य विश्वास वा मान्यताको रूपमा विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

### २.३.३.३ सेम खुर्मु ड्युम्लार्युद्युममा भान्सेबाट गाइने रिसिया (स्योम्दी)मा विश्वदृष्टि

थुलुङ राई समदायमा बालकको सेमखुर्मु ड्युम्लाको अन्त्यमा भान्सेको विदाइ तथा शिर उभ्याउनी कार्यक्रममा पुर्खाहरूले मुन्दुमी स्योम्दीको माध्यमबाट सम्मानपूर्वक कोसेली वा रीतसँगै शिर उभ्याउनी गरिसकेपछि भान्सेहरूको तर्फबाट भान्से मुलीले पनि आफ्नै मुन्दुमी स्योम्दीबाट नै आफूहरूलाई दिइएको जिम्मेवारी वा प्राप्त कामहरू समाजमा बसेपछि सहर्ष स्वीकार गर्दै त्यसलाई आफ्नो सम्झेर बलबुँताले भ्याएसम्म राम्रो गर्नु पर्ने मान्यता वा परम्परा रहेको पाइन्छ । अरुले मानमनितो गरेको ठाउँमा आफ्नो अहम्ता वा

घमण्ड नराख्ने, कामको शिलशिलामा चित्त नै दुखेको, पीडा नै भएको भए पनि बिर्सिएर क्षमाशील बन्नुपर्ने आम थुलुङ राई समुदायमा एउटा मान्यता नै स्थापित भइसकेको पाइन्छ । यसरी अरुले मानसम्मान गरेपछि त्यसलाई ग्रहण पनि गर्नुपर्ने आम थुलुङ समुदायमा एक विश्वदृष्टिको निर्माण भएको पाइन्छ । भान्सेले आफ्ना क्षमाशील गुण वा अति शालिनतापूर्वक आफ्ना विचारहरू निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

ए, बा ! बा !
लौ, त !
उसो भए त
बाबु, आमा र गाजीहरूले त
आज यहाँ केबाट पो भन्दाखेरि
छेवर कार्यमा
खानपिन गरिदिने जाँडरक्सीको व्यवस्थापन
गरिदिने लगायत
सम्पूर्ण काम गरिदिनु भनेर पो
हामीलाई अह्राउनु भएका थियो
तोक्नुभएको थियो
बा ! बा ! हामीले त जाने बुझेसम्म
दिमागले भ्याएसम्म
गर्दै जाँदाखेरि भनेजस्तो नभए पनि
जानेनन्, गरेनन् भनेर
रिसराग नगर्नुहोला
चित्त नदुखाउनुहोला । (पृ. ४७)

प्रस्तुत मुन्दुमी स्योम्दीमा भान्सको तर्फबाट भान्सेमुलीले मुन्दुमी पुर्खाहरूबाट प्राप्त शिर उभ्याउनी रीतलाई स्वीकार्दै हामीलाई तपाईंहरूले नै यस बालकको सेमखुर्मु ड्युम्लाको लागि खानपिन तथा जाँडरक्सी व्यवस्थापनका लागि विश्वास गरेर जिम्मेवारी दिनुभएको थियो । हामीलाई अह्राउनु भएको थियो । यस कामको लागि हामीलाई तोकेरै काम लगाउनु भएको थियो । त्यसलाई हामीले स्वीकार्दै सकेको, जानेको, बुझेको वा हाम्रो दिमागले भ्याएसम्म गर्न खाज्यौं । काम गर्दै जाँदा तपाईंहरूले सोचेजस्तो, भनेजस्तो, खोजेजस्तो

भएन होला । यिनीहरूले जानेनन्, गरेनन् भने सबैले रिसराग नगर्नुहोला, चित्त नदुखाउनुहोला; भन्दै सबैलाई विनम्रपूर्वक क्षमा मागेको पाइन्छ । यस व्यवहार वा संस्कार आम थुलुङ राई समुदायमा आफूले गरेको काम अरुको निम्ति सबै कुरा राम्रो नहुन पनि सक्छ, त्यस्तो परिस्थितिमा आफू क्षमा मागनलाई पछि हट्नु नहुने, भन्ने एक मान्यता वा विश्वदृष्टिको रूपमा माथिको स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ ।

पुर्खाहरूबाट राखिएको शिर उभ्याउनी रीत वा कोसेलीलाई स्वीकार्दै मूल भान्सेले निम्न स्योम्दी वा रिसिया व्यक्त गरेको पाइन्छ :

तपाईँहरूले हाम्रो नाममा जाँडरक्सी गरेर
मासु गरेर
शिर उभ्याउनी गर्नुभएछ
हामी त बा ! बा ! यसै पनि भन्न सक्तैनौँ
जसरी तपाईँहरूको मनमा लागेको थियो
त्यसै गरी यहाँ
हाम्रो मानसम्मान गरेर
शिर उभ्याउनी गरेर
यी सबै चिजहरू राख्नुभयो ।                (पृ. ४७-४८)

प्रस्तुत स्योम्दीमा भान्सेहरूको शिर उभ्याउनीको लागि सम्मानपूर्वक भान्सेहरूकै नाममा जाँडरक्सी, मासु लगायत अन्य कोसेलीहरू राख्ने गरिएको पाइन्छ । जसलाई भान्सेहरूले मुन्दुमी पुर्खाहरूलाई हाम्रो लागि राख्नुभएछ, भन्दै यी सबै चिजहरू राख्नुभएको छ, हामीलाई यति धेरै गर्नु पर्दैन थियो; राख्नुभएछ, अब हामी के भन्छौँ त हजुर, भन्दै एक प्रकारको खुसी भएको भाव प्रकट गरको पाइन्छ । वास्तवमा शिर नढलेको जो कोही पनि खुसी साथ रहन सक्छ । उसको शिर ढलेको मानिदैन । त्यसैले भान्सेहरू खुसी हुनु नै भान्सेहरूको शिर उभ्याउने र भान्सेहरूलाई खुसी पार्ने परम्पराको विकास हुँदै आएको पाइन्छ । उनीहरूको शिर नउभ्याउँदा त्यो कार्य नै नराम्रो हुने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ, जुन मान्यतालाई माथिका स्योम्दी वा रिसियामा विश्वदृष्टिको रुमा प्रस्तुत गरिएको पाइन्छ ।

बालकको सेमखुर्मु ड्युम्लाको समापन चरण नै भान्सेहरूको शिर उभ्याउनी कार्यक्रमबाट हुने गर्दछ । यस कार्यक्रममा भान्सेको तर्फबाट भान्सेको मुलीले आफू र सबै

भान्सेहरू खुसी हुँदै कार्य सम्पन्न गरिएको बच्चालाई आशीर्वाद दिदै निम्न थप स्योम्दी वा रिसिया गाउने गरिएको पाइन्छ :

त्यसै गरी सृष्टिकर्ताहरूले
पितृहरूले
पुर्खाहरूले
यहाँ हाम्रो
छेवर कार्यबाट
शिशुको जीवनको
उत्तरोत्तर प्रगतिको  कामना गरेका होऊन्
शुभेक्षा व्यक्त गरेका होऊन्
आमाबाबु, दाजुभाइ र दिदी बहिनीको
चित्त बुझाउने होऊन्
इज्जत धान्ने, मानमनितो गर्ने भई
उपकारी भावनाको होऊन्, है !                    (पृ. ४८)

प्रस्तुत रिसियामा भान्सेहरूको तर्फबाट यस बालकको सेमखुर्मु ड्युम्लामा यस धर्ती वा मानव सृष्टिकर्ताले शिशुको लागि शक्ति दियोस्, राम्रोको लागि कामना गरोस्; साथै पितृपुर्खाहरूले पनि शिशुलाई आशिष तथा राम्रोको लागि कामना गरोस्, शिशुको लागि शुभेच्छा प्रकट व्यक्त गरोस्, भन्दै पितृ पुर्खा र सृष्टिकर्तासँग प्रार्थना गरेको पाइन्छ । त्यतिमात्रै नभएर भोलिका दिनहरूमा बच्चा ठूलो भए पछि आमाबाबु, दाजुभाइ, दिदी बहिनी वा आफन्त इष्टमित्रको चित्त बुझाउन सक्ने होऊन्, कुलको इज्जत धान्ने सबैलाई मानमनितो गर्ने र अरुले पनि मान्ने भएर जिउनु भन्दै आशिष  दिइएको पाइन्छ । अरुको निम्ति केही गर्न सक्ने वा उपकारी र भलो गर्ने गुणले भरिएको एक महान् मानव बनोस् भन्दै आशीर्वाद दिइएको पाइन्छ ।

यसरी एउटा शिशुलाई आफ्नो अबोधपनमै ठूला मानिसहरूले अत्यन्तै गहकिला आशीर्वादहरू दिइएको पाइन्छ । आम थुलुङ राई समुदायमै यसरी बालकलाई आशीर्वाद दिने गरिएको पाइन्छ ।  बालकलाई यस्तो अवस्थामा दिइएको आशीर्वाद लाग्ने र भविष्यमा राम्रो हुने मान्यता रहेको पाइन्छ । यो कुनै एक समाजमा मात्रै नभएर सिङ्गो थुलुङ राई

समुदायमा  यस मान्यतालाई स्वीकारिएको एक विश्वदृष्टिको रूपमा प्रस्तुत स्योम्दी वा रिसियामा रहेको पाइन्छ ।

### २.३.३.४ सेम खुर्मु ड्युम्ला र्‍युद्युममा गाइने रिसिया (स्योम्दी) मा रहेको समानधर्मिता

थुलुङ राई समुदायमा छोरा मानिसको जन्म भएपछि गरिने तेस्रो कर्म सेम खुर्मु वा छेवर हो । यस सांस्कारिक कर्म परपूर्वकालबाट नै  गर्दै आएको मानिन्छ । यस कर्म पूर्व बालकको कपाल खौरिन वा कपालमा छुरा लगाउन नमिल्ने जनविश्वास रहेको पाइन्छ । यो आस्था वा मान्यता कुनै एक निश्चित  समय न सुरुवात भयो न व्यक्तिद्वारा स्थापित नै भयो । यो मुन्दुमी स्योम्दी वा रिसियाहरू हजारौँ पुस्तादेखि गर्दै, मान्दै आएको पाइन्छ । यस कर्ममा बालकलाई दिइएको आशीर्वाद लाग्छ; भन्ने  विश्वास आजको मात्रै नभएर हजारौँ पुस्ता अघिदेखिकै विश्वास वा परम्परा रहेको मानिन्छ । विशेष गरी मुन्दुमी पुर्खा वा बाबुबाजेहरूले आशीर्वाद दिने गरिएको पाइन्छ । यो परापूर्वकाल अघिदेखि नै  गरिदै आएको मानिन्छ । यस कर्ममा आगन्तुकहरूलाई  खाना खुवाउने वा  भोक तिर्खाबाट जोगाउनका लागि भान्सेहरूको जिम्मेवारीसमेत बाँडफाँड गरिएको हुन्छ । उनीहरूले आफूले जानेको, सकेको वा बुझेको जति राम्रो गर्ने प्रचलन रहेको पाइन्छ । उनीहरूमा रिसराग, घमण्ड वा तिक्ततापूर्ण कुनै पनि भावना पाइएको हुँदैन । यदि उनीहरूको यस्तो भावना नै भएको भए पनि कार्यक्रमको अन्त्यमा गरिने शिर उभ्याउनी कार्यक्रमसँगै  उनीहरूलाई खुसी पार्ने प्रचलन परापूर्वकालबाट  हालसम्म पनि गरिदै आएको पाइन्छ । भान्सेहरूले पनि आफूले अन्जानमा गरिएको गल्ती वा अरुको चाहाना अनुसार काम गर्न नसकेको भए पनि क्षमा माग्ने गरिएको पाइन्छ । उनीहरूले पनि बालकलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्ने प्रचलन मुन्दुमी रिसियामा र व्यवहार दुवैमा रहेकोले यसको समानधर्मिता उच्च रहेको पाइन्छ ।

### २.३.४ थुलुङ मुन्दुममा माच्चेम लोल्युम ड्युम्ला (गुन्युचोली) मा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा छरी मानिसको जन्म भएपछ गरिने विभिन्न संस्कारगत कार्य मध्ये एक महत्वपूर्ण कार्य  मच्चेम लोल्युम ड्युम्ला (गुन्युचोली) हो । यो पास्नी कर्म पश्चात् गरिने कर्मको एक श्रृङ्खला हो । यस कर्म विवाहपूर्व गरिने भएकोले यो कर्म नगर्दै

विवाह समेत गर्न नमिल्ने मान्यता रहेको पाइन्छ । माच्चेम लोल्युम ड्युम्ला गर्नका लागि बालिका चौँथो, छैंटौं वा दसौँ वर्षको हनुपर्ने मान्यता रहेको पाइन्छ । बच्चाको आमा पुनः अर्को सन्तानको लागि दोजिया भएको अवस्थामा यो कर्म गर्न नमिल्ने विश्वास आम थुलुङ राई समुदायमा रही नै रहेको छ । लैङ्गिक हिसावले छोरा मानिसको सेम खुर्मु ड्युम्ला र्‍युद्युम र छोरीको मच्चेम लोल्युम ड्युम्ला समकक्षी संस्कारको रूपमा लिने गरिन्छ । यसरी आम थुलुङ राई समुदायमा मच्चेम लोल्युम ड्युम्लासँग सम्बन्धी सबै प्रकारका आ विश्वास वा मान्यता रहनु आफैँमा एक राम्रो विश्वदृष्टिको उदाहरण रहेको पाइन्छ ।

मच्चेम लोल्युम ड्युम्ला गर्नका लागि गुन्युचोली, पटुका, लाछा, काइँयो, टीका, चुरा, तेल, दहीचामल, दियो, कलश, जाँडरक्सी, नाङ्लो लगायत अन्य खानेकुराहहरू आवश्यक पर्दछ । यस कार्यमा पनि आगन्तुकलाई खानाको व्यवस्था गरिएको हुन्छ । गुन्युचोली गर्दा सम्पूर्ण सामग्री नाङ्लोमा राखी पूजा गरेर बुबाआमाले टीका लगाई आशीर्वाद र दक्षिण दिए पछि अन्य उपस्थिति भएकाले टीका, आशिष र दक्षिणा दिने प्रचलन रही आएका पाइन्छ ।

### २.३.४.१ मच्चेम लोल्युम (गुन्युचोली) ड्युम्लामा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा छोरीको जन्म भइसकेपछि मुख्य गरी नङ प्रमु, जाम डेन्मु, सेर खुर्पा ड्युम्ला र मच्चेम लोल्युम ड्युम्लासम्म ठूलाले आशीर्वाद दिदा मुख्य मुन्दुमी रिसिया वा स्योम्दी एउटै रहेको पाइन्छ । किनभने यी बेलाहरूमा दिइने आशीर्वादको प्रकृति पनि एउटै रहेको पाइन्छ । संसारकै सबैभन्दा शाक्तिशाली धर्ती सन्तानको रूपमा स्थापित हुने गरी आशीर्वाद दिने गरिएको पाइन्छ । यस कुरालाई मच्चेम लोल्युम ड्युम्ला गर्दा निम्न स्योम्दीबाट पनि प्रस्तुत गरिएको पाइन्छ :

सबैजना
यहाँ,
धरतीको सन्तान
मानवको सन्तान
शक्तिशाली सन्तान
आमाबाबुको सबै सबैलाई पाल्ने
पालनपोषण गर्दै
जग्गाजमिनको

धरतीको

अधिपति हुनू ।                    (पृ. ५९)

प्रस्तुत मुन्दुमी रिसियामा थुलुङ राई समुदायमा छोरीको गुन्युचोली गर्दा मुन्दुमी पुर्खाहरूबाट आशीर्वाद दिने गरिएको पाइन्छ । मुन्दुमी पुर्खा (उमेरले सबैभन्दा पाको वा आफ्नो संस्कार अनुसार प्राप्त जिम्मेवार व्यक्ति) हुँदाहुँदै अरुले यो स्योम्दी वा रिसिया गर्ने गरिदैन । यसको अर्थ के हो भने, थुलुङ राई समुदायमा पुर्खाहरूको वा पाका मानिसहरूको उच्च सम्मान र उनीहरूका अनुभव र ज्ञानको  उचित मूल्याङ्कनको रूपमा लिइएको पाइन्छ । मूल मुन्दुमी पुर्खाको पिछा गरेर सहयोग र मुन्दुमी ज्ञानको सिकाइ गर्ने गरेको पाइन्छ । यो आम थुलुङ राई समुदायमा स्वीकारिएको मान्यता भएकोले यो आफैँमा समुदाय स्तरमै निर्माण भएको विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । थुलुङ राई समुदायमा छोरीको मच्चेम लोल्युम ड्युम्ला गर्दा दिइएको आशीर्वाद पुग्ने आम थुलुङ समुदायमा विश्वास रहेको पाइन्छ । बच्चालाई धरतीको सन्तानको रूपमा, समग्र मानवको सन्तानको रूपमा लिदै सबैभन्दा शक्तिशाली सन्तानको रूपमा लिने गरिएको पाइन्छ । वास्तवमा मानवको जन्म आफैँमा यस धर्तीका लागि खुसीको कुरा त हो नै, ऊ यसै धर्तीमा जन्मने, हुर्कने, विभिन्न काम यसै धर्तीको लागि गर्ने भएकोले, जन्मलाई थुलुङ राईमा उत्सवको रूपमा मान्ने प्रचलन रहेको पाइन्छ । आमाबाबुको कोखबाट जन्मिसकेपछि आफूलाई जन्माउने आमाबाबुको रेखदेख गर्ने, पालनपोषण गर्ने, संरक्षण गर्दै यस धर्तीको अधिपतिको रूपमा स्थापित हुनू, भन्दै आशिष दिने गरिएको पाइन्छ । यस प्रकारको आशिष थुलुङ मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । यो स्योम्दी आम थुलुङ राईहरूको सामूहिक मात्रै नभएर परापूर्वकालदेखि नै स्वीकार गर्दै आइएको एक मुन्दुमी सांस्कारिक मान्यता स्थापित भइसकेको छ । यो सबैको सामूहिक मान्यताको रूपमा विकास भएको एक विश्वदृष्टि रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा आफ्ना शाखा सन्तान नमासिई  फैलिएर जाऊन्, भन्ने मान्यता रहेको छ । आफ्ना सन्तानहरूलाई दुवोको रूपमा लिदै त्यसरी नै मौलाउदै, झ्यागिदै जाऊन्, भन्ने आशीर्वाद दिइने गरिन्छ । शाखा सन्तान नासिएर होइन, फैलिएर आफ्ना कुलपितृ मान्ने, आफ्ना रीतिरिवाज मान्ने, संस्कार तथा परम्परालाई मान्ने, सन्तानको अपेक्षा गर्दै आफ्ना सन्तान, आफ्नो व्यक्तिगत स्वार्थभन्दा पनि आफ्नो माटो, देशलाई माया गर्ने बनोस्, भन्ने मान्यता मुन्दुमी रिसियाको माध्यमबाट नै व्यक्त गरिएको पाइन्छ । आफ्ना

सन्तान आफ्ना लागि मात्रै नभएर छरछिमेक, इष्टमित्र, दाजुभाइ आदि सबैको राम्रो मान्छे वा गन्यमान्य मानिस बनोस्, भन्ने मान्यता आम थुलुङ राई समुदायमा रही आएको छ । यसलाई निम्न थुलुङ राई मुन्दुमी स्योम्दी (रिसिया) मा रहेको पाइन्छ :

दुबाजस्तै झ्याँगिने, नमासिने हुनू
कुलपितृ, देशले माया गर्ने हुनू, सबैको मन पर्ने हुनू
छरछिमेकी, इष्टमित्र, दाजुभाइको मान्य हुनू ।  (पृ. ५९)

प्रस्तुत स्योम्दी (रिसिया)मा थुलुङ राईहरूका छोरीको मच्चेम लोल्युम ड्युम्ला वा गुन्युचोली गर्दा मुन्दुमी स्योम्दी (रिसिया) को माध्यमबाट छारीलाई आशीर्वाद मुन्दुमी पुर्खाले आफ्नो घर, कुलपितृ, देउदेउता सबैले रुचाएको वा मान्य हुने बन्ने, ज्ञानी मानिस बन्ने, जान्ने बुझ्ने  बन्ने र सबैलाई सम्झाउन सक्ने ज्ञानी मानिस बन्ने आशीर्वाद दिइएको पाइन्छ । जसबेला दिइएको  आशीर्वाद पुग्ने वा लाग्ने आम थुलुङ राई समुदायको मान्यता रहेको पाइन्छ । मुन्दुमी पुर्खाले आशीर्वाद निम्न स्योम्दी (रिसिया) मा दिने गरेको पाइन्छ :

घर, देउदेउताको मान्य हुनू
ज्ञानी हुनू, विवेकशील हुनू
जान्ने बुझ्ने हुनू
सम्झाउन सक्ने हुनू
बोलिबचन भएको हुनू
कला भएको हुनू
दुस्मनी नभएको, शिर ठाडो भएको हुनू
आयुदारी हुनू,
सबैलाई मान्य, राख्ने, मान्यजन हुनू
अन्नपानीले
सुन हिरा मोतीले
सबैसबैले
साथ दिएको हुनू ।  (पृ. ५९-६०)

प्रस्तुत रिसियामा छोरी वा नानी ज्ञानी विवेकशील बनोस्, अरुलाई सम्झाउने बुझाउने बन्न सकोस्, बोलिवचन पनि मिठो भएको बनोस्, सिप वा कलाले भरिएको बनोस्, भन्ने आशिष दिइएको पाइन्छ । यति मात्रै नभएर शत्रु वा दुस्मन सकभर नहोस्, भए

पनि दुस्मनको अगाडि शिर ठाडो पारेर हिड्न सक्ने स्वाभिमानी बनोस्, दीर्घायु वा आयुदार बनोस्, सबैलाई मिलाएर राख्न सक्ने होस्, साथै अन्नपात तथा धनसम्पति, सुन, हिरा, मोतीले भरिपूर्ण होस्, सबैको साथ सहयोग पाओस्, भन्दै आशीर्वाद दिएको पाइन्छ । यो आशीर्वाद भविष्यमा लाग्दै वा पुग्दै जाने आम थुलुङ राई समुदायमा विश्वास गरिएको पाइन्छ । यो सामूहिक तथा समुदाय स्तरमा नै स्थापित मान्यता मात्रै नभएर समाज परम्परा र अनुशासनको लागि एक दर्विलो विश्वदृष्टिको रूपमा स्थापित मान्यता रहेको पाइन्छ ।

### २.३.४.२ मच्चेम लोल्युम (गुन्युचोली) ड्युम्लाको साम्ती बेन्मु (शिर उम्याउनी) गर्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा शिशुको जन्म भइसकेपछि ऊ सामाजिक रूपमा एक्लो हुन सक्दैन । उनका परिवार समेतले सामाजिक संस्कार र कठिन अवस्थामा एक्लो महसुस हने गरी समाजले कुनै पनि व्यवहार गर्दैन । जन्मदेखि मृत्युपूर्वसम्मका सांस्कारिक कर्मकाण्डमा समाजको प्रत्यक्ष रूपमा सहयोग रहने गर्दछ । कुनै घरमा हुने कर्मकाण्ड केवल त्यो परिवारको जिम्मेवारी, इज्जत तथा प्रतिष्ठाको विषय नभई त्यो सिङ्गो समाजको रूपमा लिएर त्यस कार्यलाई सबै मिलेर काम गर्ने प्रचलन रही आएको पाइन्छ । कर्मकाण्ड कहिले, कसरी गर्ने ? निम्तो कहाँ कहाँ र कसरी कसले गर्ने ? भान्सेहरू कोको रहने, दाउरा पातहरू क-कसले ल्याउने ? लगायतका सम्पूर्ण कार्यहरूको जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने प्रचलन रही आएको पाइन्छ ।

विशेष गरी निम्तारु पाहुना तथा गाउँले दाजुभाइहरूलाई खाना खुवाउने कार्यमा संलग्न भान्सेहरू, जाँड रक्सी भान्सेहरू, भाँडा सफा गर्ने सहयोगीहरूको काम तथा जिम्मेवारी बढी हुने भएकोले विशेष शिर उभ्याउनी संस्कार रहेको पाइन्छ । यस बेला पनि मुन्दुमी स्योम्दी (रिसिया) रहेको पाइन्छ । यो स्योम्दी पनि समुदायकै मुन्दुमी तर सबैभन्दा पाको पुर्खाबाट गर्ने गरिएको पाइन्छ । मुन्दुमी स्योम्दीबाटै शिर उभ्याउनी वा काम गर्दा भएको कष्टलाई मनन् गर्दै भान्सेहरूको शिर वा इज्जत माथि हुने गरी स्योम्दी गरिन्छ । त्यसो गर्दा सबै भान्सेहरूको शिर उभिने मान्यता रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा छोरीको मच्चेम लोल्युम गर्दा भान्सेहरूको शिर उभ्याउनी गर्दा गरिने स्योम्दी (रिसिया)को निम्नानुसार गरिएको पाइन्छ :

लहै, यहाँ त
सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेकी
छोरीचेली, छोरानाति हुनुहुन्छ
यहाँ त केबाट पो भन्दाखेरि
गुन्युचोली कार्यमा, शुभ कार्यमा
तपाईँहरुले पूर्ण जिम्मेवार भई
खाना पकाउनेदेखि भाँडा धुने
सरसफाइ गर्ने
सम्पूर्ण पाहुनाहरूलाई खोजी खोजी नछुटाईकन
खानपिन गराउने ।                    (पृ. ६०-६१)

प्रस्तुत रिसियामा मच्चेम लोल्युमका भान्सेहरूको शिर उभ्याउनी गर्दा त्यहाँ उपस्थित सबैको उपस्थितिमा गर्ने गरिन्छ। सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेक, इष्टमित्र, छोरीचेली, छोरानाति वा सबै शाखा सन्तान, परपाहुना हुनुहुन्छ भन्दै यस्तो शुभ मच्चेम लोल्युम कार्यमा भान्सेहरूले पुऱ्याएको योगदान वा पूरा गरेको जिम्मेवारीप्रति अत्यन्तै खुसी हुँदै खाना पकाउने, तरकारी पकाउने, अचार विचार तयार गर्ने, वितरण गर्ने र भाँडाकुँडा धुन वा सरसफाइ गर्ने सम्मले सम्पूर्ण आगन्तुकहरूलाई भोकै तिर्खै नबसून् भनेर खोजी खोजी, सोधखोज गरी कसैलाई पनि नछुटाईकन खानपिन गराउने सबैप्रति आभार प्रकट गरिने प्रचलन रहेको छ। यो आम थुलुङ राई समुदायमा स्थापित एक महत्वपूर्ण सांस्कारिक सामूहिक मान्यता भएकोले यो एक स्थापित विश्वदृष्टिको रूपमा रहेको पाइन्छ । यो प्रकृतिको सांस्कारिक गतिविधि वा कर्मको हजारौँ वर्ष अघि निरन्तर रूपमा गरिदै गराउदै आएकोले यो आफैँमा उच्च स्तरको समानधर्मिता स्थापित भएको विश्वदृष्टिको उदाहरण मान्न सकिन्छ।

थुलुङ राई समुदायमा आफ्नो संस्कारगत कामहरूमा पाहुना सत्कारको रूपमा खाना, चिया भन्दा पनि पहिले सौगातको रूपमा जाँड वा रक्सी बाड्ने वा दिने परम्परा रहेको पाइन्छ। यसको लागि पनि भान्सेको रूपमा कसेलाई जिम्मवारी नै तोक्ने गरिएको पाइन्छ। यसको लागि पनि भान्सेको रूपमा कसैलाई जिम्मेवारी नै तोक्ने गरिएको पाइन्छ । जसको अड्कल वा व्यवस्थापनमा मूल भान्सेको विशेष भूमिका रहेको हुन्छ भने अरु सहयोगीले सहयोग गरिरहेका हुन्छन् । जाँड रक्सीलाई सौगातको रूपमा बाड्ने गरिएको पाइन्छ ।

कसैले पानीको जिम्मेवारी पाएको हुन्छ, जसले सबैलाई पानी व्यवस्थापन गर्ने गरेका हुन्छन् । यो कुनै ठाउँ वा गाउँ विशेष नभई आम थुलुङ राई समुदायले यस्ता संस्कारगत परम्पराहरू मान्दै आउनु र सबैले यसै परम्परालाई स्वीकार्नु, मान्नु र सामूहिक विश्वास वा स्वीकार हुनु आफैँमा एक विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । मुख्य गरी भान्सेहरूले उक्त कार्यमा को आए ? को गए ? एकदमै ख्याल गरी उनीहरूको खानपिन भए नभएको समेत बुझेर खाना दिइएको पाइन्छ । यो सम्पूर्ण भान्सेको नै जिम्मा रहेको पाइन्छ । आउने जानेलाई खानपिन भए नभएको सोधखोज गरेरै भए पनि कसैलाई भोको राख्न नमिल्ने मानिन्छ । भान्सेले आगन्तुकहरूको ख्याल गर्दै खाना दिदा पुगेनपुगेको ? कही चाहेको भए सोधीसोधी भान्सेले दिनुपर्ने हुन्छ । यसरी उक्त कार्यमा उपस्थित वा आगन्तुकहरूले सन्तुष्टिका साथ खुसी अनुभूति गराउने जिम्मेवारी नै भान्सेको भएकोले भान्सेलाई सबैले मान गरेका हुन्छन् । यसलाई मुन्दुमी स्योम्दी वा रिसियामा निम्नानुसार व्यक्त गरिएको पाइन्छ :

जाँडको भान्सेले जाँडकै भान्से गरी
पानीको भान्सेले पानीले पुऱ्याई
ख्याल गरी को आउनुभयो ? को जानुभयो ?
हेरविचार गरी
आउने जानेले खानपिन गर्नुभयो कि भएन ?
कहाँ कहाँ के के पुग्यो, पुगेन ?
भनेर सारा कुराको हेक्का राखिदिने
तपाईंहरू नै पो मिसी । (पृ. ६१)

भान्सेहरू स्वभावैले थकित भएका हुन्छन् । दुःख र जिम्मेवारी पनि अरुको भन्दा बढी नै हुने गर्दछ । त्यसैले मुन्दुमी स्योम्दी वा रिसियाबाटै मुन्दुमी पुर्खाले सबै भान्सेहरूलाई कार्यको समापन वा भान्से विदाइ वा भान्सेको शिर उभ्याउनी कार्यक्रममा निम्न मुन्दुमी रिसिया वा स्योम्दीको माध्यमबाट व्यक्त गरेको पाइन्छ :

यति धेरै दुःख पाउनुभयो
काम गर्दा तपाईंहरूको हात पोल्यो होला !
खुट्टा पोल्यो होला !
भकोउनुभयो होला !

तिर्खाउनुभयो होला !
खानपिउन पनि नपाईकन पटुकीको भरमा
यति ठूलो कामकाज सम्पन्न गराइदिनु भयो
त्यसैले, बा ! बा ! हजुर !
त, तपाईँहरूप्रति अत्यन्तै आभारी छौँ
तपाईँहरूलाई धेरै धेरै धन्यवाद । (पृ. ६१)

प्रस्तुत रिसियामा भान्सेहरूको दुःख वा उनीहरूकको जिम्मेवारी, थकान र मेहेनतको उच्च सम्मान गर्दै भान्सेहरूले दुःख पाउनुभयो होला, काम गर्दै गर्दा शारीरिक पीडा भयो होला, खुट्टा पोल्यो होला, भोकभोकै काम गर्नुभयो होला, तिर्खाउनुभयो होला, भन्दै भान्सेको दुःखमा सहानुभूति प्रकट गर्दै मुन्दुमी पुर्खाहरूले स्योम्दी (रिसिया) गरेको पाइन्छ । वास्तवमा भान्सेले अरुलाई खुसी र सन्तुष्टि दिनका लागि काम गर्दागर्दै आफू नखाएरै भएर पनि, भोकभोकै बसेर पनि उक्त सांस्कारिक कार्य सम्पन्न गराइदिन ठूलो सहयोग गरेका पाइन्छन् । त्यसैले पनि पुर्खाहरूले उनीहरूलाई हातै जोडेर सम्मान गर्दै शिर उच्चो बनाइदिने स्योम्दीद्वारा भन्ने गरिएको पाइन्छ । यसरी भान्सेहरूप्रति सबै जना अत्यन्तै खुसी तथा आभारी रहेको कुरा प्रस्तुत गर्दै सबै भान्सेहरूलाई धन्यवाद दिने गरिएको पाइन्छ । यसरी भान्सेहरूको योगदान कै कारण कार्य सम्पन्न राम्रोसँग भएकोले सबै भान्सेहरूलाई यसरी नै उच्च सम्मान गर्दै शिर उभ्याइदिनु पर्ने र उनीहरूको दुःखमा आफ्नो सहानुभूति राखिदिनु पर्ने आम थुलुङ राई समुदायमा रही आएको पाइन्छ । त्यसैले पनि यो विश्वास वा मान्यतालाई उल्लेखित स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

भान्सेहरूको जिम्मेवारी र उत्तरदायित्वलाई बाजे पुर्खाहरूले पनि अत्यन्तै सम्मान गर्दै यसरी भान्से कर्म वा जिम्मेवारी पाउनेहरूले त आफ्नो मन-दिमागले पनि देख्नुपर्ने, बुझ्नुपर्ने हुन्छ; भन्दै पेटले, मनले पनि आगन्तुकको सम्मान वा भोकलाई बुझ्ने-देख्ने गर्छ भन्दै निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

यसरी गरी ल्याउने तपाईँहरू जस्ताको त
मनले देख्छ, पेटले पनि देख्छ । (पृ. ६१)

यसरी प्रस्तुत स्योम्दी (रिसिया) मा भान्सेको जिम्मेवारीलाई थप मजबुद बनाइएको पाइन्छ । वास्तवमा भान्सेहरूले सबैको विचार वा मन बुझेर आगन्तुकहरूको भोक प्यास

थाहा पाएर सबैलाई तृप्त बनाइनुपर्ने विचार आम थुलुङ समुदायमा रहेको पाइन्छ । यस मान्यता वा विश्वदृष्टिलाई माथिका रिसियामा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा यसरी कुनै पनि सांस्कारिक कार्य गर्दा भान्सेको भूमिकालाई उच्च सम्मानका साथ त्यो जिम्मवारी पालना गर्दैगर्दा खेपेका दःख वा शारीरिक कष्टलाई सहानुभूति प्रकट गरिएको हुन्छ । ती भान्सेहरूलाई शिर उभ्याउनीको निम्ति निम्न स्योम्दी वा रिसियामा प्रकट गरिएको पाइन्छ :

आफ्नो गर्ने भन्ने भए त, जाँड रक्सी टक्र्याएर
तपाइँहरूको नाममा मासु टक्र्याएर
शिर उभाउनी गर्नु अरे
पितृ मुन्दुम गर्नु अरे
त्यसो गर्दाखेरि
यो शुभकार्य त अझै राम्रो
अझै सुहाउँदो पो हुन्छ अरे
भनी मिसी, यस्सो
बोलीबचनसँगै
यो तपाइँ दाजुभाइहरूको शिर उभाउनी गरेको
(दुई हात जोड्दै) है, बा ! बा ! हजुर ! (पृ. ६२)

प्रस्तुत थुलुङ मुन्दुमी रिसिया वा स्योम्दीमा भान्सेहरूको शिर उभ्याएर विदाउनी कार्यक्रममा आफ्नै सम्झिएर यस्तो दुःखपूर्ण काम गर्ने भान्सेहरूलाई जाँड रक्सी टक्र्याएर, उनीहरूकै नाममा मासु राखिदिएर पितृ मुन्दुमीबाटै शिर उभ्याउनी गर्नुपर्ने, कुरा व्यक्त गरिएको पाइन्छ । यसरी गर्दा शुभकार्यको इज्जत झनै बढ्ने वा सुहाउँदो हने कुरामा विश्वास गरिएको पाइन्छ । मुन्दुमी पुर्खाहरूले सबै सामानहरू भान्सेको अगाडि राख्दै आफ्नो बोलिबचनसँगै सबै भान्सेहरूको शिर उभ्याउने गरेको भन्दै दुबै हात जोडेर बा ! बा ! हजुर ! भन्ने गरिएको पाइन्छ । यस्तो परम्परा आम थुलुङ राई समुदायमा परापूर्वकालदेखि रही आएको पाइन्छ । माथिको रिसियामा आम थुलुङ समुदायको एक स्वीकार्य विश्वास वा मान्यताको रूपमा विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

### २.३.४.३ मच्चेम लोल्युम ड्युम्लार्युद्युममा भान्सेबाट गाइने रिसिया(स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा छोरीको मच्चेम लोल्युम (गुन्युचोली) ड्युम्लाको अन्त्यमा भान्सेको विदाइ तथा शिर उभ्याउनी कार्यक्रममा पुर्खाहरूले मुन्दुमी स्योम्दीको माध्यमबाट सम्मानपूर्वक कोसेली वा रीतसँगै शिर उभ्याउनी गरिसकेपछि भान्सेहरूको तर्फबाट भान्से मुलीले पनि आफ्नै मुन्दुमी स्योम्दीबाट नै आफूहरूलाई दिइएको जिम्मेवारी वा प्राप्त कामहरू समाजमा बसेपछि सहर्ष स्वीकार गर्दै त्यसलाई आफ्नो सम्झेर बलबुँताले भ्याएसम्म राम्रो गर्नु पर्ने मान्यता वा परम्परा रहेको पाइन्छ । अरुले मानमनितो गरेको ठाउँमा आफ्नो अहम्ता वा घमण्ड नराख्ने, कामको शिलशिलामा चित्त नै दुखेको, पीडा नै भएको भए पनि बिर्सिएर क्षमाशील बन्नुपर्ने आम थुलुङ राई समुदायमा एउटा मान्यता नै स्थापित भइसकेको पाइन्छ । यसरी अरुले मानसम्मान गरेपछि त्यसलाई ग्रहण पनि गर्नुपर्ने आम थुलुङ समुदायमा एक विश्वदृष्टिको निर्माण भएको पाइन्छ । भान्सेले आफ्ना क्षमाशील गुण वा अति शालिनतापूर्वक आफ्ना विचारहरू निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

ए, बा ! बा !<br>
लौ, त !<br>
उसो भए त<br>
बाबु, आमा र गाजीहरूले त<br>
आज यहाँ केबाट पो भन्दाखेरि<br>
गुन्युचोली कार्यमा<br>
खानपिन गरिदिने जाँडरक्सीको व्यवस्थापन<br>
गरिदिने लगायत<br>
सम्पूर्ण काम गरिदिनु भनेर पो<br>
हामीलाई अह्राउनु भएका थियो<br>
तोक्नुभएको थियो<br>
बा ! बा ! हामीले त जाने बुझेसम्म<br>
दिमागले भ्याएसम्म<br>
गर्दै जाँदाखेरि भनेजस्तो नभए पनि<br>
जानेनन्, गरेनन् भनेर

रिसराग नगर्नुहोला

चित्त नदुखाउनुहोला ।  (पृ. ६२-६३)

प्रस्तुत मुन्दुमी स्योम्दीमा भान्सको तर्फबाट भान्सेमुलीले मुन्दुमी पुर्खाहरूबाट प्राप्त शिर उभ्याउनी रीतलाई स्वीकार्दै हामीलाई तपाइँहरूले नै यहाँ मच्चेम लोल्युम ड्युम्लाको लागि खानपिन तथा जाँडरक्सी व्यवस्थापनका गर्न विश्वास गरेर जिम्मेवारी दिनुभएको थियो । हामीलाई अह्राउनु भएको थियो । यस कामको लागि हामीलाई तोकेरै काम लगाउनु भएको थियो । त्यसलाई हामीले स्वीकार्दै; सकेको, जानेको, बुझेको वा हाम्रो दिमागले भ्याएसम्म गर्न खाज्यौं । काम गर्दै जाँदा तपाइँहरूले सोचेजस्तो, भनेजस्तो, खोजेजस्तो भएन होला । यिनीहरूले जानेनन्, गरेनन् भने सबैले रिसराग नगर्नुहोला, चित्त नदुखाउनुहोला; भन्दै सबैलाई विनम्रपूर्वक क्षमा मागेको पाइन्छ । यस व्यवहार वा संस्कार आम थुलुङ राई समुदायमा आफूले गरेको काम अरुको निम्ति सबै कुरा राम्रो नहुन पनि सक्छ, त्यस्तो परिस्थितिमा आफू क्षमा माग्नलाई पछि हट्नु नहुने, भन्ने एक मान्यता वा विश्वदृष्टिको रूपमा माथिको स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ ।

पुर्खाहरूबाट राखिएको शिर उभ्याउनी रीत वा कोसेलीलाई स्वीकार्दै मूल भान्सेले निम्न स्योम्दी वा रिसिया व्यक्त गरेको पाइन्छ :

तपाइँहरूले हाम्रो नाममा जाँडरक्सी गरेर

मासु गरेर

शिर उभ्याउनी गर्नुभएछ

हामी त बा ! बा ! यसै पनि भन्न सक्तैनौं

जसरी तपाइँहरूको मनमा लागेको थियो

त्यसै गरी यहाँ

हाम्रो मानसम्मान गरेर

शिर उभ्याउनी गरेर

यी सबै चिजहरू राख्नुभयो ।  (पृ. ६३)

प्रस्तुत स्योम्दीमा भान्सेहरूको शिर उभ्याउनीको लागि सम्मानपूर्वक भान्सेहरूकै नाममा जाँडरक्सी, मासु लगायत अन्य कोसेलीहरू राख्ने गरिएको पाइन्छ । जसलाई भान्सेहरूले मुन्दुमी पुर्खाहरूलाई हाम्रो लागि राख्नुभएछ, भन्दै यी सबै चिजहरू राख्नुभएको छ, हामीलाई यति धेरै गर्नु पर्दैन थियो; राख्नुभए छ, अब हामी के भन्छौं त हजुर, भन्दै एक

प्रकारको खुसी भएको भाव प्रकट गरको पाइन्छ । वास्तवमा शिर नढलेको जो कोही मानिस पनि खुसी साथ रहन सक्छ । उसको शिर ढलेको मानिदैन । त्यसैले भान्सेहरू खुसी हुनु नै भान्सेहरूको शिर उभ्याउने र भान्सेहरूलाई खुसी पार्ने परम्पराको विकास हुँदै आएको पाइन्छ । उनीहरूको शिर नउभ्याउँदा, त्यो कार्य नै नराम्रो हुने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ, जुन मान्यतालाई माथिका स्योम्दी वा रिसियामा विश्वदृष्टिको रुमा प्रस्तुत गरिएको पाइन्छ ।

छारीको मच्चेम लोल्युम ड्युम्लाको समापन चरण नै भान्सेहरूको शिर उभ्याउनी कार्यक्रमबाट हुने गर्दछ । यस कार्यक्रममा भान्सेको तर्फबाट भान्सेको मुलीले आफू र सबै भान्सेहरू खुसी हुँदै कार्य सम्पन्न गरेका छौँ भन्दै बच्चालाई आशीर्वाद दिदै निम्न थप स्योम्दी वा रिसिया गाउने गरिएको पाइन्छ :

त्यसै गरी सृष्टिकर्ताहरूले
पितृहरूले
पुर्खाहरूले
यहाँ हाम्रो
गुन्युचोली कार्यबाट
शिशुको जीवनको
उत्तरोत्तर प्रगतिको कामना गरेका होऊन्
शुभेच्छा व्यक्त गरेका होऊन्
आमाबाबु, दाजुभाइ र दिदी बहिनीको
चित्त बुझाउने होऊन्
इज्जत धान्ने, मानमनितो गर्ने भई
उपकारी भावनाको होऊन्, है ! (पृ. ६३-६४)

प्रस्तुत रिसियामा भान्सेहरूको तर्फबाट यस बालकको सेमखुर्मु ड्युम्लामा यस धर्ती वा मानव सृष्टिकर्ताले बालिकाको लागि शक्ति दियोस्, राम्रोको लागि कामना गरोस्; साथै पितृपुर्खाहरूले पनि बालिकालाई आशिष तथा राम्रोको लागि कामना गरोस्, शिशुको लागि शुभेच्छा प्रकट व्यक्त गरोस्, भन्दै पितृ पुर्खा र सृष्टिकर्तासँग प्रार्थना गरेको पाइन्छ । त्यतिमात्रै नभएर भोलिका दिनहरूमा बालिका ठूलो भए पछि आमाबाबु, दाजुभाइ, दिदी बहिनी वा आफन्त इष्टमित्रको चित्त बुझाउन सक्ने होऊन्, कुलको इज्जत धान्ने सबैलाई

मानमनितो गर्ने र अरुले पनि मान्ने भएर जिउनु भन्दै आशिष दिइएको पाइन्छ । अरुको निम्ति केही गर्न सक्ने वा उपकारी र भलो गर्ने गुणले भरिएको एक महान् मानव बनोस् भन्दै आशीर्वाद दिइएको पाइन्छ ।

यसरी बालिकालाई सानैमा ठूला मानिसहरूले अत्यन्तै गहकिला आशीर्वादहरू दिइएको पाइन्छ । आम थुलुङ राई समुदायमै यसरी बालिकालाई आशीर्वाद दिने गरिएको पाइन्छ । बालिकालाई यस्तो अवस्थामा दिइएको आशीर्वाद लाग्ने र भविष्यमा राम्रो हुने मान्यता रहेको पाइन्छ । यो कुनै एक समाजमा मात्रै नभएर सिङ्गो थुलुङ राई समुदायमा यस मान्यतालाई स्वीकारिएको एक विश्वदृष्टिको रूपमा प्रस्तुत स्योम्दी वा रिसियामा रहेको पाइन्छ ।

### २.३.४.४ मच्चेम लोल्युम ड्युम्लार्युद्युममा गाइने रिसिया (स्योम्दी)मा रहेको समानधर्मिता

थुलुङ राई समुदायमा छोरी मानिसको जन्म भएपछि गरिने तेस्रो कर्म मच्चेम लोल्युम वा गुन्युचोली हो । यस सांस्कारिक कर्म परापूर्वकालबाट नै गर्दै आएको मानिन्छ । यस कर्मपूर्व बालिकाको विवाह गर्न नमिल्ने जनविश्वास रहेको पाइन्छ । यस मान्यता न कुनै एक निश्चित समयमा सुरुवात भयो न व्यक्तिद्वारा स्थापित नै भयो । यो मुन्दुमी स्योम्दी वा रिसियाहरू हजारौँ पुस्तादेखि गर्दै, मान्दै आएको पाइन्छ । यस कर्ममा बालिकालाई दिइएको आशीर्वाद लाग्छ; भन्ने विश्वास आजको मात्रै नभएर हजारौँ पुस्ता अघिदेखिकै विश्वास वा परम्परा रहेको मानिन्छ । विशेष गरी मुन्दुमी पुर्खा वा बाबुबाजेहरूले आशीर्वाद दिने गरिएको पाइन्छ । यो परापूर्वकाल अघिदेखि नै गरिदै आएको मानिन्छ । यस कर्ममा आगन्तुकहरूलाई खाना खुवाउने वा भोक तिर्खाबाट जोगाउनका लागि भान्सेहरूको जिम्मेवारीसमेत बाँडफाँड गरिएको हुन्छ । उनीहरूले आफूले जानेको, सकेको वा बुझ्केको जति राम्रो गर्ने प्रचलन रहेको पाइन्छ । उनीहरूमा रिसराग, घमण्ड वा तिक्ततापूर्ण कुनै पनि भावना पाइएको हुँदैन । यदि उनीहरूको यस्तो भावना नै भएको भए पनि कार्यक्रमको अन्त्यमा गरिने शिर उभ्याउनी कार्यक्रमसँगै उनीहरूलाई खुसी पार्ने प्रचलन परापूर्वकालबाट हालसम्म पनि गरिदै आएको पाइन्छ । भान्सेहरूले पनि आफूले अन्जानमा गरिएको गल्ती वा अरुको चाहाना अनुसार काम गर्न नसकेको भए पनि क्षमा माग्ने गरिएको पाइन्छ । उनीहरूले पनि बालिकालाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै

आशीर्वाद वा शुभकामना व्यक्त गर्ने प्रचलन मुन्दुमी रिसियामा र व्यवहार दुवैमा रहेकोले यसको समानधर्मिता उच्च रहेको पाइन्छ ।

### २.३.५ थुलुङ मुन्दुममा लालिखा ड्युम्ला (विवाह) मा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा गरिने विवाह आफ्नै संस्कारगत मौलिक परम्परा रहेको पाइन्छ । यस समुदायमा स्वीकार्य विवाहको रूपमा अन्य राई वा किरात समुदायका कुटुम्बसँग रहेको पाइन्छ । आफ्नै वंशभित्र पनि सात पुस्तापछि आफ्नो दोच्यो (वंश) मुन्दुमी प्रक्रियाबाट फरक गरी विवाह गर्न सकिने मान्यता रही आए पनि यसतिर खासै अभ्यास गरिएको पाइदैन । यस समुदायमा मागी विवाह, भागी विवाह, चोरी विवाह, अन्तर्जातीय विवाह आदि विवाहहरू रहेका पाइन्छन् । यस समुदायमा विवाह गर्दा आवश्यक पर्ने सामग्रीहरूमा मुख्य गरी कठुवामा रक्सी, जाँड, सुँगर, चिण्डो, अदुवा, पैसा, चामल, दुनाटपरी, धनुकाँड, माटाको घैटा, सिन्दुर पोते, सिक्का, थैली, कलिया कठुवा, तीर, खुरुम्बी, बेल्स्यु आदि रहेका छन् । अरु संस्कारजन्य कामभन्दा यस कार्यमा अलि बढी स्योम्दी ( रिसिया) वा मुन्दुमी प्रक्रियाहरू पालना गर्नुपर्ने परम्परा पाइन्छ । यस थुलुङ मुन्दुममा उल्लेख भए बमोजिम मुख्य गरी मागी विवाहको अध्ययन गरिएको छ ।

#### २.३.५.१ थुलुङ मुन्दुममा केटी मगाउनी गर्न जाँदा गरिने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा गरिने विभिन्न प्रकारका विवाहहरू मध्ये केटी मागेर गरिने विवाहलाई मख्य मानिन्छ । केटाको विवाहका लागि केटा पक्षका कलियाका रूपमा दुई जना र केटा कुटुम्बकोमा केटी माग्न जाँदा सिधैँ केटीको घरमा जान मिल्दैन । केटीको काका, बडाबाको वा उनीहरू पनि नभए, गाउँलेले नजिकको घरमा पुगेर घरको मुलीलाई रीतपूर्वक एक कठुवा रक्सी कोसेली राखिदिएर त्यहाँ आउनका सबै कुरा भन्नुपर्दछ । त्यो कोसेली वा रीत स्वीकारेपछि केटीका काका, बडाबाले उनीहरूलाई केटी माग्नका लागि केटीको घर पुऱ्याउने गरिएको पाइन्छ । उनीहरूबाट कुटुम्बहरू केटीको बाआमालाई छोरी माग्न आएको कुरा बताउने गरिएको पाइन्छ । यति गरेपछि केटातर्फकाले केटीको आमाको शिर उभ्याउनी, दाजुभाइ र केटी पक्षका कलियाको लागि दुई दुई कठुवा रक्सी र कठुवामाथि एक एक रूपैया पैसा राखिदिने गरिएको पाइन्छ । सँगै आमाको लागि शिर उभ्याउनी भनेर राखिएको कठुवामा थैली पनि राख्ने गरिएको पाइन्छ । यति गरेपछि केटीको

तर्फबाट काका/बडाबा वा अरु प्रतिनिधिहरूले मुन्दुमी प्रक्रियाबाटै स्योम्दी वा रिसिया गर्ने गरिएको पाइन्छ । यो प्रक्रिया केटी माग्न जाँदा गरिने थुलुङ राई समुदायभरि नै अवलम्वन गर्ने गरिन्छ । यो परापूर्वकालबाट गरिदै, भनिदै वा अपनाइदै आउनु र यसको वर्तमान परिस्थितिमा पनि उत्तिकै महत्व रहनु, यसको उच्च समानधर्मिता भएकोले यी संस्कारजन्य मुन्दुमी स्योम्दी वा रिसियामा विश्वदृष्टि रहेको पाइन्छ ।

### २.३.५.१.'क' केटीको काका वा बडाबाले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाहको निम्ति गरिने पहिलो स्योम्दी नै केटी मगनी गर्न जाँदा केटीतर्फको काका, बडाबा वा प्रतिनिधिबाट केटीको बाबुआमालाई गरिने स्योम्दी (रिसिया) हो । यस बेला कुटुम्ब केटातर्फको कोसेली स्वीकारेर काका, बडाबा वा प्रतिनिधिले सकेसम्म केटालाई सहज हुने तरिकाले वा सहजीकरणको भूमिकामा रहेर रिसिया गाएको पाइन्छ । यस स्योम्दीमा मुख्य गरी केटीको बुबा आमालाई नै खुसी बनाउने गरी प्रस्तुत गरिएको पाइन्छ । जसलाई निम्न रिसियामा अध्ययन गर्न सकिन्छ :

लहै, मिसी !
हिजो तिमीहरू त उत्पत्ति कालमा नै
यस्तै भै आएको रहेछौ
तिमीहरूले यति राम्री
सारै राम्री छोरीचेली जन्माएका रहेछौ
जन्माएर गुहुमुत गरिदियौ
च्यालसिँगान पुछिदियौ
र, आज त
हुर्किएर ठूली भइछ । (पृ. ११८)

प्रस्तुत स्योम्दीमा केटीको काका, बडाबा वा प्रतिनिधिले केटीका आमा बाबुलाई सम्बोधन गर्दै, यो रीति हाम्रो उत्पत्ति कालदेखि नै हुँदै आएको, उमेर पुगेपछि विपरित लिङ्गप्रतिका आकर्षण, जिम्मेवारी र आफ्नो वंश कायम गर्नका लागि विवाह व्यवहार हुँदै आएको बताउदै अब त्यो व्यवहार तिमीहरूले पनि निभाउनु पर्नेछ; भन्दै यो सारा जगत्को वास्तविकतालाई प्रस्तुत गरेको पाइन्छ । वास्तवमा यो थुलुङ जातिमा मात्रै नभएर सिङ्गो प्राणी जगत्मै रहेकोले यो विशुद्ध एक विश्वदृष्टिको उदाहरण रहेको पाइन्छ । उनीहरूले

केटीका आमा बाबुलाई तिमीहरूले पनि यति राम्री छोरीचेली जन्माएका रहेछौ भन्दै छोरीको प्रसंशासहित आमाबाबुलाई भावनात्मक रूपमा मख्ख पारेको पाइन्छ । छोरी जन्माएर हुर्काउने, बढाउने, क्रममा गुहुमुत गराउने, सफा गर्ने काम गऱ्यौ, ऱ्यालसिँगान पुछिदियौ र आज त छोरी ठूली भइसकी छे; भन्दै केटीको आमाबाबालाई अत्यन्तै दुःख कष्टका साथ छोरी हुर्काएको, बढाएको भन्दै छोरी अब ठूलो भएको वा विवाहका निम्ति तयारी भएको आभाष प्रस्तुत स्योम्दीमार्फत नै काका, बडाबा वा प्रतिनिधिले प्रस्तुत गर्ने गरेको पाइन्छ । यसबाट आम आमाबुबाले आफ्ना सन्तान हुर्काउन निकै दुःख कष्ट भोगेका हुन्छन् । उनीहरूले  आफ्ना सन्तानको लागि गुहुमुत, ऱ्यारसिँगान, अनिद्रा, भोक, प्यास आदि नभनीकन हुर्काएको हुन्छ र ठुली भएपछि विवाह गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । यस रिसिया वा स्योम्दीमा पनि त्यो विचार वा सर्व स्वीकार्य मान्यता विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । यो हामी सबैको बुझाइ वा साझा मान्यता भएकै कारण  पनि एउटा विश्वदृष्टिको नमुना रहेको पाइन्छ ।

घरमा छोरी हुर्किसकेपछि विवाहका निम्ति छोरी माग्न कुटुम्बेरीहरू आउने वा घरमा छोरा नै विवाह गर्ने उमेर भए पछि कुटुम्बमा केटी भएको र दिन सक्ने, कुरा मिल्न सक्ने, सम्भावना देखेपछि केटी माग्नका लागि कलिया सहित केटालाई कुटुम्बकोमा पठाउने प्रचलन मागी विवाहमा रही आएको छ । जसलाई निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

यताउति कुटुम्बेरी गाउँबाट
नौ डाँडापारिबाट
थाहा पाएछन्
र, आएर हाम्रो हातपाउ समाएर
बाध्य बनाएर
र, हामी पो के गर्नु ! भनेर भन्नुभयो
तिमीहरू भएकामा नआई भएन
तिमीहरूलाई नभनी भएन ।  (पृ.११८)

प्रस्तुत स्योम्दी (रिसिया)मा  घरमा छोरी हुर्किएर विवाहका निम्ति तयारी भएसँगै आफ्ना कुटुम्बेरी गाउँबाट वा टाढाटाढाबाट, नौ डाँडा पारिबाट पनि थाहा पाएरु केटी माग्नका लागि आई हाम्रो साहारा लिनका लागि अनुरोध गर्दै आफूलाई बाध्य बनाएकोले तिमीहरूको घरमा छारी माग्नका लागि नआइ नभएको र तिमीहरूलाई पनि नभनी नभएको

भन्दै केटीको आमाबाबालाई, काका, बडाबा वा प्रतिनिधिले रिसियाकै माध्यमबा भन्ने गरेको पाइन्छ । थुलुङ राई समुदायमा छोरी माग्नका लागि कुटुम्बेरीहरू चिनजानकै आधारमा आइपुग्ने गारेको पाइन्छ । केटाको तर्फबाट केटी माग्न जाँदा सिधै केटीको घरमा नगई केटीको काका, बडा बा वा नजिकको आफन्त पत्ता लगाई उनीहरूकै साहारा वा आँटभरोसाका लागि केटा पक्षकाले सहयोग माग्दै री राखेको पाइन्छ । एक प्रकारले सहजकरणका लागि बाध्य बन्ने गरेको पाइन्छ । विश्वास गरेर आएको मानिसलाई घात गर्न नहुने वा  शरणमा आएकालाई साथ दिनु पर्ने एउटा विश्वदृष्टि यस स्योम्दीमा रहेको पाइन्छ । यो विश्वदृष्टि आम थुलुङ राई समुदायमा रहेको पाइन्छ । यस अनुसार समाजमा व्यवहारसमेत गर्ने गरेको पाइन्छ । कुटुम्बहरूलाई सहजीकरण गर्ने क्रममा जब सबै जना केटीको घरमा पुग्छन् र सारा कुरा बताउँदै तिमी बुबा आमाले यति धेरै दुःख गरी हुर्काइ बढाइ गरेकी छोरी हामलि माग्न आउँदै गर्दा  हामीबाट त्यस्तो ठूलो कुरा दिन सकैनौं । एउटा रीतको लागि मात्रै भए पनि कठुवामा ल्याएको रक्सी दिदै यतिमै चित्त बुझाउनू है; भन्दै सम्झाइ बुझाइ गरेको पाइन्छ । जसलाई निम्न स्योम्दी वा रिसियामा प्रस्तुत गरिएको पाइन्छ :

लहै, तिमीहरूले
यति धेरै दुःख गरेको
हुर्काएको, बढाएको भए पनि
तिमीहरूले के पायौ र !
यी यति मै चित्त बुझाऊ
तिमीहरू नै पातिसङ, दिलिदुङ्मा जाउख्लिउको
लहै, यत्ति !
त्यत्रो दुःख गरेको भए पनि
तिमीहरूको छोरीको
पराई घर जाने विधि यत्ति हो !
चित्त नदुखाउनू ।                    (पृ. ११८-११९)

प्रस्तुत स्योम्दी वा रिसियामा छोराछोरी हुर्काउदा, बढाउँदा धेरै नै दुःख हुने कुरा उल्लेख गर्दै छोरी ठुली भए पछि विवाहका लागि माग्न आउँदा रीतपूर्वक कठुवामा रक्सीभन्दा अरु राख्न नसकेको उल्लेख गरिएको पाइन्छ । तर पनि छोरी हुर्कीसकेपछि छोरीले

पराईको घर जानै पर्ने जुन परम्परा छ, त्यसलाई सबैले स्वीकार्नै पर्ने बाध्यता भएकोले चित्त बुझाउनु पर्ने मान्यता वा बाध्यता रहेको पाइन्छ ।

छोरी हुर्केपछि जब विवाहका लागि तयार हुन्छ तब जति सुकै माया गरे पनि, दुःख कष्टपूर्ण हुर्काए पनि सधैँ विवाह नगरी घरैमा राख्न नहुने, यो हामीसबैको विधि वा परम्परा भएकोले यस स्योम्दी वा रिसियामा पनि यो सबैको साझा विश्वदृष्टिलाई प्रस्तुत गरिएको पाइन्छ । जब केटी मगनीको लागि केटासहित पुगेका काका, बडाबा वा प्रतिनिधिले मगनीको लागि प्रस्ताव राखेपछि केटीका आमाबुबा वा आमाका प्रतिनिधिका रूपमा जान्ने बुझ्नेले मुन्दुमी रिसिया/स्योम्दीबाटै प्रतिक्रिया दिइएको पाइन्छ ।

### २.३.५.१ 'ख' केटीको आमाबाबु वा प्रतिनिधिले गाउने स्योम्दी(रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाहका निम्ति कुटुम्ब छोरी माग्न रीतपूर्वक आएपछि, छोरीको स्वीकारोक्तिसँगै आमाबाबुले आफूले जतिसुकै दःख साथ हुर्काए बढाए पनि सकेसम्म र मिलेसम्म कुटुम्बलाई त्यसै फर्काउने गरिएको पाइदैन । कुटुम्बको साथमा आफ्नै दाजुभाइ पनि मन जितेर आएपछि झनै एक प्रकारको दबाबजस्तो सिर्जना भएको पाइन्छ । त्यसैले आफन्त र  कुटुम्बले विशस गरेर आफ्नी छोरीको हात माग्न आएपछि  रीत स्वीकारिने गरिएको पाइन्छ । थुलुङ मुन्दुमी स्योम्दी वा रिसियाबाटै केटीका आमाबाबु वा प्रतिनिधिले आफ्ना  कुराहरू  राखेको पाइन्छ । जसलाई निम्न स्योम्दीमा अध्ययन गर्न सकिन्छ :

लौ त, उसो भए
यहाँ,
दाजुभाइ, आमाबाबु, इष्टमित्र हुनुहुन्छ
खै ! हामी क पो भन्न सक्छौँ र !
तपाइँहरू,
बाबु नै, आमा नै
बाजे नै, बजू नै
जस्ताले,
यसो भन्नु भएपछि
के पो भन्न सक्छौँ र !

ल, त्यसो भए

नबुझीकन पनि

हाम्री चेली दिन तयार भयौं

हाम्री छोरी दिन मञ्जुर भयौं ।          (पृ. ११९-१२०)

प्रस्तुत रिसिया वा स्योम्दीमा आफ्नी छोरी मगनी गर्न कुटुम्ब आफ्नै दाजुभाइ, आमाबाबु, इष्टमित्र आएपछि केटीको आमाबाबुले आफू नैतिक दवाव, अफठ्यारा वा बाध्यतामा परेको भाव व्यक्त गरेको पाइन्छ । आफूले केही भन्न नसकेको बताउँदै गाउँका सबै मान्यजनहरूले कुटुम्ब ल्याएर छोरीको लागि रीत राखेपछि आफूहरूले केही भन्न, गर्न नसक्ने भनेको पाइन्छ । कुटुम्बको सबै कुरा नै नबुझीकन दाजुभाइहरूको विश्वास गरी आफ्नी छोरी वा चेली दिन तयार भएको बताइएको छ । यसरी आम थुलुङ राई समुदायमा आफ्नी छोरीको हात माग्न आउँदा कुटुम्बले कसै न कसैको आँट भरोसा लिएर आउने र दाजुभाइलाई  पनि कुटुम्बको बारेमा जानकारी हुने भएकाले बाबु आमा वा प्रतिनिधिले विश्वास  गरी आफ्नी छोरी वा चेलीले भोलिका दिनमा दुःख, कष्ट वा अफठ्याराहरू झेल्न नपरोस् भन्ने विश्वासका साथम छोरी दिन मञ्जुर हुने गरेको पाइन्छ । अरुलाई पनि केही विश्वास गर्नुपर्छ भन्ने विश्वदृष्टि यस स्योम्दीमा पनि रहेको पाइन्छ ।

आफ्नी छोरी कुटुम्बलाई विवाहका निम्ति दिन मञ्जुर हुँदै गर्दा आमाबाबु वा आफ्ना प्रतिनिधिले कुटुम्बमाथि  पनि केही शङ्का गरिएको पाइन्छ । जसलाई निम्न स्योम्दीमा रहेको पाइन्छ :

भोलि हाम्री चेली लगिसकेपछि

हाम्री चेली हुँदाहुँदै

हाम्री चेली लानेले

शङ्का लाग्छ !

बा, बाटामाथि, बाटामुनि गर्छन् ?

दायाँबायाँ पो गर्छन् ?          (पृ. १२०)

प्रस्तुत रिसिया (स्योम्दी) मा आफ्ना छोरी कुटुम्बलाई दिइसकेपछि, पछि गएर नराम्रो पो होला कि ? भन्दै आशङ्का प्रकट गरेको पाइन्छ । आफ्नो छोरी हुँदाहुँदै पनि पछि ज्वाइँले अरुमाथि लाग्छन् कि ? भोलि गएर छोरी साथै हामीलाई पनि धोका पो दिन्छन् कि ? दायाँबायाँ गरेर  हाम्री चेलीलाई पो बिचल्लीमा पार्ने पो हो कि ? भन्दै कुटुम्बलाई वा

कुटुम्बेरीसँग आउने आफ्नै दाजुभाइसँग आशङ्का व्यक्त गरेको पाइन्छ । आम समाजमा कतिपयले श्रीमती हुँदाहुँदै पनि अरुसँग लागेर  दाम्पत्य जीवन नै बिगारेको पाइएकोले  यो आशङ्का वास्तवमा थुलुङ राई समुदायको मात्रे नभएर आम समाजको प्रतिनिधिमूलक विश्वदृष्टि रहेको पाइन्छ । मान्छेको नियत बिग्रिए पछि आफ्नो भविष्यसमेत ख्याल नगरी पराइसँग लाग्ने र आफ्नो भविष्यसँगै श्रीमती, छोराछोरीको समेत भविष्य अन्धकार बनाएको हजारौँ उदाहरणहरू समाजमा रहेका छन् । यसर्थ विवाहपूर्व नै आफ्नो छोरीको भविष्य नविग्रियोस् भनी सचेत हुनुपर्छ; भन्ने एक अर्को विश्वदृष्टिको रूपमा व्यक्त भएको पाइन्छ ।

कुटुम्बको तर्फबाट पछि गएर कनै पनि धोका नहुने, दायाँबायाँ नगर्ने भनेर जब प्रतिज्ञा प्रकट हुन्छ, तब मात्रै केटीका आमाबुबा वा प्रतिनिधिहरू विश्वस्त भएको पाइन्छ । आफू विश्वस्त नभएको आस्थामा आफूले हुर्काएको सन्तान कसैले पनि अरुको हातमा सुम्पिन सक्ने कुरै होइन । जुन कुरा आम थुलुङ राई समुदायमा आफ्नी छोरी विवाहका निम्ति कुटुम्बलाई दिदा पनि विश्वस्त हुनुपर्ने मानिन्छ । भोलिका दिनहरूमा पछुताउनुभन्दा अगाडि नै कुरा स्पष्ट हुनु धेरै राम्रो मानिन्छ । यसैले यस स्योम्दीमा पनि आफूलाई जबसम्म आफ्नो छोरीको भविष्य राम्रो देखिदैन, तबसम्म छोरीलाई माग्ने कुटुम्बेरीको  प्रस्ताव नस्वीकारिएको  पाइन्छ; तर रीतपूर्वक राखिएको कोसेली स्वीकार गरेको कुरा तलका स्योम्दी वा रिसियामा उल्लेख गरिएको पाइन्छ :

त्यसो हो भने,<br>
लौ, हामीले (केटीका बाआमाले कोसेली छुँदै) छोयौँ है !<br>
तपाईँहरू दाजुभाइ नै<br>
तपाईँहरू आमाबाबु नै<br>
आएर त्यसो भन्नु हुन्छ भने त<br>
हामी पनि कसरी नमान्नु त !<br>
लु, उसो भए<br>
साँच्चै तपाईँहरूको कोसेलीहरू<br>
ग्रहण गऱ्यौँ त, कुटुम्बहरू !                    (पृ. १२०)

प्रस्तुत रिसिया (स्योम्दी) मा कुटुम्बबाट ल्याइएको कोसेलीलाई केटीको बाबुआमाले छोएर स्वीकारिएको पाइन्छ । आफ्ना गाउँलेले दाजुभाइ, इष्टमित्र, आमाबाबु समानका सबैले कुतुम्ब राम्रै छ । छोरी दिदा हुन्छ, भनेर मगनीका लागि आएपछि केटीका  आमाबाबुले पनि

कसरी पो नमान्नु ? भन्दै एक प्रकारका बाध्यता वा नैतिक दवाद नै परेको प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । त्यसैले केटीको बुबाआमाले त्यस कोसेलीलाई ग्रहण गऱ्यौं भने भोलि कहीँ कतै अफठ्यारो नपारोस्, भन्दै आफ्नी छोरी कुटुम्बलाई विवाह गरी दिने अठोटमा पुगेको पाइन्छ । यस रिसियामा आफ्नी छोरीको भविष्य सुनौलो देखेपछि र अरु दाजुभाइ, इष्टमित्रले समेत सही नै ठानेपछि आफ्नी छोरीको विवाहको उमेर भएर सबै कुरा मिल्दा छोरीको विवाह गर्नु वा कुटुम्ब स्वीकार गर्नु थुलुङ राई समुदायको एक विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

### २.३.५.१'ग' केटीको आमाले छोरीलाई फकाउँदा गरिने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा आफ्ना घरमा विवाह गर्ने उमेर पुगेको छोरी हुँदा रीतपूर्वक कुटुम्ब मगनी गर्न आएपछि, त्यस रीत वा कोसेली स्वीकार आमाबाबुबाट हुनु पर्दछ । जब सबै कुरा मिल्छ तब आमाबाबुले आफ्नी छोरी कुटुम्बलाई विवाह गरिदिने गरी स्वीकार गरेपछि कुटुम्बबाट राखिएको रीतपूर्वक कोसेली, थैली, कठुवा र त्यसमा भएको सबै पैसा केटीको आमालाई दिनुपर्दछ । आमाले त्यो रीत वा कोसेली ग्रहण गरेपछि आमा वा आमाको प्रतिनिधिले छोरीलाई पनि मुन्दुमी (रिसिया) बाटै सम्झाइबुझाइ गर्ने गरिएको पाइन्छ । छोरीलाई सम्झाउनका लागि निम्न स्योम्दी गाइने गरिएको पाइन्छ :

(छोरीलाई सङ्केत गर्दै) नानी, छोरी !
हिजो म पनि त्यसै गरी आएको हुँ
मलाई पनि यसै गरी ल्याएका हुन्
र, तिमीलाई जन्म दिएँ
त्यहीँ नै रीत हिजो मैले भोगको
त्यहीँ रीत तिमीमा आइपुग्यो
तिमीले कुन दुःख मन नगर्नू
असन्तुष्टि व्यक्त नगर्नू ।                    (पृ. १२१)

प्रस्तुत स्योम्दीमा आमाले आफ्नी छोरीलाई सम्झाउने क्रममा या विवाह वा छोरी मानिसले विहे गरी पराई घरमा जाने रीति आज मात्रै नभएर परापूर्वकालदेखि नै चलि आएको संस्कार भएकोले यसलाई आफूमा मात्रै भएको ठान्नु हुँदैन । हिजो (पहिले) म पनि यसै गरी विवाह गरी आएको हुँ र छोरी तिमीलाई जन्म दिएकी हुँ भन्दै आमाले भन्नुले के

बुभिन्छ भन्दा, यो विवाह एउटा चक्र हो । सबैले उमेर भए पछि विवाह गर्नुपर्ने बुभिन्छ । यो पुस्तौ  पुस्ता देखि चली आएको रीति हो । हाम्रो समाजमा छोरी मानिसल विवाह गरी पराइ घरलाई नै आफ्नो बनाउनु पर्ने र त्यहाँ गएर मात्रै सन्तान जन्माउनु पर्ने हाम्रो समाजको मान्यता रहेकोले सृष्टिको नियम वा अस्तित्व धान्नका लागि पनि विवाह गर्नुपर्ने मान्यता आम थुलुङ राई समाजमा  रहेको पाइन्छ । जुन मान्यतालाई यस मुन्दुमी स्योम्दीमार्फत विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । हिजोको दिनमा पुस्तौँपस्ता देखि आमाहरूले यो सृष्टि जोगाउनका लागि यो  रीतलाई स्वीकार  गर्दै आएको र आमाले पनि यो रीत भोगेको र आज त्यहीँ कारणले परिवार भएको, छोरी भएको वा सन्तान जन्मिएको पाइन्छ । आज आएर त्यो रीत वा  यो परम्परा  धान्ने पालो अबका पुस्ता खालमा आएकोले त्यो पुस्ता तिमीहरू हौ; भन्दै छोरीलाई यो तिमीमा आइपुगेको छ, भन्दै आमाले छोरीलाई सम्भाउने काम गरिएको पाइन्छ । नयाँ पुस्ताले यसलाई नकार्नु हुँदैन । दुःख मन पनि गर्नु हुँदैन । अब असन्तुष्टि भए पनि हुँदैन । सृष्टि धान्ने नै अब छोरीहरूको पालो आएको आफ्नी छोरीलाई सम्भाएको पाइन्छ । हामीले यस धर्तीमा आफ्नो वंश परम्परा धान्न वा जोगाइ राख्नका लागि विवाहलाई स्वीकार गर्नै पर्ने मान्यता आम थुलुङ समुदायमा रहेको पाइन्छ । जुन मान्यतालाई माथिका स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

आफ्नो छोरीलाई माया नगरेर, नरुचाएर, मन नपराएर विवाह गरी कुटुम्बकोमा पठाउने कोही पनि  आमाबाबुका इच्छा हनै सक्दैन  । माया गरेर  माइतमै राखिरानुपर्छ भन्ने  अवश्य पनि होइन, विवाह गरिदिएर पनि माया भइ नै रहन्छ । विहेपछि  सन्तान बढ्छ, सन्तान बढेसँगै  माया पनि फैलदै जाने हुन्छ । जुन कुरा निम्न रिसिया वा स्योम्दीमा पनि रहेको पाइन्छ :

हामीले मन नपराएर हैन; है !
विधिले नै तिमीलाई मन परायो
र, कुटुम्बहरू आउनुभयो
आनि, सबै गाउँले दाजुभाइहरू पनि आउनुभयो
हामीले पनि के भन्नु र !
गाउँले दाजुभाइभन्दा हामी ठूलो पनि होइनौँ
उहाँहरूले भन्नुभएको हामीले पनि मान्नुपर्छ
र, बिग्रको केही पनि छैन

सबै राम्रै छ र त होला

दाजुभाइले पनि कुटुम्ब लिएर आउनुभयो

अब कुनै दुःख मन नगरी

चित्त नदुखाई जानु है !                    (पृ. १२१-१२२)

प्रस्तुत रिसिया वा स्योम्दीमा छोरीलाई आमाले सम्झाउदै हामीले तिमीलाई मन नपराएर नभई रीत, विधि, समय, परिस्थिति सबैले तिमीलाई उपयुक्त देखेपछि कुटुम्ब तिम्रो हात, साथ खोज्न हामीकहाँ आएका छन् । उनीहरूको साथमा गाउँका दाजुभाइ, काका, बडा बा, सबै आउनुभएको छ । हामीले कसरी हुँदैन भन्नु ? हामीले अहिले हुन्न भन्न सक्दैनौँ । गाउँ समाजभन्दा हामी व्यक्ति, परिवार ठूलो हुन सक्दैनौँ । समाजका दाजुभाइ, मन्यजनहरू आउनुभएको छ । हामी सबैले भनेको त मान्नै पर्छ । किनभने समाज हामीभन्दा माथि हुन्छ । समाजलाई स्वीकार्दै हामीले तिमीलाई विवाह गरी पठाउने निर्णय गर्‍यौँ । अब विवाह गरेर केही पनि बिग्रिने होइन, बरु राम्रो हुँदै जाने गर्छ । माया झनै बढेर जान्छ । शाखासन्तान बढेर जानेछ । त्यसमा पनि कुटुम्ब राम्रै भएर नै गाउँले दाजुभाइ पनि तिम्रो हात माग्न हाम्रै घरमा आउनुभयो । अब तिमीले यो कुनै दुःख मान्नै पर्दैन । तिमी दुःख मन नमानी, चित्त नदुखाइ खुसी खुसी भएर तिमीले विवाह गर्नुपर्छ; भन्दै आमाले सम्झाइएको पाइन्छ । यस स्योम्दीमा समाज भनेको व्यक्ति, परिवारभन्दा ठूलो हुने वा माथि हुने, समाजको स्वीकारलाई एउटा व्यक्ति वा परिवारले अस्वीकार गर्न नमिल्ने आम थुलुङ राई समुदायमा रहेको मान्यता हो । जसलाई माथिका स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

आमाले आफ्नी छोरीलाई रीतपूर्वक चिना थैली दिदै थप निम्न स्योम्दी वा रिसियामार्फत सम्झाइ बुझाइ गरिएको पाइन्छ :

यो, हामी छोरीचेलीको रितै हो

यो तिमीले राख्नू

यो हिजो उत्पत्ति कालदेखि नै

भई आएको रीतिथिति हो

यसैले हामी बाँधिने पहिलो रीत पनि यहीँ हो ।          (पृ. १२२)

प्रस्तुत स्योम्दी वा रिसियामा छोरीलाई चिनाथैली आमाले दिदै यो हामी छोरीचेलीको रीत हो । यो तिमीले राख्नुपर्छ । यो रीत आजको मात्रै होइन । हामी उत्पत्ति कालदेखि नै

गरिदै आएको रीत हो । यो विवाहको थिति परापूर्वकालबाट  चली आएको  रीति हो । यसले हामीलाई हाम्रो जिम्मेवारी र कर्तव्यलाई अझ प्रगाढ बनाएर लैजाने छ । यो चिनाथैली नै हामी छोरीचेलीको पहिलो रीत पनि भाएकोले यो आफूसँग राख्नु है भन्दै आमाले छोरीलाई रीतपूर्वक चिनाथैली सम्पिने गरिएको पाइन्छ, जुन आम थुलुङ राई समुदायमा यस चिनाथैलीलाई पहिलो र महत्वपूर्ण रीतको रूपमा लिने गरिएको पाइन्छ । यो स्वीकार गरेपछि छोरीको पनि स्वीकार भएको मानिन्छ । यो रीत आम थुलुङ राई  समुदाको लागि एउटा विश्वासका बन्धनको रूपमा स्थापित एक विश्दृष्टिको उदाहरण रहेको पाइन्छ ।

जब केटीले चिनाथैली लिई सकिपछि त्यसैबेला केटी उठाउने वा विवाह मगाउनीको रीत राख्ने हो भने, त्यसको लागि दुई कठुवा रक्सी राख्ने परम्परा रही आएको छ । केटी पक्षकाले त्यति बेलै छोरीलाई ज्वाइँको साथमा पठाउने भए त्या रीतलाई स्वीकार्ने र  पछि पठाउने भए त्यो रीत फर्काउदै समय तोकिदिनु पर्दछ । त्यो रीत स्वीकार्दा  सबैको भागी पर्ने गरी बच्चादेखि परदेशीसम्मका नामामा भाग लगाउनुपर्ने हुन्छ । थुलुङ राई समुदायमा त्यसै बेला पनि छोरी पठाउने प्रचलन चलिआएको छ । त्यसरी पठाउँदा बेहुलीको साथीको रूपमा दुईजना सँगै टीका लगाइ केटाको घर पठाउने परम्परा पनि रहेको पाइन्छ ।  यो आम थुलुङ राई समुदायमा गरिने संस्कार  वा परम्परा नै रहेको पाइन्छ । केटा पक्षका घरमा बेहुली भित्राउन रीतपूर्वक कन्या केटीले अगाडि अगाडि दियो कलश र त्यसपछि पछि बेहुला बेहुली र साथीहरू प्रवेश गरी चिनजान तथा ढोगभेट गर्नेप्रचलन रहेको छ ।

### २.३.५.१ 'घ' थुलुङ मुन्दुममा कलियाको शिर उभ्याउनी गर्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

केटा वा बेहुलातर्फ कलिया (लमी) २जना रहेका हुन्छन् । उनीहरूका लागि दुई कठुवा रक्सी र दुई रूपैयाँ पैसा खाखिदिनु पर्दछ । कलियाको शिर उभ्याउनीका लागि मुन्दुमी पुर्खाबाटै स्योम्दी (रिसिया) गाउने गरिएको पाइन्छ । यो स्योम्दीबाट कलियाको शिर उभ्याउनी गर्दा उनीहरूले केटी माग्न जाँदा त्यहाँ भोग्न परेका अफठ्यारा, कठिनाइ वा नयाँ दाम्पत्य जीवनको  स्थापना गर्न जुन भूमिका खेलेका  हुन्, त्यसको लागि उच्च सम्मान गरेको मानिन्छ । उनीहरूको यसरी शिर उभ्याउनी रीत राख्दै स्योम्दी गर्दा आफूले भोगको दुःख, कष्ट वा अफठ्याराहरूको पीडा कम हुने मान्यता रहेको पाइन्छ । त्यसैले पनि ती

कलियाहरूको शिर उभ्याउनी गर्ने प्रचलन एउटा संस्कारको रूपमा विकास भएको मानिन्छ ।

थुलुङ मुन्दुममा कलियाको शिर उभ्याउनी गर्दा निम्नानुसार स्योम्दी (रिसिया) गाइएको पाइन्छ :

ए लहै, मिसी
तपाइँहरू उत्पत्ति कालमा त
वैवाहिक बाटामा त
यो कलिमा त
जेठाबाठा पो अरे
तपाइँहरू त
उतापट्टि पनि कानेखुसी गर्नुभयो अरे
यतापट्टि पनि कानेखुसी गर्नुभयो अरे
त्यसैले तपाइँहरू त त्यस्तो शुभकार्य गर्नु भएकोले
आज पनि
हिजोको त्यो उत्पत्ति कालदेखि नै
भई आएको तपाइँहरू कलियाले
लहै ! हिजो उत्पत्ति कालमा पनि
बेसारा र झिर्कुलीले पो
यो काम गरी ल्याएका थिए रे
त्यसैले मिसी
आज त बेसारा पनि
झिर्कुली पनि
तपाइँहरू नै हुनुहुन्छ है । (पृ. १२३-१२४)

प्रस्तुत मुन्दुमी रिसिया वा स्योम्दी मुन्दुमी धामी वा पुर्खाबाट कलियाहरूलाई यो कलिया काम त आजदेखि होइन, परापूर्व काल वा उत्पत्ति कालदेखि नै मानिसको वैवाहिक बाटोमा पुण्यकर्म गर्ने कलिया नै भएको बताइएको छ । उनीहरूले यो अहिलेको कलियुगमा वा आधुनिक समयमा पनि यो विवाह गराउने काममा जान्ने, बुझ्ने र जेठोबाठोको रूपमा हेर्दै कलियाहरूले केटा र केटीको दुवै तर्फ एउटा सकारात्मक दूत वा सहजीकरणको रूपमा

काम गर्ने गरेको बताइएको छ । केटीको माइतमा पनि केटी माग्न जाँदा भनसुन वा कानेखुसी गर्नु पर्ने नै हुन्छ । उता नराम्रो कुरा गरेमा, उताको मन नजितेमा पक्के पनि केटीको बाबुआमा, दाजुभाइ, इष्टमित्र  विश्वस्त हुने नै थिएन । त्यसको लागि पनि उता सबै कुरा राम्रै भन्नु पर्ने, राम्रै गर्नु पर्ने जुन कुरा कलियाले त्यसको भूमिका निभाउने गरिएको पाइन्छ । यता केटापट्टि पनि केटी वा उनका आफन्तहरूका बारेमा राम्रै गुणगान गाउनै पर्ने, एक किसिमको  दुवै तर्फलाई विवाहको निम्ति तयार बनाउने काम नै कलियाको भएकाले  आम गाउँले नै खुसी हुनुपर्ने मान्यता रही आएको छ । उनीहरूले यस कार्यमा निकै ठूलो योगदान दिएको र यो शुभकार्य सफल भएकोमा कलियाको शिर उभ्याउने संस्कार गर्दै कहिले पनि शिर निहुँराउन नपारोस् भन्ने मनसायले  कलियाको शिर उभ्याउनी गरिएको पाइन्छ । वास्तवमा आम थुलुङ राई समुदायमा कलियाले विवाह कार्यमा ठूलो योगदान पुऱ्याएकोमा  उनीहरूको मान सम्मान गर्दै शिर उभ्याउनी गर्नुपर्छ भन्ने एक विश्वदृष्टिको  रूपमा  स्थापित मान्यता रहेको पाइन्छ । कलियाले दुवै पक्षका आफन्तमा चित्त बुझ्दो कुरा गर्नु पर्ने वा दुवै पक्षसँग सहजीकरणको भूमिका खेल्नु पर्ने विश्वदृष्टि रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा कलिया, आदिम कालदेखि नै विवाहको निम्ति दूतको रूपमा काम गर्दै आएको मानिन्छ । हिजो उत्पत्ति कालमा कलियाको रूपमा काम गर्ने बेसार र भिर्कुली चरालाई मानिन्छ । तिनीहरूले उत्पत्ति कालदेखि वैवाहिक जीवनको  लागि सहजीकरण गर्ने काम गर्ने गरेका थिए; भनिएको छ । त्यो बेसारा र भिर्कुलीको जिम्मेवारी आज तपाईं कलियाहरूले  लिनु भएको छ भन्दै बेसारा पनि तपाईंहरू, भिर्कुली पनि तपाईंहरू नै हुनुभयो भन्दै प्रस्तुत स्योम्दीमा कलियाको भूमिकाको गुणगान गाइएको पाइन्छ । अब आउने दिन वा  परिघटनाहरूमा थप जिम्मेवार बन्दै जानु भन्दै थप हौसला दिइएको निम्न स्योम्दी वा रिसिया प्रस्तुत भएको पाइन्छ :

अब सबै विधिविधानहरू आफैँले जानेर केलाउनुपर्छ
खोज्नुपर्छ,
कहाँ के गर्नुपर्छ ?
कानेखुसी गर्नुपर्छ कि,
रिसाउनु पो पर्छ कि
झैभगडा नै पो गर्नुपर्छ कि

तपाइँहरूले नै सबैगरिदिनु पर्दछ, है !

(कलियाका लागि राखिएको रक्सी र पैसा दिँदै)

यो त तपाइँहरूको शिर उभाउनी

ल है, स्वीकार गर्नुहोस् ! (पृ. १२४)

प्रस्तुत रिसियामा आमामी वा आउने सबै विधि वा संस्कारहरूमा अब कलियाले नै बुझ्दै केलाउँदै जानुपर्ने, खोज्नुपर्ने, बताउदै कहाँ के गर्नुपर्ने ? कसलाई के भन्नु पर्ने ? त्यो सबै कलियाले अब आउने परिस्थिति अनुसार आफूलाई लैजानु पर्ने, कानेखुसी र भनसुन गर्नुपर्ने ठाउँमा कानेखुसी गर्दै जानुपर्ने, कहिलेकाहीँ रिस पनि देखाउनु परे त्यसमा पनि पछि पर्न नहुने, परी आउँदा झैझगडा नै गर्नु परे पनि अब कलियाले पछि हट्नु हुँदैन; भन्दै पुर्खाहरूले एक प्रकारको आँट भरोसा वा काममा थप जिम्मेवार बन्दै जानु पर्छ भन्ने भावका साथ स्योम्दी गरिएको पाइन्छ । जे जे गर्नु पर्ने हो, अब सबै कलियाले नै गर्दै जानुपर्छ, भन्दै कलियाको निम्ति शिर उभ्याउनी गर्न दुई कठुवा रक्सी र दुई रूपैयाँ पैसा राख्ने गरिएको पाइन्छ । यो रीत कलियालाई स्वीकार गर्नुहोस् भन्दै मुन्दुमी स्योम्दी वा रिसियाबाटै आग्रह गरेको पाइन्छ । यसबाट के पनि प्रष्ट हुन्छ त भन्दा आम थुलुङ राई समुदायमा कलियाको शिर उभ्याउनी गर्दा उनीहरूले अब उप्रान्त आइपर्ने समस्यालाई अझ मजवुद बनेर सामना गर्न सक्छन् भन्ने जस्ता सुकै परिस्थिति आए पनि त्यसलाई समाधान गर्न सक्ने हुन्छन् भन्ने आम थुलुङ राई समुदायमा एक प्रकारको विश्वदृष्टि नै निर्माण भएको पाइन्छ ।

### २.३.५.१ 'ङ' थुलुङ मुन्दुममा कलियाले गर्ने स्योम्दी(रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाह गर्दा सहजीकरणको भूमिका पाएका कलिया (लमी)हरूको प्रयासबाट केटी माग्न जाने, केटी विवाह गरी ल्याउने र घरको विभिन्न रीत पश्चात् कलियाको शिर उभ्याउनी गर्ने संस्कार गर्ने गरिएको पाइन्छ । मुन्दुमी पुर्खाहरूबाट शिर उभ्याउनीका लागि स्योम्दी गर्दै रीत राखेपछि कलियाले पनि स्योम्दी (रिसिया) गर्ने गरिएको पाइन्छ । जसमा आफूलाई सबैले यसरी गरिएको मानसम्मान हाम्रो लागि धेरै भएको बताउँदै उनीहरू उक्त सम्मानबाट खुसी भएको कुरा व्यक्त गरेको पाइन्छ । जुन निम्न रिसिया वा स्योम्दीबाट प्रस्तुत गरिएको पाइन्छ :

लहै, उसो भए त

सबै जना बुद्धिजीवी !

ज्ञाता विवेकशीलहरू !
यस कार्यमा आउनु भएर
हामी दुई जनाको यति धेरै
मानसम्मान गर्नुभयो
कसरी  गर्नुभयो भन्दा त
कठुवामा राखेको जाँडरक्सीले
रूपैयाँ पैसाले
हाम्रो सम्मान गर्नुभयो
भए तापनि, मिसी
यो मुन्दुमलाई सुहाउने
यो सम्मानलाई सुहाउने
हैसियत त हाम्रो थिएन
र, पनि यति धेरै मानसम्मान गर्नुभयो
भोलि विवाह कार्यमा
तपाईँ बुद्धिजीवीहरूले भन्नुभए जस्तो
नभएमा चाहिँ रिससाग
नमान्नु होला है !
(दुई हात जोड्दै) बा ! बा ! हजुर !                (पृ. १२४-१२५)

प्रस्तुत रिसियामा यस विवाह कार्यमा समाजको बुद्धिजीवी, विवेकशील, इष्टमित्र, दाजुभाइ, आफन्तजन, सबैसबै आउनु भएर कलियाको शिर उभ्याउनी भन्दै हामीलाई यत्रो सम्मान गर्नुभयो; भन्दै  सबै उपस्थित भएकाहरूलाई सम्बोधन गर्दै अत्यन्तै खुसी व्यक्त गरेको पाइन्छ । उनीहरूलाई रीतपूर्वक कठुवामा  जाँड रक्सी राखेर, रूपैयाँ पैसा राखेर शिर उभ्याउनी गरिएको हुन्छ ।  यद्यपि यत्रो धेरै सम्मानको निम्ति यत्रो मुन्दुमलाई सुहाउने हाम्रो हैसियत त थिएन जानी नजानी काम गऱ्यौँ । एउटा विधिको काम गऱ्यौँ । हामीले एउटा जोडी बाँधिदिने काम मात्रै गरेका  थियौँ  तर पनि यति धेरै मानसम्मान गर्नुभयो, भन्दै खुसी व्यक्त गरेको पाइन्छ । कलियाले आगामी दिन र आगामी प्रक्रियामा गाउँले, इष्टमित्र, दाजुभाइ सबैसबैले सोचेजस्तो, खोजेजस्तो, भनेजस्तो नहुन पनि सक्छ । त्यसो हुँदा पनि हामीसँग रिसराग नराखी दिनुहोला, नरिसाइ दिनुहोला भन्दै पछिका बाँकी काम वा

आउने दिनहरूमा हुन सक्ने नराम्रोको लागि समेत अगाडि नै रिस नगरिदिनु होला भन्दै सचेत समेत गराएको पाइन्छ । आम थुलुङ राई समुदायमा विवाह गर्दा कलियाले पुऱ्याएको योगदान उच्च भएकाले उनीहरूको मानसम्मानको लागि शिर ठाडो पार्न वा शिर उभ्याउनी रीत गर्नुपर्ने मान्यताका रूपमा विश्वदृष्टिको निर्माण भएको पाइन्छ । सबै विवाह अरुले चाहेजस्तो, खोजेजस्तो राम्रो नै हुन्छ भन्ने पनि छैन । कसैकसैको नराम्रो पनि हुनसक्छ तर त्यसको दोष कलियालाई दिनुहुँदैन भन्ने, आम थुलुङ राई समुदायको विश्वदृष्टि रहेको पाइन्छ । यो परम्परा वा संस्कार परापूर्वकालदेखि चली आउनु, त्यसको सान्दर्भिकता वर्तमान समयमा पनि उत्तिकै रहनु समानधर्मिताको उच्चतम् विन्दु भएकोले पनि यी माथिका मान्यताहरू विश्वदृष्टि उच्च किसिमकै रहेको पाइन्छ ।

### **२.३.५.१ 'च' थुलुङ मुन्दुममा छोर्स्यो स्योम्दी (रिसिया) मा विश्वदृष्टि**

थुलुङ राई मुन्दुममा विवाहकै एक अङ्ग छोर्स्यो संस्कार रहेको पाइन्छ । थुलुङ राई जातिमा विवाह गर्दा छोर्स्यो पोल्ने संस्कार रहेको पाइन्छ । जसको मूल उद्देश्य नै आफ्ना कुल पितृ, चुल्होको पूजा गर्दै हामीले जे गर्नु थियो, गरी नै सक्यौं । अब नरिसाईकन आशीर्वाद वा भलो गरिदिनु भन्दै स्योम्दी गर्ने गरिएको पाइन्छ । थुलुङ राई समुदायमा आफूले गरेको कामले कुल पितृ, चल्हो कतै पनि अफठ्यारो नहोस् र शुभाशिष पाइयोस् भन्ने सम्पूर्ण थुलुङ राई समुदायको मान्यता रहेकोले यस स्योम्दीमा पनि तिनै विचारलाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ । छोर्स्यो पोल्दा वा छोर्स्यो संस्कार गर्दा घर मुन वा घुऱ्यानमा सुगुर लगेर बाँध्नुपर्छ । घरको अगेना अगाडि टपरीमा एकमाना चामल, चिण्डोमा जाँड, अदुवा, सिकुटी, डालो, धनु र तीर राखेको पाइन्छ । त्यसपछि मुन्दुमी पुर्खा वा मुन्दुमी धामीले अदुवा चपाएर सुगुर र आफैँलाई थु थु थु गरी चोख्याउने विधि गरिएको पाइन्छ । त्यसपछि आफ्ना कुलपितृ, चुल्हो सबैलाई सम्झाइबुझाइ गर्दै आशिष माग्ने निम्न स्योम्दी वा रिसिया गाउने गरिएको पाइन्छ :

ओ, मिसी्  
तँ त सुँगुर (स्युम्दयु ब्वा, साला ब्वा, रुखु ब्वा, साप्सा ब्वा) !  
पो, आज त  
मिसी केबाट पो पन्दाखेरि त  
यो मुन्दुमी धामीले

मुन्दुमी धामीका सहयोगीहरूसँगै
एक भएर
सल्लाह गरेर
यी अदुवा, चामल, जाँड, रक्सी गरेर
ओ, मिसी
यहाँ त के भयो भन्दाखेरि
यसो विवाह भयो
शुभ कार्य भयो
हुँदाखेरि त यहाँ
शुभकार्य गर्दाखेरि शुभ नै सुनिदिनू
वैवाहिक तरिकाले गरिएको विवाह सम्भिmनू
र, सबै घरबार ढाकिदिनू
चुल्हो ढाक्दा चुल्हो नै ढाकिदिनू
ओछ्यान ढाक्दा ओछ्यान नै ढाकिदिनू
सिरानी ढाक्दा सिरानी नै ढाकिदिनू
शरीर ढाक्दा शरीर नै ढाकिदिनू
छाती ढाक्दा छाती नै ढाकिदिनू
फिला ढाक्दा फिला नै ढाकिदिनू
र, मिसी
प्रस्ट गरिएको
प्रस्टै परिदिनू
छेकथुन गर्दा छेकथुन नै गरिदिनू
घोच्ने थिच्ने गर्दा घोच्ने थिच्ने नै गरिदिनू
र, मिसी
अहिले यहाँ त हातहतियार धनुकाँडले पो
म त ज्यान मार्छु
हिंसा गर्छु
यो उपद्रव होइन

कुनै रिसराग नगर्नू

दुःख पनि नमान्नू, है !          (पृ. १२५-१२७)

प्रस्तुत स्योम्दीमा थुलुङ राई जातिको विवाह गर्दा छोर्स्यो पोल्ने संस्कारमा सुँगुरलाई काटेर त्यसको छोर्स्यो पोल्ने संस्कार रहेको पाइन्छ । यस कार्यमा मुन्दुमी धामी, मुन्दुमी पुर्खाका साथै अन्य सहयोगी र सबै गाउँलेको उपस्थितिमा सबैले सरसल्लाह गरी रीतपूर्वक अदुवा, चामल, जाँड, रक्सी आदि सबै राखेर यहाँ हुँदै गरेको विवाह जस्तो शुभकार्य भइरहेको छ । यस बेला हामीले जानी नजानी गरेका विभिन्न विधिविधानहरूमा कमी कमजोरी भएमा पनि रिसराग नगरीदिनू । नव जोडीलाई आशीर्वाद दिनू । यस विवाहलाई रीतपूर्वक संस्कार अनुसार विवाह भएको भन्ने सम्झिदिनू, भन्दै आफूले गरेका सबै कामलाई राम्रै ठानिदिनू, सम्झिदिनू भन्दै आफ्नो कुलपितृलाई आग्रह गरिएको पाइन्छ । भोलिका दिनमा घरबार चलाउँदै जाँदा सहज बन्दै जाने, कठिनाईहरू परपर भएर जाओस्, चुलो ढाक्दा वा चुल्होको कार्यमा अभाव कहिले पनि नहोस्, सिरानी ढाक्दा सिरानी नै ढाकिदिनू, शरीर ढाक्दा शरीर नै ढाकिदिनू, छाती ढाक्दी छाती नै ढाकिदिनू, फिला ढाक्दा फिला नै ढाकिदिनू भन्दै कुनै पनि काम गर्दा, आँक्दा, त्यो काम सहज रूपमा सम्पन्न गर्न सक्ने बनाइदिनू भन्दै अभावबाट जोगाइदिएर सबै काम फत्ते पार्न सक्ने बनाइदिनू, भन्दै आशीर्वाद मागेको पाइन्छ । आफूले भन्न खोजेको कुरा भन्दा सबैले बुझ्न सक्ने परिदिनू, छेकथुन गर्दा सहजै थुनछेक गर्न सक्ने बनाइदिनू, जे जे गर्न खोजेको हो, त्यो सबै गर्दा सहज रूपमा गर्न सक्ने बनाइदिनू भन्दै बल वा आशीर्वाद मागेको पाइन्छ । मुन्दुमी धामी वा पुर्खाले आफूहरूले आज धनुकाँड हतियारले सुँगुर मार्ने भएकोले यसरी मार्दा उपद्रव वा रिसरागले नभई संस्कार वा रीतको लागि हिंसा वा काटमार गरेको बताइएको पाइन्छ । यसलाई रिसराग नगरिदिनू, दुःख पनि नमान्नू है भन्दै आग्रह गरेको पाइन्छ । यसरी थुलुङ राई समुदायमा आफूले गर्दै गरेको कामले कुलपितृलाई असार नपारोस्, राम्रो सम्झिएर आशिष दियोस्, भन्दै आशिष माग्दा पुग्ने वा कुलपितृले पनि मान्ने आम विचार विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । यसका साथै कुनै जीवजनावर रिसले मार्न नहुन, त्यसले कुलमा असर पर्ने भएकोले कुनै पनि काटमार रिसले गर्नु हुँदैन भन्ने विश्वदृष्टि पनि यस स्योम्दीमा रहेको पाइन्छ ।

मुन्दुमी पुर्खाबाट पहिलो चरणको यो स्योम्दी सकेपछि अदुवा चपाएर सुँगुर र आफूलाई थु थु थु गरी चोख्याइएको पाइन्छ । त्यसपछि सुँगुरलाई चिण्डो (बोम) को जाँडले

छर्किएर पर्साउने चलन रहेको पाइन्छ । भोग दिदै गरेका जीव जनावरलाई पानीले छर्किदा पर्सिएन भने त्यो नराम्रोको सङ्केत भएकाले सुँगुरलाई पर्सिने गरी नै जाँडले छर्किनुपर्छ । सुँगुरलाई धनुकाँणले हानी मारेर सुँगुर बनाइएको पाइन्छ । सुँगुरको चार वटा वारपारे करङ, अलिकति मृगौला, आठ चोक्टा पोलेको मासु सीलमा उनेर मुन्दुमी धामी वा पुर्खा र सहयोगीहरूबाट अगेनामा छोर्स्यो पोल्ने संस्कार रहेको पाइन्छ । यस पछि घरको छोरी मानिसले सबैलाई जाँडरक्सी बाड्ने प्रचलन रही आएको पाइन्छ ।

छोर्स्यो पोलेर चढाइसकेपछि मुन्दुमी पुर्खाले रिसिया (स्याम्दी) कै मार्फत हामीलाई आफ्नै सम्भिएर आफूले चढाएको कोसेलीहरू ग्रहण गर्नु है भन्दै निम्न स्योम्दी (रिसिया) गाइएको पाइन्छ :

ओ मिसी
बाजे भनेर
बजू भनेर
पुर्खा भनेर
सृष्टिकर्ता भनेर
दाजुभाइ भनेर
छोरानाति भनेर
ए, केबाट पो भन्दाखेरि
मुन्दुमी धामीको सहयोगीसँगै
मुन्दुमी धामीको दायाँबायाँ बस्नेसँगै
सबै पुर्खाहरूसँगै
सबै दाजुभाइसँगै
सबै पुर्खाहरूसँगै
सबै दाजुभाइसँगै
सल्लाह गरेर
यो सुँगुर !
सुँगुरको मिसी
आङको मासु गरेर
चारवटा वारपारे करङ गरेर

मुटु गरेर

आठ चोक्टा मासु गरेर

ठेकी कोसेली गरेर

र, यो जाँड गरेर

रक्सी गरेर

मिसी, यो चिण्डो राखेर

केबाट पो हाम्रो नाम उच्चारण भयो

भनेर भन्नु हुन्छ भने त

मिसी, यहाँ त

सुँगुरको चारवटा वारपारे करङ ग्रहण गर्नुहोस्

मुटु ग्रहण गर्नुहोस्

मासुको चौक्टा ग्रहण गर्नुहोस्

आङको मासु ग्रहण गर्नुहोस्

र, ठेकी कोसेली ग्रहण गर्नुहोस्

जाँडरक्सी ग्रहण गर्नुहोस् । (पृ. १२७-१२८)

प्रस्तुत स्योम्दीमा हामीालाई बाजेबजू, पुर्खा, सृष्टिकर्ता, दाजुभाइ, छोरानाति भनेर वा हामी सबै आफन्तहरू मुन्दुमी धामीको सहयोगमा अरु सहयोगीसँगै सबै पुर्खा दाजुभाइसँग सल्लाह गरेर धनकाँडले मारिएको सुँगुरको आङको मासु, वारपारे करङ, मुटु कलेजो आदिको आठ चोक्टा मास गरेर यहाँ राखिएको ठेकी कोसेली, जाँडरक्सी, चिण्डो सबे रीत राखेका छौं, यी सबै रीतहरू सुँगुरको वारपारे करङ, मुटु, मासुको चोक्टा, ठेकी कोसेली सबै राखिएको छ । यसलाई स्वीकार्नु भन्दै आग्रह गरेको पाइन्छ । थुलुङ राई समुदायमा छोर्स्यो पोल्दा एवम् रीतको कोसेली आफ्नो कुलपितृ, चुल्होलाई चढाउनु पर्ने आम थुलुङ राई जातिको साझा मान्यताको रूपमा विकास हुँदै आएको संस्कार मानिन्छ । यसो गर्दा आफ्ना कुलपितृ खुसी हुने, आशीर्वाद दिने, सुब्बेफाब्बे हुने विश्वदृष्टि रहेको पाइन्छ ।

बेहुलाबेहुलीको देप्चिनङ भनेर नै थप स्योम्दी निम्नानुसार प्रस्तुत गरिएको पाइन्छ

यो फलाना दोच्योकी छारीचेली

फलाना दोच्योको केटासँग

विवाह गर्ने साइत जुरेछ

यहाँ त दुःखी गरिबको पनि दिन फर्केछ
र, माथि तारा पनि चम्किएछ
यो सबै हुँदाखेरि त
उता कुटुम्बेरी गाउँमा
छोरीचेलीको पनि उडी जाने साइत जुरेछ
र, उता पनि माथि आकाशमा
ताराहरू चम्किए छन् । (पृ. १२९)

प्रस्तुत स्योम्दी (रिसिया) मा केटी (बेहुली) र केटा (बेहुला) एउटै दोच्योको विवाह नहुने, फरक फरक दोच्योको कुटुम्बेरी हुनुपर्ने संस्कार रही आएको छ । छोस्र्यो पोल्दा दुवैजनाको दोच्योबाट स्योम्दी गर्ने गरिएको पाइन्छ । समय वित्दै जाँदा परिस्थितिले यी दुई विच विवाहको साइत यहीँ समयमा जुरेकोले हरेकको समय आउने, दुःखी गरिबको पनि दिन आउने भएकोले आज यी जोडीको साइत आएको रहेछ भन्दै स्योम्दी गरिएको पाइन्छ । सबै कुरा मिल्दै आउँदा आकाशमा पनि ताराहरू चम्किएको प्रसङ्गले समय आए पछि सबै कुराले साथ दिने कुरा प्रस्तुत स्योम्दीमा गरिएको पाइन्छ । यता सबै कुरा ठिक्क मिल्दा उता कुटुम्बेरीमा पनि छोरीचेलीको विवाह गरेर हिडिजाने साइत जुर्नु, चेलीका उमेर पनि ढकमक्क फुल्नु वा विवाहका निम्ति परिपक्व बन्नु, आकाशमा पनि ताराहर चम्किनु आदि प्रसङ्गले केटीको तर्फ पनि विवाहका निम्ति सबै कुरा मिल्दै आएको भन्ने कुरा प्रस्तुत गरिएको पाइन्छ । यसरी हुनु वा बन्नु छ भने, सबै कुराहरू मिलेर संयोग बन्दै कुनै पनि कुरा हुने विचार प्रस्तुत गरिएको पाइन्छ । यसरी आम थुलुङ राई समुदायमा विवाहका लागि एकातर्फ मात्रै कुरा मिलेर नहुने, दुबैतर्फ सबै कुरा मिलेमा विवाह हुन्छ भन्ने विचार प्रस्तुत रिसियामा विश्वदृष्टिको रूपमा आएको पाइन्छ ।

यसरी सबै कुराको संयोगसँगै एक अर्का विचको सम्बन्ध प्रगाढ बन्दै आउनाले विवाह भएको भन्दै निम्न रिसिया वा स्योम्दीमा आशिष माग्ने काम भएको पाइन्छ :

त्यसैले यो हावाहुरीले उनहरूको सम्बन्ध बढायो
हिमचिम बढायो
त्यसो हँदाखेरि यहाँ त
मन परापर भयो
त्यसैले यहाँ यो बुहारीले

यो चुला छोई

यो मझेरीमा हिँडी

सिस्नो राखेको भुइँमा पनि छोई

र, तलामा पनि हिँडी

त्यसैले पितृहरूले नराम्रो नसोचिदिनुहोस्

असहज नमान्नुहोस्

कुनै पनि ब्याधी नलगाइ दिनुहोस्

र, मिसी

कुनै चोटपटकमा नपारिदिनुहोस्

र, हामी सबैको रक्षा गरिदिनुहोस्

हामीलाई बालबच्चा नै सम्झिदिनुहोस्

र, सत्मार्गमा डोहोऱ्याइ दिनुहोस्

सधैँ हाम्रो भलो चिताउनुहोस्

शुभ आशीर्वाद दिनुहोस्

(चिण्डोको जाँड भित्तामा छर्किंदै)

आशीर्वाद दिनुहोस्

है पितृ हो !                    (पृ. १२९-१३०)

प्रस्तुत रिसिया (स्योम्दी) मा परिस्थितिले सबै कुरा संयोगले मिलाउदै ल्याएपछि केटाकेटी बिच सम्बन्ध बढ्दै गई हिमचिम बढेसँगै सम्बन्धमा प्रगाढपन आएको प्रसङ्ग रहेको पाइन्छ । एक अर्का विच मन पराएरै, रुचाएरै वा भनौ भाग्यले जुराएर नै विवाह भएको कुरा उल्लेख गरिएको पाइन्छ । अब बुहारीको रूपमा चुलाचौका हुनैपर्छ । घर गृहस्थी चलाउने क्रममा घरको मझेरीमा हिड्नै पर्छ, घरभित्रको लिस्नु राखेको भुँइ पनि छुनै पर्छ, बुँइगल तलामा पस्नुपर्छ, हिड्नु पर्छ । घरको सबै ठाउँमा हिड्नुपर्छ, छुनुपर्छ, त्यसैले अब उप्रान्त पितृहरूले पनि नराम्रो सोच्नु हँदैन । नराम्रो गर्नु हुँदैन, असहज पनि मान्नु हुँदैन । सबैपरिस्थितिलाई सहज रूपमा स्वीकार गरिदिनु भन्दै आफ्नो कुल पितृलाई आग्रह गरेको पाइन्छ । कुलपितृले कुनै पनि ब्याधीबाट जोगाइदिनु, चोटपटक, दुर्घटनाबाट पनि जोगाइदिनु, सबैको रक्षा गरिदिनू भन्दै आफ्नो कुलपितृसँग आशिष मागेको पाइन्छ । यसको साथै आफ्नो कुल पितृसँग सबै प्रतिको शुभेच्छा राखिदिनु भन्दै हामीले गरेका व्यवहारलाई

बालबच्चाले गरेको व्यवहार सम्झिदिनु, सत्मार्गमा हिडाइँदिनु, नराम्रो सोच बिचार वा सङ्गतबाट जोगाइदिनू, सधैँ हाम्रो भलोको निम्ति सोच राखिदिनुहोस् । शुभाशिष दिनुहोस् भन्दै आग्रहपूर्ण रिसिया वा स्योम्दी गाइएको पाइन्छ । यसर्थ पनि आम थुलुङ राई समुदायमा आफ्नो घरमा ल्याइएको नयाँ बुहारीले घरको सबै ठाउँ छुन वा काम गर्न पर्ने तर त्यसबेला कुलपितृ रिसाउला कि भनेर कुलपितृलाई सम्झाइबुझाइ गर्नुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । साथै कुलपितृले आफ्नो शाखासन्तानको सुब्बेफाब्बेको निम्ति आशिष वा शुभेच्छा राख्नुपर्छ भन्ने मान्यता पनि आम थुलुङ राई समुदायमा मान्यता रहेको त उक्त मान्यतालाई यस रिसिया वा स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

### २.३.५.१ 'छ' लक्षिन भित्राउँदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाहको संस्कारको एक श्रृङ्खला हो; लक्षिन भित्राउने संस्कारगत स्योम्दी वा रिसिया । यो लक्षिन भित्राउने स्योम्दी छोर्स्यो पोलेर गरिने संस्कारकै क्रमको एक निरन्तर संस्कार हो । छोर्स्यो पोलेर कोसेल चढाएकै ठाउँमा उही अवस्था र स्थितिमा मुन्दुमी पुर्खा, ङोप्स्योहरूले यो लक्षिन भित्राउने स्योम्दी वा रिसिया समेत गाउने गरिएको पाइन्छ । लक्षिन भित्राउने भन्नाले घरमा सह वा राम्रो सुब्बेफाब्बे हुने गुणको अपेक्षा सहित गरिने संस्कार हो । लक्षिन भएको घरमा सबै कुरा राम्रो हुने र सबै कुराले पुगेसरी बन्दै जाने, अभावको स्थिति कम हुँदै जाने, हाँसी खुसी बस्ने वातावरण बन्ने भएकोले सबैले लक्षिनको अपेक्षा हरेक थुलुङ राई समुदायमा गरिएको पाइन्छ । जसको लागि नयाँ बेहुलीको प्रवेशसँगै घरमा थप लक्षिन भित्रियोस्, भन्ने उद्देश्यले लक्षिन भित्राउने संस्कारगत स्योम्दी वा रिसिया गर्ने गरिएको पाइन्छ । लक्षिन भएको घरमा सबै कुरा राम्रो बन्ने विश्वदृष्टि थुलुङ राई समुदायमा रहेको छ, जुन निम्न स्योम्दीमा पनि रहेको पाइन्छ :

ओ, मिसी
बाजे भनेर
बजू भनेर
बाबु भनेर
आमा भनेर
पितृ भनेर

दाजुभाइ, छोरानाति भनेरर

सुँगुरको चारवटा वारपारे करङ ग्रहण गर्नुहोस्

मुटु ग्रहण ग्रहण गर्नुहोस्

आङको मासु ग्रहण गर्नुहोस्

पितृकै लागि छुट्याइएको विशेष मासु (ग्वालस्यो) ग्रहण गर्नुहोस् । (पृ.१३०-१३१)

प्रस्तुत स्योम्दी (रिसिया)मा आफ्नो पितृबाट नै लक्षिन प्राप्त गरिने भएकोले आफूले चढाइएको सुँगुरको चारवटा वारपारे करङ , मुटुको मासु, आङको मासु वा पितृकै लागि भने छुट्याइएको ग्वालस्यो पितृलाई बाजेबजू भनेर, बाबुआमा भनेर, पितृ भनेर, दाजुभाइ भनेर, यो रीत स्वीकार गर्नुहोस् भन्दै पितृलाई आग्रह गरिएको पाइन्छ । पितृलाई सबैले आ-आफ्नो काम गर्नुपर्ने, आ-आफ्न सीमा र ठाउँमा बस्नुपर्ने भन्दै रीतपूर्वक जाँडरक्सी पनि राखिएको हुन्छ । पितृबाट आशीर्वाद स्वरूप लक्षिनको माग गरेको पाइन्छ । जुन निम्न स्योम्दीमार्फत लक्षिनको लागि आग्रह गरिएको पाइन्छ :

मिसी,

यो जाँडरक्सी ग्रहण गर्नुहोस्

माथि पितृ बस्ने ठाउँमा पितृ नै भएर

आन्तरआत्मादेखि नै लक्षिन दिनुहोस्

आशीर्वाद दिनुहोस्

धनदौलत दिनुहोस्

र, सबै सौन्दर्यको आशीर्वाद दिनुहोस्

दाल तरकारी दिनुहोस्

चामलसामल पनि दिनुहोस्

र, मिसी

यो विवाहमा शुभ आशीर्वाद पनि दिनुहोस्

त्यस्तै गरी जाँड रक्सी दिनुहोस्

मिसी

हातहतियार पनि दिनुहोस्

र, मिसी

माथि पितृ बस्ने ठाउँमा

तपाइँको छोरानातिको

यो शुभ वचन सुन्नुहोस्

र, नि:सङ्कोच

आफ्नो स्थान ग्रहण गर्नुहोस्

है पितृ हो !

यो शुभ कार्यमा । (पृ. १३१-१३२)

प्रस्तुत रिसिया वा स्योम्दीमा पितृले पनि अफ्नो ठाउँमा बसेर हामीले चढाएको पितृप्रसाद जाँडरक्सी ग्रहण गर्नका लागि अनुरोध गर्दै घरमा लक्षिनको लागि आग्रह गरिएको छ । सन्तानलाई आशीर्वाद, धनदौलत वा भनौं सबै कुरा राम्रो होस् भन्ने अपेक्षा गर्दै आशीर्वाद मागेको पाइन्छ । घरमा दाल तरकारी, चामलसामल वा खानेकुराको अभाव नभइदियोस्, हातहतियारहरू पनि दिनुहोस् भन्दै पितृसँग माग गरिएको पाइन्छ । पितृले आफ्नो ठाउँमै रहेर छोरा नातिको लागि राम्रो होस् भनेर हामीले भनेका कुराहरू सुन्नका लागि समेत अनुनय गरिएको पाइन्छ । पितृले आफ्नो शाखा सन्तानको भलोको लागि आशीर्वाद दियोस्, भन्दै लक्षिन माग्दा पितृले पनि सुनिदिने, राम्रो हुने, सुब्बेफाब्बे हुने भन्ने कुरा आम थुलुङ राई समुदायमा परापूर्वकालदेखि नै रही आएको मान्यता हो, जुन प्रस्तुत स्योम्दी वा रिसियामा पनि प्रस्तुत भएको पाइन्छ । यसरी थुलुङ राई समुदायमा सामूहिक चिन्तन, विश्वासलाई विश्वदृष्टिको रूपमा माथिका रिसिया वा स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.५.१ 'ज' थुलुङ मुन्दुममा चुलो पर्स्याउदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा चुलोको स्थान वा प्रतिष्ठा उच्च हुने गर्दछ । चुलो थुलुङ राईको मात्रै नभएर आम किरातीहरूको पवित्र स्थल नै रहेको मानिन्छ । चलोलाई शुद्ध र सफा राख्नु थुलुङ राई जातिको लागि सबैभन्दा महत्वपूण काम मानिन्छ । यस स्योम्दी थुलुङ राई जातिमा विवाह हुँदा छोर्स्यो पोल्ने विधिसँगै गरिने एउटा महत्वपूर्ण विधि मानिन्छ । चुलो र कुल पितृको सम्बन्ध निकट भएकोले चलो वा पितृ खुसी हुनु समान प्रकृति मानिन्छ । यस विधि वा संस्कारमा गाइने स्योम्दीमा आफूले दिएको पितृ प्रसादहरू ग्रहण गर्नका लागि आग्रह गरिएको पाइन्छ, जुन निम्न स्योम्दीमा रहेको पाइन्छ :

ओ, मिसी

बाजे भनेर

बजू भनेर

आमा भनेर

पितृ भनेर

दाजुभाइ, छोरानाति भनेर

सुँगुरको चारवटा करङ ग्रहण गर्नुहास्

मुटु ग्रहण गर्नुहोस्

मासु ग्रहण गर्नुहोस्

आङको मासु ग्रहण गर्नुहोस्

पितृकै लागि छुट्याइएको विशषे मासु (ग्वालस्यो) ग्रहण गर्नुहास्

र, मिसी जाँडरक्सी ग्रहण गर्नुहोस्

र, माथि पितृहरू बस्ने ठाउँमा पो

मिसी पितृ न भएर

यथास्थान ग्रहण गर्नुहोस्

र, हामीले तपाइँहरूलाई पुकार्दा

आफ्नो आफ्नो स्थानमा गएर उभिनुहोस्

तर, अरु

नमाग्नुहोस् है पितृ हो ! (पृ. १३२-१३३)

प्रस्तुत स्योम्दीमा पितृले पनि हामी सबैलाई आफ्नो सम्झेर चढाएको रीतहरू सुँगुरको वारपारे चारवटा करङ, मुटुको मासु, आङको मासु, ग्वालस्यो, जाँड रक्सी सबै कुरा चढाइएको वा अर्पण गरिएको छ, त्यो पितृहरूले आ-आफ्नो ठाउँमा रहेर ग्रहण गर्नका लागि आग्रह गरिएको छ । मुन्दुमी धामी वा सहयोगीहरूले पुकार्दा आ-आफ्नै ठाउँमा रहनका लागि अनुरोध गर्दै नभएका कुराहरू, नचढाइएका कुराहरू नखोज्न, नमाग्नका लागि समेत अनुराध गरिएको पाइन्छ । आम थुलुङ राई समुदायमा पितृको अस्तित्वलाई स्वीकारिएको कारण हरेक पितृहरूले पनि अटेर गर्न नहुने र आफ्ना शाखा सन्तानको भलो हुने गरी साथ दिनु भन्ने कुरा विश्वदृष्टिको रूपमा स्थापित रहेको पाइन्छ । उनीहरूले पनि दुःख दिने गरी अन्य कुराहरू माग्न नमिल्ने र नमाग्ने कुरामा विश्वस्त गरिन्छ ।

थुलुङ राई समुदायमा आफूले गरेका मान सम्मानलाई बेवास्ता गरी दुःख दिन खोजेमा पितृलाई समेत रिसाएर हपारझपार गर्ने कराउने, धम्क्याउने काम गरिएको पाइन्छ । मुन्दुमी धामीले सबै रीत वा विधि पुऱ्याएर मान गर्दा पितृहरूले अटेर गरे गाली समेत गर्ने गरिएको पाइन्छ । थुलुङ राई समुदायमा मृत्युपश्चात्को अदृश्य शक्तिको अस्तित्वलाई स्वीकार गरिएको पाइन्छ । त्यसैले पितृहरूलाई मान गर्दा उनीहरूले पनि सही ठाउँमा रहनुपर्छ दुःख दिनु हुँदैन भन्ने विश्वदृष्टि निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

ओ, मिसी
अझै पनि तपाइँहरू
बाबु, बाजे, पिर्तहरू सबै
इच्छा चाहाना नगरीकन
तपाइँहरू नआईकन
सुँगुरको चारवटा वारपारे करङ
ग्रहण गर्नु भएन
मुटु, आङको मासु पनि ग्रहण गर्नुभएन
र, यो जाँडरक्सी पनि ग्रहण गर्नुभएन
र, शत्रु नै भइटोपल्नुभयो भने त
हामीले तपाइँहरूको नाम पुकार्दाखेरि
माथि पितृ बस्ने ठाउँमा
नबसेर, नउभिएर
उता अन्तै जानुहोस्
है, पितृ हो ! (पृ. १३३)

प्रस्तुत स्योम्दी वा रिसियामा पितृहरूले भनेको नमानी परपर जाने, पितृ प्रसाद अर्पण गरेको ग्रहण नगरी अटेर गरेर पितृहरू रहेको अवस्थाम मुन्दुमी पुर्खाहरू रिसाउने गरिएको पाइन्छ । सुँगुरको वारपारे चार वटा करङ, मुटु, आङको मासु, जाँड रक्सी केही पनि गर्नु भएन भने, हामीले यत्तिका धेरै मानसम्मान गरेर पुकार्दा पनि पितृले पितृ बस्ने ठाउँमा नबसी, नरही दुःख दिने गरी कतै जाने हो भने अब उतै अन्तै जानू, यहाँ नआउनू, हामी मान्दैनौँ, सुन्दैनौँ; होइन भने त भनेको मान्नुपर्छ, बुझ्नुपर्छ । हामीलाई दुःख दिन मिल्दैन, हुँदैन भन्दै स्योम्दी गरिएका पाइन्छ ।

आम थुलुङ समुदायमा पितृहरूले भनेका नमान्दा यसरी पनि मुन्दुमी पुर्खा वा धामीले भन्ने वा रिसाएर गाली गर्ने गरिएको पाइन्छ । पितृले पनि सबैकुरा बुझ्नुपर्ने, भनेको मान्नुपर्ने, आम जनविश्वास रहेको पाइन्छ । कुलपितृलाई पनि मान सम्मान गर्नुपर्ने, उनीहरूले पनि मानसम्मानलाई बुझेर स्वीकार गरी ग्रहण गरेर अरुलाई दुःख दिन नहुने जस्ता विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । आफ्ना पितृलाई अर्पण गरेका प्रसादहरू ग्रहण गरेर बस्नुहोस्, भन्दै निम्न स्योम्दी गरेको पाइन्छ :

ओ, मिसी
तपाईंहरू त
सुँगुरको चारवटा वारपारे करङ ग्रहण गर्नुहोस्
आङको मासु ग्रहण गर्नुहोस्
सुँगुरको जाली बोसो ग्रहण गर्नुहोस्
जाँडरक्सी ग्रहण गर्नुहोस्
र, यो सबै चिण्डो पनि ग्रहण गर्नुहोस्
र, माथि पितृ बस्ने ठाउँमा
हामीले पुकार्दा, यथास्थान ग्रहण गरेर बस्नुहोस्
कतै भागेर नजानुहोस्
पितृ हो ! (पृ. १३४)

प्रस्तुत स्योम्दीमा चुलो पर्स्याउँदा पितृहरूलाई राखिएको सुँगुरको चार वटा वारपारे करङ, आङको मासु, जाली बोसो, जाँडरक्सी चिण्डोसहितको यो विधिपूर्वक राखिको सबै प्रसाद पितृहरूले यथास्थानमा वा पितृ बस्ने ठाउँमै बसेर हामीले पुकार गर्दा, अनुरोध गर्दा यो सबै चिज ग्रहण गर्नुपर्ने मान्यता रहेको पाइन्छ । पितृहरूले पनि आ-आफ्नो ठाउँमा नबसी भागेर वा दुःख दिने गरी कतै जान नपाइने मान्यता रहेको पाइन्छ। ।

थुलुङ राई समुदायमा चलो, पितृलाई मानसम्मान, गरिएको पाइन्छ । चुलो थुलुङ राई जातिको पवित आस्थाको केन्द्र भएकोले यसलाई सिङ्गो घर, परिवार, वा सबै व्यवहारको मियोको रूपमा लिएर पूजा गर्ने गरिएको पाइन्छ । यसको इज्जत वा सम्मान नगर्दा सबै कुरा नराम्रो हुँदै जाने, सब्बेफाब्बे नहुने, अनिष्ट आइपर्ने, घरपरिवारमा नराम्रो हुने लगायत धेरै कुराहरूमा नराम्रो असर पर्ने भएकाले आफ्नो कुलपितृ वा चुलोलाई असर

पर्ने गतिविधि वा काम, सोच गर्न नहुने आम थुलुङ राई समुदायमा रहेको मान्यतालाई माथिको स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.५.१ 'भ' पितृ प्रसाद खाँदा गाइने स्योम्दी वा रिसियामा विश्वदृष्टि

थुलुङ राई समुदायमा गरिने विवाहको विधि अन्तर्गत छोर्स्यो पोल्दा राखिएको प्रसाद वा अन्य विधि गर्दा राखिएको पितृप्रसाद खान मिल्ने खोलोमे पुर्खाहरूले मात्रै खान मिल्ने मान्यता रहेको पाइन्छ । पितृ प्रसाद पकाएर खानुपूर्व निमन स्योम्दी वा रिसिया गरिएका पाइन्छ :

ओ, मिसी
यहाँ सबै रिस, ईर्ष्या, डाहा, उपद्रवहरू
हामीले सबै बढार्दाखेरि, खेद्दाखेरि
माथि हिमालमा
त्यो डाँडापारि
सबै खेदिदिनुहोस्, बढारिदिनुहोस्
र, सबै भूतप्रेत, बोक्सी डाइनी
रिस, ईर्ष्या, डाहा, श्रापहरू
यदि छन् भने
तलतिर भए, समुद्रमा
माथितिर भए, हिमालपारि
खेदिदिनुहोस् है !
बढारिदिनुहोस् है !
पितृ हो ! (पृ. १३४-१३५)

प्रस्तुत रिसिया वा स्योम्दीमा कुलपितृसँगै आग्रह राखिएको पाइन्छ । खोलोमे पुर्खाहरूले पितृप्रसाद खाँदा कसैले रिस, ईर्ष्या, डाह वा उपद्रो गरेमा पुर्खाहरूले गाली गर्दा, खेद्दा, हिमालपारि वा डाँडापारि नै लखेटिदिनु, बढारिदिनु भन्दै पितृलाई आग्रह गर्ने गरिएको पाइन्छ । त्यस पितृप्रसाद खाँदा त्यहाँ रहेका दुःख दिने भूतप्रेतहरू, बोक्सी डाइनीहरूले रिस ईर्ष्या गर्लान्, श्राप गर्न सक्लान्, डाह गर्न सक्लान्, तिनीहरू यता भए खेदिदिनुहोस्, तलतिर भए माथि आउन नसक्ने गरी समुद्रतिर, माथितिर भए तल आउन नसक्ने गरी हिमाल पारि

नै लखेटिदिनुहोस्, भन्दै आफ्ना पितृहरूसँग अनुरोध गरिएको पाइन्छ । कसले केही खाँदा अरु नराम्राहरूले रिस गर्न सक्ने, डाह गर्न सक्ने वा श्राप पनि दिन वा गर्न सक्ने भएकाले बेलैमा  ती खराब तत्त्वलाई पन्छ्याउनु पर्छ भन्ने विश्वदृष्टि प्रस्तुत रिसियामा रहेको पाइन्छ ।

खोलोमे पुर्खाहरूले पितृप्रसाद तयार  गरी खाइसकेपछि मुन्दुमी धामीले ती खोलोमेहरूको  शिशर उभ्याउनीको लागि निम्न स्योम्दी (रिसिया) गरेको पाइन्छ :

ओ, मिसी
बाबु, बाजे, बजू, पितृहरू सबैको पुकारा गर्‍यौँ
तपाईँहरूको इच्छा चाहाना शुभेच्छा त
हाम्रो मुन्दुमी
मुन्दुमी धामीको दाजुभाइ सबैमा नै पो
जुरेको रहेछ
त्यसैले धामीका सहयोगीहरूको शिर उभ्याइदिनुहोस्
सम्मान गर्नुहोस्
त्यसै गरी दाजुभाइ, दिदीबहिनीहरूको र छोरीचेलीहरूको
शिर उठाउँदाखेरि शिरै उठोस्
र, आत्माबल बढेर जाओस्
सान्त्वना मिलोस्
र, हिमालजस्तै उच्च होस्
समुद्रजस्तै फराकिलो होस्
र, सबै सबैमा
संमृद्धि छाओस्
है, पितृ हो !                    (पृ. १३५-१३६)

प्रस्तुत स्योम्दीमा  पितृप्रसाद खाएपछि खोलोमे पुर्खाहरूको शिर उभ्याउनी गरिएको पाइन्छ । आफ्ना पितृ पुर्खाहरूको लागि धेरै लामो समयसम्म पुकार गरेपछि पितृहरूको इच्छा चाहाना वा  शुभेच्छा ठानेर मुन्दुमी धामी वा  पुर्खाहरूलाइ नै जुरेको रहेछ भन्दै सबै मुन्दुमी पुर्खाहरूको शिर नढलोस्, उनीहरूलाई कुनै अफठ्यारा आइनपरोस्, भन्दै स्योम्दी गरिएको पाइन्छ । अब सबैको सम्मान होस्, शिर उच्च भई नै रहोस् । त्यसै गरी दाजुभाइ

दिदी बहिनी, छोरीचेली सबैको शिर उठाउँदा सजिलैसँग शिर उठोस् भन्दै सबैको आत्मबल बढेर जाओस्, सबैलाई सान्त्वना मिलोस् भन्दै शुभेच्छा प्रकट गरिएको पाइन्छ । सबैको अस्तित्व हिमालजस्तै उच्च र  समुद्रजस्तै फराकिलो र गहिरो बनेर जाओस्, सबैसबैमा समृद्धि छाओस् भन्दै शुभेच्छा प्रकट गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा पितृहरूको शुभेच्छा भएमा सबैको आत्मबल बढेर जाने, हरेक कुरामा सान्त्वना मिल्ने, इज्जत वा अस्तित्व पनि हिमालजस्तै उच्च हुने, समुद्र जस्तै फराकिलो र गहिरो बन्दै गएर समृद्ध बन्न सकिने आम मान्यता रहेकोले प्रस्तुत स्योम्दीमा पनि यिनै विचारहरू विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

### २.३.५.१ 'ञ' थुलुङ मुन्दुममा छुक मन्साउँदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ मुन्दुममा विवाहकै एउटा श्रृङ्खलामा आउने विधि छुक मन्साउने विधि हो । श्राप मन्साउने, ग्रहदशा वा दोष मन्साउने पनि भनिएको पाइन्छ । विवाहपूर्व केटा वा केटीको अरु नै कसैसँग मन परापर वा एकोहोरो मन पराइएको  पनि हुनसक्छ । यसलाई स्वाभाविक रूपमा थुलुल राई समुदायमा लिने गरिएको पाइन्छ । किनभने विवाह कोसँग गरिन्छ ? भन्ने कुराको टुङ्गो लागेकै हुँदैन । यसरी अरुसँग मन परापर वा मन पराइएकासँग वा अरुलाई नै मन पराउनेसँग विवाह हुँदा केटा वा केटीको ग्रह कमजोर भएमा उक्त विवाह अफाप वा नराम्रो हुने आम थुलुङ राई समुदायको मान्यता रहेको पाइन्छ । यस विधि गर्दा जन्ती विदा गर्नुपूर्व बेहुलीको घरभन्दा पर बेहुलाबेहुलीले क्रमशः तीर र खुर्पा समाएर बस्नुपर्छ । मुन्दुमी पुर्खाले बेल्स्यु चपाएर मुखले फरुरु गरी छुक मन्साउने (छ्युलमोम्) स्योम्दी वा रिसिया निम्न अनुसार गाउने गरिएको पाइन्छ :

थइ ! थइ ! थइ !<br>
ओ ! ह ... ह...ह...<br>
यहाँ त मिसी<br>
छोरी ज्वाइँको त<br>
शरीर वृद्धि भईकन<br>
शरीर विकास भईकन<br>
ढकमक्क जवानी फुलेछ<br>
आज त मिसी

त्यही ढकमक्क फलेको जवानी देखेर
माया प्रेम बसेछ
सम्बन्ध गाँसिएछ
वैवाहिक जीवनको सुरुवात भएछ ।　　　　　(पृ. १७१-१७२)

प्रस्तुत स्योम्दी (रिसिया)मा थुलुङ राई समुदायभित्र हुने विवाहमा छोरी(केटी) तर्फका मुन्दुमी पुर्खाले छुक मन्साउने स्योम्दी गर्ने गरिएको पाइन्छ । विवाहको लागि परिपक्व उमेर बन्नुलाई शरीर वृद्धि भएर ढकमक्क जवानी फुलेकोसँग तुलना गर्ने प्रचलन रहेको पाइन्छ । त्यही ढकमक्क फुलेको जवानी भएसँगै केटाकेटी एक अर्काविच मन परापर भएर मायाप्रेम बढेकोले यो वैवाहिक सम्बन्ध वा वैवाहिक जीवनको सुरुवात भएको छ, भन्दै स्योम्दी गर्ने गरिएको पाइन्छ । यसरी आम थुलुङ राई समुदायमा मात्रै नभएर शरीरले पनि आफू विवाहका निम्ति परिपक्व भएको सङ्केत फूल फुले जसरी नै ढकमक्क भएर आउने मान्यता विश्वदृष्टिको निर्माण भएको पाइन्छ । विवाहका निम्ति शरीरमा पनि जवानी आएपछि विवाह गर्न सक्ने गरी एक अर्काविच प्रेमिल सम्बन्धका लागि अग्रसर भएको पाइन्छ । जवानी बढेसँगै मन पर्ने पराउने वा परापर हुन सक्ने कुराहरू विश्वदृष्टिको रूपमा निम्न रिसिया (स्योम्दी) मा उल्लेख भएको पाइन्छ :

यहाँ यी छोरीज्वाइँको ढकमक्क फुलेको
जवानी देखेर माया गर्ने
प्रेम गर्नेहरू त अनेकौँ थए
भए तपानि सोचेजस्तो
उनीहरूसँगै वैवाहिक जीवनमा बाँधिन
नसकेको हुँदा रिसराग गरेको हुनसक्छ
त्यसो हुँदाखेरि
हातहतियारसँगै, धनुवाणसँगै
स्योम्दी बेल्स्यु फूलसँगै
राम्रो काम गर्दा रिसइबी नगरोस्
अशुभ नहोस्, शुभ होस्
था ! था ! था !
ओ ! ह ....ह....ह... ।　　　　　(पृ.१७२)

प्रस्तुत रिसिया वा स्योम्दीमा छोरी ज्वाइँ एक हुनुपूर्व दुवैको ढकमक्क फुलेको जवानी देखेर लोभिने, आकर्षित हुने, मन पराउने र माया प्रेम गर्न खोज्नेहरू धेरै हुन सक्छन् । तर पनि सोचेजस्तो, चाहेजस्तो नभएर, नपुगेर वा विवाह बन्धनमा बाँधिन नसकेकाले रिसराग हुनसक्छ । आँखा लगाइएको हुनसक्छ । भोलि कहीँकतै झैझगडा हुनसक्छ । मनमुटाव , बेमेल हुन पनि सक्छ, त्यसैले मुन्दुमी पुर्खाहरूले साक्षी राखेको हातहतियार, धनुवाण, बेल्स्युसँगै नराम्रो तत्त्वलाई हटाउँदै अब उप्रान्त रिसइबी नगर्नू, रिसराग नराख्नू, अब नराम्रो केही नहोस्, शुभलाभ मात्रै मिल्दै जाओस् भन्दै नव दाम्पत्य जोडीको भावी समय राम्रो  बनोस्, भन्ने शुभेच्छा प्रकट गरिएको पाइन्छ । यसरी आम थुलुङ राई समुदायमा विवाहपूर्व केटाकेटीलाई एक अर्कामा मन परापर गर्ने, मन पराउने धेरै हुन सक्ने तर अर्कैसँग विवाह हुँदा रिसराग वा इबी हुनसक्ने भएकाले त्यसलाई मन्साउने गर्नुपर्छ भन्ने विश्वदृष्टि रहेको पाइन्छ । नराम्रो कुरा वा सोचहरू हटाउँदा सहजै हटोस् भन्ने भाव भएको स्योम्दी निम्नानुसार रहेको पाइन्छ :

ईर्ष्या पुछ्दा ईर्ष्या नै पछियोस्  
डाहापीडा पुछ्दा डाहापीडा नै पुछियोस्  
कसरी पो पुछोस् भन्दाखेरि  
मुन्दुमी लयले पुछोस्  
बोलीबचनले पुछोस्  
हातहतियारले पुछोस्  
यी सबै सामग्रीले पुछोस्  
पुछ्दाखेरि साँच्चै पुछेजस्तो होस्  
र, पर भिरपाखाबाट तल खोलानालामा  
खसाल्दा सबै खोलानालामै खसोस्  
र, पुछियोस् ।                                   (पृ. १७२-१७३)

प्रस्तुत स्योम्दी वा रिसियामा मुन्दुमी पुर्खाहरूले स्योम्दीका माध्यमबाट अरुले गरेका ईर्ष्या, डाह, पीडा हटाउँदा सहजै ईर्ष्या हटेर जाओस्, डाह पीडा मेटिएर जाओस् भन्दै स्योम्दी गरिएको पाइन्छ । मुन्दुमी रिसियाको माध्यमबाट, बोलिचालीको माध्यमबाट, हातहतियारको माध्यमबाट यस्ता नराम्रा कुराहरू हटेर जाओस्, सकिएर जाओस् । त्यस्ता नराम्रा कुराहरूलाई खोलानालाले बगाएर सधैँको लागि लगेर जाओस्, भन्ने भावका साथ

प्रस्तुत स्योम्दी गरिएको पाइन्छ । उक्त स्योम्दीमा थुलुङ राईहरूको विवाहमा गरिएको छ्युलमोमु वा छुक मन्साउदा सबै नराम्रा तत्त्वहरू हटेर जानुपर्छ भन्ने विश्वदृष्टि रहेको पाइन्छ । अब छोरी ज्वाइँको वैवाहिक जीवन सफल बनोस् भन्दै मुन्दुमी पुर्खाबाट थप निम्न स्योम्दी गरिएको पाइन्छ :

यहाँ मैले छोरीज्वाइँको
वैवाहिक सम्बन्ध जोडिदिँदाखेरि, गाँसिदिँदाखेरि
यो वैवाहिक जीवन अनन्तसम्म सफल रहोस्
सुमधुर धनधान्य रहोस्
आशीर्वाद दिँदाखेरि फलोस् फुलोस्
खराब आचरण रोकिदिँदाखेरि
सबै रोकियोस्
असल आचरणहरूको विकास हुँदै जाओस्
र, दुवै जना छोरीज्वाइँको जीवन
सुखमय, संमृद्धशाली बनोस्
है !
थु !थु ! थु !
ओ ! ह...ह...ह... ! (पृ. १७३)

प्रस्तुत स्योम्दी वा रिसियामा थुलुङ राई समुदायमा विवाह गरी छोरीलाई ज्वाइँसँग पठाउने बेला गरिने छ्युल मोमु (छुक मन्साउने) मा आजदेखि वैवाहिक सम्बन्धबाट सुरुवात भएको दाम्पत्य जीवन अनन्तकालसम्म सफल, सुन्दर बनिरहोस् । यो दाम्पत्य जीवनमा धनदौलतले भरिपूर्ण छाइरहोस् । अभावहरू टरेर जाओस्, आगामी दिनहरूमा दुबैलाई सुब्बेफाब्बे वा फलोस् फुलोस् । उनीहरूको जीवनमा आइपर्ने जति पनि नराम्रा कुराहरू छन्, ती सबै सहज रूपमा पखालिएर, रोकिएर जाओस् । खराब आचरणहरू सदाका लागि हटेर जाओस् । उनीहरू दुबैजनामा असल बानी व्यहोरा वा आचरणहरू विकास भई छोरी ज्वाइको जीवन सुखमय बन्दै जाओस्, संमृद्ध बन्दै जाओस् भन्दै मुन्दुमी पुर्खाहरूले आशीर्वाद वा शुभकामना दिदै रिसिया वा स्योम्दी गाएको पाइन्छ । वास्तवमा आम थुलुङ राई समुदायमा हुने विवाहमा छोरीलाई ज्वाइँको घरमा पठाउने बेलामा गरिने यस छुक मन्साउने वा छ्युलमोमु स्योम्दीको माध्यमबाट छोरीज्वाइँको दाम्पत्य जीवन सुखमय, समृद्ध,

सफल र सुन्दर बनोस् भन्ने आशिष  वा शुभकामना दिनु थुलुङ राई समुदायको सिङ्गो मान्यताको रूपमा स्थापित विश्वदृष्टिलाई यस थुलुङ मुन्दुममा प्रस्तुत गरिएको पाइन्छ ।

### २.३.५.१ 'ट' थुलुङ मुन्दुममा बेहुलाबेहुलीको घरबाट भान्सेको शिर उभ्याउनी गर्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाह हुँदा विवाह कार्यमा भान्सेके जिम्मा पाई आगन्तुक सबैलाई रीतपूर्वक जाँडरक्सी, च्योके, खाना, पानी आदि सबै  खानेकुरा व्यवस्थित तरिकाले पकाएर, व्यवस्था गरेर सबैलाई नछुट्याईकन सोधिखोजी गरी खान दिने भान्सेलाई विवाहको घरको दुवैतर्फको कार्यको अन्तिम दुवै ठाउँमा शिर उभ्याउनी वा सम्मान गरिने संस्कार नै भान्सेहरूको शिर उभ्याउनी हो ।

थुलुङ राई समुदायमा शिशुको जन्म भइसकेपछि ऊ सामाजिक रूपमा एक्लो हुन सक्दैन । उनका परिवार समेतले सामाजिक संस्कार र कठिन अवस्थामा एक्लो महसुस हने गरी समाजले कुनै  पनि व्यवहार गर्दैन । जन्मदेखि मृत्युपूर्वसम्मका सांस्कारिक कर्मकाण्डमा समाजको प्रत्यक्ष रूपमा सहयोग रहने गर्दछ । कुनै घरमा हुने कर्मकाण्ड केवल त्यो परिवारको जिम्मेवारी, इज्जत तथा प्रतिष्ठाको विषय नभई त्यो सिङ्गो समाजको रूपमा लिएर त्यस कार्यलाई सबै मिलेर काम गर्ने प्रचलन रही आएको पाइन्छ । कर्मकाण्ड कहिले, कसरी गर्ने ? निम्तो कहाँ कहाँ र कसरी कसले गर्ने ? भान्सेहरू कोको रहने, दाउरा पातहरू कसकसले ल्याउने ? लगायतका सम्पूर्ण कार्यहरूको जिम्मेवारी बाँडफाँड गरी कार्य गर्ने प्रचलन रही आएको पाइन्छ ।

विशेष गरी निम्तारु पाहुना तथा गाउँले दाजुभाइहरूलाई खाना खुवाउने कार्यमा संलग्न भान्सेहरू, जाँड रक्सी भान्सेहरू, भाँडा सफा गर्ने सहयोगीहरूको काम तथा जिम्मेवारी बढी हुने भएकोले विशेष शिर उभ्याउनी संस्कार रहेको पाइन्छ । यस बेला पनि मुन्दुमी स्योम्दी (रिसिया) रहेको पाइन्छ ।  यो स्योम्दी पनि समुदायकै मुन्दुमी तर सबैभन्दा पाको पुर्खाबाट गर्ने गरिएको पाइन्छ । मुन्दुमी स्योम्दीबाटै शिर उभ्याउनी वा काम गर्दा भएको कष्टलाई मनन् गर्दै भान्सेहरूको शिर वा इज्जत माथि हुने गरी स्योम्दी गरिन्छ । त्यसो गर्दा सबै भान्सेहरूको शिर उभिने मान्यता रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा भान्सेहरूको शिर उभ्याउनी गर्दा गरिने स्योम्दी (रिसिया)को निम्नानुसार गरिएको पाइन्छ :

लहै, यहाँ त
सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेकी
छोरीचेली, छोरानाति हुनुहुन्छ
यहाँ त केबाट पो भन्दाखेरि
विवाह कार्यमा, शुभ कार्यमा
तपाईँरुले पूर्ण जिम्मेवार भई
खाना पकाउनेदेखि भाँडा धुने
सरसफाइ गर्ने
सम्पूर्ण पाहुनाहरूलाई खोजी खोजी नछुटाईकन
खानपिन गराउने । (पृ. १७४-१७५)

प्रस्तुत रिसियामा भान्सेहरूको शिर उभ्याउनी गर्दा त्यहाँ उपस्थित सबैको उपस्थितिमा गर्ने गरिन्छ । सम्पूर्ण गाउँले दाजुभाइ, छरछिमेक, इष्टमित्र, छोरीचेली, छोरानाति वा सबै शाखा सन्तान, परपाहुना हुनुहुन्छ भन्दै यस्तो शुभ विवाह कार्यमा भान्सेहरूले पुऱ्याएको योगदान वा पूरा गरेको जिम्मेवारीप्रति अत्यन्तै खुसी हुँदै खाना पकाउने, तरकारी पकाउने, अचार विचार तयार गर्ने, वितरण गर्ने र भाँडाकुँडा धुन वा सरसफाइ गर्ने सम्मले सम्पूर्ण आगन्तुकहरूलाई भोकै तिर्खै नबसून् भनेर खोजी खोजी, सोधखोज गरी कसैलाई पनि नछुटाईकन खानपिन गराउने सबैप्रति आभार प्रकट गरिने प्रचलन रहेको छ । यो आम थुलुङ राई समुदायमा स्थापित एक महत्वपूर्ण सांस्कारिक सामूहिक मान्यता भएकोले यो एक स्थापित विश्वदृष्टिको रूपमा रहेको पाइन्छ । यो प्रकृतिको सांस्कारिक गतिविधि वा कर्मको हजारौं वर्ष अघि निरन्तर रूपमा गरिदै गराउदै आएकोले यो आफैंमा उच्च स्तरको समानधर्मिता स्थापित भएको विश्वदृष्टिको उदाहरण मान्न सकिन्छ ।

थुलुङ राई समुदायमा आफ्नो संस्कारगत कामहरूमा पाहुना सत्कारको रूपमा खाना, चियाभन्दा पनि पहिले सौगातको रूपमा जाँड वा रक्सी बाड्ने वा दिने परम्परा रहेको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसेलाई जिम्मवारी नै तोक्ने गरिएको पाइन्छ । यसको लागि पनि भान्सेको रूपमा कसैलाई जिम्मेवारी नै तोक्ने गरिएको पाइन्छ । जसको अड्कल वा व्यवस्थापनमा विशेष भूमिका रहेको हुन्छ भने अरु सहयोगीले सहयोग गरिरहेका हुन्छन् । जाँड रक्सीलाई सौगातको रूपमा बाड्ने गरिएको पाइन्छ । कसैले पानीको

जिम्मेवारी पाएको हुन्छ, जसले सबैलाई पानी व्यवस्थापन गर्ने गरेका हुन्छन् । यो कुनै ठाउँ वा गाउँ विशेष नभई आम थुलुङ राई समुदायले यस्ता संस्कारगत परम्पराहरू मान्दै आउनु र सबैले यसै परम्परालाई स्वीकार्न, मान्नु र सामूहिक विश्वास वा स्वीकार हुनु आफैंमा एक विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ । मुख्य गरी भान्सेहरूले उक्त कार्यमा को आए ? को गए ? एकदमै ख्याल गरी उनीहरूको खानपिन भए नभएको समेत बुझेर खाना दिइएको पाइन्छ । यो सम्पूर्ण भान्सेको नै जिम्मा रहेको पाइन्छ । आउने जानेलाई खानपिन भए नभएको सोधखोज गरेरै भए पनि कसैलाई भोको राख्न नमिल्ने मानिन्छ । भान्सेले आगन्तुकहरूको ख्याल गर्दै खाना दिदा पुगेनपुगेको ? केही चाहेको भए सोधीसोधी भान्सेले दिनुपर्ने हुन्छ । यसरी उक्त कार्यमा उपस्थित वा आगन्तुकहरूले सन्तुष्टिका साथ खुसी अनुभूति गराउने जिम्मेवारी नै भान्सेको भएकोले भान्सेलाई सबैले मान गरेका हुन्छन् । यसलाई मुन्दुमी स्योम्दी वा रिसियामा निम्नानुसार व्यक्त गरिएको पाइन्छ :

जाँडको भान्सेले जाँडकै भान्से गरी
पानीको भान्सेले पानीले पुऱ्याई
ख्याल गरी को आउनुभयो ? को जानुभयो ?
हेरविचार गरी
आउने जानेले खानपिन गर्नुभयो कि भएन ?
कहाँ कहाँ के के पुग्यो, पुगेन ?
भनेर सारा कुराको हेक्का राखिदिने
तपाईंहरू नै पो मिसी । (पृ. १७५)

भान्सेहरू स्वभावैले थकित भएका हुन्छन् । दुःख र जिम्मेवारी पनि अरुको भन्दा बढी नै हुने गर्दछ । त्यसैले मुन्दुमी स्योम्दी वा रिसियाबाटै मुन्दुमी पुर्खाले सबै भान्सेहरूलाई कार्यको समापन वा भान्से विदाइ वा भान्सेको शिर उभ्याउनी कार्यक्रममा निम्न मुन्दुमी रिसिया वा स्योम्दीको माध्यमबाट व्यक्त गरेको पाइन्छ :

यति धेरै दुःख पाउनुभयो
काम गर्दा तपाईंहरूको हात पोल्यो होला !
खुट्टा पोल्यो होला !
भकोउनुभयो होला !
तिर्खाउनुभयो होला !

खानपिउन पनि नपाईकन पटुकीको भरमा
यति ठूलो कामकाज सम्पन्न गराइदिनु भयो
त्यसैले, बा ! बा ! हजुर !
त, तपाइँहरूप्रति अत्यन्तै आभारी छौँ
तपाइँहरूलाई धेरै धेरै धन्यवाद । (पृ. १७५-१७६)

प्रस्तुत रिसियामा भान्सेहरूको दुःख वा उनीहरूकको जिम्मेवारी, थकान र मेहेनतको उच्च सम्मान गर्दै भान्सेहरूले दुःख पाउनुभयो होला, काम गर्दै गर्दा शारीरिक पीडा भयो होला, खुट्टा पोल्यो होला, भोकभोकै काम गर्नुभयो होला, तिर्खाउनुभयो होला, भन्दै भान्सेको दुःखमा सहानुभूति प्रकट गर्दै मुन्दुमी पुर्खाहरूले स्योम्दी (रिसिया) गरेको पाइन्छ । वास्तवमा भान्सेले अरुलाई खुसी र सन्तुष्टि दिनका लागि काम गर्दागर्दै आफू नखाएरै भएर पनि, भोकभोकै बसेर पनि उक्त सांस्कारिक कार्य सम्पन्न गराइदिन ठूलो सहयोग गरेका पाइन्छन् । त्यसैले पनि पुर्खाहरूले उनीहरूलाई हातै जोडेर सम्मान गर्दै शिर उच्चो बनाइदिने स्योम्दीद्वारा भन्ने गरिएको पाइन्छ । यसरी भान्सेहरूप्रति सबै जना अत्यन्तै खुसी तथा आभारी रहेको कुरा प्रस्तुत गर्दै सबै भान्सेहरूलाई धन्यवाद दिने गरिएको पाइन्छ । यसरी भान्सेहरूको योगदान कै कारण कार्य सम्पन्न राम्रोसँग भएकोले सबै भान्सेहरूलाई यसरी नै उच्च सम्मान गर्दै शिर उभ्याइदिनु पर्ने र उनीहरूको दुःखमा आफ्नो सहानुभूति राखिदिनु पर्ने आम थुलुङ राई समुदायमा रही आएको पाइन्छ । त्यसैले पनि यो विश्वास वा मान्यतालाई उल्लेखित स्योम्दी वा रिसियामा विश्वदृष्टिको रूपमा प्रस्तुत भएको पाइन्छ ।

भान्सेहरूको जिम्मेवारी र उत्तरदायित्वलाई बाजे पुर्खाहरूले पनि अत्यन्तै सम्मान गर्दै यसरी भान्से कर्म वा जिम्मेवारी पाउनेहरूले त आफ्नो मन-दिमागले पनि देख्नुपर्ने, बुझ्नुपर्ने हुन्छ; भन्दै पेटले, मनले पनि आगन्तुकको सम्मान वा भोकलाई बुझ्ने-देख्ने गर्छ भन्दै निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

यसरी गरी ल्याउने तपाइँहरू जस्ताको त
मनले देख्छ, पेटले पनि देख्छ । (पृ. १७६)

यसरी प्रस्तुत स्योम्दी (रिसिया) मा भान्सेको जिम्मेवारीलाई थप मजबुद बनाइएको पाइन्छ । वास्तवमा भान्सेहरूले सबैको विचार वा मन बुझेर आगन्तुकहरूको भोक प्यास थाहा पाएर सबैलाई तृप्त बनाइनुपर्ने विचार आम थुलुङ समुदायमा रहेको पाइन्छ । यस मान्यता वा विश्वदृष्टिलाई माथिका रिसियामा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा यसरी कुनै पनि सांस्कारिक कार्य गर्दा भान्सेको भूमिकालाई उच्च सम्मानका साथ त्यो जिम्मवारी पालना गर्दैगर्दा खेपेका दःख वा शारीरिक कष्टलाई सहानुभूति प्रकट गरिएको हुन्छ । ती भान्सेहरूलाई शिर उभ्याउनीको निम्ति निम्न स्योम्दी वा रिसियामा प्रकट गरिएको पाइन्छ :

आफ्नो गर्ने भन्ने भए त, जाँड रक्सी टक्र्याएर
तपाइँहरूको नाममा मासु टक्र्याएर
शिर उभाउनी गर्नु अरे
पितृ मुन्दुम गर्नु अरे
त्यसो गर्दाखेरि
यो शुभकार्य त अझै राम्रो
अझै सुहाउँदो पो हुन्छ अरे
भनी मिसी, यस्सो
बालीबचनसँगै
यो तपाइँ दाजुभाइहरूको शिर उभाउनी गरेको
(दुई हात जोड्दै) है, बा ! बा ! हजुर ! (पृ. १७६)

प्रस्तुत थुलुङ मुन्दुमी रिसिया वा स्योम्दीमा भान्सेहरूको शिर उभ्याएर विदाउनी कार्यक्रममा आफ्नै सम्झिएर यस्तो दुःखपूर्ण काम गर्ने भान्सेहरूलाई जाँड रक्सी टक्र्याएर, उनीहरूकै नाममा मासु राखिदिएर पितृ मुन्दुमीबाटै शिर उभ्याउनी गर्नुपर्ने, कुरा व्यक्त गरिएको पाइन्छ । यसरी गर्दा शुभकार्यको इज्जत झनै बढ्ने वा सुहाउँदो हने कुरामा विश्वास गरिएको पाइन्छ । मुन्दुमी पुर्खाहरूले सबै सामानहरू भान्सेको अगाडि राख्दै आफ्नो बोलिबचनसँगै सबै भान्सेहरूको शिर उभ्याउने गरेको भन्दै दुबै हात जोडेर बा ! बा ! हजुर ! भन्ने गरिएको पाइन्छ । यस्तो परम्परा आम थुलुङ राई समुदायमा परापूर्वकालदेखि रही आएको पाइन्छ । माथिको रिसियामा आम थुलुङ समुदायको एक स्वीकार्य विश्वास वा मान्यताको रूपमा विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

### २.३.५.१ 'ठ' थुलुङ मुन्दुममा विवाहमा शिर उभ्याउनी विधिमा भान्सेले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा विवाह हुँदा भान्सेको भूमिकामा काम गर्ने भान्सेहरूको दुःख कष्ट वा थकानबाट विवाह कार्य सम्पन्न भएपछि भान्सेहरूको शिर उभ्याउने संस्कार रहेका पाइन्छ । थुलुङ समुदायमा कुनै पनि संस्कारजन्य कर्महरू गर्दा भान्सेहरूको महत्वपूर्ण जिममेवारी रहेको हुन्छ । भान्सेको जिम्मा कसकसलाई दिने भनेर तोक्ने काम आम भाइसल्लाहबाट हुने गर्दछ । भान्सेले पाएको जिम्मेवारी कष्टकर नै भए पनि पूरा गर्नै पर्छ । जाँडरक्सी, च्योके, खाना, पानी लगायत सबै सबै खानेकुराहरूको भान्से तोकिएको हुन्छ । जसमा मूल भान्से पनि तोकिएको हुन्छ । जसको अधीन वा निर्देशनमा अन्य भान्सेहरूले काम गर्नुपर्ने परम्परा रही आएको छ ।

थुलुङ राई समुदायमा बालकको लालिखा (विवाह) ड्युम्लाको अन्त्यमा भान्सेको विदाइ तथा शिर उभ्याउनी कार्यक्रममा पुर्खाहरूले मुन्दुमी स्योम्दीको माध्यमबाट सम्मानपूर्वक कोसेली वा रीतसँगै शिर उभ्याउनी गरिसकेपछि भान्सेहरूको तर्फबाट भान्से मुलीले पनि आफ्नै मुन्दुमी स्योम्दीबाट नै आफूहरूलाई दिइएको जिम्मेवारी वा प्राप्त कामहरू समाजमा बसेपछि सहर्ष स्वीकार गर्दै त्यसलाई आफ्नो सम्झेर बलबुँताले भ्याएसम्म राम्रो गर्नु पर्ने मान्यता वा परम्परा रहेको पाइन्छ । अरुले मानमनितो गरेको ठाउँमा आफ्नो अहम्ता वा घमण्ड नराख्ने, कामको शिलशिलामा चित्त नै दुखेको, पीडा नै भएको भए पनि बिर्सिएर क्षमाशील बन्नुपर्ने आम थुलुङ राई समुदायमा एउटा मान्यता नै स्थापित भइसकेको पाइन्छ । यसरी अरुले मानसम्मान गरेपछि त्यसलाई ग्रहण पनि गर्नुपर्ने आम थुलुङ समुदायमा एक विश्वदृष्टिको निर्माण भएको पाइन्छ । भान्सेले आफ्ना क्षमाशील गुण वा अति शालिनतापूर्वक आफ्ना विचारहरू निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

ए, बा ! बा !<br>
लौ, त !<br>
उसो भए त<br>
बाबु, आमा र गाजीहरूले त<br>
आज यहाँ केबाट पो भन्दाखेरि<br>
विवाह कार्यमा

खानपिन गरिदिने जाँडरक्सीको व्यवस्थापन

गरिदिने लगायत

सम्पूर्ण काम गरिदिनु भनेर पो

हामीलाई अह्राउनु भएका थियो

तोक्नुभएको थियो

बा ! बा ! हामीले त जाने बुझेसम्म

दिमागले भ्याएसम्म

गर्दै जाँदाखेरि भनेजस्तो नभए पनि

जानेनन्, गरेनन् भनेर

रिसराग नगर्नुहोला

चित्त नदुखाउनुहोला । (पृ. १७६-१७७)

प्रस्तुत मुन्दुमी स्योम्दीमा भान्सको तर्फबाट भान्सेमुलीले मुन्दुमी पुर्खाहरूबाट प्राप्त शिर उभ्याउनी रीतलाई स्वीकार्दै हामीलाई तपाइँहरूले नै यस विवाह संस्कार (लालिखा ड्युम्ला)को लागि खानपिन तथा जाँडरक्सी व्यवस्थापनका लागि विश्वास गरेर जिम्मेवारी दिनुभएको थियो । हामीलाई अह्राउनु भएको थियो । यस कामको लागि हामीलाई तोकेरै काम लगाउनु भएको थियो । त्यसलाई हामीले स्वीकार्दै सकेको, जानेको, बुझेको वा हाम्रो दिमागले भ्याएसम्म गर्न खाज्यौँ । काम गर्दै जाँदा तपाइँहरूले सोचेजस्तो, भनेजस्तो, खोजेजस्तो भएन होला । यिनीहरूले जानेनन्, गरेनन् भने सबैले रिसराग नगर्नुहोला, चित्त नदुखाउनुहोला; भन्दै सबैलाई विनम्रपूर्वक क्षमा मागेको पाइन्छ । यस व्यवहार वा संस्कार आम थुलुङ राई समुदायमा आफूले गरेको काम अरुको निम्ति सबै कुरा राम्रो नहुन पनि सक्छ, त्यस्तो परिस्थितिमा आफू क्षमा माग्नलाई पछि हट्नु नहुने, भन्ने एक मान्यता वा विश्वदृष्टिको रूपमा माथिको स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ ।

पुर्खाहरूबाट राखिएको शिर उभ्याउनी रीत वा कोसेलीलाई स्वीकार्दै मूल भान्सेले निम्न स्योम्दी वा रिसिया व्यक्त गरेको पाइन्छ :

तपाइँहरूले हाम्रो नाममा जाँडरक्सी गरेर

मासु गरेर

शिर उभ्याउनी गर्नुभएछ

हामी त बा ! बा ! यसै पनि भन्न सक्तैनौँ

जसरी तपाईंहरूको मनमा लागेको थियो
त्यसै गरी यहाँ
हाम्रो मानसम्मान गरेर
शिर उभ्याउनी गरेर
यी सबै चिजहरू राख्नुभयो । (पृ. १७७)

प्रस्तुत स्योम्दीमा भान्सेहरूको शिर उभ्याउनीको लागि सम्मानपूर्वक भान्सेहरूकै नाममा जाँडरक्सी, मासु लगायत अन्य कोसेलीहरू राख्ने गरिएको पाइन्छ । जसलाई भान्सेहरूले मुन्दुमी पुर्खाहरूलाई हाम्रो लागि राख्नुभएछ, भन्दै यी सबै चिजहरू राख्नुभएको छ, हामीलाई यति धेरै गर्नु पर्दैन थियो; राख्नुभए छ, अब हामी के भन्छौँ त हजुर, भन्दै एक प्रकारको खुसी भएको भाव प्रकट गरको पाइन्छ । वास्तवमा शिर नढलेको जो कोही पनि खुसी साथ रहन सक्छ । उसको शिर ढलेको मानिदैन । त्यसैले भान्सेहरू खुसी हुनु नै भान्सेहरूको शिर उभ्याउने र भान्सेहरूलाई खुसी पार्ने परम्पराको विकास हुँदै आएको पाइन्छ । उनीहरूको शिर नउभ्याउँदा त्यो कार्य नै नराम्रो हुने आम थुलुङ राई समुदायमा मान्यता रहेको पाइन्छ, जुन मान्यतालाई माथिका स्योम्दी वा रिसियामा विश्वदृष्टिको रुमा प्रस्तुत गरिएको पाइन्छ ।

विवाह संस्कार (लालिखा ड्युम्ला)को समापन चरण नै भान्सेहरूको शिर उभ्याउनी कार्यक्रमबाट हुने गर्दछ । यस कार्यक्रममा भान्सेको तर्फबाट भान्सेको मुलीले आफू र सबै भान्सेहरू खुसी हुँदै कार्य सम्पन्न गरिएको बच्चालाई आशीर्वाद दिदै निम्न थप स्योम्दी वा रिसिया गाउने गरिएको पाइन्छ :

त्यसै गरी सृष्टिकर्ताहरूले
पितृहरूले
पुर्खाहरूले
यहाँ हाम्रो
विवाह कार्यबाट
छोरी ज्वाइँको जीवनको
उत्तरोत्तर प्रगतिको कामना गरेका होऊन्
शुभेक्षा व्यक्त गरेका होऊन्
आमाबाबु, दाजुभाइ र दिदी बहिनीको

चित्त बुझाउने होऊन्

इज्जत धान्ने, मानमनितो गर्ने भई

उपकारी भावनाको होऊन्, है !                    (पृ. १७७-१७८)

प्रस्तुत रिसियामा भान्सेहरूको तर्फबाट यस विवाह संस्कार (लालिखा ड्युम्ला)मा यस धर्ती वा मानव सृष्टिकर्ताले छोरीज्वाइको लागि शक्ति दियोस्, राम्रोको लागि कामना गरोस्; साथै पितृपुर्खाहरूले पनि उनीहरूलाई आशिष तथा राम्रोको लागि कामना गरोस्, बेहुलाबेहुलीको आगामी जीवनको लागि शुभेच्छा प्रकट व्यक्त गरोस्, भन्दै पितृ पुर्खा र सृष्टिकर्तासँग प्रार्थना गरेको पाइन्छ । त्यतिमात्रै नभएर भोलिका दिनहरूमा आमाबाबु, दाजुभाइ, दिदी बहिनी वा आफन्त इष्टमित्रको चित्त बुझाउन सक्ने होऊन्, कुलको इज्जत धान्ने सबैलाई मानमनितो गर्ने र अरुले पनि मान्ने भएर जिउनु भन्दै आशिष दिइएको पाइन्छ । अरुको निम्ति केही गर्न सक्ने वा उपकारी र भलो गर्ने गुणले भरिएको एक महान् जोडी बनोस् भन्दै आशीर्वाद दिइएको पाइन्छ ।

यसरी एउटा बेहुलाबेहुलीलाई पुर्खा तथा भान्सेहरूले अत्यन्तै गहकिला आशीर्वादहरू दिइएको पाइन्छ । आम थुलुङ राई समुदायमै यसरी जोडीलाई आशीर्वाद दिने गरिएको पाइन्छ । विवाहमा बेहुलाबेहुलीलाई यस्तो अवस्थामा दिइएको आशीर्वाद लाग्ने र भविष्यमा राम्रो हुने मान्यता रहेको पाइन्छ । यो कुनै एक समाजमा मात्रै नभएर सिङ्गो थुलुङ राई समुदायमा यस मान्यतालाई स्वीकारिएको एक विश्वदृष्टिको रूपमा प्रस्तुत स्योम्दी वा रिसियामा रहेको पाइन्छ ।

### २.३.५.१ 'ङ' थुलुङ मुन्दुममा विवाह संस्कारमा गाउने स्योम्दी (रिसिया) मा रहेको समानधर्मिता

थुलुङ राई समुदायमा छोरा मानिसको जन्म भएपछि गरिने चौथो र महत्त्वपूर्ण कर्म लालिखा (विवाह) लाई मानिन्छ । यस सांस्कारिक कर्म परपूर्वकालबाट नै गर्दै आएको मानिन्छ । यस कर्म थुलुङ राई समदामयमा केटा र केटीको विवाहका लागि परिपक्व उमेर भएपछि गर्ने गरिन्छ । लालिखा संस्कारमा पनि केटाको तर्फ र केटीको तर्फ केही फरक र केही समान प्रकृतिका मुन्दुमी संस्कार वा रिसियाहरू रहेको पाइन्छ । यो मुन्दुमी स्योम्दी वा रिसियाहरू हजारौँ पुस्तादेखि गर्दै, मान्दै आएको पाइन्छ । विवाह कुटुम्ब चल्ने ठाउँमा केटी मगनीको लागि केटीको नजिक काका, बडा वा प्रतिनिधिसमेतको उपस्थितिमा केटीको

घरमा जाने गरिएको पाइन्छ । केटी मिलेसम्म कुटुम्बेरीसँग थप सम्बन्ध अगाडि बढाउने काम गरिएको पाइन्छ । केटीको बा आमा वा प्रतिनिधिले केटी मगनीको लागि लगिएको कोसेली छोएर स्वीकार गरिसकेपछि, आमाले वा आमाको प्रतिनिधिले छोरी (केटी) लाई चिना थैली दिदै यो संसारकै रीत ने यस्तै हो, भन्दै सम्झाइबुझाइ गर्ने गरिएको पाइन्छ । थुलुङ राई समुदायमा गरिने विवाहमा कलिया (लमी) को विशेष भूमिका रहेको पाइन्छ । दुवैतर्फ कुरा मिलाएर नयाँ जाडी बाँधिदिनका लागि कलियाले भूमिका खेलेको पाइन्छ । विवाह गर्दा वा गरेर ल्याउँदा, छोर्स्यो पोलेर पितृ वा चुलाको पूजा समेत गर्ने गरिएको पाइन्छ । त्यसपछि लक्षिन भित्राउने स्योम्दी वा संस्कार पनि गर्ने गरिन्छ । बेहलीको घरमा छुक मन्साउने वा ग्रहदशा समेत हटाउने गरिएको पाइन्छ । यी सबै संस्कारहरू र यससँग सम्बन्धित रिसिया वा स्योम्दीहरू अहिले बनाएको नभएर हजारौँ पुस्तादेख गर्दै गराउदै आइएको मानिन्छ । यस कर्ममा  दिइएको आशीर्वाद लाग्छ; भन्ने  विश्वास आजको मात्रै नभएर हजारौँ पुस्ता अघिदेखिकै विश्वास वा परम्परा रहेको मानिन्छ । विशेष गरी मुन्दुमी पुर्खा वा बाबुबाजेहरूले आशीर्वाद दिने गरिएको पाइन्छ । यो परापूर्वकाल अघिदेखि नै गरिदै आएको मानिन्छ । यस कर्ममा आगन्तुकहरूलाई  खाना खुवाउने वा  भोक तिर्खाबाट जोगाउनका लागि भान्सेहरूको जिम्मेवारीसमेत बाँडफाँड गरिएको हुन्छ । उनीहरूले आफूले जानेको, सकेको वा बुझेको जति राम्रो गर्ने प्रचलन रहेको पाइन्छ । उनीहरूमा रिसराग, घमण्ड वा तिक्ततापूर्ण कुनै पनि भावना पाइएको हुँदैन । यदि उनीहरूको यस्तो भावना नै भएको भए पनि कार्यक्रमको अन्त्यमा गरिने शिर उभ्याउनी कार्यक्रमसँगै  उनीहरूलाई खुसी पार्ने प्रचलन परापूर्वकालबाट  हालसम्म पनि गरिदै आएको पाइन्छ । भान्सेहरूले पनि आफूले अन्जानमा गरिएको गल्ती वा अरुको चाहाना अनुसार काम गर्न नसकेको भए पनि क्षमा माग्ने गरिएको पाइन्छ । भान्सेहरूले पनि नयाँ दाम्पत्य जोडीलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्ने प्रचलन मुन्दुमी रिसियामा र व्यवहार दुवैमा रहेकोले यसको समानधर्मिता उच्च रहेको पाइन्छ ।

## २.४ निष्कर्ष

थुलुङ राई जातिमा मानिसको जन्मपश्चात् आफ्नो मुन्दुमी संस्कारको सुरुवात भएको पाइन्छ । मुन्दुमी संस्कार नै थुलुङ राई जातिको जीवनपद्धति वा जीवनदर्शन रहेको पाइन्छ । विशेष गरी जन्म पूर्वका सांस्कारिक कर्मको खासै महत्त्व नरहे पनि जन्मपछि

आफ्नो मुन्दुमी संस्कारमा बाँधिनुपर्ने आम थुलुङ राई जातिमा रहेको संस्कारगत एकीकृत पद्धति रहेको पाइन्छ । जन्मपछिको पहिलो संस्कार न्वारान (नङ प्रमु) भएकोले यसबेला बालबालिकाले आफ्नो नामिक पहिचान पाएको हुन्छ । खासै ज्योतिषीय प्रणालीअनुसार नाम नराख्ने तर पितृपुर्खा तथा आफन्तको इच्छामुताविक राखिएको नाम मध्ये कुनै एक नामलाई नै स्वीकार गर्ने गरिएको पाइन्छ । दोस्रो संस्कारको रूपमा छोरा मानिसको लागि सेमखुर्मु र छोरी मानिसको लागि मच्चेम लोल्युम रहेको पाइन्छ । तेस्रो कर्मका रूपमा लालिखालाई मानिन्छ । यी सबै कर्ममा कर्ताको रूपमा रहेकालाई आशीर्वाद नै दिने काम हुन्छ । यी कर्महरूमा विशेष गरी पितृपुर्खाहरूको मुख्य भूमिका रहेको र भान्सेहरूको शिर उभ्याउनी जस्ता कामहरू प्रायः समान प्रकृतिका रहेका पाइन्छन् । यी मृत्युपूर्वका सम्पूर्ण कर्म वा संस्कारमा गाइने मुन्दुमी रिसिया वा स्योम्दी हरेक थुलुङ राई समुदायमा समान प्रकृतिका रहनु र सबैले यिनै मुन्दुमी रिसिया वा स्योम्दीलाई सामूहिक स्वीकार गर्नु संस्कारगत एकरुपतामा रहको विश्वदृष्टि पाइन्छ ।

## तेस्रो परिच्छेद

# किरात 'थुलुङ मुन्दुम' मा मृत्यु पश्चात्का संस्कारमा गाइने रिसियामा विश्वदृष्टि

### ३.१ विषयप्रवेश

थुलुङ राई समुदायमा मृत्यु संस्कारलाई मानिसको जीवनको मृत्युपछि गरिने अन्तिम संस्कार मानिएको पाइन्छ । मृत्युपश्चात् काजकिरिया बिजोडी दीन सातौं, नवौं, तेह्रौं वा अवस्था  र दोमासे (मृत्यु र काजकिरिया फरक फरक महिना हुने) नबनाउने प्रचलन रहको पाइन्छ । विशेष गरी कालगतिले भएको मृत्युलाई राम्रो मरणको रूपमा लिने गरिन्छ भने अकालमा भएको मृत्युलाई नराम्रो मृत्यु मान्ने गरिएको पाइन्छ ।

मृत्युपश्चात् सागरसम्मको संस्कारको लागि आवश्यक पर्ने  सामग्रीहरूमा दुई वर्षे हरियो दुई वटा बाँस, थाल बटुको, नाङ्लो, डालो, दुईवटा बिफ्ल्याँटो ढुँग्रो, भकिम्लोको हाँगा, बिँयासहितको एक माना चामल, धनुकाँण, कात्रो, मयुरको प्वाँख, सिस्नु, चोया, खर, टपरा, बँदिया, आगो, चोखोमर्चा (कुखुरा चल्लाको साट्टामा), पैसा, खुकुरी, फुटेको घैँटाको दुई फप्ल्याँटा  आदि रहेका छन् । लासलाई सम्पूर्ण संस्कारजन्य विधि अपनाए पछि मुन्दुमी पुर्खाका सहयोगीहरू (स्योम्दीच्यो, ख्वादिच्यो, च्वाइच्यो, र लुइच्यो) का साथमा मृतात्मालाई सम्झाउदै देहाय बमोजिमका  विधि र स्योम्दी (रिसिया) गाएको पाइन्छ ।

### ३.२ थुलुङ मुन्दुममा मृतकलाई सम्झाउदै गरिने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ समुदायका मानिसका मृत्यु पश्चात्  मुन्दुमी पुर्खा र उनका सहयोगीहरूले मृतकलाई निम्न रिसिया (स्योम्दी) को माध्यमबाट सम्झाएको पाइन्छ :

लहे, फलानौ(मुन्दुमीले मृतकलाई साइनोअनुसार सम्बोधन गर्ने)
यसो नहुनु थ्यो, भइहाल्यो
दुःख नमान, असन्तुष्टि नपोखाऊ
हामीबाट छुटेर जाँदाखेरि
तिम्रो ओछ्यान पनि छुट्यो
हाम्रो अनुहार मिल्दैन

जग्गा जमिन पनि छुट्यो

हामी फरक भयौँ

हामी छुटे पनि

हामीमाथि गुनासो नपोखाऊ

है, फलानौ !                    (पृ. २५६)

प्रस्तुत रिसिया वा स्योम्दीमा मृतकलाई सम्झाइएको पाइन्छ । जे भयो, त्यो नहुनुपर्थ्यो, वा मृत्यु भइगयो, अब मृतात्माले पनि दुःख मनाउनु हुँदैन, असन्तोष हुनुहुँदैन, भन्दै पुर्खाहरूले आफ्नो मृत्युमा कसैसँग पनि गुनासो नराख्न, दुःख नमान्न भन्दै स्योम्दी गरिएको पाइन्छ । मृत्यु भएपछि घर, परिवार, समाज, आफन्त, नरनाता, सबै सबैसँग छुट्टिएर जाँदै गर्दा मृतकले आफू जिउँदो हुँदाको आफ्नै ओछ्यान पनि छाडेर गएकोमा दुःखचाला नगर्नू भन्दै सम्झाउने गरेको प्रस्तुत स्योम्दीमा पाइन्छ । मृत्युपछि जिउँदाहरूका अनुहारसँग मृतकको अनुहार पनि नमिल्ने भन्दै उब उप्रान्त मृतकले आफ्ना सारा जग्गा जमिन, श्रीसम्पति पनि छुट्ने, जिवित हुँदासम्म सबै आफ्नो आफन्त भए पनि मृत्युसँगै सबै फरक भएर जाने हुँदा अब हामी पनि छुट्यौँ, फरक भयौँ, बाटो फरक भयो, अनुहार, समाज फरक भयो तर पनि हामीसँग कुनै गुनासो वा असन्तोष नमान भन्दै प्रस्तुत स्योम्दी गरिएको पाइन्छ । आम थुलुङ राई समुदायमा मानिसको मृत्युपश्चात् सबैकुराहरू फरक भएर जाने अनुहार, समाज, आफन्त, धनसम्पति, जग्गाजमिन सब फरक भएर छोडेर जानुपर्ने त कसैसँग पनि गुनासो राख्न नमिल्ने जस्ता विश्वदृष्टिहरू प्रस्तुत भएको पाइन्छ ।

### ३.३ थुलुङ मुन्दुममा मृतकसँग सम्बन्ध छुट्याउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा कसैको मृत्युपश्चात् मृतकसँग सम्बन्ध छुटाउनु पर्ने मान्यता रहेको छ । जिवित हुँदा भएका सम्बन्धहरू, दयामायाहरू सबै छोडेर जानुपर्ने मान्यता निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

लहै, फलानौ

तिम्रो त खाने पिउने सबै छुट्यो

रोगव्याधि सबै छुट्यो

दुःखपीडा छुट्यो

खराब बाटो नजाऊ

असल बाटो जाऊ

यहाँ हामी जानी नजानी

बुझी नबुझी

हामीले तिमीलाई सम्झाउँदै छौँ

बुझाउँदै छौँ

बुझ

हामीलाई दयामाया नगर

मरेपछि जाने ठाउँ कटुन्जे (मिङ्‌मादु, याङ्‌मादु, छिरिदु, मापादु) मा

जाऊ । (पृ. २५७)

प्रस्तुत रिसियामा मृत्युपश्चात् मृतक जिवित रहँदासम्मका सबैसँग छुट्टिएको हुन्छ । मृतकका खाने, बस्ने, पिउने सबै छुटेका हुन्छन्, मृत्युपश्चात् रोगब्याधिले पनि छोडिसकेको हुन्छ । दुःख पीडा सबै छुटिसकेको हुन्छ । त्यसैले मुन्दुमी पुर्खा र सहयोगीहरूले सम्झाउदै बुझाउदै मृतकलाई खराव बाटो नजान भन्दै आफ्नै पितृ पुर्खाहरू हिडेको राम्रो बाटो जान सम्झाएको पाइन्छ । मुन्दुमी पुर्खाहरूले आफूहरूले जानी नजानी, बुझी नबुझी बाध्यताले मृतात्मालाई सम्झाउँदै छौँ, बुझाउँदै छौँ, अब तिमीले बुझ्नुपर्छ, हामी कसैलाई पनि दयामाया गर्नुहँदैन । हामी फरक भइसक्यौँ, मरेपछि त नफर्कने बाटोलाग पछि त हाम्रो पितृपुर्खाहरू बाजेबराजुहरू भएको ठाउँ कटुन्जे मै जानुपर्ने भएकोले अब तिमी उतै जाऊ है, भन्दै सम्झाउदै बुझाउदै सम्बन्धहरू छुटाउने गरिएको पाइन्छ । मृत्युपश्चात् सबै कुराहरू सँगको सम्बन्ध तोडेर आफ्नो पितृहरू भएको ठाउँ कटुन्जे जानुपर्ने भन्ने मान्यतालाई यस स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ मुन्दुममा मृतकलाई मर्नुभन्दा अघि राख्न वा बचाउनका लागि हरेककुराले धेरै प्रयास गर्दा पनि नसकेको कुरा निम्न स्योम्दी वा रिसियामा रहेको पाइन्छ :

यहाँ कहाँ भन्दाखेरि

धुरीले तिमीलाई समाउन खोज्यो

समाउनै सकेन

बचाउन खोज्यो

बचाउनै सकेन

धुरीले बचाउन नसक्दा

तिम्रो खाने, बस्ने, पिउने पिरव्यथा छुट्यो
तिमीले त्यहीँ बाटो रोज्यौ
त्यसो हुँदाखेरि तिम्रो ओछ्यान छुट्यो
सिरानी छुट्यो
अनुहार पनि छुट्यो
हामी फरक भयौँ
तिम्रो जग्गाजमिन पनि छुट्यो
फरक भयो
सबैले बोलाउँदा पनि
उतै जाने मन गर्‍यौ ।        (पृ.२५७-२५८)

प्रस्तुत रिसिया (स्योम्दी) मा मृतकलाई मृत्युअघि आफ्नो घरको धुरीले रोक्न, समाउन खोजेको, बचाउन खोजेको तर पनि बचाउन नसकेकोले गर्दा मृतकका सबै कुराहरू खानेबस्ने, पिउने, पिरव्यथा, सिरानी, ओछ्यान, अनुहार, जग्गाजमिन, सबै कुरा छुटाएर उतै जाने मन गरेकाले अब सबै कुराहरूसँग छुट्नुपर्ने वा छुटिनुपर्ने कुरा प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । यसरी थुलुङ राई समुदायमा कसैले रोक्न नसकेपछि मृत्यु हुने र सबै कुरासँगको सम्बन्ध पनि तोडेर जानुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । यतिले मात्रै नभएर घरका धुरीका भाटा, बोलो, थाम सबैले समाउन खोज्दा पनि मृतकले उतै जान मन गरेकोले बचाउन नसकिएको कुरा निम्न स्योम्दीमा पनि रहेको पाइन्छ :

तिमीलाई धुरीले मात्रै होइन
भाटा, बोला,  र थामले पनि समाउन खोजे
समाउनै सकेनन्
त्यहीँ भएर  तिम्रो
ओछ्यान छुट्यो
तिम्रो खानेबस्ने छुट्यो
तिम्रो पिर व्यथा छुट्यो
तिमीले आफ्नै बाटो रोज्यौ
यता आऊ भन्दा पनि
उतै जाने मनसाय गर्‍यौ ।        (पृ. २५८)

मृतकलाई मृत्युअघि बचाउनका लागि कुल देवता, भऱ्याङ सबैले धेरै प्रयास गरेको कुरा निम्न स्योम्दी वा रिसियामा प्रस्तुत थुलुङ मुन्दुममा  रहेको पाइन्छ :

फेरि कहाँ केले
समाउन खोज्यो अरे भन्दाखेरि
कुलदेवताले समाउन खोज्यो
बचाउन खोज्यो
उसले पनि समाउनै सकेन
समाउन नसक्दाखेरि
तिम्रो त खानेबस्ने सबै छुट्यो
पिरव्यथा छुट्यो
तिमीले चोरबाटो रोज्यौ
तिमी जङ्गली पिशाच नै बन्न खोज्यौ
रुखहरू हल्लायौ
जङ्गल हल्लायौ
हल्लाउदाखेरि, आऊ भन्दाखेरि त
उतै जाने मनसाय भएछ ।
र यहाँ,
केले कहाँनेर समाउँछु बचाउँछु भनेर भन्दाखेरि
भऱ्याङले पनि समाउछु नै भन्यो रे
समाउनै सकेन
नसक्दाखेरि
तिम्रो खाने छुट्यो
रिसानी छुट्यो
पिरव्यथा छुट्यो
र यतै आऊ न भन्दाखेरि पनि
उतै जाने मनसाय गऱ्यौ
त्यहीँ बाटो रोज्यौ ।                    (पृ. २५९-२६०)

प्रस्तुत स्योम्दी वा रिसियामा मृतकलाई आफ्नो घरको कुलदेवताले, घरको भऱ्याङले समाउन खोजेको, बचाउन खोजेको तर नसकेको भन्दै मृतकले चोरबाटो रोजी खानेबस्ने, पिरव्यथा सबै कुरा त्यागी उतै जान मनसाय गरकोले अब मनुष्यको समाजभन्दा पर गएर पिशाच बनी उतै जाने ढिपीले गर्दा बचाउन नसकेको कुराहरू प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । साथै मृतकलाई रोक्न समाउन खोज्नेमा घरको बुर्खा कुनाले पनि रोक्न खोजेको तार नसकेको करा निम्न स्योम्दीमा रहेको पाइन्छ :

फरि, यहाँ केले कहानेर
समाउँछु, बचाउँछु भन्यो रे भन्दाखेरि
जाँडको घ्याम्पा राख्ने ठाउँ बुर्खाले पनि
बचाउँछु, समाउँछु भन्यो रे,
समाउनै सकेन, बचाउनै सकेन
नसक्दाखेरि तिम्रो
खानेबस्ने छुट्यो
पिरव्यथा छुट्यो
तिमीले त्यहीँ बाटो रोज्यौ
तिमीलाई वर आऊ भन्दा पनि
उतै जाने मनसाय गऱ्यौ
तिमीलाई उताका मान्छेले ढाँटेका थिए
उतैको  कुरामा विश्वास गऱ्यौ
सत्य मान्यौ, र हामी माथि विश्वास गरेनौ
ठिकै छ, उतै जाऊ, पितृहरूसँगै बस
त्यहीँ तिम्रो बोलिचाली मिल्ने, अनुहार मिल्ने त्यहीँ पो छन्
को को पो छन् ? भन्दाखेरि
तिम्रा बाजे छन्, बजु छन्
बाबु छन्, आमा छन्
छोरा छन्, छोरी छिन्
नाति छन्, नातिनी छिन्
तिम्रो सबै उतै छन्

तिम्रो यहाँ कोही पनि छैनन्
त्यसैले तिमी त्यहाँ गएर
बाबुबाजेको , आमाबाबुको, छोराछोरीको, नातिनातिनीको
काखमा गएर बस ।                    (पृ. १६०-१६१)

प्रस्तुत स्योम्दी वा रिसियामा मृत्युअघि घरको बुर्खा कुनाले पनि रोक्न-बचाउँन लागि  अनेक प्रयास गर्दा पनि नसक्दाखेरि खानेबस्ने, खेल्ने, पीर व्यथा सबैकुरा छुटेर नफर्कने बाटो रोजेर गएपछि, वर आऊ भन्दा पनि उतै जाने मन गरेपछि रोक्न नसकेको कुरा प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । मृतकले आफ्नो कुरा विश्वास नगरेर, उतैको ढाट कुरामा विश्वास गरी उतै जाने मन गरेकोले अब जे भयो, भई गयो । अब मृतकले  पनि पितृहरूसँगै  बस्नुपर्ने, उताकैसँग बोलिबचन मिल्ने भएकाले आफ्ना पितृहरू बाजेबजू, बाबुआमा, छोराछोरी, नातिनातिनी, जो जो पितृका रूपमा रहेका छन्, अब तिनीहरूसँगै बस्नुभन्दै अब मनुष्यको समाजमा मृतकका कोही पनि नभएकाले उतै पितृको काखमा बस्नू, भन्दै स्योम्दीमा  प्रस्तुत गरिएको पाइन्छ । यसरी थुलुङ राई समुदायमा मृत्युपश्चात् आफ्ना पितृहरू बोल्योम देल (कटुन्जे) मा रहेकाले उनीहरूकै साथमा रहनुपर्ने मान्यता  वा विश्वास रहेको पाइन्छ । जुन मान्यतालाई विश्वदृष्टिको रूपमा प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ ।

मृतकलाई मृत्युबाट रोक्नका लागि घरको पितृहरू बस्ने ठाउँ (दापेखोप, गुज्युखोम), सरङ सबैले  बचाउन वा रोक्नका लागि  अनेक प्रयास गरे तर  यो पनि सफल नभएपछि, मझेरीले, घरले, तीन चुलाले समेत रोक्न खोजेको कुरा  निम्न स्योम्दीमा रहेको पाइन्छ :

फेरि यहाँ केले कहाँनेर
समाउँछु, बचाउँछु भन्यो रे भन्दाखेरि
मझेरीले, घरले, तीन चुलाले पनि तिमीलाई
समाउँछु, बचाउँछु भन्यो अरे,
समाउनै, बचाउनै सकेन अरे
र, तिम्रो ओछ्यान छुट्यो
खोनेबस्ने छुट्यो
सिरानी छुट्यो, पिरव्यथा छुट्यो, जग्गाजमिन छुट्यो
तिमीले चोरबाटो रोज्यौ

यता आऊ भन्दा पनि उतै जान खोज्यौ
तिमीले सबै झुटकुराहरू सुन्यौ
हाम्रा कुराहरूको विश्वास नै गरेनौ
अब, बाबुबाजे भएकै ठाउँमा जाऊ
उता तिम्रो, बोलिचाली मिल्ने, अनुहार मिल्ने
बाजेबजू , बाबुआमा, छोराछोरी सबै उतै छन्
उतै जाऊ, उता गएर
बाजेबजूको
बाबुआमाको
काखमा बस । (पृ. २६२-२६३)

प्रस्तुत रिसियामा मृतकलाई जोगाउन लागि समाउन, बचाउन घरको मझेरी, घर, तीन चुला सबैले अनेक प्रयास गर्दा पनि नसकेकोले अबा मृतकको सुत्ने, ओछ्यान, खाने खेल्ने ठाउँ, रिसानी पिरव्यथा जग्गा जमिन सबैकुरा छोडेर मृतकले चोरबाटो रोजेको र यता नआई उतै गएपछि हामी भन्दा फरक बनेको कुरा स्योम्दीमा उल्लेख गरेको पाइन्छ । अब मृत्यु भए पछि मृतकले आफ्नो पितृ भएकै ठाउँमा गएर उनीहरूकै काखमा बस्नका लागि सम्झाइबुझाइ गरेको पाइन्छ । यसरी आम थुलुङ राई समुदायमा मृत्यु जिवितहरूको चाहाना नभएर घर, चुला, धुरी आदिको बचाउने प्रयास नभएर भएको होइन । अनेकौ प्रयास गर्दागर्दै पनि हुने मृत्युलाई सहज रूपमा स्वीकार गरी अब मृतकले पनि आफ्नो पितृ भएकै ठाउँमा गएर बस्नु पर्दछ, भन्ने आम मान्यतालाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

त्यसैगरी, एवम् रीतले नै मृत्युलाई रोक्नका लागि घरको मूलढोकाले पनि प्रयास गरेको मान्यता रहेको पाइन्छ । तर पनि मृतकले उतैको कुरामा विश्वास गर्नुले सम्भव नभएको कुरा उल्लेख गरिएको छ । अब पहिले बाँचेको संसारमा केही कुरा पनि मृतकको नरहेकोले आफ्ना बनेर बसेका त्यहीँ बोल्योमदेल (कटन्जे)मा बस्नू, भन्दै पितृ मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाइबुझाइ गरेको कुरा स्योम्दीमा रहेको छ । थुलुङ राई समुदायमा मृत्युबाट बचाउनका लागि सबै कुराले धेरै प्रयास गर्दा पनि मृतकले नफर्कने बाटो रोजेर गए पछि, उनीहरूले सबै थोकसँगको सम्बन्ध त्यागनुपर्ने र आफ्ना पितृहरूका

काखमा गएर बस्नुपर्ने, भन्ने विश्वासलाई सामूहिक मान्यता वा थुलुङ समुदायको मान्यतालाई विश्वदृष्टिको रूपमा माथिका स्योम्दीहरूमा प्रस्तुत गरिएको पाइन्छ ।

**३.४ थुलुङ मुन्दममा चिहान खन्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि**

थुलुङ राई समुदायमा मान्छेको मृत्युपश्चात् मृतकलाई सम्झाउने, बुझाउने, सम्बन्ध छुटाउने विधिपछि चिहान खन्न पहिले नै जाने गरिएको पाइन्छ । चिहानलाई थुलुङ समुदायमा स्युल्युम भन्ने गरिन्छ । स्युल्युम खन्नलाई मृत्युपूर्व मृतकले रोजेको ठाउँ वा घरपरिवारले रोजेको ठाउँमा नै प्रायः खन्ने गरिएको पाइन्छ । चिहान खन्न जाँदा वँदिया, अगुल्टो, जाँडको छोक्रा, चोखो मोर्चा पानी (कुखुरा चल्लाको सट्टा) आदि लिएर गई टाउको दक्षिणतर्फ पर्ने गरी वा भूगोल अनुसार उल्टो पर्ने गरी स्युल्युमको क्षेत्रमा रेखी हाली खन्ने संस्कार रहेको पाइन्छ । चिहानमा चारैपट्टि ठड्याएर राखिने ढुङ्गा हेर्लुङ र छोप्ने ढुङ्गालाई ख्रेम्लुङ भन्ने गरिन्छ । चिहान खन्दा निम्न स्योम्दी (रिसिया) गाउने गरिएको पाइन्छ :

लहै, फलानौ !
तिमीले यहीँ नेर आफू बस्नका लागि
यहीँ ठाउँ यहीँ जग्गा
ओगटेको रै'छौ
त्यसैले हामी यहीँ ठाउँमा
तिमीलाई घर बनाइ दिँदैछौँ
यो धर्ती खन्दैछौँ
यो जग्गा उधिन्दै छौँ
यहाँ जङ्गली सिकारी
जो जो छौ, छोड है
गुनासो नमान
ल है, पलानौँ ! (पृ.२६५-२६६)

प्रस्तुत स्योम्दी वा रिसियामा मृतकलाई मृत्युपश्चात् बस्नका लागि यहीँ ठाउँ रोजेको, चाहेको रहेछौ । अब यहीँ नै तिम्रो लागि घर (स्युल्युम) बनाउनका लागि जग्गा उधिन्दै छौँ । अब यस ठाउँ र वरपर भएका सबै जङ्गली सिकारी वा अरु जे जे छौ, सबैले

यो ठाउँ छोड । यो ठाउँ अबदेखि फलानोको लागि हो; भन्दै त्यहाँ रहेका पुराना अदृश्य कुराहरूलाई हटाउँदै अब मृतकलाई तिम्रो लागि यहीँ ठाउँमा स्युल्युम बनाइदिदै छौं । दुःख नमान है फलानौ भन्दै स्योम्दी गरिएको पाइन्छ । यसरी थुलुङ राई समुदायमा मृत्युपश्चात् मृतकले बस्ने ठाउँमा उसको लागि घर (स्युल्युम) बनाइदिने, त्यहाँ भएका अरु तत्वहरूलाई हटाउनुपर्ने र मृतकले पनि गुनासो नमानी बस्नुपर्ने जस्ता विश्वदृष्टिहरू प्रस्तुत गरिएका पाइन्छन् ।

### ३.५ थुलुङ मुन्दुममा घरभित्रबाट कटुन्जे (बोलेम्देल) पुऱ्याउँदा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि

थुलुङ राई समदायमा मृतकलाई राख्नका लागि स्युल्युम (चिहान) खनेर तयार पारिसकेपछि कसैले चिहान पर्खने र केही मृतकलाई लिनका लागि घर जाने गरिएको पाइन्छ । मृतकलाई ल्याइएको कात्रो थोरै भिजाएर लासलाई बेर्ने र दायाँबायाँ कोखमा मयुर वा कुखुराको प्वाँख लगाइदिने गरिएको पाइन्छ । मृतकलाई घैँटाको आधा फप्ल्याँटोमा अधकल्चो हुने गरी पकाइएको भात दिने र लास बोक्न बनाइएको बाँसको उल्टो भऱ्याङलाई लगी मृतकलाई त्यसमा तीन ठाउँमा चोयाले कस्ने प्रचलन रहेको पाइन्छ । उल्टै ढुङ्ग्राबाट चोखो मोर्चा र पानी खुवाए पछि मृतकलाई कटुन्जे (बोलेमदेल) पुऱ्याउनका लागि निम्न स्योम्दी वा रिसिया गर्ने गरिएको पाइन्छ :

मुक्लीबाट कहाँ जाऊ भन्दाखेरि
पुर्खाहरू भएको ठाउँमा जाऊ
आजदेखि बोली फरक भयो
वचन फरक भयो
मुन्दुमा भाषालय छुट्यो
खुवाइ छुट्यो
पियाइ छुट्यो
भौतिक शरीर पनि छुट्यो
बिछ्यौना छुट्यो
सिरानी छुट्यो
वनजङ्गल हेर, भीर पहारा हेर, रुख हेर

ठूलो ढुङ्गा हेर
हामी त बोलीवचनले
मुन्दुमी पुर्खाले
उता पुर्खाहरूका गाउँमा पुऱ्याउँदैछौं
त्यसबेला, खबरदार !
बाटामुनि, बाटामाथि
दायाँबायाँ नगरीकन जाऊ, है !
काँगेल जाउ
भूमिपूजा गर्ने ठाउँमा जाऊ
सल्लाह गर्ने ठाउँमा जाऊ
बोगोल हुँदै जाऊ
कहाँ जाऊ भन्दाखेरि
उता पुर्खाहरू बस्ने ठाउँमा जाऊ
उता पो तिम्रो खुवाइ मिल्ने
पियाइ मिल्ने, बोली मिल्ने, वचन मिल्ने, भाषालय मिल्ने
अनुहार मिल्ने
सबै छन्, उतै जाऊ ।                    (पृ.२६७-२६८)

प्रस्तुत रिसियामा थुलुङ राई समुदायमा मृत्युपश्चात् स्योम्दीकै माध्यमबाट जहाँ पितृहरू रहेका छन्, त्यहाँ पुऱ्याउने गरिएको पाइन्छ । थुलुङहरूको पितृहरूको ठाउँ कटुन्जे अर्थात बोलेमदेल मानिएकोले मृतकलाई स्योम्दीबाटै त्यहाँ पुऱ्याउने गरिएको पाइन्छ । थुलुङहरूको यलोखोम (काठमाडौँ) पश्चात्को आदिम थलो हाल सोलुखुम्बुको मुक्ली ( मुलीदेल) रहकोले थुलुङहरूको मृत्यु जहाँसुकै भए पनि मृतकको घरबाट मुक्ली वा मुलीदेल पुऱ्याइने र मुलीदेलबाट कटुन्जे पुऱ्याइने गरिएको पाइन्छ । यस स्योम्दीमा पनि मृतकलाई मुक्ली पुऱ्याइएको छ । मृतकले पिर्तहरू भएका ठाउँ कटुन्जे जानुपर्ने विश्वास गरिन्छ । किनभने मृतकको जिवित हुँदा सम्मको सबैसँगको सम्बन्ध टुटिसकेको हुन्छ । भाषा बोली फरक भएको हुन्छ । खुवाइ पियाइ, भौतिक शरीर सबै कुराहरू छुटिसकेको मानिन्छ । त्यसैले जिवित मुन्दुमी पुर्खाहरूले मुन्दुम गाउँदै गाउँदै उता मृतकका पितृहरू भएका ठाउँमा पुऱ्याउदै गरेको कुरा यस मुन्दुममा रहेको पाइन्छ । मुन्दुमी पुर्खाहरूले मृतक

पुर्खाहरूको ठाउँमा पुऱ्याउँदै गर्दा मृतकले पनि दायाँबायाँ नगरीकन जानुपर्ने, भनेको मान्नुपर्ने, कुरामा विश्वास गरिएको पाइन्छ । प्रस्तुत स्योम्दीमा मृतकलाई मुलीदेलबाट काँगेल हुँदै भूमिपूजा गर्ने ठाउँ, सल्लाह गर्ने ठाउँ, बोगोल हुँदै मुन्दुमी पुर्खाहरूले डोऱ्याएको देखाएको बाटो हुँदै अब, मृतकहरूको कुरा मिल्ने बोली मिल्ने, अनुहार मिल्ने आफ्नै पितृहरूको ठाउँमा जाऊ भन्दै पुर्खाहरूले अह्राएको पाइन्छ । यस स्योम्दीबाट के बुझ्न सकिन्छ भने थुलुङ राई जातिको मृत्युपश्चात् पनि अदृश्य अस्तित्वमाथि विश्वास गरिएको पाइन्छ । मृतात्माले पनि विधिपूर्वक स्योम्दीको माध्यमबाट सम्झाइबुझाइ गरेका कुराहरू बुझ्नुपर्ने जस्ता कुराहरू माथिका स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्ने खोला पुऱ्याउनु पूर्व निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

र, कहाँ जाऊ भन्दा सोलुखोला जाऊ
हाँस्दै हाँस्दै जाऊ
खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा उता
पुर्खाहरूका गाउँमा जाऊ
उता पो तिम्रो त, खुवाइ मिल्ने, पियाइ मिल्ने,
बोली मिल्ने, लवज मिल्ने, अनुहार पनि मिल्ने
सबै छन्, उतै जाऊ ।
र, कहाँ जाऊ भन्दाखेरि
सोलुखोलाबाट देउपुजे जाऊ, हाँस्दै हाँस्दै जाऊ
खुसी हुँदै हुँदे जाऊ, कहाँ जाऊ भन्दा उता
पुर्खाहरूको गाउँमा जाऊ, उता पो तिम्रो त
बोली मिल्ने, भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि, ख्याम्पुडाँडा हुँदै गैरी भन्ज्याङ जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा उत
पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त, भाषालय मिल्ने

अनुहार मिल्ने सबै छन् ।                                    (पृ. २६८-२७०)

प्रस्तुत स्योम्दीमा मृतकलाई मुन्दुमी पुर्खाहरूले  कटुन्जे पुऱ्याउने क्रममा सोलुखोला हँदै देउपुजे, ख्याम्पुडाँडादेखि गैरी भन्ज्याङसम्म पुऱ्याउँदा स्योम्दीकै मध्यमबाट मृतकलाई बाटामा हाँस्दै, खुसी हुँदै आफ्नो बोलीलवज, भाषा, अनुहार मिल्ने पितृहरूको ठाउँमा जानू भन्दै स्योम्दी गरिएको पाइन्छ । प्रस्तुत स्योम्दीमा  थुलुङ राईहरूको मृत्युपश्चात् कटुन्जे पुऱ्याने क्रममा  मृतकले मुन्दुमी पुर्खाहरूको निर्देशन बमोजिम सोलुखोला हँदै देउपुजे, ख्याम्पुडाँडा गैरी भन्ज्याङ हुँदै जानुपर्ने र बाटामा मृतकले खुसीसाथ रमाउदै, हाँस्दै जानुपर्छ भन्ने मान्यता विश्वदृष्टिको रूपमा प्रस्तुत भएका पाइन्छ ।

मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्नेखोला हुँदै देउराली, देउरालीमाथि चौतारीमा  बिसाउदै अगाडि लैजाने क्रममा निम्न स्योम्दी गाइएको पाइन्छ :

अनि, ठोट्ने खोला जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदैहुँदै जाऊ
कहाँ जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ, उता पो तिम्रो त
भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि, ठोट्ने खोला हुँदै देउराली जाऊ
हाँस्दै हाँस्दै  जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा त उता, पुर्खाहहरूको गाउँमा जाऊ
उता पो तिम्रो त, भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
अनि, उँभो जाऊ, अलिकमाथि जाऊ
डाँडामा निस्केर चौतारीमा बिसाऊ
त्यहाँ, भोक मेटाउ, प्यास मेटाउ, खाना किनेर खाऊ, खाजा किनेर खाऊ
त्यसपछि, गौबारी हुँदै चित्रे जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि लमीढुङ्गा जाऊ, हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।

अनि लमीढुङ्गा हुँदै मलुङखोला जाऊ

हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ

कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ

उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।     (पृ.२७०-२७२)

प्रस्तुत स्योम्दीमा मुन्दुमी पुर्खाहरूले मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्नेखोला, देउराली, देउरालीमाथि चौतारी, गहुँबारी, चित्रे हुँदै लमी ढुङ्गा, मोलुङखाला हुँदै अगाडि बढाइएको पाइन्छ । बाटामा भोकप्यास मेटाउँदै खाना किन्दै माग्दै जाऊ, खाँदै जाऊ, हाँस्दै जाऊ । सबै कुरा मृतकका मिल्ने उतै पितृहरूकै गाउँमा भएकाले  खुसी भएर जानुपर्छ भन्ने कुरा प्रस्तुत भएको पाइन्छ । यो यात्रा र यसका क्रमहरू आम थुलुङ राई समुदायमा विश्वास गरिने भएकाले विश्वदृष्टिको रूपमा व्यक्त भएका पाइन्छन् ।

थुलुङ मुन्दुममा मृतकलाई कटुन्जे सम्म पुऱ्याउँदा मोलुङ खोलापछि कटुन्जे आउने भएकाले त्यहाँ आफ्ना पितृहरूलाई भेट  गराएपछि  गरिने स्योम्दी निम्नानुसार रहेका छन् :

अनि, त्यहाँबाट कटुन्जे त्यहीँनेर हो

बाजेबजूसँग भेट गर, चिनजान गर, हामीले पठाएका कोसेली देऊ

र, सबैसँग मिलेर बस है, तिमीलाई हेला गरेर, छेउतिर पारे भने

तिमी आफैं बिचमा आउनू, भोक लाग्दा, तिर्खा लाग्दा

खानपिउन दिए भने, आफैं खोजी बनाइ खानू ।

अब, त हाम्रो सबै चिज छुट्यो, तिमीले चोरबाटो रोजिहाल्यौ,

झुटो नै विश्वास गरिहाल्यौ, अब त हामीले के पो गर्न सक्छौँ र ?

हामी नै हाऱ्यौँ, तिम्रो जित भयो

तिमी चाहिँ उतै बाजेबजूको  गाउँमा बास माग

उतै तिम्रो खुवाइ मिल्ने, बोलीवचन मिल्ने, अनुहार पनि मिल्ने सबै उतै छन्

उतै जाऊ, उतै बस

हामी त हाऱ्यौँ, खबरदार ! यता नआउनू

तिमी त उतै बाबुबाजेहरूको काखमा

उहाँहरूकै आसपासमा

समालिएर बस्नू,

है ! फलानौ ।                    (पृ. २७२-२७३)

प्रस्तुत स्योम्दीमा मृतकलाई रिसियाको माध्यमबाट कटुन्जे पुऱ्याए पछि, त्यहाँ आफ्ना पितृहरूसँग भेटघाट हुने भएकाले मृतकलाई सबैसँग चिनजान गर्नू, हामीले पठाएका कोसेली पनि सबैलाई दिनू, त्यहाँ सबैसँग मिलेर बस्नू, कसैले हेला गरी छेउतिर पारे आफैं विचमा आउनू, भोक तिर्खा लाग्दा कसैले खान पिउन दिएनन् भने, पनि आफैं खोजेर बनाएर खानू भन्दै मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाएको पाइन्छ । यी कुराहरू परापूर्वकालदेखि नै थुलुङ राई समुदायमा गरिदै आएको विश्वास र व्यवहारहरू हुन् । मृतकलाई अब मरेर गएपछि, सबै कुराहरू छुटेर जाने, सबै सम्बन्धहरू तोडिएर जाने मानिन्छ । मृतकले उतैको कुरालाई विश्वास गरी गएपछि अब हामीले यहाँभन्दा केही गर्न सकेनौं, हामी हाऱ्यौं, अब तिमी उतै बाजेबजूको काखमा बस । सबैकुरा उतै मिल्छ, अब फर्केर यता नआउनू, उतै पितृहरूसँग समालिएर बस्नू, भन्दै मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाइबुझाइ गरी बाटो लगाएको पाइन्छ । थुलुङ समुदायमा मृत्युपछि राम्रो बाटो लिएर जानुपर्ने, मुन्दुमी पुर्खाहरूले रिसियाको माध्यमबाट देखाएको बाटो र निर्देशनहरू पालना गर्दै खुसीसाथ आफ्ना पितृहरूको साथमा रहनु पर्ने जस्ता मृत्युपश्चात्का अदृश्य अस्तित्वसँग पनि मिलेर बस्न सक्नुपर्छ, भन्ने मान्यता रहेको पाइन्छ । जुन मान्यतालाई प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ३.६ थुलुङ मुन्दुममा मृतकलाई चिहानमा होलेपछि सातो निकाल्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा मानिसको मृत्युपश्चात् प्रायः आफ्नै जग्गा जमिनमा स्युल्युम (चिहान) बनाइ राख्ने संस्कार रहेको पाइन्छ । मृतकलाई चिहानभित्र हालेपछि खुट्टातर्फ उल्टो आठतले र टाउकोतिर सुल्टो साततले भकिम्लोको सानो सिस्नु राख्ने गरिएको पाइन्छ । चिहान छोप्ने काम गर्दा जसले तयार पारिएको हो, उनीहरूले नै छोप्ने र मुखतिरको ढुङ्गा ख्रेमलुङ उघारी उपस्थित इच्छुकले मृतकको नाममा बाटो खर्चको रूपमा पैसा दिने गरिएको पाइन्छ त्यसपछि ख्रेमलुडले छोप्ने गरिएको पाइन्छ । मृतकका भाँडाकुँडा, खुकुरी, खुरुम्बी शिरपट्टि राखी दिनुपर्छ । मृतकलाई अन्तिम मट्टी दिनका लागि घरका जेठा छोरा वा मुख्य मुलीबाट तीनपटक देब्रेहातले दिन सुरु गरी बाँकी क्रमशः उपस्थित मलामी सबैले एवम् रीत ले नै मट्टी दिने परम्परा रहेको पाइन्छ । मट्टी दिइसकेपछि मुन्दुमी धामीले उल्टोबाट बुनिएको महला देब्रे हातमा र उल्टो धनु, सिस्नु, ऐसेलुको काँडा

दाहिने हातले समाउर कुलको मुली, जग्गाजमिनको, घर, जाँडरक्सी, काम गर्ने महिला, साथीभाइ, कुलको धामी, भान्से आदि सबैको सातो महलामा निकाल्ने संस्कार रहेको पाइन्छ । सातो निकाल्दा वा उठाउँदा निम्न स्योम्दी गरिएको पाइन्छ :

यहाँ त कसको के छोड भन्दाखेरि
कुलको मुलीको सातो छोड, हंस छोड, कसरी केले छोड भन्दाखेरि
बोलीले छोड, पिरव्यथाले छोड, मुन्दुमले छोड, हातले समाएको छौ भने,

..............................................................................

तिम्रै घर पनि भत्काइदिन्छौँ, यो सम्फिबुफी, सबै छोड ।

यसरी नै क्रमशः एउटै तरिकाले,

यहाँ त कसको के छोड भन्दाखेरि
काम गर्ने दिदीबहिनी (रिमेपमे) को सातो छोड
.............................................सबै छोड ।
यहाँ त कसको के छोड भन्दाखेरि
दाजुभाइ (डोप्च्योछारी) को सातो छोड
.............................................सबै छोड ।
यहाँ त कसको के छोड भन्दाखेरि
कुलधामी (मुन्दुमी धामी) को सातो छोड
.............................................सबै छोड ।
यहाँ त कसको के छोड भन्दाखेरि
खाना तरकारी पकाउने (जामकेच्यो) को सातो छोड
.............................................सबै छोड । (पृ. २७५-२८१)

प्रस्तुत लामो स्योम्दीमा सबैको सातो उठाइएको छ, त्यो सबै एकै शैलीमा स्योम्दी वा रिसिया गर्ने गरिएको पाइन्छ । थुलुङ राई समुदायमा मृतकले जिवित मानिसहरूको, घरजग्गा आदिको सातो राखेको, लगेको हुनसक्ने मान्यता वा विश्वास गरिएको पाइन्छ । सातो लगेमा वा मृतकले राखेमा मानिसहरू बिरामी हुने, जग्गा जमिन नराम्रो हुने आदिमा विश्वास गरिएको पाइन्छ । त्यसैले प्रस्तुत स्योम्दीमा मृतकले सातो राखेको लगेको हुन सक्ने भएर नै मुन्दुमी पुर्खा वा धामीले विधिपूर्वक सातो उठाउने वा चिहानबाट निकालिएको

पाइन्छ । सातो नउठाएमा सातो गएको व्यक्ति नराम्रो हुने भएकोले सातो उठाउनै पर्ने विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ ।

मुन्दुमी धामीले प्रस्तुत स्योम्दीमा सातो निकाल्दा वा उठाउँदा कुलको मुली (मुलील्योसा)को सातो उठाउन सुरु गरेपछि क्रमश कमाइ लगाउने जग्गा, घर, जाँडरक्सी, दिदीबहिनी, दाजुभाइ, खाना पकाउने आदि सबैको सातो उठाइएको पाइन्छ ।

मुन्दुमी धामी (पुर्खा)ले सातो निकाल्दा वा उठाउदा मृतकले यदि कसैको सातो लगेको, राखेको छौ भने, सातो छोड, हंस छोड भन्दै अगाडि बढेको पाइन्छ । सातो वा हंस छोड्दा बोलीले, पिरव्यथाले, मुन्दुम सबैले छाड्नुपर्ने, हातले समाएको भए हातले छोडिदिनुपर्ने, मुन्दुमीलयले छाड्नुपर्ने, तर यदि मृतकले सातो नछोडे वा मृतकले सातो राखे मृतकले खिसिटिउरी गरिमाग्ने भन्दै मृतकको नामै काडेर गाली गर्नुपर्ला, थुक्नुपर्ला, नराम्रो गर्नुपर्ला, मृतकको घरै भत्काइदिने सम्मको धम्की मुन्दुमबाटै गरिएको पाइन्छ । त्यसैले मृतकले यो सबै कुरा सम्झिएर कसैको केहीको सातो लगी राखेको भए छाडिदिनुपर्ने आम थुलुङ राई समुदायको साझा विश्वास रहेको पाइन्छ । यसरी मृतकले आफ्नो भनेर कसैको वा केहीको पसातो लैजान सक्ने र मुन्दुमी स्योम्दीकै माध्यमबाट सातो उठाउने वा निकाल्ने तर मृतकले सातो नछाडे त्यसको थप मुन्दुमी उपचार स्वरूप कार्यबाही वा सजाय दिइने जस्ता आम थुलुङ राई समुदायको विश्वासलाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ३.७ थुलुङ मुन्दुममा मतकलाई चिहानमा गाडेपछि कटुन्जे पुऱ्याउँदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि :

थुलुङ राई समुदायमा मानिसको मृत्युपश्चात् विभिन्न विधिपूर्वक गरिने संस्कारपछि मृतकलाई चिहानभित्र गाडेर सातो निकालेपछि, बाँसको उल्टो डाँडाभाटा गरी खरले चिहानलाई ढाक्ने गरी छाइदिने परम्परा रहेको पाइन्छ । त्यसपछि मृतकलाई पुनः कटुन्जे पुऱ्याउने स्योम्दी गर्ने गरिएको पाइन्छ । जुन स्योम्दी पहिलेकै जसरी गर्ने गरिएको पाइन्छ ।

मुक्लीबाट कहाँ जाऊ भन्दाखेरि
पुर्खाहरू भएको ठाउँमा जाऊ
आजदेखि बोली फरक भयो
वचन फरक भयो

मुन्दुमि भाषालय छुट्यो

खुवाइ छुट्यो

पियाइ छुट्यो

भौतिक शरीर पनि छुट्यो

बिछ्यौना छुट्यो

सिरानी छुट्यो

वनजङ्गल हेर, भीर पहारा हेर, रुख हेर

ठूलो ढुङ्गा हेर

हामी त बोलीवचनले

मुन्दुमी पुर्खाले

उता पुर्खाहरूका गाउँमा पुऱ्याउँदैछौँ

त्यसबेला, खबरदार !

बाटामुनि, बाटामाथि

दायाँबायाँ नगरीकन जाऊ, है !

काँगेल जाउ

भूमिपूजा गर्ने ठाउँमा जाऊ

सल्लाह गर्ने ठाउँमा जाऊ

बोगोल हुँदै जाऊ

कहाँ जाऊ भन्दाखेरि

उता पुर्खाहरू बस्ने ठाउँमा जाऊ

उता पो तिम्रो खुवाइ मिल्ने

पियाइ मिल्ने, बोली मिल्ने, वचन मिल्ने, भाषालय मिल्ने

अनुहार मिल्ने

सबै छन्, उतै जाऊ । (पृ. २६७-२६८)

प्रस्तुत रिसियामा थुलुङ राई समुदायमा मृत्युपश्चात् स्योम्दीकै माध्यमबाट जहाँ पितृहरू रहेका छन्, त्यहाँ पुऱ्याउने गरिएको पाइन्छ । थुलुङहरूको पितृहरूको ठाउँ कटुन्जे अर्थात बोलेमदेल मानिएकोले मृतकलाई स्योम्दीबाटै त्यहाँ पुऱ्याउने गरिएको पाइन्छ । थुलुङहरूको यलोखोम (काठमाडौँ) पश्चात्को आदिम थलो हाल सोलुखुम्बुको मुक्ली

(मुलीदेल) रहकोले थुलुङहरूको मृत्यु जहाँसुकै भए पनि मृतकको घरबाट मुक्ली वा मुलीदेल पुऱ्याइने र मुलीदेलबाट कटुन्जे पुऱ्याइने गरिएको पाइन्छ । यस स्योम्दीमा पनि मृतकलाई मुक्ली पुऱ्याइएको छ । मृतकले पिर्तहरू भएका ठाउँ कटुन्जे जानुपर्ने विश्वास गरिन्छ । किनभने मृतकको जिवित हुँदा सम्मको सबैसँगको सम्बन्ध टुटिसकेको हुन्छ । भाषा बोली फरक भएको हुन्छ । खुवाइ पियाइ, भौतिक शरीर सबै कुराहरू छुटिसकेको मानिन्छ । त्यसैले जिवित मुन्दुमी पुर्खाहरूले मुन्दुम गाउँदै गाउँदै उता मृतकका पितृहरू भएका ठाउँमा पुऱ्याउदै गरेको कुरा यस मुन्दुममा रहेको पाइन्छ । मुन्दुमी पुर्खाहरूले मृतक पुर्खाहरूको ठाउँमा पुऱ्याउँदै गर्दा मृतकले पनि दायाँबायाँ नगरीकन जानुपर्ने, भनेको मान्नुपर्ने, कुरामा विश्वास गरिएको पाइन्छ । प्रस्तुत स्योम्दीमा मृतकलाई मुलीदेलबाट काँगेल हुँदै भूमिपूजा गर्ने ठाउँ, सल्लाह गर्ने ठाउँ, बोगोल हुँदै मुन्दुमी पुर्खाहरूले डोऱ्याएको देखाएको बाटो हुँदै अब, मृतकहरूको कुरा मिल्ने बोली मिल्ने, अनुहार मिल्ने आफ्नै पितृहरूको ठाउँमा जाऊ भन्दै पुर्खाहरूले अह्राएको पाइन्छ । यस स्योम्दीबाट के बुझ्न सकिन्छ भने थुलुङ राई जातिको मृत्युपश्चात् पनि अदृश्य अस्तित्वमाथि विश्वास गरिएको पाइन्छ । मृतात्माले पनि विधिपूर्वक स्योम्दीको माध्यमबाट सम्झाइबुझाइ गरेका कुराहरू बुझ्नुपर्ने जस्ता कुराहरू माथिका स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्ने खोला पुऱ्याउनु पूर्व निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

र, कहाँ जाऊ भन्दा सोलुखोला जाऊ
हाँस्दै हाँस्दै जाऊ
खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा उता
पुर्खाहरूका गाउँमा जाऊ
उता पो तिम्रो त, खुवाइ मिल्ने, पियाइ मिल्ने,
बोली मिल्ने, लवज मिल्ने, अनुहार पनि मिल्ने
सबै छन्, उतै जाऊ ।
र, कहाँ जाऊ भन्दाखेरि
सोलुखोलाबाट देउपुजे जाऊ, हाँस्दै हाँस्दै जाऊ
खुसी हुँदै हुँदे जाऊ, कहाँ जाऊ भन्दा उता

पुर्खाहरूको गाउँमा जाऊ, उता पो तिम्रो त
बोली मिल्ने, भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि, ख्याम्पुडाँडा हुँदै गैरी भन्ज्याङ जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा उत
पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त, भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् । (पृ. २६८-२७०)

प्रस्तुत स्योम्दीमा मृतकलाई मुन्दुमी पुर्खाहरूले कटुन्जे पुऱ्याउने क्रममा सोलुखोला हँदै देउपुजे, ख्याम्पुडाँडादेखि गैरी भन्ज्याङसम्म पुऱ्याउँदा स्योम्दीकै मध्यमबाट मृतकलाई बाटामा हाँस्दै, खुसी हुँदै आफ्नो बोलीलवज, भाषा, अनुहार मिल्ने पितृहरूको ठाउँमा जानू भन्दै स्योम्दी गरिएको पाइन्छ । प्रस्तुत स्योम्दीमा थुलुङ राईहरूको मृत्युपश्चात् कटुन्जे पुऱ्याने क्रममा मृतकले मुन्दुमी पुर्खाहरूको निर्देशन बमोजिम सोलुखोला हँदै देउपुजे, ख्याम्पुडाँडा गैरी भन्ज्याङ हुँदै जानुपर्ने र बाटामा मृतकले खुसीसाथ रमाउदै, हाँस्दै जानुपर्छ भन्ने मान्यता विश्वदृष्टिको रूपमा प्रस्तुत भएका पाइन्छ ।

मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्नेखोला हुँदै देउराली, देउरालीमाथि चौतारीमा बिसाउदै अगाडि लैजाने क्रममा निम्न स्योम्दी गाइएको पाइन्छ :

अनि, ठोट्ने खोला जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदैहुँदै जाऊ
कहाँ जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ, उता पो तिम्रो त
भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि, ठोट्ने खोला हुँदै देउराली जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ जाऊ भन्दा त उता, पुर्खाहहरूको गाउँमा जाऊ
उता पो तिम्रो त, भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
अनि, उँभो जाऊ, अलिकमाथि जाऊ
डाँडामा निस्केर चौतारीमा बिसाऊ
त्यहाँ, भोक मेटाउ, प्यास मेटाउ, खाना किनेर खाऊ, खाजा किनेर खाऊ
त्यसपछि, गौबारी हुँदै चित्रे जाऊ

हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
त्यसपछि लमीढुङ्गा जाऊ, हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् ।
अनि लमीढुङ्गा हुँदै मलुङखोला जाऊ
हाँस्दै हाँस्दै जाऊ, खुसी हुँदै हुँदै जाऊ
कहाँ, जाऊ भन्दा उता, पुर्खाहरूको गाउँमा जाऊ
उता पो तिम्रो त भाषालय मिल्ने, अनुहार मिल्ने सबै छन् । (पृ. २७०-२७२)

प्रस्तुत स्योम्दीमा मुन्दुमी पुर्खाहरूले मृतकलाई कटुन्जे पुऱ्याउने क्रममा ठोट्नेखोला, देउराली, देउरालीमाथि चौतारी, गहुँबारी, चित्रे हुँदै लमी ढुङ्गा, मोलुङखाला हुँदै अगाडि बढाइएको पाइन्छ । बाटामा भोकप्यास मेटाउँदै खाना किन्दै माग्दै जाऊ, खाँदै जाऊ, हाँस्दै जाऊ । सबै कुरा मृतकका मिल्ने उतै पितृहरूकै गाउँमा भएकाले खुसी भएर जानुपर्छ भन्ने कुरा प्रस्तुत भएको पाइन्छ । यो यात्रा र यसका क्रमहरू आम थुलुङ राई समुदायमा विश्वास गरिने भएकाले विश्वदृष्टिको रूपमा व्यक्त भएका पाइन्छन् ।

थुलुङ मुन्दुममा मृतकलाई कटुन्जे सम्म पुऱ्याउँदा मोलुङ खोलापछि कटुन्जे आउने भएकाले त्यहाँ आफ्ना पितृहरूलाई भेट गराएपछि गरिने स्योम्दी निम्नानुसार रहेका छन् :

अनि, त्यहाँबाट कटुन्जे त्यहीँनेर हो
बाजेबजूसँग भेट गर, चिनजान गर, हामीले पठाएका कोसेली देऊ
र, सबैसँग मिलेर बस है, तिमीलाई हेला गरेर, छेउतिर पारे भने
तिमी आफैँ बिचमा आउनू, भोक लाग्दा, तिर्खा लाग्दा
खानपिउन दिए भने, आफैँ खोजी बनाइ खानू ।
अब, त हाम्रो सबै चिज छुट्यो, तिमीले चोरबाटो रोजिहाल्यौ,
झुटो नै विश्वास गरिहाल्यौ, अब त हामीले के पो गर्न सक्छौँ र ?
हामी नै हाऱ्यौँ, तिम्रो जित भयो
तिमी चाहिँ उतै बाजेबजूको गाउँमा बास माग
उतै तिम्रो खुवाइ मिल्ने, बोलीवचन मिल्ने, अनुहार पनि मिल्ने सबै उतै छन्

उतै जाऊ, उतै बस

हामी त हार्‍यौं, खबरदार ! यता नआउनू

तिमी त उतै बाबुबाजेहरूको काखमा

उहाँहरूकै आसपासमा

समालिएर बस्नू,

है ! फलानौ । (पृ. २७२-२७३)

प्रस्तुत स्योम्दीमा मृतकलाई रिसियाको माध्यमबाट कटुन्जे पुर्‍याए पछि, त्यहाँ आफ्ना पितृहरूसँग भेटघाट हुने भएकाले मृतकलाई सबैसँग चिनजान गर्नू, हामीले पठाएका कोसेली पनि सबैलाई दिनू, त्यहाँ सबैसँग मिलेर बस्नू, कसैले हेला गरी छेउतिर पारे आफैँ विचमा आउनू, भोक तिर्खा लाग्दा कसैले खान पिउन दिएनन् भने, पनि आफैँ खोजेर बनाएर खानू भन्दै मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाएको पाइन्छ । यी कुराहरू परापूर्वकालदेखि नै थुलुङ राई समुदायमा गरिदै आएको विश्वास र व्यवहारहरू हुन् । मृतकलाई अब मरेर गएपछि, सबै कुराहरू छुटेर जाने, सबै सम्बन्धहरू तोडिएर जाने मानिन्छ । मृतकले उतैको कुरालाई विश्वास गरी गएपछि अब हामीले यहाँभन्दा केही गर्न सकेनौं, हामी हार्‍यौं, अब तिमी उतै बाजेबजूको काखमा बस । सबैकुरा उतै मिल्छ, अब फर्केर यता नआउनू, उतै पितृहरूसँग समालिएर बस्नू, भन्दै मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाइबुझाइ गरी बाटो लगाएको पाइन्छ । थुलुङ समुदायमा मृत्युपछि राम्रो बाटो लिएर जानुपर्ने, मुन्दुमी पुर्खाहरूले रिसियाको माध्यमबाट देखाएको बाटो र निर्देशनहरू पालना गर्दै खुसीसाथ आफ्ना पितृहरूको साथमा रहनु पर्ने जस्ता मृत्युपश्चात्का अदृश्य अस्तित्वसँग पनि मिलेर बस्न सक्नुपर्छ, भन्ने मान्यता रहेको पाइन्छ । जुन मान्यतालाई प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ३.८ थुलुङ मुन्दुममा मृतकलाई किरियामा खाना दिदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा मानिसको मृत्यु पश्चात् विभिन्न संस्कार पूरा गर्दै लासलाई विधिपूर्वक चिहान (स्युल्युम) मा गाडेपछि किरियापुत्री वा दुःख बार्ने छोराहरूले विधिपूर्वक नै कपाल मुण्डन गर्ने प्रचलन रहेको पाइन्छ । त्यसको बिजोडी दिन पर्ने गरी सात, एघार तेह्र दिन वा दोमासे नपारीकन र परिस्थिति अनुसार किरिया (काम) गर्ने गरिएको

पाइन्छ ।  किरियामा मलामीहरू, छरछिमेकी, गाउँले, दाजुभाइ, छोरीचेली, आफन्त नातागोता, सबैलाई डाक्ने गरिएको पाइन्छ । किरियाको दिन मृतकको नाममा सबैलाई खानपिन गराउने प्रचलन रहेको पाइन्छ । किरियाको दिन मृतकलाई घरको तर्फबाट खानाहरू घरको मूल ढोका नजिकै कुना वा बारीका एक छेउमा पनि मुन्दुमी पुर्खाहरू र सहयोगीहरूले दिने गरिएको पाइन्छ । मृतकलाई खाना दिदा मुन्दुमी पुर्खा र उनका सहयोगीहरूले सम्झाइबुझाइ गर्दै निम्न स्योम्दी गर्ने गरिएको पाइन्छ :

लहै, फलानौ
सबै यो माटामा
यो भूमिमा
दुबे दुबोको जमिनमा
तिम्रो शुभ सङ्केत झुल्कियो
यसैले त
तिम्रो किरियाको दिन
यति सम्झिनू
आजदेखि तिमी आफ्नै घरमा बस्नू
आफ्नै चुलामा बस्नू
अनि, आमासँग, बाबुसँग
दाजुभाइसँग, भान्जाभान्जीसँग
छोरीज्वाइँसँग,छोराबुहारीसँग
र, त्यसपछि उनीहरूसँग
छुटेर जानू ।                    (पृ. २८९-२९)

प्रस्तुत स्योम्दी वा रिसियामा मृतकले यो धार्ती वा भूमिमा, हरियाली संसारमा तिम्रो जन्मपश्चात् फेरि मृत्युछिको संसारमा राम्रोसँग जाने गरी यी सबै शुभसङ्केतहरू वा बोलीवचनहरू झुल्किएर गएको छ । त्यसैले त आज तिम्रो किरियाको दिन यति राम्रोसँग तिमीलाई बोलाइएको छ, भन्दै पुर्खाहरूले मृतकलाई आजदेखि आफ्नै घरमा बस्नू, आफ्नै संसारमा रमाउनू भन्दै स्योम्दी मार्फत सम्झाउने गरिएको पाइन्छ । मृतकले पनि अब, आफ्ना पितृहरूसँग आफ्नै चुलामा बस्नुपर्छ भन्दै सबै आफन्तहरूसँग छुट्टिएर जानुपर्ने कुरा मुन्दुमी पुर्खाहरूले प्रस्तुत स्योम्दीमा फलाकेको पाइन्छ । मृत्युपश्चात् सबैकुरा र

सबैसँग छुट्टिएर जानुपर्छ भन्ने विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । मृतकलाई सम्झाउने क्रममा आफ्नो भाग्यको कुरालाई स्वीकार्नु पर्ने कुरालाई निम्न स्योम्दीमा प्रस्तुत गरिएको पाइन्छ :

हिजो तिम्रो भाग्यमा
भावीले यस्तै लेखेको थियो
त्यसैले आज
तिम्रो सबै कुरा छुट्यो
तिम्रो खुवाइ छुट्यो
पियाइ छुट्यो
दुःख पीडा छुट्यो, ओछ्यान छुट्यो
सिरानी छुट्यो
र, सबैसँग तिमी छुटेर जाने भयौ
र, यहाँ दुःखदायी अवस्था सिर्जना गरेर गयौ
सबैको होसहवास उडाएर गयौ । (पृ. २९०)

थुलुङ राई समुदायमा आफ्नो भाग्यमाथि पनि विश्वास गर्ने गरिएको पाइन्छ । मृतकको पनि आफ्नो जन्मिदाको भाग्य वा भावीको लिलाले जे भोग्नु वा हुनु तोकेको छ, त्यो हुनै पर्ने मान्यतालाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ । मृत्युपश्चात् खुवाइ, लवाइ, पियाइ, दुःख पीडा, ओछ्यान, सिरानी आदि सबैसबैसँग छुटेर जानुपर्ने मार्मिक पीडालाई यो भावी कै खेल भनी सहज रूपमा स्वीकार गर्नुपर्ने विश्वदृष्टि पनि रहेको पाइन्छ । मृतक मरेर जाँदा जिवित आफन्तहरूमा दुखदायी अवस्थाको सिर्जना हुने भएकाले मृत्युले पीडा दिने कुरालाई पनि विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

मृतक जिवित हुँदा यो समाज वा हामी सबै खुसीमा थियौँ, दुःख पीडाहरू विर्सिएका थियौँ, तर आज सबैकुरा गुमेर गएको भन्दै मुन्दुमी पुर्खाहरूले निम्न स्योम्दी गरेको पाइन्छ :

हिजो तिमी यहाँ खेल्दाखेरि त
ती दुःख पीडाहरू सबै
माथि आकाशमा उडिरहेका थिए
त्यस्तै गरी आज घरमा
तिमी यहाँ खेल्दाखेरि त

ती दुःख पीडाहरू सबै माथि आकाशमा, ब्रह्माण्डमा
झुल्किदाखेरि त हामी सबै गाउँलेहरूमा
मुलिमीहरूले सुने, दाजुभाइहरूले सुने
कुलधामीका दायाँबायाँ बस्ने कुलधामीका सहयोगीहरूले पनि सुने
मस्युपा (पितृबुढा) मस्युमे (पितृबुढी) ले पनि सने
बोक्साबोक्सीले पनि सुने
साथिभाइहरूले पनि सुने
मामामाइजूले पनि सुने
भान्जाभान्जीले पनि सुने
र तिम्रो त सबै खुवाइ छुट्यो
पियाइ छुट्यो ।                                    (पृ. १९०-१९३)

प्रस्तुत थुलुङ मुन्दुमी स्योम्दी वा रिसियामा मृतकले सबैलाई छोडेर गएपछि मुन्दुमी पुर्खाहरू, दाजुभाइ सबैले सल्लाह गरेरै काज किरियाको टुङ्गो लगाउने गरिएको पाइन्छ । काजकिरियामा मृतकलाई पनि बोलाउने गरिएको पाइन्छ । मृतकलाई बोलाउदा पुर्ख्यौली मुन्दुम वा थुलुङ राईको मुन्दुमी स्योम्दी गर्ने गरिएको पाइन्छ । मुन्दुमी पुर्खाहरूले मृतकलाई पहिल नै सम्झाउने क्रममा सम्बन्ध छुटाउने क्रममा खान लाउन दिने वचन दिएको वा वाचा बाँधिने भएकोले त्यहीँ वाचा अनुसार नै मृतकलाई खुवाउन, पियाउनका लागि नै घर परिवार, चुला, नातागोता, आफन्त, दाजुभाइ सबैले मिलेर नै मृतकको चित्त बुझाउन वा मन बुझाउन आज यो काम गर्दै छौँ भन्दै मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाइबुझाइ गर्ने गरेको पाइन्छ । थुलुङ राई समुदायमा मृत्युपश्चात् पनि उनको आत्मासँग मुन्दुमी साक्षात्कारको अनुभूति गरिएको पाइन्छ । मृतकलाई पहिले नै कटुन्जे पुऱ्याइ सकिएको भए पनि उनकै नाममा गरिने काज किरियामा आउनका लागि मृतकले पनि सुन्नुपर्ने, मृतकको आत्माले पनि सुन्नुपर्ने र मुन्दुमी धामीले जहाँ जहिले बोलाउँदा पनि आउनका लागि अनुरोध पनि गरिएको पाइन्छ । मृतकको आत्माले हिमाल नाघेर, जङ्गल नाघेर, खोलानाला नाघ्दै गल्छी गौँडाहरू पार गर्दै भए पनि आउनपर्ने कुरामा विश्वास गरिन्छ । मृतात्मा आउँदा आफ्नो चिहान घर आइ थकाइ मार्ने, विसाउने र जग्गाजमिन हुँदै गोरेटा आँगन, पिँढी, खुड्किला, सङ्घार हुँदै मूल ढोकामा टेक्दै ढोकाको कुनातिर खानका लागि दिएको वा किरियाको नाममा जे जे खानेकुरा दिइएको हुन्छ, त्यो सबै हेर्दै, स्वाद मार्दै खानका लागि

पुर्खाहरूले रिसियाकै माध्यमबाट आग्रह गरको पाइन्छ ।  थुलुङ राई समुदायमा  रहेको मृत्युपश्चात्को अदश्य अस्तित्वको स्वीकारोक्तिलाई यस स्योम्दीमा प्रष्ट पारिएको पाइन्छ । मृतकले पनि मुन्दुमी साक्षात्कारमा भएको मुन्दुमी बाटोलाई वा प्रक्रियालाई स्वीकार गरी मुन्दुमी पुर्खाहरू अनुसार चल्नै पर्ने, उनीहरूले किरियाको बेला जहाँबाट भए पनि आएर प्रसाद ग्रहण गर्नै पर्ने जस्ता मान्यतालाई मुन्दुमी विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

थुलुङ राई समुदायमा मृतकको नाममा गरिने काजकिरियामा मृतकको नाममा गरिने विधि समापन सँगै नराम्रा कुराहरू लगेर जाऊ, भन्दै निम्न स्योम्दी गरिएको पाइन्छ :

यसैलाई कोसेली सम्झेर
आत्मरक्षक हतियार सम्झेर फर्की जाऊ
कोहीबाट कसरी पो जाऊ भन्दाखेरि
यो घरबाट, ढोकोको छेउ हँदै जाऊ
र, यो सङ्घार नाँघ्दै, ढोकाबाट निस्केर जाऊ
यो पिँढी हुँदै, आँगन हुँदै जाँदाखेरि
घरभित्रको चुलाभित्रको जो जे छन्, भएका सबै
ग्रहदशा, कालगति, अनिष्ट
आँसु, दुःख, पीडाहरू पनि सबै
तिम्रो अगाडि पारेर रोगव्याधीहरू
त्यस्ता बोक्साबोक्सीहरू  सबै लैजाऊ
र, यो घर, यो चुला पवित्र बनाइ राख
चोखो बनाइ राख, त्यस्तै गरी अन्नपात, लच्छिन
घरभित्र भएका जाँडरक्सीहरू,
पारिवारिक मेलमिलाप राम्रो बनाइ राख
अनि, जाऊ है !
कुनै गलन मनसाय नराखी
अरु कुनै आशाअपेक्षा नराखीकन
तिम्रो चिहानमा जाऊ
घरमा जाऊ

तिम्रो स्वर्गीय घरमा जाऊ

त्यहाँ बस, थकाइ मार

यो तिम्रो कोसेलीहरू

तिमीलाई नै भनेर ल्याएको हो

खाऊ, पिऊ है ! फलानौ ! (पृ. २९३-२९४)

थुलुङ राई समुदायमा मृतकको नाममा गरिएको काजकिरियामा पाएको कुरालाई कोसेली सम्झेर, आत्मरक्षक हतियार सम्झिएर उत कटुन्जेतिर फर्किनका लागि मुन्दुमी पुर्खाहरूले मृतकलाई सम्झाएको पाइन्छ । मृतात्मा फर्किदा जसरी जुन बाटोबाट आएको हुन्छ, त्यहीँ बाटो भएर जानू भन्दै घरको, चुलाको ग्रहदशा, कालगति, अनिष्ट, आँसु, दुःख, पीडा, रोगव्याधी, बोक्साबोक्सी सबैलाई लगेर जानु भन्दै घरको चुलो पवित्र बनाउनका लागि, चोखो बनाउनका लागि अन्नपात, लच्छिन, भित्राइदिएर वा पारिवारिक मेलमिलाप र जाँड रक्सी राम्रो बनाएर जानका लागि मुन्दुमी पुर्खाहरूले अनुरोधपूर्ण स्योम्दी गरिएको पाइन्छ । घर, परिवार, आफन्त, समाज सबैमा कसैप्रति पनि गलत मनशाय नराखी र अरु कुराको पनि अपेक्षा नगरीकन अब तिमी चिहान जाऊ, त्यहाँबाट तिम्रो स्वर्गीय घर कटुन्जे जाऊ, त्यहाँ बस । थकाइ मार भन्दै मृतात्मालाई पुन फर्कनका लागि मुन्दुमी स्योम्दीबाटै आग्रह गरेको पाइन्छ । यसरी थुलुङ मुन्दुममा मृतकलाई फकाउदा गरिएको वाचा अनुसार नै उसको नाममा काज किरिया गरिने भएकोले मृतकलाई मुन्दुमबाटै बोलाएर खुवाइ पियाइ गरी पुनः फर्काइ दिनुपर्ने र त्यसरी मृतात्मा फर्किएर जाँदा घरका, आफन्तका चुलोका सबै नराम्रा कुराहरू लगेर जाने हुनाले चुलो पवित्र हुने, चोखिने, घरका अन्नपातमा लच्छिन लाग्ने, पारिवारिक मेलमिलाप राम्रो गराउने गर्दछ भन्ने आम थुलुङ राई समुदायमा भएको विश्वासलाई प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ३.९ थुलुङ मुन्दुममा चिनो चौतारी बनाउँदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा मानिसका मृत्युपश्चात् मृतकको नाममा ऐच्छिक रूपमा चौतारी बनाइदिने परम्परा रहेको पाइन्छ । चौतारो बनाउदा चिण्डोमा चोखो जाँड, कठुवामा रक्सी राखी एउटा बाँसको लिङ्गो, चामल पैसा छुट्टाछुट्टै पोकामा राखेर चौतारो बनाउने ठाउँमा लगी मुन्दुमी धामीले धर्तीसँग अनुमति माग्ने संस्कार रहेको पाइन्छ । चौतारो

बनाउदा बटुवा वा यात्रुहरू विसाउनका लागि पायक पर्ने ठाउँमा नै रोज्ने गरिन्छ । चौतारो निर्माणलाई धर्मकार्मको रूपमा लिने गरिएको पाइन्छ । तर पनि चौतारो खन्दा धर्तीसँग अनुमति माग्दै मुन्दुमी पुर्खाहरूले निम्न स्योम्दी गर्ने गरेको पाइन्छ :

ल है, धर्ती !
दुःख नमान
चित्त नदुखाऊ
आज त यस थुलुङले
कुनियत सोचेकोले
हामीले त मृतकका नाममा
यसो सानो चौतारी पो बनाउन सल्लाह गर्‍यौं
यहाँ तिमी जग्गाजमिनले दुःख नमान्नू
चित्त नदुखाउनू
हामीले उपद्रव गरेका होइनौं
र, गलत पनि गर्न खोजेका होइनौं
है, धर्ती ! (पृ. २९५)

प्रस्तुत स्योम्दीमा मृतकको नाममा चौतारी खन्नु वा बनाउनुपूर्व विधिपूर्वक यस धर्तीसँग अनुमति मागेको पाइन्छ । थुलुङ राई समुदायमा कुनै पनि कुराहरू रिसले गर्नु हुन्न भन्ने मान्यता रहेकोले फेरि यो धर्ती खन्नु पनि रिसले गरेको भन्ने ठानिएला भनेर यो काम कुनै रिसले होइन, उपद्रो गरेको पनि होइन । गलत गर्न खोजेको पनि होइन । मृतक फलानाको नाममा हामीले सानो चौतारो बनाउन लागेका हौं, तिमी धर्तीले चित्त नदुखाउनू, दुःख नमान्नू, हामी धर्तीमा चौतारो बनाउन लागेको भन्दै अनुमतिका लागि स्योम्दी गरेको पाइन्छ । थुलुङ राई समुदायमा रहेको धर्तीप्रतिको सद्भाव, माटोप्रतिको माया र जिम्मेवारीलाई स्योम्दीमा प्रस्तुत गरिएको छ । कुनै पनि काम रिसले उपद्रोपूर्ण काम गर्नु नहुने, धर्तीमा कुनै काम गर्नुपूर्व धर्तीसँग माटोसँग पनि अनुमति लिनुपर्ने वा धर्तीको सम्मान गर्नुपर्ने जस्ता विश्वदृष्टि प्रस्तुत भएको पाइन्छ ।

मुन्दुमी पुर्खाहरूले धर्तीसँग अनुमति लिइसकेपछि विधिपूर्वक चौतारो निर्माण, शिलालेख राख्ने लगायत सबै काम सकेपछि मुन्दुमी पुर्खाहरूले निम्न स्योम्दी गर्ने गरेको पाइन्छ :

लहै, यहाँ, चौताराले दुःख नमान्नू, चित्त नदुखाउनू
र, के भन्दाखेरि
हामी थुलुक्पा थुलुक्माले त मृतकका नाममा, यो चौतारो बनायौं
र, चौताराले पनि दुःख नमान्नू,
र, फलाना (मृतकको नाम) ! तिमी पनि यहाँ आएर बिसाउनु
थकाइ मार्नू, कहाँबाट आउनू भनेर भन्दाखेरि
तिम्रो स्वर्गीय घर बनाइदिएका छौं, त्यहाँबाट आउनू
र, यहीं चौतारामा बिसाउनू, थकाइ मार्नू, र बिसाएर
यहाँको धर्तीसँग खेल्नू, रमाउनू, आजमात्रै होइन
युगौंयुगसम्म यहाँ आइरहनू, हामीले यो चौतारामा बोलाउँदा आउनू
घरमा बोलाउँदा घरमा आउनू, अहिलेपछि यो चौतारामा होइन, घरमा पनि होइन
हामीले बनाइदिएको तिम्रो स्वर्गीय घरमा नै पो
गएर बस्नू, है ! खबरदार ! तिम्रो
यहाँ कुनै कुरा बाँकी नरहोस् ।                    (पृ. २९६-२९७)

प्रस्तुत स्योम्दी वा रिसियामा मृतकका सबै आफन्त वा थुलुक्पा थुलुक्माहरूले मुली गरेर नै मृतकको नाममा चौतारो बनाइएकोले कसैले पनि चित्त दुखाउन नमिल्ने विश्वदृष्टि प्रस्तुत गरिएको पाइन्छ । यस चौतारा बिसाउनीका लागि बनाइएकोले मृतकलाई समेत आफ्नो घरबाट थकाइ मार्नका लागि आउन, बिसाउन आउनका लागि आग्रह गर्दै यस धर्तीमा युगौयुगसम्म रमाउनु, खेल्नु भन्दै मृतकलाई स्योम्दी गरिएको पाइन्छ । मृतकले उक्त चौतारोमा आउने, खेल्ने, रमाउने विश्वास गरिएको पाइन्छ । साथै अरु मानिस पनि त्यस चौतारीमा बिसाउने, थकाइ मार्ने गरेको पाइन्छ । मृतकलाई मुन्दुमी पुर्खाहरूले चौतारामा बोलाउँदा चौतारामा आउनु, घरमा बोलाउँदा घरैमा आउनु भन्दै मृतकको आत्मा पनि कुनै न कुनै तरिकाले मुन्दुमी शक्तिसँग जोडिएको पाइन्छ । त्यो चौतारो मृतकका लागि सधैं बस्नका लागि बनाइएको होइन, उसले सधैं त्यहाँ बस्न मिल्दैन । ऊ त केबल बिसाउन, थकाइ मार्न मात्रै आउने हो । मृतकले त्यस चौतारामा केही पनि बाँकी नराखेर आफ्नै स्वर्गीय घरमा बस्नुपर्ने जस्ता मान्यता वा विश्वदृष्टि प्रस्तुत स्योम्दी वा रिसियामा रहेको पाइन्छ । यसपछि मृतकलाई पुनः पहिलेकै स्योम्दी वा रिसियाको माध्यमबाट कटुन्जे पुऱ्याउने गरिएको पाइन्छ ।

### ३.१० थुलुङ मुन्दुममा किरिया भतेरको खाना पाकेपछि गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि

थुलुङ राई समुदायमा मृतकको नाममा गरिने काज किरियाको दिनमा मलामी, दाजुभाइ, इष्टमित्र, आफन्त सबैलाई खाना खुवाउने प्रचलन रहेको पाइन्छ । यी सबै आगन्तुकहरूलाई खाना दिनुभन्दा अगाडि मृतकलाई खाना दिने गरिएको पाइन्छ । मृतकलाई मृत्यु सृष्टिको समयदेखि नै हो भन्दै निम्न स्योम्दी गरिएको पाइन्छ :

हिजो उत्पत्ति कालमा त
सृष्टि कर्ताले तिम्रो मरण रचेछन्
मृत्यु सृष्टिले गरेछन्
त्यसैले तिमी मर्न पऱ्यो
मुन्दुम गाउनु पऱ्यो
यहाँ त तिमीले कहानेर झुल्किनुपर्छ भन्दाखेरि
यो कुलपिर्त बस्ने ठाउँमा झुल्किनू,
तिम्रो अदृश्य शक्ति गन्छौं, तिम्रो सामर्थ्य गन्छौं
र, पितृ बस्ने ठाउँमा बोलाउदाखेरि
नलजाईकन, नडराईकन
पितृ कार्यमा झुल्किनू है
आउनू है, फलानौ । (पृ. ३१०-३११)

प्रस्तुत रिसियामा मानिसको मृत्यु आज मात्रै नभएर सृष्टिको समय देखि नै मृत्युको चक्र रचेको कारणले मानिसको मृत्यु हुने भएकाले तिम्रो पनि मृत्यु भएको हो । त्यसैले यो सबै मुन्दुम रच्नु परेको, मुन्दुम गाउनु परेको हो, भन्दै पितृ पुर्खाहरूले मृतकलाई बोलाउँदै कुलपितृ बस्ने ठाउँमा अदृश्य शक्ति र सामर्थ्यको रूपमा नलजाइ, नडराईकन आउनू, पितृ कार्यमा बोलाउँदा आउनू, भन्दै मृतकलाई सम्झाइ बुझाइ गरेको पाइन्छ । मानिसको मृत्यु एउटा सृष्टि कै चक्र भएको, जीवनमृत्युकै कारण मुन्दुम पनि रच्न परेको, मृतकले पनि कुलपितृ बस्ने ठाउँमा बोलाउँदा आउनु पर्ने र कुलपितेलाई अदृश्य शक्तिको रूपमा हेर्नु बुझ्नु पर्ने जस्ता विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ ।

मृतकलाई दिइएको खानेकुरा कोसेलीको रूपमा लिनू भन्दै निम्न स्योम्दी गरिएको पाइन्छ :

ल है, फलानौ !

हिजो उत्पत्ति कालमा सृष्टि कर्ताले
मरणको सृष्टि गरे छन्
त्यसैले तिमी पनि, मर्नुपऱ्यो
यहाँ कसले झुट बोल्यो भन्दाखेरि
कटुन्जेका पितृहरूले, फलानो त मेरो मान्छे पो, भोकै भएछ, प्यासै भएछ
बोलाएर जाँड रक्सी मागेछ, त्यसैले यहाँ यो कोसेली ग्रहण गरेर
उता पितृ गाउँ जाऊ, बाजे बजूको गाउँमा जाऊ, बिसाउँदै बिसाउँदै जाऊ
र, उता पितृहरूको काखमा बस
तिमीले लिएर गएका कोसेली, पितृलाई, बाजेबजूलाई देऊ
र, यहाँ बस्नेको, ल्याउनेको र दिनेको चाहिँ कोसेल यहीँ रहोस्
त्यो शुभ नै होस्
राम्रो नै होस् है, फलानौ । (पृ. ३११-३१२)

थुलुङ मुन्दुम सृष्टिकालमा जन्म मृत्युसँगै रचिएको एउटा संस्कार भएकोले यो मुन्दुम पनि यहीँ रहेको कुरा प्रस्तुत भएको पाइन्छ । कटुन्जेमा पितृहरूले पनि भरखर गएकाहरूसँग झुट बोलेर जाँडरक्सी मागेको प्रसङ्ग समेत प्रस्तुत गरिएको पाइन्छ । त्यसैले तिमी मृतकले सबै यी कोसेलीहरू ग्रहण गरेर जाऊ, त्यसपछि पितृको गाउँ जाऊ, बाजेबजूको गाउँमा जाऊ । यताबाट लगेका कोसेलीहरू तिम्रा पितृहरूलाई बाजेबजूलाई देऊ भन्दै मृतकलाई सम्झाउने बुझाउने गरिएको पाइन्छ । यसको साथै काज किरियामा आउनेहरूको सबैको कोसेली नलैजाऊ यहीँ रहोस्, यी सबै शुभ नै रहोस्, राम्रो होस्, भन्दै स्योम्दी गरिएको पाइन्छ । थुलुङ मुन्दुममा मृतकलाई बोलाउँदा मृतात्मा आउने, मुन्दुमी पुर्खाहरूले विधिपूर्वक दिएको खानेकुराहरू खान लैजाऊ भनको कुरा लैजाने, गएर पितृको काखमा बस, कोसेली बाडिदेऊ भन्दा बाँडिदिने जस्ता मुन्दुमी निर्देशन मृतकल पनि स्वीकार्दछ भन्ने विश्वदृष्टि प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ । यसपछि पुनः मृतात्मालाई मुन्दुमबाट अगाडि जस्तै गरी कटुन्जे पुऱ्याइएको पाइन्छ । यसरी बोलाए पछि पुनः उही ठाउँमा नपुऱ्याउँदा आत्मा बिचल्ली हुन्छ, भन्ने विश्वदृष्टि पनि रहेको पाइन्छ ।

**३.११ थुलुङ मुन्दुममा किरिया बिदाइ गर्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि**

थुलुङ राई समुदायमा मानिसको मृत्यु पश्चात् मृतकको नाममा गरिने काज किरियामा छरछिमेकी , दाजुभाइ, दिदीबहिनी, आफन्त, इष्टमित्र, नरनाता आएका हुन्छन् । सबै आगन्तुकहरूले मृतक र घरको नाममा कोसेलीको रूपमा रक्सर ल्याएका हुन्छन् । मुन्दुमी पुर्खाहरूले किरियाको समापन र आगन्तुकको बिदाइ स्वरूप निम्न स्योम्दी वा रिसिया गाइएको पाइन्छ :

ए, लहै तपाईँहरू पनि
हाम्रो फलानाको
दाजुभाइ, आफन्त नरनाता हुनुहुँदो रहेछ
साथी, मामामाइजू, सासुससुरा, मामामावली हुनुहुँदो रहेछ
र, पो हामीले त सबै भएर, उनलाई उसको घर पुऱ्याउँदाखेरि
मृत्यु संस्कार गर्दाखेरि तपाईँहरूले पनि देख्नुभएछ, सुन्नुभएछ
र, पो यहाँसम्म आइपुग्नु भएछ
कसरी पो आइपुग्नु भएछ भन्दाखेरि त, कोसेलीसँगै आउनुभएछ
रक्सीसँगै आउनुभएछ, र किन पो आउनुभएछ भन्दाखेरि
यो अशुभ मेट्नका लागि, पखाल्नका लागि आउनुभएछ
त्यसै गरी , ती सबै मरणको शुद्धी गर्नका लागि आउनुभएछ
र, जसरी शुद्धशुद्धीका लागि आउनुभयो, त्यसै गरी शुद्ध होस, पखालियोस्
केले पखालियोस् भन्दाखेरि
तपाईंले ल्याउनुभएको कोसेलीले पखालियोस्
र, आजैबाट शुभ कार्यमा, असल कार्यमा, मन पराइएको कार्यमा
भेट्नुपरोस्, त्यस्तै राम्रा बाटामा, शुभाशुभ कार्यका बाटोमा
सबै भेट्ने पितृ बाटामा, मात्रै भेट्न परोस्,
यस्तो अशुभ कार्यमा
उप्रान्त कहिल्यै भेट्न नपरोस्,
है, आफन्त नरनाता हो ! (पृ. ३१९-३२०)

प्रस्तुत रिसिया वा स्योम्दीमा काज किरियामा शुध्याइको लागि आएका सबैलाई कोही दाजुभाइ, आफन्त, नरनाता, साथिभाइ, मावलीखलक, ससुराली खलक, वा सबै

आफन्त नै भएकाले गर्दा मृतकलाई मृत्युसंस्कार गर्दाखेरि सबैजनाले सुन्नुभएछ, देख्नुभएछ, त्यसैले यहाँसम्म आइपुग्नु भएछ । सबैजनाले कोसेलीको रूपमा रक्सी लिएर आउनुभएछ भन्दै यो कोसेलीले अशभ मेट्न, पखाल्नका निम्ति सबैजना आउनुभएछ भन्दै आगन्तुक सबैलाई सम्बोधन गरिएको पाइन्छ । आगन्तुकहरू काज किरियामा मरणको शुध्याइ गर्न वा जे नराम्रो भयो, त्यो सबै पखाल्नका लागि, शुद्ध पार्नका लागि कोसेलीसहित आएको र ती कोसेलीले सबै नराम्रा अशुद्धहरू पखालियोस्, भन्दै पुर्खाहरूले स्योम्दी गरेको पाइन्छ । यस्तो नराम्रो काममा अब भेट्न नपारोस्, राम्रो काम वा मन पराइएको, चाहेको काममा मात्र भेट होस्, शुभ कार्यको निम्ति बाटामा भेट होस्, सबै भेटिने पितृबाटामा भेट होस्, अब उप्रान्त यस्तो अशुभ कार्यमा भेट्न नपरोस् भन्दै मुन्दुमी पुर्खाहरूले बिदाइका लागि स्योम्दी गर्ने गरिएको पाइन्छ । प्रस्तुत रिसियामा आम थुलुङ राई समुदायमा हुने मरणको अन्तिम शुध्याइँ कार्यक्रममा सबैजना इष्टमित्र, आफनत, दाजुभाइ, नातागोताले सुध्याइँको लागि कोसेली स्वरूप रक्सी ल्याउनुपर्ने र ती कोसेलीले नै शुध्याइको निम्ति नराम्रा कुराहरूलाई पखाल्नुपर्ने र सबैले अब उप्रानत यस्तो अशुभ काममा भेट्न नपरोस् भन्दै पुर्खाहरूले आशाको सङ्केत दिनुपर्ने जस्ता आम मान्यतालाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

## ३.१२ थुलुङ मुन्दुममा नराम्रो मरणमा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि

थुलुङ राई समुदायमा मृत्युलाई राम्रो र नराम्रो मृत्यु गरी दुई प्रकारले बुझ्ने र त्यसै अनुसार फरक संस्कार रहेको पनि पाइन्छ । कालगतिले मर्नुलाई राम्रो मृत्यु र अकालमा लडेर, पानीमा परेर, आत्महत्या गरेर, गर्भसम्बन्धी कारणले हुने मृत्युलाई अगति वा नराम्रो मरणको रूपमा लिने गरिन्छ । यसरी मर्नेहरूलाई काल गतिको मरणको जस्तो संस्कार गरिएको पाइदैन । नराम्रो मरण भएमा पितृमा पनि नजाने र लैजान नमिल्ने आम विश्वास रहेको पाइन्छ । आत्महत्याको कारणले भएको मृत्यु संस्कारलाई त झनै नराम्रो रूपमा गर्ने गरिएको पाइन्छ । नराम्रो मरणलाई पनि थुलुङ समुदायमा हिउच्यो, अलहमे (ममहमे, क्रक्तहमे) र छकरिप गरी ३ प्रकारले हेर्ने गरिएको पाइन्छ ।

**अ) थुलुङ मुन्दुममा हिउच्योको अन्तेष्टि गर्दा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि**

थुलुङ राई समुदायमा नराम्रो मरण अन्तर्गत हिउच्यो पनि एक हो हिउच्यो भन्नाले लडेर, पानीमा परेर, वा आत्महत्यासँग सम्बन्धित मरणलाई बुझिन्छ । यसरी मर्नेको अन्तेष्टि कालगतिले हुने मृत्युसंस्कार भन्दा फरक रहेको पाइन्छ । हिउच्योलाई खाडलमा पनि ऐसेलुको काँडा प्रयोग गरी लासलाई उल्टो पारी पुनः ऐसेलुकै काँडा राखी माटोले पुर्ने प्रचलन रहेको पाइन्छ । मलामीहरूले तीनतले हिबुनेम समाएर उभिने र मुन्दुमी धामीले मृतात्मालाई पछि बिजुवाहरूले डाकेको बेला आउनु भन्दै निम्न स्योम्दी गर्ने गरिएको पाइन्छ :

ल है फलाना !
यति नै सपना देखेको रहेछौ
भोलि बिजुवाले ढोल ढ्याङ्ग्रोसँग
तिम्रो पितृ नामबाट बोलाउँदाखेरि
धामीको बोली हुँद,
वचन हुँदै, हावा हुँदै, बादल हुँदै आउनू है
आएर खिसिटिउरी गरिनमाग्नू है !
फलानौ ! (पृ. ३२३)

प्रस्तुत स्योम्दीमा मृतकलाई आफ्नो जीवनलाई अदूरदर्शी बनाइ मृत्युवरण गरेकामा तिम्रो सपना यति नै रहेछ, जीवनलाई साह्रै साँगुरो सम्झिएर अकालमै मृत्यु रोजेकोमा समाजले मुन्दुमले पनि राम्रोसँग नहेर्ने विचार प्रस्तुत गर्दै भोलिका दिनहरूमा विजुवाले बोलाउँदा, पितृपुर्खाहरूले मुन्दुमबाट तिमीलाई डाक्दा आउने गर । धामीको बोलीवचनसँगै, हावा बादल हुँदै आउनू तर नराम्रो गरेर, अरुलाई दुःख दिएर सबैले खिसिटिउरी वा नराम्रो वचन गरी नमाग्नू भन्दै स्योम्दी गरिएको पाइन्छ । प्रस्तुत स्योम्दीमा अकालमा आत्महत्या गरेमा त्यसलाई नराम्रो मृत्यु भएकाले अब उप्रान्त त्यस्तो बाटो नरोजोस् भन्नकै लागि लासको अन्तेष्टि पनि निर्मम प्रकृतिको हुने, मृतात्माले पनि भोलिका दिनमा मुन्दुम वा विजुवाले बोलाउँदा आउनुपर्ने, नराम्रो गरी, वा अरुलाई दुःख दिएमा नामै काडेर गाली गलौज गरी माग्ने आदि मान्यतालाई विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

मुन्दुमी पुर्खाले स्योम्दी गरेपछि देब्रे हातको हिबुनेमले हान्दै थुक्दै घर फर्किने र बाटामा तीन ठाउँमा कैंचे पारी चार चार वटा हिबुनेम गाडेर ऐसेलुको काडा राखी ढुङ्गाले

थिची मुन्दुमीबार  लगाउने गरिएको पाइन्छ । यसै क्रममा मुन्दुमी पुर्खाहरूले निम्न स्योम्दी गर्ने गरिएको पाइन्छ :

लहै, फलानौ !
तिमी त तिम्रो आमाको गर्भबाट
सृष्टि हुँदाखेरि नै यस्तै भाग लिएर
सृष्टि भएको रै'छौ, र तिमीले
अगतिले मरेकाहरूका नै कुरा सुन्यौ
त्यसैले तिम्रो यो हालत भयो
लहै, फलानौ !
हामीले बारेको बार नाघेर, यता नआउनू है !
खिसिटिउरी गरी नमाग है !
तिमी जस्तै अगति परेर मरेकाहरू
जहाँ बसेका छन्,
तिमी पनि त्यहाँ गएर बस है !
तिम्रो घर पनि, तिम्रो साथी पनि उतै छन्
उतै गएर बस,
कोही कसैसँग  रिसाइ नमाग
खिसिटिउरी गरी नमाग
है, फलानौ !                    (पृ. ३२४)

प्रस्तुत स्योम्दी (रिसिया) मा मृतकलाई आमाको गर्भमै वा सृष्टि हुँदै खेरि यति र यस्तै लिएर आएका रहेछौ, तिमीले अकालमा मरेकाहरूको कुराकानी विश्वास गरेर तिमीले पनि त्यहीँ बाटो रोज्यौ । अब हामीले लगाएको बारबन्देजहरू नाघेर तिमीले यता आउन मिल्दैन, आएछौ भने सबैले तिमीलाई गाली गलौज खिसिटिउरी गर्ने छन्, नराम्रो भन्नेछन् । अब, तिमी जसरी नै हिउच्यो भई मरेकाहरू जहाँ छन् त्यही गएर बस । तिम्रो सबै कुराहरू अब उतै हुनेछन् उतै बस, तर भनको माननौ भने तिमीले रिसाइ माग्ने छौ, गाली गलौज खाने छौ, भन्दै स्योम्दी गरिएको पाइन्छ । अकाल वा अगतिले मर्नेहरूले त्यसरी नै  मर्नेको कुरा सुनेर त्यो बाटो रोज्ने, अकालमा आफैँ मर्नेहरूले मुन्दुमी बार नाघेर आउन नमिल्ने,

त्यसरी नै मर्नेहरू जहाँ छन् त्यहीँ गएर मृतकले रहनुपर्ने, भनेको नमाने सबैले गाली वा खिसिटिउरी गर्ने जस्ता विश्वदृष्टिहरू प्रस्तुत स्योम्दीमा रहेको पाइन्छ ।

काज किरियाको दिन विजुवा धामीले मृतकलाई बाटो लगाउने काम गर्ने गरिएको पाइन्छ । विजुवा धामीले राम्रो नराम्रो जोखाना वा छुट्याउनका लागि ङार्मा (जङ्गली) अदुवा काटेर हेर्ने गरेको पाइन्छ । ङार्मा खन्नका लागि दुई जना खोलोमे (पितृप्रसाद खाने) पुर्खाहरूले ल्याउने गरिएको पाइन्छ । ङार्मा काटिसकेपछि पुनः उनीहरूले नै त्यसै ठाउँमा लैजानुपर्दछ । कर्दले ङार्मा काट्दा उल्टो र सुल्टो भए राम्रो मानिने तर अरु सुल्टै सुल्टो वा उल्टै उल्टो भए नराम्रो मान्ने गरिएको पाइन्छ । लिन जाने पुर्खाहरूले ङार्मा खन्न अघि निम्न स्योम्दी गर्ने गरिएको पाइन्छ :

तिमी त पहिचान गर्ने
वन अदुवा (मिक्छे ङार्मु, नक्छे ङार्मु, सुरछे ङार्मु, पिरछे ङार्मु, थ्युल्सी ङार्मु) !
किन पो आज मेरो नाम उच्चारण भयो, भनेर भन्छौ भने
यस्तो घटना घट्यो
र, बिजुवाले खड्गो हेर्नु भनेर
आफ्ना विधिमा चलाउनु भनेर
खड्गो काट्नु भनेर
हामीले त तिम्रा साथीहरूसँग
चुडाएर, छुटाएर लैजादाखेरि
दुःख नमानीकन
गुनासो नमानीकन
जोखाना स्पष्ट रूपमा खुट्याउनू है ! (पृ. ३२६-३२७)

प्रस्तुत स्योम्दी (रिसिया) मा शुभ अशुभका लागि जोखाना हान्न ङार्मु (वन अदुवा) विजुवाले काटेर हेर्ने गरिएको पाइन्छ । नराम्रो घटना घटेकाले त्यो प्रकृतिको घटनाको पुनरावत्तिको भविष्य वाणी नराम्रो वा अशुभ देखिए पनि त्यसलाई थुनछेक वा मुन्दुमी बारबन्देज गरी खड्ग वा दशा काट्ने गरिएको पाइन्छ । खोलोमे पुर्खाहरूले स्योम्दी वा बाच्युम गर्दै त्यो ङार्मुको समूहबाट छुटाएर लग्दाखेरि ङार्मुले पनि दुःख नमानीकन वा गुनासो नगरीकन जे हो, त्यै देखाउनका लागि वा जोखाना स्पष्ट रूपमा खुट्याइदिनका लागि ङार्मुलाई समेत मुन्दुमी रिसिया गाइएको पाइन्छ । थुलुङ राई समुदायमा नराम्रो मरण

भएको बेलामात्रै वा जीवन मरणका लागि मात्रै डार्मुद्वारा जोखाना हेर्ने गरिएको पाइन्छ । यस प्रकृतिको घटना हुने वा नहुने वा शुभ अशुभका निम्ति भविष्यवाणीको निम्ति डार्मु प्रयोग गर्नुपर्ने, डार्मु जो पायो त्यसले काट्न वा ल्याउन नहुने, खोलोमे पुर्खाहरूले मात्रै मुन्दुम गरी ल्याउनुपर्ने, र उनीहरूले लैजानुपर्ने जस्ता मान्यताहरू प्रस्तुत स्योम्दीमा विश्वदृष्टिको रूपमा प्रस्तुत गरिएको पाइन्छ । थुलुङ राई समुदायमा नराम्रो मरण हुँदा विजुवाले डार्मु काटिसकेपछि त्यो डार्मुको सबै टुक्रा बटुलेर त्यसै रात वा भोलिपल्ट जसले ल्याएको हो, उनीहरूले नै जहाँबाट ल्याइएको हो, त्यहीँ पुऱ्याउनु पर्ने संस्कार रहेको पाइन्छ । त्यो डार्मुलाई उसैको ठाउँमा छोड्दा खोलोमु मुन्दुमी पुर्खाहरूले निम्न स्योम्दी वा मुन्दुम गरेर छाड्ने गरिएको पाइन्छ :

अघि त तिमीहरूको बासस्थानबाट
साथीहरूबाट छुट्याएर लगिएको थियो
केको लागिभन्दा
जोखाना खुट्याउनका लागि
र, आज त विजुवासँग तिमीहरूले
जोखाना खुटायौ, विधि सक्यौ
फेरि तिमीहरूकै बासस्थानमा
तिमीहरूकै साथीहरूसँग
तिमीहरू बस्ने ठाउँमै ल्याएका छौँ
दुःख नमानीकन,
कुनै गुनासो नगरीकन
बस है ! (पृ. ३२७)

प्रस्तुत रिसिया (स्योम्दी) मा जोखाना वा भविष्यवाणी गर्न र खड्ग काट्नका लागि ल्याइएको डार्मु ल्याउदा डार्मुको साथीहरूबाट वा समूहबाट छुट्याएर लगिएको र सबै काम सकिएपछि पुनः उक्त डार्मुलाई उसैको ठाउँमा साथीहरूकै साथमा लगेर छाड्दै गर्दा दुःख नमानीकन बस, गुनासो नगरीकन बस भन्दै मुन्दुमी पुर्खाहरूले स्योम्दी गरेको पाइन्छ । थुलुङ राई समुदायमा डार्मालाई जुन ठाउँबाट लगिएको हो, त्यसै ठाउँमा छोड्नुपर्ने, जसले ल्याएको हो, उनीहरूले नै लैजान पर्ने, मुन्दुम गरेर छोडेपछि डार्माले पनि गुनासो नमानी दुःख नमानी साथीहरूसँगै रहनुपर्ने जस्ता विश्वदृष्टि प्रस्तुत रिसियामा रहेको पाइन्छ ।

**आ) थुलुङ मुन्दुममा अलहमे, ममहमे र क्रक्तहमेको अन्तेष्टि गर्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि**

थुलुङ राई समुदायमा नराम्रो मरण अन्तर्गत अलहमे, ममहमे र क्रक्तहमे पनि मानिन्छ । यो मरण प्रसुतिसँग सम्बन्धित रहेको मानिन्छ । अलहमे भन्नाले शिशु जन्माएर आमा र शिशु कै मृत्यु वा शिशु बाँची आमाको मृत्यु भएको अवस्था हो । ममहमे भन्नाले शिशुको न्वारान गर्नुअघि आमाको मृत्यु भएको अवस्था हो भने क्रक्तहमे चाहिँ शिशु जन्माउन नसकी आमाकै पेटमा शिशु हुँदा शिशु र आमा दुवैको मृत्यु भएको अवस्था हो । क्रक्तहमे हँदा शिशुलाई आमाको पेटबाट बाहिर निकाली छुट्टाछुट्टै गाड्ने प्रचलन रहेको पाइन्छ । मृतकको आफ्नै कपडामा पोका पारी बासमा लग्ने गरिएको पाइन्छ । चिहानमा ग्रोच्युको प्रयोग गर्ने गरिएको पाइन्छ । मृतकलाई गाडिसकेपछि माटोले पुरेर ग्रोच्युले नै छोप्ने गरिएको पाइन्छ । मलामी सबेले देब्रेहातमा हिबुनेम समाइ उभिएर मुन्दुमी धामीले मृतकलाई निम्न बमोजिम रिसिया वा स्योम्दी गर्ने गरिएको पाइन्छ :

लहै फलानौ !
तिमी त हिजो सृष्टिकै दिन
यस्तै भाग लिएर आएको रहेछौ
दुःख नमान, गुनासो नगर
तिम्रो बस्ने ठाउँ, रम्ने ठाउँ त
यो भिर पहरो पो छ
तिम्रो बाजेबजू पनि
र, सबै साथीभाइहरू पनि उतै छन्
तिमी पनि उतै गएर
मिलेर बस है ! (पृ. २२९-२३०)

प्रस्तुत स्योम्दीमा जे भयो, यो सबै हिजो जन्मिदा लिएर आएको लेखन्त, भाग्यको रूपमा लिदैं दुःख गुनासो केही पनि मृतकले गर्न नहुने कुरा उल्लेख गरिएको पाइन्छ । यसरी अकालमा मर्नेको पनि बस्ने, रम्ने ठाउँ, भिर पहरो, अफठ्यारै हुने, त्यसरी मर्नेहरूपनि त्यतै साथीहरू पनि त्यतै भएकोले उतै गएर मिलेर बस्नका लागि मुन्दुमी पुर्खाले स्योम्दी गरेको पाइन्छ । वास्तवमा यस्तो मृत्युवरण गर्ने मृतकको पनि आफ्नै प्रकृतिको मरण लिएर

गएकाहरूसँग रहनु पर्ने विश्वदृष्टि रहेको पाइन्छ । यी प्रकृतिका मृत्युमा पनि हिउच्योको अन्तेष्टिकै तरिकाले गरिने गरिएको पाइन्छ ।

### ३.१३ थुलुङ मुन्दुममा मृत्युपश्चात् सांस्कारिक विधिहरूमा गाइने स्योम्दी (रिसिया) मा समानधर्मिता

थुलुङ राई समुदायमा जिवित जीवन पश्चात् हुने मृत्युसंस्कार अरु विशिष्ट प्रकृतिको हुने पाइएको छ । मानव सृष्टिकालदेखि नै मृत्युको पनि चक्रको श्रृङ्खला भएकोले गर्दा थुलुङ समुदायमा मृत्युलाई स्वाभाविक मानिए पनि मृत्युलाई राम्रो मरण र नराम्रो मरण गरी दुई दृष्टिले हेर्ने गरिएका पाइन्छ । राम्रो मृत्युलाई सम्मानपूर्वक सांस्कारिक विधिविधान सहित मुन्दुमी प्रक्रिया गरिएको पाइन्छ । तर अकाल वा नराम्रो मृत्युलाई समाजमा त्यो प्रकृतिको मृत्यु समाजमा नहोस्, नरोजोस् भन्नको खातिर पनि नराम्रो मृत्युलाई तिरस्कारपूर्ण काम गरिने वा राम्रो मरणले पाएको सम्मान नदिने गरिएको मुन्दुममा रहेको पाइन्छ । राम्रो मृत्यु भएमा मृतकलाई कुल वा चुलामा लगाउने, पितृपुर्खा भएको ठाउँ कटुन्जेमा पुऱ्याउने गरिएको पाइन्छ । नराम्रो मरण भए, मृतात्मालाई त्यसो गरिएको पाइदैन । वर्तमान समयमा पनि मृतकको नाममा चिनो चौतारी निर्माण गर्ने, उनीहरूको काजकिरिया गरिने, मृतकलाई मुन्दुमबाट बोलाउने, बाटा देखाउने, बाटो लगाउने, गाली गर्ने, कुरा बुझाउने जस्ता काम गरिने गरिएको पाइन्छ । यसरी पनि के प्रस्ट हुन्छ त भन्दा मुन्दुममा जे मृत्युसंस्कार सम्बन्धी रिसिया (स्योम्दी) वा विधि परम्पराको उल्लेख गरिएको छ, त्यो विधि वा परम्परा वर्तमान परिस्थितिमा पनि गरिने गरिएका पाउनु, यी रिसिाया वा मुन्दुममा भएको सांस्कारिक व्यवस्था वा परम्परामा उच्च कोटिको समानधर्मिता रहेको पाइन्छ । जसको कारण यी रिसियाहरूमा विश्वदृष्टि पनि उच्च नै रहेको पाइन्छ ।

### ३.१४ निष्कर्ष

थुलुङ राई जातिमा मानिसको मृत्युपश्चात्को पनि अदृश्य अस्तित्वको परिकल्पना गरिएको पाइन्छ । विशेष गरी थुलुङ राई जातिको मुन्दुमी संस्कारअनुसार मृत्युलाई राम्रो मरण र नराम्रो मरण दुई प्रकृतिका रहेको पाइन्छ । राम्रो मरणलाई कालगतिको मरणका रूपमा र नराम्रो मरणअन्तर्गत आत्महत्या तथा अकालमा मरेका, गर्भसँग सम्बन्धित रहेर

हुने मरण आदिलाई लिइएको पाइन्छ । राम्रो मरण हुनेलाई आफ्ना राम्रा मृत्यु वरण गरेका कुलपितृ वा अग्रज पुर्खाहरू मरेर जाने ठाउँ कटुन्जे वा बोल्योमदेल मुन्दुमी संस्कार परम्पराअनुसार फलाक्दै मुन्दुमी प्रकृयाबाट पुऱ्याउने गरिएको पाइन्छ तर नराम्रो मृत्यु भएकाहरूलाई त्यस ठाउँमा पुऱ्याउने गरिदैन । उनीहरूको अन्तेष्टी पनि राम्रो मरण भएका भन्दा फरक वा कठोर प्रकृतिको हुने पाइन्छ । उनीहरूलाई पनि अकालमा वा आफ्नै प्रकृतिले मृत्यु भएका वा गएर बसेकाहरूसँगै बस भन्दै बाटो लगाउने गरिएको पाइन्छ । राम्रो मरण भएकाहरूका नाममा चिनो चौतारी पनि निर्माण गर्ने गरिएको पाइन्छ । मृत्युको दोमासे नपार्ने गरी बढीमा १३ दिनमा काजकिरिया गरी मृतकको अन्तिम संस्कार गर्ने गरिएको पाइन्छ । आम थुलुङ राई जातिमा यिनै संस्कारगत मुन्दुमी रिसिया वा स्योम्दीलाई सामूहिक स्वीकार गर्नु संस्कारगत एकरुपतामा रहको विश्वदृष्टि पाइन्छ ।

# चौथौँ परिच्छेद

# सारांश र निष्कर्ष

'किरात थुलुङ मुन्दुममा गाइने रिसियामा विश्वदृष्टि' शीर्षकको यस शोध प्रबन्धका अघिल्ला परिच्छेदहरूमा उल्लेख गरिएका कुराहरूका साथै यसका समष्टि निष्कर्ष पनि उल्लेख्य पक्ष हुन् । त्यसैले यस परिच्छेदमा यस शोध प्रबन्धका अघिल्ला परिच्छेदहरूको सार सङ्क्षेप र समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ४.१ सारांश

प्रस्तुत शोधप्रबन्ध शोध विधिका नियमहरूद्वारा सङ्गठित र व्यवस्थित छ । यस क्रममा यस शोधप्रबन्धलाई ४ ओटा परिच्छेदमा विभाजन गरिएको छ । यस शोधप्रबन्धको पहिलो परिच्छेदमा 'शोधपरिचय' दिइएको छ । यस खण्डमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधविधि, सामग्री सङ्कलनविधि, विश्लेषणको सैद्धान्तिक आधार र तथा विश्लेषण ढाँचा, शोधको सीमाङ्कन, शोधप्रबन्धको रूपरेखा सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा 'किरात 'थुलुङ मुन्दुम'मा जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि' शीर्षकमा विश्वदृष्टिको सैद्धान्तिक परिचय, थुलुङ मुन्दुम र विश्वदृष्टिको बारेमा विश्लेषण गर्दै थुलुङ मुन्दुममा नङ प्रमु (न्वारान) सम्बन्धी मुन्दुमी रिसिया (स्योम्दी)मा विश्वदृष्टिको अध्ययन गरिएको छ । यसमा बजूले गाउने स्योम्दी, बाजेले गाउने स्योम्दी आदिमा विश्वदृष्टिको अध्ययन गरिएको छ । न्वारानमा गाउने स्योम्दीमा समानधर्मिताको व्याख्या गरिएको छ । यसको साथै थुलुङ मुन्दुममा जाम डेन्मु (पास्नी)मा गाइने स्योम्दी ( रिसिया)मा विश्वदृष्टिको अध्ययन गर्दै पास्नीमा साम्ती बेन्मु (शिर उभ्याउनी) मा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टिको अध्ययन गरिएको छ । त्यसै गरी पास्नीमा भान्सेबाट गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टिको अध्ययन र थुलुङ मुन्दुममा जाम डेन्मु गर्दा गाइने रिसियामा रहेको समानधर्मिताको पनि यसै परिच्छेदमा अध्ययन गरिएको छ । त्यसै गरी यस परिच्छेदमा पास्नी पछि थुलुङ मुन्दुममा सेम खुर्म (छेवर) मा गाइने रिसियामा विश्वदृष्टिको अध्ययन गरिएको छ जसमा सेम खुर्मु (छेवर) ड्युम्लाको साम्ती बेन्मु (शिर उम्याउनी) विधिमा गाइने स्योम्दी (रिसिया) र विश्वदृष्टि, सेम खुर्मु ड्युम्लार्युद्युममा भान्सेबाट गाइने

रिसिया (स्योम्दी)मा विश्वदृष्टि, सेम खुर्मु ड्युम्ला र्‌युद्‌युममा गाइने रिसिया (स्योम्दी) मा रहेको समानधर्मिताको अध्ययन गरिएको छ । यस पछि थुलुङ मुन्दुममा माच्चेम लोल्युम ड्युम्ला (गुन्युचोली) मा गाइने रिसिया (स्योम्दी) र विश्दृष्टिको अध्ययन अन्तर्गत मच्चेम लोल्युम (गुन्युचोली) ड्युम्लाको साम्ती बेन्मु (शिर उम्याउनी) गर्दा गाइने स्योम्दी (रिसिया) र विश्वदृष्टि, मच्चेम लोल्युम ड्युम्लार्‌युद्‌युममा भान्सेबाट गाइने रिसिया(स्योम्दी) मा विश्वदृष्टि, मच्चेम लोल्युम ड्युम्लार्‌युद्‌युममा गाइने रिसिया (स्योम्दी)मा रहेको समानधर्मिता, समेतको अध्ययन गरिएको छ । साथै यस परिच्छेदमा थुलुङ मुन्दुममा लालिखा ड्युम्ला (विवाह) मा गाइने रिसिया (स्योम्दी) र विश्वदृष्टि अन्तर्गत केटीको काका वा बडाबाले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, केटीको आमाबाबु वा प्रतिनिधिले गाउने स्योम्दी(रिसिया) मा विश्वदृष्टि, केटीको आमाले छोरीलाई फकाउँदा गरिने स्योम्दी ( रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा कलियाको शिर उभ्याउनी गर्दा गाइने रिसिया ( स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा कलियाले गर्ने स्योम्दी(रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा छोर्स्यो स्योम्दी (रिसिया) मा विश्वदृष्टि, लक्षिन भित्राउँदा गाइने रिसिया ( स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा चुलो पर्स्याउदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि, पितृ प्रसाद खाँदा गाइने स्योम्दीमा विश्वदृष्टि, थुलुङ मुन्दुममा छुक मन्साउँदा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा बेहुलाबेहुलीको घरबाट भान्सेको शिर उभ्याउनी गर्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा विवाहमा शिर उभ्याउनी विधिमा भान्सेले गाउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा विवाह संस्कारमा गाउने स्योम्दी (रिसिया) मा रहेको समानधर्मिता आदिको अध्ययन गरिएका छन् ।

तेस्रो परिच्छेदमा ‘किरात ‘थुलुङ मुन्दुम’ मा मृत्यु पश्चात्का संस्कारमा गाइने रिसियामा विश्वदृष्टि’ शीर्षकमा अध्ययन गरिएको छ । यसअन्तर्गत थुलुङ मुन्दुममा मृतकलाई सम्झाउदै गरिने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा मृतकसँग सम्बन्ध छुट्याउने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दममा चिहान खन्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दममा चिहान खन्दा गाइने रिसिया (स्योम्दी) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा घरभित्रबाट कटुन्जे (बोलेम्‌देल) पुऱ्याउँदा गाइने स्योम्दी ( रिसिया)मा विश्वदृष्टि, थुलुङ मुन्दुममा मृतकलाई चिहानमा होलेपछि सातो निकाल्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा मतकलाई चिहानमा गाडेपछि कटुन्जे

पुऱ्याउँदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा मृतकलाई किरियामा खाना दिदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा चिनो चौतारी बनाउँदा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा किरिया भतेरको खाना पाकेपछि गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा किरिया बिदाइ गर्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा नराम्रो मरणमा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा हिउच्योको अन्तेष्टि गर्दा गाइने स्योम्दी (रिसिया)मा विश्वदृष्टि, थुलुङ मुन्दुममा अलहमे, ममहमे र क्रक्तहमेको अन्तेष्टि गर्दा गाइने स्योम्दी (रिसिया) मा विश्वदृष्टि, थुलुङ मुन्दुममा मृत्युपश्चात् सांस्कारिक विधिहरूमा गाइने स्योम्दी (रिसिया) मा समानधर्मिताबारे अध्ययन गरिएका छन् । चौथौँ परिच्छेदमा यस शोधको सारांश र निष्कर्ष उल्लेख गरिएको छ ।

## ४.२ निष्कर्ष

यस शोधप्रबन्धमा किरात थुलुङ राईहरूको संस्कारगत जन्मदेखि मृत्युसम्मका मुन्दुममा गाइने स्योम्दी वा रिसियामा विश्वदृष्टिको विश्लेषण गरिएको छ । दोस्रो परिच्छेदमा 'जन्मदेखि मृत्युपूर्वका संस्कारमा गाइने रिसियामा विश्वदृष्टि' शीर्षकमा विश्वदृष्टिको बारेमा विश्लेषण गरिएको छ, भने तेस्रो परिच्छेदमा मृत्युपछिका संस्कारमा गाइने रिसियामा विश्वदृष्टिको विश्लेषण गरिएको छ । यस शोधका निष्कर्षलाई निम्नानसार उल्लेख गरिएको छ :

१. थुलुङ राई समुदायमा मानिसको जन्मपश्चात्को पहिलो संस्कारगत कर्म नै नङ प्रमु (न्वारान) भएकाले यस संस्कारमा गाइने रिसिया वा स्योम्दीमा विश्वदृष्टिको अध्ययन गरिएको छ । थुलुङ राई समुदायमा आफ्नो तीन चुलालाई पवित्र स्थान वा शक्तिको प्रतीकका रूपमा मान्नुपुर्ने विश्वदृष्टि रहेको पाइन्छ । तीन चुलालाई थुलुङ राई समुदायले शक्तिको प्रतीक मानेर त्यसै अनुसार नै संस्कारगत गतिविधि गरिने भएकाले पनि सबैले तीन चुलालाई मान्ने संस्कार र विश्वासमा आम थुलुङ राई समुदायमा एक रुपता रहेको पाइन्छ ।

२. मानिसको जन्मपश्चात् मानवका रूपमा विकास गर्नका लागि पहिलो संस्कार नै न्वारान भएकाले कुलपितृ वा चुलाले पनि आशीर्वाद दिनु पर्ने विश्वदृष्टि रहेको पाइन्छ । यस्तो कार्यमा नराम्रो शक्तिले दुःख दिन नहुने तर दुःख दिएमा सबैले गाली गलौज गर्नुपर्ने

विश्वदृष्टि रहेको पाइन्छ । किरात थुलुङ राईहरूको कुनै पनि राम्रो संस्कारगत कर्ममा भान्सेको शिर उभ्याउनी कार्यक्रम गर्नुपर्ने र भान्सेले पनि त्यसको स्वीकार गर्दै आशीर्वाद दिनुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । जुन संस्कार आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी गर्दै आएकाले एक रुपता रहेको पाइन्छ ।

३. न्वारानपछि गरिने दोस्रो संस्कार जाम डेन्मु वा पास्नी रहेको पाइन्छ । यस कर्ममा पनि बच्चालाई आशीर्वाद नै दिनुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । यस समयमा दिएको आशीर्वाद पुग्ने आम थुलुङ राई समुदायमा विश्वास रहेको पाइन्छ । समग्रमा बच्चालाई भोलिका दिनमा यस धर्तिका अधिपतिको रूपमा रहन सक्ने गरी आशीर्वाद दिनुपर्ने आम थुलुङ राई समुदायमा विश्वदृष्टि रहेको पाइन्छ । यस कर्म गर्दा पनि भान्सेको शिर उभ्याउनी गर्नुपर्ने र भान्सेको तर्फ पनि मूल भान्सेले आशीर्वाद दिनुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । जुन संस्कार आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी गर्दै आएकाले एक रुपता रहेको पाइन्छ ।

४. जाम डेन्मु वा पास्नी पछि छोराको गरिने तेस्रो कर्म सेम खुर्मु वा छेवर रहेको पाइन्छ । भने छोरीको मच्चेम लोल्युम वा गुन्युचोली कर्म रहेको हुन्छ । छोरा मानिसको सेम खुर्मु संस्कार बिजोर वर्ष तीन, पाँच वा सात वर्षमा गरिने र छोरी मानिसको मच्चेम लोल्युम संस्कार जोर वर्ष चार, छ वा दस वर्षमा गरिने गरिएको पाइन्छ । यस दुवै कर्ममा आशीर्वाद दिने नै मुख्य काम रहेको पाइन्छ । यस कर्म नगरी विवाह मात्रै नभएर आमाबाबुको मृत्युसंस्कारमा समेत सहभागी हुन नहुने आम थुलुङ राई समुदायमा विश्वदृष्टिको रूपमा विकास भएको एक मान्यता रहेको पाइन्छ । त्यसैले यो कर्म गर्नै पर्ने विश्वदृष्टि रहेको पाइन्छ ।

५. थुलुङ राई समुदायमा मानिसको जन्मपश्चात् गरिने चौथौँ संस्कारगत कर्म लालिखा वा विवाह संस्कार रहेको पाइन्छ । लालिखा संस्कारमा पनि केटाको तर्फ र केटीको तर्फ केही फरक र केही समान प्रकृतिका मुन्दुमी संस्कार वा रिसियाहरू रहेको पाइन्छ । यो मुन्दुमी स्योम्दी वा रिसियाहरू हजारौँ पुस्तादेखि गर्दै, मान्दै आएको पाइन्छ । विवाह कुटुम्ब चल्ने ठाउँमा केटी मगनीको लागि केटीको नजिक काका, बडा वा प्रतिनिधिसमेतको उपस्थितिमा केटीको घरमा जाने गरिएको पाइन्छ । केटी मिलेसम्म कुटुम्बेरीसँग थप सम्बन्ध अगाडि बढाउने काम गरिएको पाइन्छ । केटीको बा आमा वा प्रतिनिधिले केटी मगनीको लागि लगिएको कोसेली छोएर स्वीकार गरिसकेपछि, आमाले वा आमाको

प्रतिनिधिले छोरी (केटी) लाई चिना थैली दिदै यो संसारकै रीत नै यस्तै हो, भन्दै सम्झाइबुझाइ गर्नुपर्ने विश्वदृष्टि रहको पाइन्छ । जुन संस्कार वर्तमान समयमा पनि आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी त्यसै अनुसार गर्दै आएकाले एक रुपता रहेको पाइन्छ ।

६. थुलुङ राई समुदायमा गरिने विवाहमा कलिया (लमी) को विशेष भूमिका रहेको पाइन्छ । दुवैतर्फ कुरा मिलाएर नयाँ जोडी बाँधिदिनका लागि कलियाले भूमिका खेलेको पाइन्छ । विवाह गर्दा वा गरेर ल्याउँदा, छोर्स्यो पोलेर पितृ वा चुलाको पूजा समेत गर्ने गरिएको पाइन्छ । त्यसपछि लक्षिन भित्राउने स्योम्दी वा संस्कार पनि गर्ने गरिन्छ । बेहलीको घरमा छुक मन्साउने वा ग्रहदशा समेत हटाउने गरिएको पाइन्छ । यी सबै संस्कारहरू र यससँग सम्बन्धित रिसिया वा स्योम्दीहरू अहिले बनाएको नभएर हजारौँ पुस्तादेख गर्दै गराउदै आइएको मानिन्छ । यस कर्ममा दिइएको आशीर्वाद लाग्छ; भन्ने विश्वास आजको मात्रै नभएर हजारौँ पुस्ता अघिदेखिकै विश्वास वा परम्परा रहेको मानिन्छ । विशेष गरी मुन्दुमी पुर्खा वा बाबुबाजेहरूले आशीर्वाद दिने गरिएको पाइन्छ । यो परापूर्वकाल अघिदेखि नै गरिदै आएको मानिन्छ । यस कर्ममा आगन्तुकहरूलाई खाना खुवाउने वा भोक तिर्खाबाट जोगाउनका लागि भान्सेहरूको जिम्मेवारीसमेत बाँडफाँड गरिएको हुन्छ । उनीहरूले आफूले जानेको, सकेको वा बुझेको जति राम्रो गर्ने प्रचलन रहेको पाइन्छ । उनीहरूमा रिसराग, घमण्ड वा तिक्ततापूर्ण कुनै पनि भावना पाइएको हुँदैन । यदि उनीहरूको यस्तो भावना नै भएको भए पनि कार्यक्रमको अन्त्यमा गरिने शिर उभ्याउनी कार्यक्रमसँगै उनीहरूलाई खुसी पार्ने प्रचलन परापूर्वकालबाट हालसम्म पनि गरिदै आएको पाइन्छ । भान्सेहरूले पनि आफूले अन्जानमा गरिएको गल्ती वा अरुको चाहाना अनुसार काम गर्न नसकेको भए पनि क्षमा माग्ने गरिएको पाइन्छ । भान्सेहरूले पनि नयाँ दाम्पत्य जोडीलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्नुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । जुन संस्कार वर्तमान समयमा पनि आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी त्यसै अनुसार गर्दै आएकाले एक रुपता रहेको पाइन्छ ।

७. थुलुङ राई समुदायमा जिवित जीवन पश्चात् हुने मृत्युसंस्कार अरु जातिको भन्दा विशिष्ट प्रकृतिको हुने पाइएको छ । मानव सृष्टिकालदेखि नै मृत्युको पनि चक्रको श्रृङ्खला भएकोले गर्दा थुलुङ समुदायमा मृत्युलाई स्वाभाविक मानिए पनि मृत्युलाई राम्रो मरण र नराम्रो मरण गरी दुई दृष्टिले हेर्ने गरिएका पाइन्छ । राम्रो मृत्युलाई सम्मानपूर्वक

सांस्कारिक विधिविधान सहित मुन्दुमी प्रक्रिया गरिएको पाइन्छ । तर अकाल वा नराम्रो मृत्युलाई समाजमा त्यो प्रकृतिको मृत्यु समाजमा नहोस्, नरोजोस् भन्नको खातिर पनि नराम्रो मृत्युलाई तिरस्कारपूर्ण काम गरिने वा राम्रो मरणले पाएको सम्मान नदिने गरिएको मुन्दुममा रहेको पाइन्छ । मृतात्मासँग मुन्दुमी साक्षात्कार हुने विश्वास थुलुङ राई समुदायमा गरिने गरिएको पाइन्छ । मृत्युपछि पनि मृतकलाई सम्झाइबुझाइ गर्नुपर्ने, बाटो लगाउनु पर्ने, बोलाउनु पर्ने तर त्यस्तो कार्य मुन्दुमबाट मात्रै गर्न सकिने भएकोले मुन्दुमी साक्षात्कार रहने आम विश्वास रहेको पाइन्छ । राम्रो मृत्यु भएमा मृतकलाई कुल वा चुलामा लगाउने, पितृपुर्खा भएको ठाउँ कटुन्जेमा पुऱ्याउनु पर्ने विश्वदृष्टि रहेको पाइन्छ र नराम्रो मरण भए, मृतात्मालाई कटुन्जे पुऱ्याउन नहुने विश्वदष्टि रहेको पाइन्छ । जुन संस्कार वर्तमान समयमा पनि आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी त्यसै अनुसार गर्दै आएकाले संस्कारगत एक रुपता रहेको पाइन्छ ।

८. वर्तमान समयमा पनि मृतकको नाममा चिनो चौतारी निर्माण गर्ने, उनीहरूको काजकिरिया गरिने, मृतकलाई मुन्दुमबाट बोलाउने, बाटा देखाउने, बाटो लगाउने, गाली गर्ने, कुरा बुझाउने जस्ता काम गरिने गरिएको पाइन्छ । मुन्दुममा भएको मृत्युसंस्कार सम्बन्धी रिसिया (स्योम्दी) वा विधि परम्परालाई वर्तमान परिस्थितिमा पनि गरिने भएकोले, यी रिसिया वा मुन्दुममा भएको सांस्कारिक व्यवस्था वा परम्परामा उच्च कोटिको समानधर्मिता रहनुका कारण यी रिसियाहरूमा विश्वदृष्टि पनि उच्च नै रहेको पाइन्छ । मृत्यु पश्चात् गरिने यी संस्कारहरू वर्तमान समयमा पनि आम थुलुङ राई समुदायमा सबैले स्वीकार गरी त्यसै अनुसार गर्दै आएकाले संस्कारगत एक रुपता रहेको पाइन्छ ।

समग्रमा थुलुङ राई समुदायमा मानिसको जन्मपश्चात्को पहिलो संस्कारगत कर्म नङ प्रमु (न्वारान)मा गाइने रिसिया वा स्योम्दीमा थुलुङ राईहरूले आफ्ना तीन चुलालाई पवित्र स्थान वा शक्तिको प्रतीकको रूपमा मान्नुपुर्ने विश्वदृष्टि रहेको पाइन्छ । कुलपितृ वा चुलाले पनि आशीर्वाद दिनु पर्ने विश्वदृष्टि रहेको पाइन्छ । नराम्रो शक्तिले दुःख दिन नहुने तर दुःख दिएमा सबैले गाली गलौज गर्नुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । किरात थुलुङ राईहरूको कुनै पनि राम्रो संस्कारगत कर्ममा भान्सेको शिर उभ्याउनी कार्यक्रम गर्नुपर्ने र भान्सेले पनि त्यसको स्वीकार गर्दै आशीर्वाद दिनुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । जाम डेन्मु वा पास्नी रहेको पाइन्छ । यस कर्ममा पनि बच्चालाई आशीर्वाद दिदा भोलिका दिनमा यस धर्तिका अधिपतिको रूपमा रहन सक्ने गरी आशीर्वाद दिनुपर्ने आम थुलुङ राई समुदायमा

विश्वदृष्टि रहेको पाइन्छ । पास्नी पछि छोराको गरिने तेस्रो कर्म सेम खुर्मु वा छेवर रहेको पाइन्छ । भने छोरीको मच्चेम लोल्युम वा गुन्युचोली कर्म रहेको हुन्छ । यस कर्म नगरी विवाह तथा आमाबाबुको मृत्यु संस्कारमा समेत सहभागी हुन नहुने आम थुलुङ राई समुदायमा विश्वदृष्टिको रूपमा विकास भएको एक मान्यता रहेको पाइन्छ । जन्मपश्चात् गरिने चौँथो संस्कारगत कर्म लालिखा वा विवाह संस्कार रहेको पाइन्छ । विवाह गर्दा छोर्स्यो पोलेर पितृ वा चुलाको पूजा समेत गर्नुपर्ने विश्वदृष्टि रहेको पाइन्छ । बेहुलीको घरमा छुक मन्साउने वा ग्रहदशा समेत हटाउने गरिएको पाइन्छ । नयाँ दाम्पत्य जोडीलाई सृष्टिकर्ता, पितृपुर्खासँग प्रार्थना गर्दै आशीर्वाद वा शुभकामना व्यक्त गर्नुपर्ने संस्कारगत एक रुपतामा विश्वदृष्टि रहेको पाइन्छ ।

थुलुङ राई समुदायमा जिवित जीवन पश्चात् हुने मृत्युसंस्कार अरु जातिको भन्दा विशिष्ट प्रकृतिको हुने पाइएको छ । थुलुङ समुदायमा मृत्युलाई स्वाभाविक मानिए पनि मृत्युलाई राम्रो मरण र नराम्रो मरण गरी दुई दृष्टिले हेर्ने गरिएका पाइन्छ । राम्रो मृत्युलाई सम्मानपूर्वक सांस्कारिक विधिविधान सहित मुन्दुमी प्रक्रिया गरिएको पाइन्छ । तर अकाल वा नराम्रो मृत्युलाई समाजमा त्यो प्रकृतिको मृत्यु समाजमा नहोस्, नरोजोस् भन्नको खातिर पनि नराम्रो मृत्युलाई तिरस्कारपूर्ण काम गरिने वा राम्रो मरणले पाएको सम्मान दिन नहुने विश्वदृष्टि थुलुङ मुन्दुममा रहेको पाइन्छ ।

## ४.३ भावी अध्ययनका लागि सुझाव

किरात मुन्दुमलाई केन्द्र बनाएर निम्न लिखित शीर्षकमा थप शोधकार्य गर्न सकिने छ :

क) किरात मुन्दुममा सांस्कृतिक अध्ययन,

ख) किरात मुन्दुममा जाति, क्षण र पर्यावरणको अध्ययन,

ग) किरात मुन्दुममा लैङ्गिकताको अध्ययन,

घ) किरात मुन्दुममा मनोवैज्ञानिक अध्ययन, आदि ।

## सन्दर्भसामग्री सूची


अधिकारी, रमेशकुमार (२०७३), *“बाह्र कथाका कथामा समाजशास्त्रीय अध्ययन”* अप्रकाशित स्नातककोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

घिमिरे, मुकुन्द, (२०५८), *“नासो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन”* अप्रकाशित स्नातककोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

चाम्लिङ, भोगीराज, (२०७३ श्रावण ८) *“किरात मुन्दुम र सिन्धुघाटीको सभ्यता”* खबरडबली डट कम ।

चाम्लिङ, भोगीराज, (२०७६ मङ्सिर ७) *“मुन्दुम महिमा”*, नागरिक नेटवर्क डट कम *https://nagariknews.nagariknetwork.com/others/196596-1574470800.html*

चाम्लिङ, भोगीराज, (२०७६ फागुन २४) *“मुन्दुमबाट मार्क्सवाद”*, इकान्तिपुर डट कम । https://ekantipur.com/koseli/2020/03/07/158356667925161587.html

चाम्लिङ, भोगीराज, (२०७७ भाद्र २७) *“चिनिमाःज्ञानकी आदिम नेतृ”* इकान्तिपुर डट कम । https://ekantipur-com.newsproxy.lol/literature/2016/04/29/20160429204214.html

पाण्डेय, ताराकान्त (२०७० असार), *सांस्कृतिक अध्ययन र मार्क्सवाद, भृकुटी,* भाग १९, पृ. १७२-१९३ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् २०१६), *साहित्य और सामाजशास्त्रीय दृष्टि,* हरियाण : आधार प्रकाशन प्राइबेट लिमिटेड ।

पौडेल, डमरूप्रसाद, (२०७२), *“नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन”* अप्रकाशित दर्शनाचार्य शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६१), *‘मार्क्सवाद र साहित्य सिद्धान्त’, भृकुटी,* पूर्णाङ्क १५, पृ. ३२०-३६५ ।

भट्टराई, रमेशप्रसाद, (२०७० असार), *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, भृकुटी,* भाग १९, पृ. ३३४-३६४ ।

राई, परशुराम, (२०७२), *बुढाहोङ मुन्दुम,* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान : ललितपुर ।

राई, भक्त, (२०७५ माघ १२) *"किरात मुन्दुमको दर्शनशास्त्रीय विश्लेषण",* मुन्दुमस्टार डट कम । https://www.mundhumstar.com/2019/01/26/5864/

राई, भक्त, (२०७७ असोज ३), *"मुन्दुम के हो ?"* नागरिकन्युज डट कम । https://nagasriknews.nagariknetwork.com/arts/339101-1600487984.html

राई, राजेन खिम्बुले, (२०७७ बैशाख २८) *"मुन्दुम दर्शनमा साकेलाको मानवशास्त्र र समाजशास्त्र",* सञ्चारकर्मी डट कम । https://sancharkarmi.com/news-details/25989/2020-05-07

राई, सुकराज, खुक्सङ खम्बु, र जसिहब थुलुङ, (२०७७), सम्पा. *'थुलुङ मुन्दुम',* काठमाडौँ : त्रियुगा अफसेट प्रेस ।

Goldman, Lucien (1980), *Essays on Method in the Sociology Literature*, (Edited : William Q. Boelhower), America : Telos Press.

Goldman, Lucien (1981), *Method in the Sociology of Literature*, Oxford : B. Blackwell.